# पोखरा दर्पण




पोखरा महानगरपालिका

# पोखरा दर्पण

वर्ष १६ । अंक १ । पूर्णाङ्क ३०

नगरपालिका स्थापनाको ६३ औं एवं राज्य पुनर्संरचनापछिको ७ औं स्थापना दिवसको अवसरमा प्रकाशित विशेष अंक

पोखरा महानगरपालिका

| | | |
|---|---|---|
| **प्रमुख संरक्षक** | : | धनराज आचार्य<br>नगर प्रमुख |
| **संरक्षक** | : | मञ्जुदेवी गुरुङ<br>नगर उपप्रमुख |
| **सल्लाहकार** | : | वीरेन्द्रदेव भारती<br>प्रमुख प्रशासकीय अधिकृत |
| **प्रकाशन संयोजक** | : | मोतीलाल तिम्सिना |
| **कार्यकारी सम्पादक** | : | भीम थापा (प्रेस संयोजक) |
| **सम्पादक मण्डल** | : | फडिन्द्र अकिञ्चन |
| | : | विकास रोकामगर |
| | : | सोमनाथ लम्साल |
| **विशेष सहयोग** | : | पूर्ण लामा |
| **फोटो** | : | राधिका कँडेल |
| **लेआउट** | : | प्रदिप कुमाल |
| **मुद्रण** | : | क्रेयटिभ प्रेस प्रा.लि., हाँडीगाउँ, काठमाडौं |
| **प्रकाशक** | : | पोखरा महानगरपालिका |
| **सर्वाधिकार** | : | पोखरा महानगरपालिका |
| **प्रकाशन मिति** | : | फागुन २०७९ |

**सञ्चार समितिका सदस्य**

सुदीपराज ढुंगाना
रामचन्द्र आचार्य
रवीन्द्र बास्तोला
सरिता तिम्सिना पंगेनी
श्रीराम सिग्देल
श्याम कुँवर
रामप्रसाद तिमिल्सिना
गणेश बराल

काठमाडौं, नेपाल

प्रधानमन्त्री

## शुभकामना सन्देश

प्राकृतिक छटाले भरिपूर्ण, पर्यटनको केन्द्र, भौगोलिक दृष्टिले सबैभन्दा ठूलो एवं सांस्कृतिक राजधानीका रूपमा परिचित पोखरा महानगरपालिकाको सातौं स्थापना दिवसको अवसरमा "पोखरा दर्पण" नामक स्मारिका प्रकाशन गर्न लागेको खबरले खुसी र उत्साहित तुल्याएको छ । सर्वप्रथम सातौं स्थापना दिवसको अवसरमा पोखरा महानगरपालिकाको नेतृत्व, महानगरमा कार्यरत कर्मचारी एवं समस्त पोखराबासीमा हार्दिक बधाइ एवं शुभकामना व्यक्त गर्दछु ।

देशकै अग्रणी पर्यटकीय महानगर पोखराका बहुआयाम छन् । सेती नदी, सुन्दर हिमशृङ्खलाहरू, तालतलैया, मन्दिर, गुम्बा, मस्जिद, छाँगा, छहरा र गल्छीहरूले पोखराको सुन्दरतामा अनुपमता मात्र थपेका छैनन्, यहाँको आर्थिक विकास, आत्मनिर्भरता, सांस्कृतिक वैभव, राष्ट्रिय संस्कृति एवं ऐतिहासिक पहिचान र जनसम्बन्धमा समेत गुरूत्वपूर्ण योगदान पुऱ्याएका छन् । राजनीतिक, सांस्कृतिक एवं प्रशासनिक क्षेत्रमा नेतृत्व प्रदान गर्दै आएको गण्डकी प्रदेश नेपालको राजनीति, सभ्यता र प्रशासनिक विकासक्रमका दृष्टिले जति गौरवशाली छ, त्यति नै सम्भावनायुक्त समेत छ । तसर्थ, पोखराको बहुआयमिक सँम्भावनाहरूको अध्ययन, अनुसन्धानका आधारमा नमुना शहरको विकास गर्ने ऐतिहासिक जिम्मेवारी राज्य र पोखरेली जनसमुदायको एकता र सहकार्यका आधारमा गरिनुपर्दछ भन्ने मेरो दृढ मान्यता छ ।

नेपालको संविधानले स्थानीय तहलाई व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्थासहित २२ वटा एकल अधिकार र केही साझा अधिकारको समेत प्रबन्ध गरेको छ । स्थानीय तहको सुरक्षा प्रबन्ध, सहकारी संस्थाहरूको दर्ता एवं नियमन, स्थानीय सञ्चारमाध्यमहरू दर्ता एवं प्रोत्साहन, स्थानीय सेवाको व्यवस्थापन, आधारभूत र माध्यमिक शिक्षा, स्थानीय पूर्वाधार विकास, न्यायिक मेलमिलाप एवं मध्यस्थता, स्थानीय स्तरका विकास परियोजनाहरू लगायतको अधिकार स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेका छन् । त्यस्तै प्रदेश र स्थानीय तहका साझा अधिकारहरूसमेत स्थानीय विकासका निम्ति दूरगामी प्रकृतिका छन् । यी अधिकारहरूको सही प्रयोग र असल अभ्यास हुन सक्दा नेपालको संघीय प्रणाली विश्वकै निम्ति नमुना सावित हुन सक्दछ । यसका निम्ति पोखरा महानगरको नेतृत्व र पोखराबासीले गम्भीर पहल लिनुहुनेछ भन्नेमा म पूर्ण विश्वस्त छु ।

अन्त्यमा, पोखरा महानगरपालिकाको वार्षिक प्रकाशन "पोखरा दर्पण" प्रकाशनको पूर्ण सफलताको कामनासहित फेरि एकपटक समस्त पोखरेली जनसमुदायमा हार्दिक शुभकामना व्यक्त गर्दछु, धन्यवाद ।

२४ फागुन २०७९

पुष्पकमल दाहाल "प्रचण्ड"

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

**गण्डकी प्रदेश सरकार**
**पोखरा, नेपाल**

प.सं.:
च.नं.:



## शुभकामना !

२०७२ असोज ०३ गते नेपालको संविधान जारी भएसँगै लागू भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको कार्यान्वयन २०७४ सालमा सम्पन्न तीनै तहको निर्वाचनपश्चात मात्रै भएको र स्थानीय तहको सरकारको रुपमा स्थापना भएको सातौं वर्ष प्रवेशको सुखद अवसरमा पोखरा महानगरपालिकाले पोखरा दर्पण नामक पुस्तक प्रकाशन गर्न लागेको जानकारी हुँदा खुशी लागेको छ ।

नेपालको संविधानले विगतको एकात्मक केन्द्रीकृत राज्य व्यवस्थालाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा रुपान्तरण गरेको छ । संविधानतः अधिकार सम्पन्न स्थानीय तहले अधिकारको सही उपयोग गर्नु स्थानीय तह र नागरिकको लागि महत्वपूर्ण अवसर हुनेछ । जनताको सबैभन्दा नजिकको सरकार भएकोले पनि स्थानीय तहले नागरिकको लागि प्रदान गर्ने सेवासुविधाहरुले देशको सिंगो शासन व्यवस्थाको प्रतिनिधित्व गर्ने हुँदा स्थानीय तहको कार्यसम्पादन चुस्त, दुरुस्त, स्वच्छ, निष्पक्ष, पारदर्शी, नागरिकमुखी र परिणाममुखी हुन जरुरी हुन्छ । दिगो शान्ति, सुशासन, विकास र समृद्धि शासनका मुख्य लक्ष्य हुन् । सामाजिक न्याय सहितको समतामूलक समाजको स्थापना तर्फ सबै तहका सरकारहरु अग्रसर हुनुपर्दछ ।

वि.सं. २०१६ सालमा पोखरा नगर पञ्चायतको रुपमा स्थापना भएको पोखराले समयक्रमका विभिन्न उतारचढावसँगै २०७३ साल फागुन २७ गते क्षेत्रफल र वडा संख्याको हिसाबले नेपालकै ठूलो महानगरपालिकाको रुपमा आफूलाई स्थापित गरेको छ । नेपालकै मुख्य सहरका रुपमा पोखराको राजनीतिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा महत्वपूर्ण स्थान छ । पोखरा गण्डकी प्रदेशको राजधानी पनि हो । प्रदेशको राजधानी पोखराको सुन्दरता, व्यवस्थापन र विकास गण्डकी प्रदेश सरकारको चासो र सरोकारको विषय हो । समन्वय, सहअस्तित्व र सहकार्यताको सिद्धान्तमा आधारित रहेर पूर्वाधार क्षेत्र, सेवा क्षेत्र र सामाजिक क्षेत्रमा प्रदेश सरकारले आफ्नो भुमिका निर्वाह गर्ने नै छ भन्दै प्रकाशोन्मुख कृति **पोखरा दर्पण**को सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२०७९ फागुन २३ गते, मंगलबार ।

(खगराज अधिकारी)
मुख्यमन्त्री

# प्रकाशकीय

भौगोलिक हिसाबले देशको सबैभन्दा ठूलो नगर र जनसंख्याको हिसाबले काठमाडौं पछिको हाम्रो नगर तीन थरी भू-बनोटले बनेको छ । साविकको पोखरा नगर पञ्चायत, पोखरा नगरपालिका, पोखरा उपमहानगरपालिका हुँदै लेखनाथ नगरपालिका र तत्कालीन १७ वटा गाविस मिलेर बनेको पोखरा महानगरपालिका बनेको हो । देशकै ठूलो (४६४.२४) वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ ।

साबिकको पोखरा एक हदसम्म सुविधा सम्पन्न छ भने थपिएका भूभागमा प्राय: सबै पूर्वाधार निर्माणको प्रतीक्षामा रहेका छन् । पूर्वाधारको पहिलो पाइलाको रूपमा रहेको सडक निर्माणलाई मात्रै लिने हो भने पनि महानगरमा अझै ७ सय किमी बाटो धूलाम्य सडकको रूपमा छ । विकास भनेको बाटो, घाटो र देखिने पूर्वाधारमात्र होइनन्, समग्रमा भन्नुपर्दा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, मानव विकास तथा नागरिकको खुसी र समृद्धि प्राप्तिको समुचित व्यवस्थापन समेतलाई सम्पन्नताको प्रारम्भिक सूचकांकका रूपमा लिनुपर्दछ । भौगोलिक हिसाबले ठूलो र प्राप्त हुने साधन, स्रोत सीमित भएकाले समयमा नै आशातीत आवश्यकता परिपूर्ति गर्न त सम्भव हुँदैन, तथापि हामी पोखरा महानगरलाई सुविधा सम्पन्न र जीवन्त सहर बनाउने अभियानमा लागिरहेकै छौं ।

पहिलो चरणमा हाम्रा आधारभूत आवश्यकता परिपूर्ति गर्ने, दोस्रो चरणमा रोजगारीको व्यवस्थापनसहित आर्थिक गतिविधिमा समग्र जनताको सहभागितात्मक वातावरण सृजना गर्ने र तेस्रो चरणमा ठाउँ, भूगोल र आवश्यकता अनुसारका आधुनिक विकासका कार्यक्रम तय गरी लागू गर्ने गरी हामीले प्रारम्भिक कार्य सुरुवात गरेका छौं । नागरिकको मौलिक अधिकारका रूपमा नेपालको संविधानले व्यवस्था गरेका सबै विषयलाई राज्यले प्रदान गर्नुपर्ने न्यूनतम दायित्व हो भन्ने कुरा महसुस हुने र गराउने गरी हामीले हाम्रा काम, गतिविधि र योजनालाई अगाडि बढाइरहेका छौं । अल्पकालीन र दीर्घकालीन गरी दुई थरी बाटोबाट महानगरका योजना तय गरी त्रिवर्षीय योजना कार्यान्वयनको चरणमा छन् । हामीलाई विश्वास छ, यस

चरणका काम सम्पन्न हुँदा हाम्रा प्रारम्भिक सूचकांक आफैं माथिल्लो तहमा प्रवेश गरिसकेका हुनेछन् । यिनै मार्गचित्रको बीचबाट यो कार्यकालको पहिलो १० महिना हामीले बिताएका छौं । यो समयसम्म आउँदा 'समुन्नत पोखराको आधार, सबल अर्थतन्त्र र पूर्वाधार' भन्ने हाम्रो नारालाई प्रतिनिधित्व र प्रतिध्वनित हुनेगरी आधार तयार पार्ने काममा हामी रहेका छौं ।

यिनै विभिन्न आधारभूत तहका कामसहित हाम्रा विज्ञ, सल्लाहकारको समेत विभिन्न दृष्टिकोणसहित हाम्रा केही सूचना र गतिविधि समेटेर पोखरा महानगरपालिकाको स्मारिकाको रूपमा 'पोखरा दर्पण' विशेष अंक प्रकाशन भएको छ । महानगरपालिका स्थापना दिवसको अवसरमा विशेष अंक प्रकाशन गर्न पाउँदा हामी निकै खुसी छौं । पोखरा दर्पण प्रकाशनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने महानगरपालिकाका प्रवक्तासमेत रहनुभएका महानगरको सञ्चार समिति संयोजक मोतीराज तिम्सिना, कार्यकारी सम्पादक भीम थापा, पोखरालाई शब्दको मालामा उनेर सुन्दर दृष्टिकोण लेखका रुपमा उपलब्ध गराउने आदरणीय लेखक महानुभावहरु, सम्पादन मण्डल, सञ्चार समितिका सदस्यज्यू लगायत डिजाइन, लेआउट तथा प्रिन्टिङसम्मका कार्य समयमा नै सम्पादन गरिदिनुहुने सम्बद्ध सम्पूर्ण पक्षप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।



# विषयसूची


| | |
|---|---|
| संक्षेपमा पोखरा महानगर | १ |
| अन्तर्वार्ता | ४ |
| स्थानीय सरकारको न्यायालयको क्षेत्राधिकार | १३ |
| सुशासन र समृद्धिको यात्रा | १८ |
| अब्बल भूमिका अपरिहार्य | २० |
| भोलिको पोखरा | २१ |
| कानुनमा उल्लिखित अधिकार खोज्दै स्थानीय सरकार | २८ |
| सुशासनको मुख्य सूत्रः प्रशासनिक सुधार | ३३ |
| पोखराका अवसर र चुनौतीहरु | ४२ |
| पोखरा पर्यटनको राजधानी किन ? | ४७ |
| रुपान्तरणतर्फ अग्रसर पोखरा | ५४ |
| खेल पर्यटनको हब पोखरा | ५८ |
| अनुसन्धान र पर्यटनको केन्द्र बन्न सक्छ सेती गल्छी | ६६ |
| औंलो उन्मूलनपछि जागेको पोखरा | ७१ |
| कागजी घोडा होइन प्राविधिक शिक्षा | ७५ |
| फोहोर स्रोत हो, समस्या होइन | ७९ |
| महाशाखा गतिविधि | ८३ |
| पोखरा महानगरपालिका सल्लाहकार परिषद | ९९ |
| जनप्रतिनिधिको विवरण | १०२ |
| समाचार | १३७ |
| वार्षिक नीति तथा कार्यक्रम | १६९ |
| बजेट (संक्षेप) | १८९ |
| न्यायिक समितिको पोखरा घोषणापत्र | १९५ |
| महानगरका समितिहरु | १९८ |
| तस्बिरहरु | २०८ |

# संक्षेपमा पोखरा महानगर

नेपालका ६ वटा महानगरपालिकामध्ये क्षेत्रफल र वडा संख्याका हिसाबले पोखरा सबैभन्दा ठूलो महानगरपालिका हो । २०७२ सालको संविधानले मुलुकलाई एकात्मक राज्य व्यवस्थाबाट संघीय प्रणालीमा रूपान्तरण गरेसँगै मुलुकमा ७ सय ५३ वटा स्थानीय तह निर्माण गरिए । संवैधानिक व्यवस्था अनुसार तीन तहका सरकारमध्ये पोखरा महानगरपालिका स्थानीय सरकारको रूपमा क्रियाशील छ ।

२०१६ सालमा नगरपालिका घोषणा हुँदा पोखरामा १३ वडा थिए । २०३३ सालमा १४ र १५ गरी दुई वडा थपेर वडाको संख्या १५ पुऱ्याइयो । त्यसपछि नगरपालिका हुँदा नै २०३७ सालमा क्रमश: १६, १७ र १८ नं. वडा थपिए । २०५२ साल माघ १८ गते पोखरालाई नगरपालिकाबाट उपमहानगरपालिका घोषणा गरियो । वडाको संख्या भने १८ नै कायम राखियो ।

२०७२ सालको संविधानले गरेको व्यवस्था अनुसार पोखरालाई एक स्थानीय सरकारको रूपमा वडाको संख्या थप्दै महानगरपालिका घोषणा गरियो । त्यस बेला यस महानगरपालिकाको नाम पोखरा लेखनाथ महानगरपालिका नामकरण गरिएको थियो । तत्कालीन पोखरा उपमहानगरपालिका, लेखनाथ नगरपालिका, मौजा, चापाकोट, भदौरे तमागीका (३, ९) वडाहरू, कास्कीकोट, माझठानाका (१, ४, ९) वडा कालिकाका (१, ५) वडा र पुरन्चौर गाउँ विकास समिति मिलाएर पोखरा लेखनाथ



महानगरपालिकाको निर्माण गरिएको हो। यसको नामका सन्दर्भमा नगरसभाले नाममा जोडिएको लेखनाथ हटाई पोखरामात्र राख्ने माग गरे बमोजिम नेपाल सरकारको २०७५ साउन २३ गते बसेको मन्त्रिपरिषद् बैठकले पोखरा महानगरपालिका नामकरण गरेको हो । हाल महानगरपालिकामा ३३ वडा छन् ।



२०७२ सालमा लेखनाथ नगरपालिका र केही गाविस गाभिएपछि यसको कुल क्षेत्रफल ४६४.२४ वर्ग किमी पुगेको छ । क्षेत्रफलमा पोखरा महानगरपालिका काठमाडौंभन्दा ९ गुणा, ललितपुरभन्दा १८ गुणा र भरतपुरभन्दा साढे दुई गुणा ठूलो छ। पोखरा महानगरपालिका वीरगञ्जभन्दा २१ गुणा र विराटनगरभन्दा ६ गुणा ठूलो छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार पोखरा महानगरपालिकाको जनसंख्या ५ लाख १८ हजार ४ सय ५२ छ । महानगरपालिकाको केन्द्र साबिककै स्थानमा रहेको छ भने केही महाशाखा र शाखाले अन्य स्थानबाट सेवा प्रवाह गरिरहेका छन् । महानगरपालिकाको पूर्वी सिमानामा मादी गाउँपालिका र रूपा गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा जिल्ला छन् भने उत्तरी सिमानामा माछापुच्छ्रे गाउँपालिका र मादी गाउँपालिका तथा दक्षिणमा स्याङ्जा र तनहुँ जिल्ला छन् ।

पोखरामा विभिन्न जातजाति र समुदायको बसोबास रहँदै आएको छ । मुख्यत: यहाँ खसआर्य, गुरुङ, नेवार, मगरको अधिक संख्या रहे पनि थकाली, ठकुरी, मुस्लिम, दलित लगायतका जातिको मिश्रित बसोबास छ। यहाँ सयौं वर्षदेखिका परम्परा, भाषा, भेषभूषा, संस्कृति र रीतिरिवाज प्रचलनमा छन् ।

पोखरा महानगरपालिका पोखरा उपत्यकामा अवस्थित नेपालको अत्यन्तै रमणीय र प्राकृतिक रूपले सुन्दर सहरको रूपमा परिचित छ। पोखरा मुलुकको एक महत्वपूर्ण पर्यटकीय स्थलको रूपमा स्थापित सहर पनि हो। यहाँ रहेका ताल, तलैया, गुफा, मठ, मन्दिर, मस्जिद र गुम्बा, कोट, छाँगा, छहरा, गल्छी लगायतले यसको सुन्दरतामा थप रौनक थपेका छन् । पोखरा भ्रमणका लागि बर्सेनी लाखौं स्वदेशी तथा विदेशी पर्यटक आउने गर्दछन्। पोखराबाट धौलागिरि, अन्नपूर्ण र मनास्लु हिमशृंखला र ८ हजार मिटरभन्दा अग्ला केही हिमाल प्रत्यक्ष अवलोकन गर्न सकिन्छ ।

पोखरामा फेवाताल, बेगनासताल, रुपाताल, दिपाङ्ताल, खास्टेताल, मैदीताल, न्युरेनी ताल, गुदेताल, कमल पोखरी, कश्यप ताल गरी ९ ताल छन्। कास्कीमा रहेको कश्यप तालबाहेक सबै ताल तथा तलैया विश्व रामसार सूचीमा सूचीकृत भएका छन् । यी पोखराका मात्र नभएर अन्तर्राष्ट्रिय महत्वका विषय हुन् । पोखरा नेपालकै सबैभन्दा धेरै पानी पर्ने ठाउँमध्ये पर्छ । पोखरामा भूमिगत रूपमा बग्ने सेती नदी, काहुँखोला, विजयपुर खोला, फुर्सेखोला, कालीखोला, याम्दीखोला, हर्पनखोला, हुदीखोला, सुरौदीखोला,



बुलौदीखोला, फिर्के खोला, कोत्रे खोला, गढुवा खोला लगायतका खोलानाला छन् ।

पाताले छाँगो (डेभिज फल्स), महेन्द्र गुफा, गुप्तेश्वर गुफा, चमेरे गुफा, सीता गुफा, कुमारी गुफा पनि पर्यटकीय स्थलका रूपमा स्थापित छन् । माछापुच्छ्रे हिमालको मनोरम दृश्यावलोकनका लागि पोखरा अत्यन्तै उपयुक्त छ । सराङकोट, काहुँडाँडा लगायत पहाडी भाग पर्यटकीय गन्तव्य रूपमा विकसित भइरहेका छन् भने सूर्योदय तथा सूर्यास्तका मनोरम दृश्य अवलोकन गर्न पर्यटक धेरै संख्यामा ती स्थानमा पुग्ने गर्दछन् ।

नेपाल एकीकरण हुनुपूर्व पोखरा कास्की राज्यअन्तर्गत थियो । ऐतिहासिक कास्कीकोट पोखरा उपत्यकाको उत्तरी छेउमा रहेको छ । पृथ्वीनारायण शाहका माहिला छोरा नायब बहादुर शाहको समयमा पोखरा उपत्यका वर्तमान नेपालमा मिलाइएको इतिहास पाइन्छ । वि.सं २०४६ सालपछि पोखरामा तीव्र सहरीकरणको भएको पाइन्छ । फलस्वरूप, सेवा क्षेत्रका उद्योगहरूले परम्परागत कृषिलाई उछिन्दै स्थानीय अर्थतन्त्रमा प्रभाव बढाउँदै आएका छन् ।

पोखरा महानगरपालिकामा विन्ध्यवासिनी मन्दिर, धर्मशिला बुद्ध विहार, मैत्री चैत्य तथा राधाकृष्ण मन्दिर, भद्रकाली मन्दिर, भूमेश्वर महादेव, पुम्दिकोट, शोभा भगवती मन्दिर, सिद्धेश्वर महादेव, पुष्करेश्वर शिवमन्दिर, राम मन्दिर, केदारेश्वर मन्दिर, शिवहरि मन्दिर तथा नमो बौद्ध गुम्बा आदि ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थल यहाँ रहेका छन् । फेवातालमा देखिने माछापुच्छ्रे हिमालको छाँया तथा बेगनासमा गरिने डुंगा सयर असाध्यै मन लोभ्याउने पक्ष हुन् । पदयात्रामा रम्ने पर्यटकका लागि विश्वकै चर्चित पदयात्रा अन्नपूर्ण पदमार्गको यात्रा पनि यहीबाट सुरु हुन्छ ।

पोखरा उपत्यका पश्चिम नेपालको प्रमुख शिक्षा तथा स्वास्थ्यको केन्द्र पनि हो । नेपालकै प्रख्यात पृथ्वीनारायण क्याम्पस, जनप्रिय क्याम्पस, पोखरा विश्वविद्यालय, पोखरा चिसाखोला वेद विद्याश्रम तथा अन्य क्याम्पस तथा विद्यालय रहेको पोखरामा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल), मणिपाल शिक्षण अस्पतालसहित थुप्रै स्वास्थ्य संस्था सेवामा क्रियाशील छन् । निकट भविष्यमा पोखरा महानगरपालिकाले मेट्रो अस्पताल सञ्चालनको तयारीसमेत गरिरहेको छ । शिशुवा अस्पतालको स्तरोन्नति गरी त्यसलाई मेट्रो अस्पतालका रूपमा विकास गर्ने महानगरपालिकाको योजना छ ।

पोखरा उपत्यकालाई पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग र मध्य पहाडी लोकमार्गको सडक सञ्जालले जोडेको छ । पोखरामा ३५ भन्दा बढी एफएम रेडियो, दर्जन बढी पत्रपत्रिका, १ सयभन्दा बढी अनलाइन र ६ वटा टेलिभिजन सञ्चालनमा छन् । यीबाहेक केही सञ्चारमाध्यमले पोखरामा शाखा सञ्चालन गरेका छन् ।



**धनराज आचार्य**
प्रमुख
पोखरा महानगरपालिका

# आधार वर्ष उत्साहजनक, ५ वर्षमा समुन्नत महानगर

» **महानगरको नेतृत्व सम्हालेको १० महिनामा जनप्रतिनिधिका रुपमा तपाईंको अनुभव कस्तो रह्यो ?**

समय त छिटो जाँदो रहेछ ! बेला बेलामा १० महिना भयो र जस्तो पनि लाग्छ । जनप्रतिनिधिका रुपमा मैले पक्कै केही नयाँ अनुभव गरेको छु । यहाँ आईसकेपछि खासगरी सुशासनको सन्दर्भमा नागरिकले सेवा, सुविधा राम्रोसँग पाउनुपर्छ, जीवन सरल हुनुपर्छ भन्ने मुख्य ध्येय रह्यो ।

यस कार्यालयबाट प्रदान गरिने र सम्पादन गरिने सेवा सही समयमा पाउनुपर्‍यो । यदि कुनै कारणले ढिला हुन्छ भनेदेखि त्यो पनि उहाँहरुलाई थाहा दिनुपर्‍यो । त्यसकै लागि सुरुमै एकद्वार प्रणाली लागू गर्‍यौं । सँगसँगै 'हेलो मेयर' पनि सुरु गर्‍यौं । कसैका केही समस्या, सल्लाह, सुझाव छन् भने पनि सामान्यतया २४ घन्टाभित्र समाधान गर्नेगरी

> **संसारमै हामी उत्कृष्ट स्थानमा पर्न सक्छौं भने आफ्नै देशको यो सुन्दर ठाउँलाई पर्यटनको राजधानी किन नभन्ने ?**

व्यवस्था गरेका छौं । यसले कतिपय हामीलाई थाहा नभएका कुरा पनि तत्कालै थाहा हुने भयो । हेलो मेयरमा सामान्यतया दिनमा ५० वटा फोन आउँछन् ।

अनुभवका हिसाबले यो वर्षलाई मैले आधार वर्षको रुपमा लिएको छु । ५ वर्षमा गर्ने वा गर्नुपर्ने काम, योजना के के हुन् ? अल्पकालीन र दीर्घकालीन दुवै खाले योजना हामीले बनाएका छौं । जुन हामीले घोषणापत्र, नीति तथा कार्यक्रममा तय गरेका थियौं, त्यही अनुसार केही काम देखिने गरी अघि बढिसकेका छन् । अरु क्रमशः हुँदै छन् । सरकारी प्रक्रिया केही लामो पनि हुने रहेछ । अध्ययन गर्नुपर्ने, डिपिआर बनाउनुपर्ने, ठेक्का, प्रक्रियामा लामो समय लगाउनुपर्ने हुने रहेछ ।

**» व्यावसायिक र सरकारी काम, कारवाही प्रक्रियाको फरकले जनप्रतिनिधि हुनुअघिको उत्साह र अहिलेको उत्साहमा फरक पारेको छ कि उस्तै छ ?**

उत्साह घटेको छैन । यो ५ वर्षसम्म कुनै घन्टा, मिनेट, सेकेन्ड मेरो कुनै उत्साह कम हुँदैन । ममात्र होइन, हाम्रा ३३ वटै वडाध्यक्ष उत्साहित हुनुहुन्छ । हाम्रा उपप्रमुखदेखि सबै जनप्रतिनिधि युवा उत्साह बोकर आउनु भएको छ । अहिलेसम्म १४ वटा कार्यपालिका बैठक बसिसक्यौं । सबै सर्वसम्मत नै गऱ्यौं । यो भनेको सबैको सकारात्मक उत्साह नै हो ।

**» पोखरा महानगरलाई बाहिरबाट हेर्दा र अहिले आफैंले नेतृत्व गर्दा केही फरक पाउनु भयो ?**

पहिले र अहिले के फरक भयो भन्ने त वास्तवमा नागरिकले भन्नुपर्ने हो । हामीले चाहिँ ढिलासुस्ती हटाएका छौं भन्ने लाग्छ । अर्को, नागरिकको गुनासो सुन्नका लागि निःशुल्क नम्बर नै उपलब्ध गराएर सरकारको अनुभूति दिलाइराखेका छौं ।

महानगरभित्रैबाट पनि कतिपय सन्दर्भमा काम नगरिदिने, अरु कुनै माग गर्ने आदि कुरा हिजो थिए भन्ने गुनासा थिए । तर, अहिले ती कुराको गुनासो 'हेल्लो मेयर'मा सिधै गर्न पाइन्छ । दिनमा औषत ५/६ वटा गुनासा आउँछन् । कहिलेकाहीँ आधिकारितामा अलिकति समस्या त हुन्छ नै । तर, त्यसलाई हामी सम्बोधन गरिरहेकै छौं ।

समयमै काम सक्नका लागि सक्दो गरिरहेकै छौं । हुन त हाम्रा महाशाखा सबै यही भवनमा छैनन् । जहाँ रहे पनि महानगरबाट प्रवाह हुने सेवा समयमै सम्पादन भएका छन् । पहिले प्राविधिक समिति नै नभएका कारण ठूला निर्माणका योजना २/३ वर्ष रोकिएका थिए । अहिले कुनै पनि निर्माणका काम हरुलाई तदारुकताका साथ अघि बढाएका छौं । एक महिनाभन्दा बढी फाइल नरोक्ने गरी अगाडि बढाएका छौं ।

“

**उत्साह घटेको छैन । यो ५ वर्षसम्म कुनै घन्टा, मिनेट, सेकेन्ड मेरो कुनै उत्साह कम हुँदैन ।**

टेन्डरमा लैजानुपर्ने योजना पनि कुनै रोकिएका छैनन् । यो वर्ष वडा र महानगरस्तरीय र टेन्डरमा जानुपर्ने झन्डै ५ सय परियोजनाअगाडि बढिसकेका छन् । हामी आइसकेपछिको मुख्य परिवर्तन भनेको वडालाई ठूलो बजेट दिएका छौं । पहिले वडामा १ करोड हाराहारीका बजेट पनि थिए । तर, अहिले त्यस्तो छैन । महानगर स्तरीय योजना पनि वडालाई नै दिएका छौं । त्यसले गर्दा ठूला वडामा १० करोड जति बजेट गएको छ ।

स्थानीय क्षेत्रको आवश्यकता हेरेर टोल विकास संस्था, सरोकारवाला व्यक्तित्व सबैले स्थानीय तहलाई हेरिराख्नु भएको हुन्छ । जसका कारण काम छिटो होस् भन्ने हामीलाई लाग्छ । माथिल्लो तहले तल्लो निकायलाई अधिकार दिएन भन्ने तर, हामीसँग भएको अधिकार पनि अझै तल नदिँदा पनि असल अभ्यास भएको देखिँएन । त्यसैले हामीले महानगर स्तरमा कार्यक्रम नराखेर सबै वडास्तरमै पठाएका छौं ।

अहिले महानगरको सेवा प्रवाहमा सुधार भएको छ । पूर्वाधारतर्फ पनि सुधार सुरु भइसकेको छ । खासगरी दातृ निकायसँग केही वर्षअघिबाट काम रोकिएको अवस्था थियो । हामी आईसकेपछि सबै दातृ निकाय, जसले नेपालमा ठूला योजना चलाइराखेका छन्, उनीहरुको काम पनि सँगसँगै अगाडि बढेको छ । यसलाई पनि ठूलो उपलब्धि नै मान्नुपर्छ ।

**» पोखराको आफ्नै नारा छ 'समुन्नत पोखरा'। समुन्नत पोखरा बनाउन के छन् तपाईंका**

> प्रदेशसँग समन्वय अघिल्लो ५ वर्षमा राम्रो नभएको पाइयो । पोखराभित्र कुनै पनि योजना प्रदेशबाट लागू भएनन् । तर अब घनिभूत रुपमा समन्वय गर्दै अघि बढ्छौं ।



**योजना ?**

समुन्नत पोखरा महानगरपालिकाले नै तय गरेको नारा हो । समुन्नत बन्न बाटो, घाटो अथवा २, ४ वटा पूर्वाधारले मात्रै पुग्दैन । समुन्नत हुनका लागि यहाँका नागरिक खुसी हुने वातावरण बनाउनुपर्छ । शिक्षा, स्वास्थ्य, मानव संशाधनदेखि लिएर हामीलाई चाहिने सबै विकास र अरु पूर्वाधारका कुरा सँगसँगै पाउने सेवा हुनुपर्छ । त्यसलाई सँगै लैजान सक्दा समुन्नतिको बाटोमा महानगर जान्छ ।

अर्को भनेको सबै नागरिकलाई आर्थिक क्रियाकलापमा जोडेर पोखराको आधार, सबल र चलायमान अर्थतन्त्र बनेपछि बल्ल हामी समुन्नतिको अवस्थामा पुग्छौं । नाराले मात्रै समुन्नति आउँदैन । त्यसका लागि आर्थिक क्रियाकलापलाई अगाडि बढाउनुपर्छ त्यो दिशा हामीले योजना बनाएका छौं ।

» **तपाईंले पहिलो निर्णय नै पर्यटकीय राजधानी घोषणा गर्ने गर्नुभएको थियो । त्यो कार्यान्वयन प्रक्रिया कहाँसम्म पुग्यो ?**

पोखरालाई पर्यटनको राजधानी घोषणा गरियोस् भनेर हामी आइसकेपछिको पहिलो निर्णय गरी नेपाल सरकारलाई पठाइसकेका छौं । प्रदेश सरकारले पनि निर्णय गरिसकेको छ । यो परिपत्र मुख्य सचिवज्यूको टेबलमा छ । यसमा उहाँले 'केही विषयमा राय, परामर्श लिन जरुरी छ' भन्नुभएको छ । 'पोखरालाई पर्यटनको राजधानी नै भन्ने कि केही विशेष क्षेत्र भन्ने विषयमा छलफल भइराखेको छ, हामी टुंग्याउँछौँ' भनिसक्नु भएको छ ।




"हामीसँग ३ थरि भूबनोट छन्: पुरानो पोखरा, लेखनाथसहित गाविस थपिएको पोखरा । सबै भूबनोटका बासिन्दालाई महानगरबासी हौं भन्ने अनुभूति दिलाउँछौं ।

पोखरा विमानस्थलको उद्घाटन गर्न आउँदा पनि सम्माननीय प्रधानमन्त्रीज्यू र मुख्य सचिवज्यूसँग यही एजेन्डामा छलफल गरेका हौं। पूर्वपर्यटनमन्त्री जीवनराम श्रेष्ठले यसलाई मन्त्रिपरिषद्मा टेबल गर्नुभाको थियो । यो चाँडै घोषणा हुनेछ भन्ने विश्वास छ । यदि कारणवश भएन भने प्रदेश सरकारले पनि निर्णय गरिसकेको छ, महानगरले पनि गरिसकेको छ। ०८० को बैशाख १ गते हामी पोखरा पर्यटनको राजधानी हो है भनेर हामी आफैं घोषणा गर्छौं ।

एउटा निश्चित क्षेत्रलाई मात्रै राजधानी घोषणा गर्दा संघलाई समस्या हुन सक्छ । पोखरालाई एउटा भन्ने, अर्कोलाई अर्को भन्ने धेरै ठाउँमा प्रश्न उठ्न पनि सक्छन् । यदि त्यस्तो हो भने संघलाई बाधा नपर्ने गरी हामीले हाम्रो स्टाटस के हो भनेर त देखाउन सक्छौं नि ! 'पोखरा पर्यटनको राजधानी हो, सबै पोखरा आइदिनुस्' भन्न सक्छौं। पोखरालाई ब्रान्डिङ गरेर एउटा विशेष कार्यक्रम ५ वर्षभित्र गर्छौं । मिटिङ गर्न, ठूला ठूला अन्तर्राष्ट्रिय कन्भेन्सन गर्न, एक्जिभिसन गर्न पोखरा आइदिनुस् भन्छौं ।

सम्भवत: २०२५ लाई पोखरा भ्रमण वर्षका रुपमा मनाउन पनि सक्छौं । यो अहिले छलफलकै विषयमा छ, बुद्धिजीवी साथीहरुसँग पनि छलफल गरिरहेकै छौं ।

» **पोखरालाई पर्यटनको राजधानी भन्नुपर्ने, घोषणा गर्नुपर्ने कारण के छन् ?**

पोखरा नेचर र कल्चर दुवैको संगम हो। पोखराको जुन सुन्दरता छ, संसारमै यो खालको अनुपम ठाउँ अन्त छैन । हिमालको काखमा छौं । तर, न त जाडो, न गर्मी ! मौसमका हिसाबले पनि पोखरा अत्यन्तै सुन्दर छ । हरियाली र तालतलैया पनि पोखराका सम्पत्ति हुन् ।

पोखरा तालहरुको पनि सहर हो । रुपाताल, बेगनासताल, फेवातालसहित हामीसँग ८ वटा ताल छन् । नयाँ ताल, पुराना पानी सुकेका, गाउँका ठूला पोखरी पनि फेरि पुनर्निर्माण गर्न लागेका छौं । यो चौरहरुको सहर पनि हो। चौरकै नामबाट पनि धेरै ठाउँको नामकरण भएको छ । जस्तो: बाटुलेचौर, रेयालेचौर, सिमलचौर । पोखरा पाटनको सहर पनि हो । मालेपाटन, फलेपाटन, बाँझापाटन, मियाँपाटन लगायत २० औं पाटन हामीसँग छन् । एक जमाना यो चौतारीको सहर थियो । संस्कृतिक रुपमा पनि हामी निकै धनी छौं ।

> **पेट्रोलियम पदार्थको खपत कम गर्न इभेइकलमा जोड दिएका छौं । अब महानगरले किन्ने सबै सवारी साधन इलेक्ट्रोनिक हुनेछन्**

पोखरा साँच्चै सुन्दर प्राकृतिक हिसाबले, सांस्कृतिक हिसाबले मात्रै होइन, सबै कोणबाट पर्यटकका लागि उत्कृष्ट गन्तव्य हो। पर्यटक अध्ययन, अनुसन्धान गर्न आउने ठाउँ हो । खेलकुद, स्वास्थ्य, शिक्षा, पर्यापर्यटन, साहसिक पर्यटन जुनसुकै कोणबाट हेर्दा पनि पोखरा उत्तम गन्तव्य हो। पोखरा मुक्तिनाथ क्षेत्रको प्रवेशद्वार पनि भएकाले यो धार्मिक पर्यटनका हिसाबले पनि उत्तिकै सम्भावना युक्त छ ।

संसारभरिका सहरमा पनि उत्कृष्ट गन्तव्यमा पोखरा सधैं उत्कृष्ट १० मा पर्दै आएको छ । संसारमै हामी उत्कृष्ट स्थानमा पर्न सक्छौं

भने आफ्नै देशको यो सुन्दर ठाउँलाई पर्यटनको राजधानी किन नभन्ने ? अहिले पनि मेची, महाकाली सबैतिर पुगेर सर्भे गर्दा मलाई लाग्छ ९९ प्रतिशतको सपनाको सहर हो पोखरा ।

**» झन्डै ५ दशकको पर्खाइपछि पोखरेलीले आँगनमै अन्तर्राष्ट्रिय विमानस्थल पाएका छन् । यसलाई पोखरेलीले अपनत्व महसुस गर्नेगरी महानगरले केही योजना बनाइरहेको छ कि ?**

विमानस्थल महानगरको भन्दा पनि संघीय सरकारको हो । तर, भूगोल हाम्रो हो । यसले दिने सेवा र उपभोग गर्न सक्ने कुरा महानगरकै हो । पोखरालाई पर्यटनको राजधानी बनाउनुपर्छ भन्नुका पछाडि यो विमानस्थल हुँदै संसारभरिका मानिस सोझै पोखरा आउन सकून् भन्ने पनि हो । त्यसका लागि वातावरण बनाउने हामीले हो ।

यहाँ आइसकेपछि पोखरामा केही दिन भए पनि बसाइँ लम्बाउन सक्ने गरी पर्यटकीय गन्तव्य थप्नुपर्छ, खोज्नुपर्छ । सँगसँगै यहाँबाट कार्गोमा के लैजाने भन्ने विषयमा यहाँका उद्योगी, व्यवसायी र अरु क्षेत्रका साथीहरुसँग पनि छलफल गरिरहेका छौं । उताबाट आउँदा व्यक्तिमात्रै लिएर होइन कि सामानसहित आउनुपर्‍यो र हामीसँग पनि निर्यात गर्ने वस्तु हुनुपर्‍यो भन्ने विषयमा महानगर गम्भीर छ ।

पोखरा विमानस्थललाई व्यापक रुपमा प्रयोग गर्न सक्नुपर्छ । खासगरी हामीसँग धेरै जनसंख्या भएका २ ठूला छिमेकी देश छन् । सीमाका २ वटा सहर अथवा मुख्य सहरसँगमात्रै कनेक्टिभिटी गर्‍यौं र देशभरिका ७ वटै प्रदेशमा यो सम्पर्कलाई जोड्न सक्यौं भने पोखरा विमानस्थल राम्रोसँग चल्छ ।

**» महानगरको नेतृत्वमा हुँदा संघ सरकारबाट हुने सहयोग र दृष्टिकोण कस्तो पाउनुभएको छ ?**

संविधानले नै व्यवस्था गरेको हुनाले दृष्टिकोण फरक छ भन्न मिलेन । ३ तहका सरकार छन् । संविधानमा एकल, साझा अधिकारको व्यवस्था छ । केही संघ र प्रदेश, केही प्रदेश र स्थानीय तहका पनि संयुक्त अधिकार छन् । एकल अधिकारको विषयमा हामीसँग नागरिकलाई प्रत्यक्ष रुपमा चाहिने र जोडिने सबै अधिकार दिइएको छ । उदाहरणका लागि स्कुल लेबलसम्मको शिक्षा हाम्रो अधिकारमा पर्छ । आधारभूत स्वास्थ्य दिइएको छ । कानुन आफैं बनाउन सक्ने, लागू गर्न सक्ने अधिकार छ ।

३ तह निकाय होइनन्, सरकार हुन् । तर, कहिलेकाँही केन्द्र सरकारसँग आधारित रहेका, संघको एकल अधिकारभित्र रहेका कुरा तल दिनका लागि अलि कञ्जुस्याइँ गरेको हो कि भन्ने पनि देखिन्छ । सुरुआती चरणमा भएर अभ्यास अलि कम भएको हुन सक्छ । क्रमशः सहजीकरण हुँदै जाँदा यो समस्या रहिरहँदैन, सुधार होला भन्ने विश्वास गरौं ।

> “ अबको २ वर्षभित्र महानगरकै कार्यालयबाट काम गर्न सक्ने, सेवाग्राहीले सबै सेवा एकै ठाउँबाट पाउने अवस्था बन्नेछ ।

**»पोखरा महानगरमात्रै नभएर प्रदेशको राजधानी पनि हो । प्रदेशसँगको सम्बन्ध, समन्वयचाहिँ कस्तो छ ?**

प्रदेश सरकारसँगको समन्वय अघिल्लो ५ वर्षमा राम्रो नभएको पाइयो । प्रदेश सरकारको राजधानी पोखरामै छ । तर, पोखराभित्र

कुनै पनि योजना प्रदेशबाट लागू भएनन् । त्यो अलि स्वभाविक रहेन ।

हाम्रो टिम आईसकेपछि नयाँ मुख्यमन्त्रीज्यूसँग धेरैचोटि बसेका छौं । अब प्रदेश सरकारमा व्यक्ति जोसुकै भए पनि प्रदेश सरकार पनि पोखरामै भएकाले समन्वय गरेरै जानुपर्छ भन्ने पक्षमा छौं । कतिपय योजनामा केन्द्र, प्रदेश र स्थानीय तह सबैको बजेट परेर डुब्लिकेसन भएको देखिन्छ । यो नहुने गरी प्रोजेक्ट बैंक बनाउने, ठूला योजना संघसँग आग्रह गर्ने, मझौला प्रदेशसँग गर्ने र साना काम यताबाट गर्ने गरी काम गरिरहेका छौं । चैत १ गतेदेखि नै सबै वडाका योजना लिएर राष्ट्रिय योजना आयोग, प्रदेश सरकार, संघ सरकार सबैसँग मिलेर जानुपर्‍यो भनेर कुरा गर्छौं । विगतमा समन्वय कम भएको होला, तर अब घनिभूत रुपमा समन्वय गर्दै अघि बढ्छौं ।

**» जनताको अपेक्षा ठ्याक्कै पूरा गर्न बाधा, अड्चनचाहिँ के हुने रहेछ ?**

एउटा त साधन र स्रोतकै अभाव हो । ठूलो परियोजना चलाउन हामीसँग बजेटको अभाव छ । यो वर्ष राजस्व कम उठेको छ । घरजग्गा कारोबार हुन सकेन त्यसले पनि राजस्वमा प्रभाव पार्‍यो । अर्को सरकारी प्रक्रिया अलि लामो र झन्झटिलो हुने रहेछ । खरिद प्रक्रिया, ३५ दिनको समय दिएर टेन्डर गर्नुपर्ने, त्यसमा कोही आएनन् भने अर्को सूचना निकाल्नुपर्ने, अर्को सम्झौता गर्न समय लाग्ने गर्दागर्दै बर्खा लागिहाल्ने !

बर्खामा काम हुन सक्ने कुरै भएन । यसमा अलिकति नेपाल सरकारले नै परिवर्तन गर्नुपर्छ जस्तो लाग्छ । समय छोटो बनाएर द्रूत गतिमा काम गर्न नमिल्दो रहेछ । कानुनी झन्झट अलि धेरै पाएँ । तर, त्यति हुँदाहुँदै पनि छिटोभन्दा छिटो काम कसरी गर्न सकिन्छ भनी हामी प्रयत्नशील छौं ।

**» यो अवधिमा आफूले गरेका मुख्य काम के केलाई मान्नुहुन्छ ?**

यो वर्ष त हाम्रो आधार वर्ष नै हो । यसमा विदेशी दातृ निकायहरुसँग ठूला ठूला परियोजना सुरु गर्दै छौं । विश्व बैंकसँग ३ अर्बको योजनाअघि बढाएका छौं । एडिबीसँग सस्टेनेभल टुरिजममा सपोर्ट गर्नका लागि अर्बौंको काम अगाडि बढाउँदै छौं । जाइकाको पोखराभित्रको खानेपानी र ढल निकासका लागि ६ अर्बभन्दा बढीको काम हुँदै छ । एउटा पुरानो खानेपानी योजना पनि सम्पन्न हुँदै छ ।

कोइकासँग पोखराको यातायात, ग्रिन ट्रान्सपोर्टका सन्दर्भमा सम्झौता गरिसकेका छौं । अर्को कोरियन सरकारसँग २ अर्बभन्दा ठूलो परियोजना अगाडि बढ्दै छ । फालिएका चिजबाट हजारौंको संख्यामा



रोजगारी सिर्जना गर्ने गरी हस्ताक्षर गरिसकेका छौं । पछिल्लो समयमा दातृ निकायसँग निकै ठूला बजेटका कामअगाडि बढाएका छौं ।

हामीसँग ९ अर्बको बजेट छ । वडा स्तरमा ठूला ठूला योजनाअघि बढाएका छौं । सबै वडामा वडा कार्यालय बनाउन लागिपरेका छौं । यही बीचमा ५ वटा वडा कार्यालय शिलान्यास भए । सबै वडामा सुविधा सम्पन्न आधुनिक शौचालय बनाउँदै छौं । महानगरको आफ्नै सुविधासम्पन्न कार्यालयका लागि पनि योजनाअघि बढिसक्यो । सबै महाशाखा एकै ठाउँमा हुने गरी बिल्डिङको डिपिआर बन्ने क्रममा छ । पर्यटन बसपार्कको अगाडि पुरानो गल्फ कोर्षमा महानगरको भवन बनाउन जग्गा प्राप्ति प्रक्रिया सुरु भइसकेको छ । अबको २ वर्षभित्र महानगरकै कार्यालयबाट काम गर्न सक्ने, सेवाग्राहीले सबै सेवा एकै ठाउँबाट पाउने अवस्था बन्नेछ ।



पृथ्वीचोकमा पोखरा भवन बनाउँदै छौं । यो टेन्डरमा जाने क्रममा छ । जसको भूइँ तलामा सूचना केन्द्र, बीचमा पुस्तकालय, माथि आर्ट ग्यालरी र माथिल्लो तलामा घन्टाघर हुने गरी नक्सा पास भइसकेको छ । उज्यालो पोखराका लागि सबै चोकमा हाइमास्ट लाइट राखिरहेका छौं । यो फागुन महिनाभित्रै पूरा हुँदै छ । १५ सय ४ वटा पोलका लाइट र २३ ठूला हाइमास्ट लाइट राखेर पोखरालाई उज्यालो र सुन्दर बनाउँदै छौं ।

हामी आईसकेपछि भएको सबैभन्दा मुख्य काम फोहोरमैला व्यवस्थापन हो । दीर्घकालीन हिसाबले फोहोरलाई मोहोर बनाउन सकिन्छ भनी फोहोरबाट इनर्जी निकाल्न वडा नं. ३३ मा प्रारम्भिक काम सकेका छौं । पोखरा ३२ मा अहिले अल्पकालीन व्यवस्थापन नगरेको भए विमानस्थल चल्ने नै थिएन । हाम्रो आधाभन्दा बढी समय ल्यान्डफिल साइटकै व्यवस्थापनमा गयो । सँगसँगै अब कस्तो ल्याडफिल साइट बनाउने भन्ने विषयमा पनि रिसर्च गर्‍यौं, अनुभव आदानप्रदान गर्‍यौं । हामीले पोखराका राम्रा विज्ञ राखेर सल्लाहकार समिति बनाएका छौं । उहाँहरुले हामीलाई रचनात्मक सल्लाह, सुझाव दिनुहुन्छ । समग्रमा अब हामी गियरअप गर्ने अवस्थामा छौं ।

**» नेपालको संविधानले समाजवादोन्मुख राष्ट्रको परिकल्पना गरेको छ । त्यसका लागि महानगरको नेतृत्व तपाईंले त्यसतर्फ केही प्रयास वा योजना बनाउनु भएको छ ?**

समाजवादको मुख्य अर्थ भनेकै नागरिकले समान खालको अधिकार पाऊन् भन्ने हो । कोही अति गरिब वा कोही अति धनी हुने समाज नबनोस् भन्ने हो । समतामूलक समाज बनोस् भन्ने नै

हो । त्यस अनुसार हामीले पनि पोखरामा केही प्रयास गरेका छौं । पोखरामा ८.७ प्रतिशत नागरिक गरिबीको रेखामुनि छन् भन्ने तथ्यांक पाएका छौं । तर, ती को हुन् भन्ने कहींकतै रेकर्ड छैन । अहिले उनीहरुलाई खोज्न सर्भे गरिरहेका छौं ।

सबै खालका डाटा लिने गरी ३ महिनामा तथ्यांक तयार हुन्छ । त्यसपछि को चाहिँ अप्ठेरो अवस्थामा हुनुहुन्छ, गरिबीको रेखामुनि हुनुहुन्छ भन्ने यकिनपछि उहाँहरुलाई रोजगारी सिर्जना गर्नेदेखि लिएर राज्यले के गर्न सक्छ, हामी तयार छौं । २ वर्षमा उहाँहरुलाई मध्यम स्तरमा कसरी ल्याउन सकिन्छ भन्ने योजनामा हामी छौं । अर्को समस्या सुकुम्बासीको छ । १९ हजार ८ सय ५६ जनालाई पोखराभित्र निस्सा बाँडिसकेका छौं । अब हामी छिट्टै उहाँहरुको स्थायी बसोबासको पनि व्यवस्थापन गर्दै छौं । यसले एकै ठाउँमा दुई खालका नागरिक भएर बाँच्नुपर्ने अवस्था अन्त्य गर्नेछ ।

अर्कोतिर हामीले बिजनेस प्रमोसन सेन्टर भनेर सभागृहमा कार्यालय नै खोलेका छौं । सिइओ नै राखेर काम सुरु गरिसकेका छौं । त्यसमा केही बजेट राखेका छौं र केही दातृ निकायले त्यसमा राख्दै छन् । त्यहाँबाट उद्यमशीलता सुरु हुनेछ । हाम्रो आफ्नै गण्डकी बहुप्राविधिक शिक्षालयमा अहिले ६ विषयमा पढाइ हुन्छ । त्यो मध्यम स्तरको जनशक्ति उत्पादन गर्ने गरी अगाडि बढेको छ । टेक्निकल स्कुलमार्फत् के खालको प्राविधिक चाहिने हो, त्यसको पनि अध्ययन गर्दै छौं ।

पेट्रोलियम पदार्थको खपत कम गर्न विद्युतीयमा जोड दिएका छौं । अब महानगरले किन्ने हेभी सवारी साधनबाहेक सबै सवारी साधन इलेक्ट्रिक हुनेछन् । समाजवादका लागि हाम्रो प्रयास आरम्भको अवस्थामा छ । तर, देखिने गरी नै ५ वर्षमा यति मान्छेको जीवनमा परिवर्तन ल्याउन सक्यौं भन्न सक्ने गरी योजना बनाएका छौं ।

**» ५ वर्षपछि अर्को समूहलाई नेतृत्व हस्तान्तरण गर्दा महानगर कस्तो हुनेछ ? त्यसबारे सोच्नुभएको छ ?**

यसमा ४/५ वटा कुरा भन्न सकिन्छ । एउटा, पोखरा देशभरिका मान्छेले फोहोरमैलाको व्यवस्थापन कसरी हुँदो रहेछ अध्ययन गर्न आउने थलो बन्छ । फोहोरमा खर्च होइन, राजस्व संकलन भएको, रोजगारी सिर्जना भएको देखाउने छौं ।

अर्को, वातावरणीय हिसाबले सुन्दर, सफा र हरियाली हुनेछ । यो वर्ष मेघा ट्री प्लान्टेसनको काम सुरु गरेका छौं । ५ वर्षमा हामी १ लाख विरुवा रोप्छौं । ती हामीलाई काम लाग्ने विरुवा हुनेछन् । यसमा वन विज्ञान अध्ययन संस्थानसँग सहकार्य गरिरहेका छौं । अर्को ब्युटिफिकेसनमा पोखरालाई कस्तो खालको सुन्दरता दिनुपर्ने हो ? अर्थात् दिनमा मात्रै होइन, रातको पोखरा कस्तो हुन्छ भनेर योजना बनाइसकेका हुनेछौं । पूर्वाधारका हिसाबले पनि ६ सय ९ किमी बाटो धूले छ । ५ वर्षमा कालोपत्र भइसक्नेछ । जाँदाजाँदै कुनै पनि बाटो बन्न बाँकी भन्ने हुने छैन ।

हामीसँग ३ थरि भूबनोट छन्: पुरानो पोखरा, लेखनाथसहित गाविस थपिएको पोखरा । सबै भूबनोटका बासिन्दालाई महानगरबासी हौं भन्ने अनुभूति दिलाउँछौं । कुन ठाउँमा कस्तो विकासको आवश्यकता छ, सोहीअनुसार नै विकास भइसकेको हुनेछ । सुखी, खुसी र सम्पन्न पोखरेली भएको पोखरा हामी बनाउँछौं । हुन त आवश्यकता एकपछि अर्को थपिँदै जान्छन् । तर, प्रारम्भिक रुपमा, एउटा महानगरमा हुनुपर्ने न्यूनतम पूर्वाधार बनिसकेको पोखरा हामी हस्तान्तरण गर्छौं ।

*प्रस्तुतिः विकास रोकामगर*

# स्थानीय सरकारको न्यायालयको क्षेत्राधिकार



मञ्जुदेवी गुरुङ

नेपालको संविधानले धारा २१७ मा न्यायिक समितिको व्यवस्था गरेको छ । देश संघीय शासन व्यवस्थामा प्रवेश गरेसँगै संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार गठन भएका छन् । सरकार हुनका लागि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका प्रमुख आवश्कीय अंग हुन् । स्थानीय सरकारको न्यायपालिकाको रुपमा न्यायिक समिति बनाइएको छ । न्यायिक समितिले स्थानीय तहमा आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन हुने संवैधानिक व्यवस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ८ दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको गठन, क्षेत्राधिकार र कार्य सञ्चालनसम्बन्धी व्यवस्था छ । सोही व्यवस्था अनुसार पोखरा महानगरपालिकामा न्यायिक समिति गठन भएको छ । महानगरको दशौं नगरसभाबाट न्यायिक समिति गठन भई न्याय सम्पादनको कामअघि बढेको छ ।

संवैधानिक व्यवस्था अनुसार न्यायिक समितिको संयोजक महानगर उपप्रमुख मञ्जुदेवी गुरुङ र सदस्यमा पोखरा २९ बाट निर्वाचित वडा सदस्य कालिदास

पोखरेल र वडा नम्वर ९ बाट निर्वाचित वडा सदस्य भावना श्रेष्ठ दशौं नगरसभाबाट सदस्यमा चयन हुनुभएको छ । नेपालको संविधानले स्थानीय तहका विवाद न्यायिक समितिमा समाधान गरेर आपसी सद्भाव कायम गर्दै कानुनी राज्यको प्रत्याभूति गराउने उद्देश्यले न्यायिक समितिको संवैधानिक व्यवस्था गरिएको हो ।

कानुनद्वारा तोकिएको जिम्मेवारी वा कर्तव्य नै अधिकार हो । नेपालको संविधानको धारा २१७ ले कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा गाउँसभा वा नगरसभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई सदस्यसहित तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था गरेको छ । यो नै न्यायिक समिति गठनको संवैधानिक आधार हो ।

नेपालमा न्याय सम्पादनको अधिकार तीन तहका अदालतलाई दिइएको भएता पनि संविधान र कानुन बमोजिम केही न्यायिक अधिकार स्थानीय तहलाई दिइएको छ । कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था संविधानको धारा २१७ ले गरेको छ । तर स्थानीय तहलाई दिइएका यी अधिकार न्यायपालिकाको अदालती संरचनाभित्र नपरे तापनि स्थानीय तहले गरेको निर्णयउपर भने न्यायपालिकाको अदालती संरचना भित्रको जिल्ला अदालतमा पुनरावेदन लाग्ने कानुनी व्यवस्था छ ।

संविधानमा गाउँ सभा, नगर सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहको एकल अधिकारको सूचीमा समावेश गरेको छ । चालन ऐन, २०७४ दफा ४७ ले दिएको छ । समाजमा रहेका व्यक्ति वा समुदायका हित, स्वार्थ वा आवश्यकताको उपभोगमा कसैबाट अवरोध सिर्जना भएमा मर्का पर्ने व्यक्तिलाई कानुन बमोजिम निजको हित, स्वार्थ वा आवश्यकताको कानुनी उपचार उपलब्ध गराउनु नै न्यायिक अधिकार प्रयोगको मूल मान्यता हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले न्यायिक समितिलाई दफा ४७ मा उल्लिखित विवादमा निर्णय गर्ने अधिकार दिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले न्यायिक समितिलाई विवादको निरूपण गर्ने तथा मेलमिलापको माध्यमबाट मात्रै विवादको निरूपण गर्ने अधिकार प्रदान गरेको छ । विवादको निरूपण गर्दा विगतमा के भएको थियो ? सत्यतथ्य के हो वा हुन सक्छ ? दायित्व वहन गर्नुपर्ने कसले हो ? गल्ती कसको थियो वा हो ? जस्ता विषयलाई मिहिन ढंगबाट विवादमा संलग्न दुवै पक्षसँगै बसी छलफल गरी सत्यतथ्य पत्ता लगाई समाधान खोज्ने संयन्त्र हो ।

न्यायिक समितिले नागरिकबीचको सम्बन्धलाई सुदृढ र गाढा बनाउनेतर्फ ध्यान दिनुपर्छ । सम्झौतामा केही लिने र दिने शर्त हुने हुनाले लेनदेन नमिलेको खण्डमा यसले झन् बेमेलको स्थिति सिर्जना गर्ने भएकाले मेलमिलापले सम्झौताभन्दा पनि सम्बन्ध स्थापित गर्न जोड दिनेतर्फ केन्द्रित रहनुपर्छ । सहमतिपूर्ण सम्बन्धको विकास गर्न सकियो भने समाज एक हुन्छ ।

**समितिको क्षेत्राधिकार**

उपप्रमुखको नेतृत्वमा रहेको न्यायिक समितिले फैसला र मेलमिलाप गराउन पाउने व्यवस्था गरिएको छ । समितिले ११ वटा निरुपण र १३ वटा मेलमिलापमार्फत समाधान गर्न पाउने अधिकार स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेख गरिएको छ ।

**(१) न्यायिक समितिलाई देहायका विवाद**

**निरुपण गर्ने अधिकार छ :**

क. आलीधुँर, बाँध, पैनी, कुलो वा पानीघाटको बाँडफाँट तथा उपयोग

ख. अर्काको बाली नोक्सानी गरेको

ग. चरन, घाँस, दाउरा

घ. ज्याला, मजदूरी नदिएको

ङ. घर पालुवा पशुपंक्षी हराएको वा पाएको

च. ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको

छ. नाबालक छोराछोरी वा पति-पत्नीलाई इज्जत, आमद अनुसार खानलाउन वा शिक्षादीक्षा नदिएको

ज. वार्षिक २५ लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा

झ. अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख विरुवा लगाएको

ञ. आफ्ना घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको

ट. सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुन बमोजिम छाड्नुपर्ने परिणामको जग्गा नछोडी बनाएको

ठ. कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पाटीपौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको

ड. संघीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद

**(२) न्यायिक समितिलाई देहायका विवादमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकार छ :**

क. सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक एकाको हकको जग्गा अर्काले च्यापी, मिची वा घुसाई खाएको

ख. सरकारी सार्वजनिक वा सामुदायिकबाहेक आफ्ना हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको

ग. पति-पत्नि बीचको सम्बन्धविच्छेद

घ. अंगभंग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट

ङ. गाली, बेइज्जती

च. लुटपिट

छ. पशुपक्षी छाडा छाडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको

ज. अरुको आवासमा अनधिकृत प्रवेश गरेको

झ. अरुको हकभोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको

> "स्थानीय तहका विवाद न्यायिक समितिमा समाधान गरेर आपसी सद्भाव कायम गर्दै कानुनी राज्यको प्रत्याभूति गराउन न्यायिक समितिको सवैधानिक व्यवस्था

ञ. ध्वनि प्रदूषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको

ट. प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्मै कैद हुने सक्ने फौजदारी विवाद ।

**पोखरा महानगरपालिका न्यायिक समिति**

नेपालको संविधानले धारा २१७ मा न्यायिक समितिको संवैधानिक व्यवस्था गरेको छ । देश संघीय शासन व्यवस्थामा प्रवेश गरेसँगै संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार गठन भएका छन् । सरकार हुनका लागि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका प्रमुख आवश्कीय अंग हुन् । स्थानीय सरकारको न्यायपालिकाको रुपमा न्यायिक समिति रहेको छ। न्यायिक समितिले स्थानीय तहमा आफनो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन हुने संवैधानिक व्यवस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को परिच्छेद ८ दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको गठन, क्षेत्राधिकार र कार्य सञ्चालनसम्बन्धी व्यवस्था छ । सोही व्यवस्था अनुसार पोखरा महानगरपालिकामा न्यायिक समिति गठन भएको छ । वि.सं.२०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट जनप्रतिनिधि निर्वाचित भएसँगै पोखरा महानगरपालिकाको न्यायिक समितिले पूर्णता पाएको छ । महानगरको दशौं नगर सभाबाट न्यायिक समितिले पूर्णता पाएको हो । समितिले पूर्णता पाएसँगै न्याय सम्पादनको कामअघि बढेको छ ।

संवैधानिक व्यवस्था अनुसार न्यायिक समितिको संयोजक महानगर उपप्रमुख रहने व्यवस्था छ । संयोजकमा उपप्रमुख मञ्जुदेवी गुरुङ र सदस्यमा पोखरा २९ बाट निर्वाचित वडा सदस्य कालिदास पोखरेल र वडा नम्वर ९ बाट निर्वाचित वडा सदस्य भावना श्रेष्ठ रहनु भएको छ । दशौं नगरसभाले पोखरेल र श्रेष्ठलाई सदस्यमा चयन गरेसँगै पूर्णता पाएको हो । संयोजक गुरुङ दोस्रो पटक महानगरमा उपप्रमुखमा निर्वाचित हुनुभएको हो । अघिल्लो कार्यकालयमा महानगरको न्यायिक समिति देशभरमै उत्कृष्ट बनेको थियो ।

यहाँको न्यायिक समिति देशभरका पालिकाका लागि पाठशालाको रुपमा विकास भएको थियो । स्थानीय सरकारबीच पोखराको न्यायिक समितिले गरेको कार्यसम्पादन शैलीबारे अध्ययन गर्न देशभरका स्थानीय सरकारका प्रतिनिधिहरु यहाँ आएका थिए । न्यायिक समितिले गरेका निर्णयहरु अधिकांश विवादरहित सम्पादन भएका छन् । त्यसैले अघिल्लो पाँच वर्ष देशभरका ७ सय ५३ स्थानीय सरकारले अभ्यास गर्न पाउने न्यायिक सम्पादनको संवैधानिक अधिकार राम्ररी उपभोग गर्नेमा गुरुङको नेतृत्वमा बनेको न्यायिक समिति देशकै अब्बल इजलासमा गनिन्छ । देभरका न्यायिक समितिले गरिरहेको असल अभ्यासका बारेमा अनुभव आदानप्रदान, चुनौति र समस्याबारे छलफलका लागि न्यायिक समितिको राष्ट्रिय सम्मेलनसमेत सम्पन्न भयो । सम्मेलनले १४ बुँदे पोखरा घोषणापत्रसमेत सार्वजनिक गरेको थियो । सोही घोषणापत्रमा न्यायिक समिति

> **पोखराको न्यायिक समिति देशभरका पालिकाका लागि पाठशालाको रुपमा विकास भएको छ**

पदाधिकारीको प्रथम भेलामा उपस्थित समितिका पदाधिकारीले ऐनको उक्त व्यवस्था परिमार्जन गर्न माग गरेका छन् । नेपालको कुनै भाग वा क्षेत्रभित्र बसोबास गरे पनि प्रत्येक नागरिकको स्वतन्त्रता भएकाले जो जहाँ बसेको छ, त्यहींबाट न्यायिक समितिको सेवा लिन सक्ने गरी ऐन परिमार्जन गर्न सरकारलाई अनुरोध गरेको थियो ।

नेपालको संविधानले स्थानीय तहका विवाद न्यायिक समितिमा समाधान गरेर आपसी सद्भाव कायम गर्दै कानुनी राज्यको प्रत्याभूति गराउने उद्देश्यले न्यायिक समितिको संवैधानिक व्यवस्था गरिएको हो । पोखरा महानगरपालिकाको न्यायिक समितिमा विवादको फैसला संख्या बढेको छ भने दर्ताको संख्या यस वर्ष घटेको छ । अघिल्लो पाँच वर्षमा मुद्दाको चाप बढेसँगै हप्तामा एक दिन हुने इजलास हप्ताको दुई पटक बस्दै आएको छ । सोमबार र बुधबार इजलास बसेर न्याय सम्पादन हुने गरेको छ । चालु आर्थिक वर्षको फागुनसम्मको तथ्यांक हेर्दा विगतका वर्षमाभन्दा विवाद दर्ताको संख्या घटेको छ । आर्थिक २०७९/८० को फागुन २० गतेसम्म ४९ वटा विवाद दर्ता भएका छन् ।

अघिल्लो वर्षबाट सरिआएको विवाद ७६ वटा गरी १ सय २५ विवाद दर्ता भएका छन् । चालु आवको फागुन सम्म ६४ वटा विवाद निरुपण भएका छन् । ८ वटा विवाद मेलमितापबाट समाधान भएका छन् भने न्यायिक समितिले गरेको निर्णय चित्त नबुझेर १५ वटा विवाद जिल्ला अदालत कास्कीमा पुनरावेदनका लागि गएका छन् । त्यस्तै न्यायिक समितिमा ५५ वटा विवाद चलिरहँदा पाँच वटा विवादको फैसला भएर कार्यान्वयन भएको छ । महानगरमा परेका विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न १ सय ४५ जना मेलमिलापकर्ता सूचीकृत गरिएको छ । मेलमिलापका लागि महानगरमा सूचीकृत हुनुपर्ने व्यवस्था छ । सूचीकृत नभएका व्यक्तिबाट गरिएका मेलमिलापले कानुनी मान्यता पाउने छैनन् तर महानगरमा सूचीकृत मेलमिलापकर्ताबाट मेलमिलाप भएमा त्यसउपर कहिँकतै उजुरी लाग्ने छैन ।

# सुशासन र समृद्धिको यात्रा

पोखरा विभिन्न भौगोलिक अवस्थिति, सांस्कृतिक, भाषिक र धार्मिक विविधताले भरिएको सांस्कृतिक सहर हो



**मोतीलाल तिम्सिना**
प्रवक्ता
पोखरा महानगरपालिका

प्राकृतिक छटाले भरिपूर्ण सुन्दर नगरी पोखरा, साबिकको नगर पञ्चायत, नगरपालिका, उपमहानगरपालिका हुँदै नेपालको संविधान २०७२ को व्यवस्था अनुसार पुनर्संरचित भई पोखरा महानगरपालिका घोषणा भएको सातौं वर्ष प्रवेश गरेको छ । कुल ४६४.२४ वर्ग किमी क्षेत्रफलमा फैलिएको पोखरा पर्यटनको राजधानी सहरको रूपमा परिचित छ। ३३ वटा वडा रहेको महानगरपालिकाको सिमाना पूर्वमा मादी र रूपा गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका, स्याङ्जा र पर्वत जिल्ला, उत्तरतर्फ माछापुच्छ्रे र मादी गाउँपालिका तथा दक्षिणमा स्याङ्जा र तनहुँ जिल्लासँग जोडिएको छ ।

पोखरा विभिन्न भौगोलिक अवस्थिति, सांस्कृतिक, भाषिक र धार्मिक विविधताले भरिएको सांस्कृतिक सहरसमेत हो । २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचनबाट महानगर प्रमुख धनराज आचार्यको नेतृत्वमा निर्वाचित टिमको पदस्थापन भईसकेपछि नगरबासीलाई सुशासनको प्रत्याभूति दिलाउन प्रशासनिक सेवामा एकद्वार प्रणाली लागू गरिएको छ । नगरवासीले नगर प्रमुखसँग सहजताका साथ प्रत्यक्ष भेटघाट गरी आफ्ना गुनासा र सुझाव राख्न सक्ने गरी हेल्लो मेयर कार्यक्रमसमेत सञ्चालन हुँदै आएको छ ।



सेवाका लागि महानगरमा आउने सेवाग्राहीलाई छिटो, छरितो सेवा प्रवाह गर्नका लागि महानगरका सेवालाई सूचना, प्रविधिमैत्री बनाउँदै डिजिटलाइज गर्ने प्रक्रियाअगाडि बढेको छ । सहरको सरसफाइ र सौन्दर्यकरणलाई उच्च प्राथमिकतामा राखी व्यवस्थित सहरका रूपमा दीगो विकासको लक्ष्य प्राप्त गर्न महानगरले महत्वपूर्ण पूर्वधारका योजना र कार्यक्रमअगाडि सारेको छ । महानगर र यसवरपर रहेका एतिहासिक र महत्वपूर्ण धार्मिक एंव पर्यटकीय स्थल संरक्षण र सम्वर्द्धन गर्न वृहत गुरुयोजना तयार गरी दातृ निकायसँगको सहयोग र समन्वयमा प्रक्रियाअगाडि बढाइएको छ । साथै, पोखरालाई उज्यालो सहरको रूपमा चिनाउन मुख्य चोकमा हाइमास्ट र सडकमा स्मार्ट बत्ती जडान गर्ने काम भइरहेको छ ।

नागरिकले प्राप्त गर्नुपर्ने न्यूनतम स्वास्थ्य सुविधामा सबैको पहुँचमा पुर्‍याउन अस्पताल र स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्ने, प्रभावकारी स्वास्थ्य शिविर सञ्चालन गर्ने, विद्यालय नर्स कार्यक्रम लागू गर्ने लगायतका कार्यक्रमअगाडि बढाइएको छ । पोखरा महानगरपालिका र रोटरी क्लबको सहकार्यमा मृगौला रोगको उपचारका लागि डायलासिस सेन्टर निर्माण प्रक्रिया थालिएको छ । महानगरभित्र कृषि उत्पादनलाई आधुनिकीकरण गर्दै कृषकको आय आर्जनमा वृद्धि गर्न प्रोत्साहन स्वरूप महानगरले कृषि उपजको न्यूनतम समर्थन मूल्य तोकेको छ भने कृषि अनुदानका कार्यक्रमलाई प्रभावकारी ढंगबाट सञ्चालन गरिएको छ । पोखरालाई स्वच्छ, सफा र हराभरा बनाउन फोहोरमैला व्यवस्थापनका लागि नगर कार्यपालिकाले फोहोर प्रशोधन केन्द्र स्थापनाका लागि आवश्यक प्रक्रियाअघि बढाएको छ ।

पोखरा महानगरपालिको सातौँ स्थापना दिवसको सन्दर्भमा महानगरका गतिविधि अभिलेखीकरण गर्दै यहाँको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय लगायतका विविध पक्षलाई समेटी विशेष अंकका रूपमा 'पोखरा दर्पण' प्रकाशनको जमर्को गरिएको छ ।

# अब्बल भूमिका अपरिहार्य



**वीरेन्द्रदेव भारती**
प्रमुख प्रशासकीय अधिकृत
पोखरा महानगरपालिका

पोखरा महानगरपालिकाले आफ्ना स्थापना दिवसको अवसरमा 'पोखरा दर्पण' विशेष अंक प्रकाशन गर्न लागेको छ । यसमा समेटिने विषयवस्तु पोखरा महानगरपालिकाले सम्पन्न गरेका असल अभ्यास लगायतका मुख्य गतिविधि आम पाठक र सरोकारवालासमक्ष सुसूचित गर्न उपयोगी हुनेछन् । मुलुक संघीय शासन व्यवस्थामा प्रवेश गरेको पनि आधा दशकभन्दा बढी अवधि बितिसकेको छ । जननिर्वाचित प्रतिनिधिको दोस्रो कार्यकालको सुरुवाती चरणमा विगतका कमी, कमजोरी समीक्षा गर्दै बाँकी कार्यकाल सुशासन प्रवर्द्धन, वित्तीय जवाफदेहितासहित जिम्मेवार शासकीय कार्यको अब्बल भूमिका निर्वाह गर्न जरुरी छ । सार्वभौम नागरिकका आधारभूत सुविधा र समन्यायिक शासकीय व्यवहारको अनुभूतिसहित सबल स्थानीय सरकारको प्रत्याभूति गर्न अझै धेरै सुधारका काम गर्न जरुरी छ ।

देशको प्रमुख पर्यटकीय स्थलको रुपमा आफूलाई स्थापित गर्दै पर्यटकीय राजधानीको दिशामा अगाडि बढिरहँदा यस महानगरपालिकाले यो क्षेत्रमा अझै घनिभूत प्रयास गर्नुपर्ने अवस्थासमेत रहेको छ । स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, व्यापार, संस्कृति, वातावरण संरक्षण र शासकीय व्यवस्थापनका क्षेत्रमा थप सफलता प्राप्त गर्न महानगरपालिका सफल हुनेछ । अन्त्यमा, स्थापना दिवसको सन्दर्भमा प्रकाशन गर्न लागिएको 'पोखरा दर्पण' विशेष अंकले प्रकाशनको आफ्ना उद्देश्य हासिल गर्नेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !

फागुन २०७९

# भोलिको पोखरा



झलक सुवेदी

> पहिलो पटक पोखरा आएको पूरै ५० वर्षपछि फर्केर हेर्दा पोखरामा आएका अजंगका फेरबदलले म नै चकित पर्दै छु

**हिजोको पोखरा**

म पहिलो पटक पोखरा झरेको २०२९ सालमा हो। बासँग कक्षा ६ का पुस्तक किन्न पुस महिनाको कुनै बिहान पोखरा निस्कदा मलाई सहर र गाउँका भिन्नताका आयामबारे अनुमानसम्म थिएन । पोखरा पुगेर महेन्द्रपुल, पालिखेचोकमा रहेको दयाशंकरको पुस्तक पसलबाट पुस्तक किनेर फर्कदासम्म भने म गाउँबाट सहरिया जीवनतिर नजानिँदो गरी आकर्षित भएको थिएँ । के हेरें हूँला ? सडकको दोहोरो मुखामुख गरेर फर्केका घरहरु, तिनमा रहेका पसल, फाट्टफुट्ट देखिने टोयाटा ट्याक्सी, आधा हरमात्र ढाकेका ईंटा बोक्ने टाटाका ट्रक या लरी, मगमग बसाउने खानेकुरा भएका मिठाइ पसलहरु ।

पोखरामा जति दूरी पार गरियो, सबै हिँडेर । बस त हाम्रो रुटमा थिएन । बास बस्न रामबजार सोल्लरकोट (पेन्सन क्याम्पलाई सल्लरकोट र अमरसिंह माविलाई सल्लरकोट स्कुल भन्थे गाउँतिर तर थिए चाहिँ सोल्जरबोर्ड) निर रहेको एउटा एकतले सानो झुपडीमा सम्भवत: सैमराङ

घर भएकी मंगली या माइली तामाङको भट्टीमा बास बसेर भोलिपल्ट गाउँ फर्कँदा मेरो शरीर र बाले बोकेका नून, तेल या कपडामा पूरै पोखरा बसाएको अहिले पनि म सम्झन्छु ।

२०३४ सालदेखि २०५६ सालका धेरै वर्ष मैले अध्ययन, आजीविका र राजनीतिका अनेक मोडका अनुभवसहित पोखरामा बिताएँ । पढाइ, राजनीति, पत्रकारिता, जेल यात्रा, प्रेम र विहे, छोराको जन्म सबै पोखरामै भए । एसएलसी दिन आउँदा माटेपानीमा एउटा चारतले घरमा डेरा लिएर बसिएको थियो । घर भलाम, रेयालेचौरका रेवती पौडेलको थियो । घरमा चर्पी थिएन । लोहोटामा पानी लिएर नजिकैका बारीका पाटातिर गइन्थ्यो, या त ढुंगाले पुछेर आइन्थ्यो । ती पनि बान्नोमाथि सिउँडी या दत्तिवन लगाएर घेरिएका पाटने गराका कान्लामा ।

आइए पढ्दा रानीपौवामा दूरसञ्चारअगाडि एउटा नेवार व्यापारीको घरमा २ महिना बसेर नदीपुरमा एक जना हमाल ठकुरीको घरमा सरियो । त्यसपछि बगरमा एक जना पूर्व सहायक मन्त्रीसमेत रहेका पर्वतका गुरुङको घरमा सरियो, जहाँ झण्डै १० वर्ष बसेको थिएँ । मनेपद्मे अर्थात् मनेपेमे होम गर्दै माला जप्दै हिँड्ने तिब्बती शरणार्थीहरु, भारी ओसार्दै गरेका खच्चड, पेन्सन बुझ्न गाउँबाट झरेका नम्बरीहरु, बम्बै या दिल्लीतिर गएर दरवानी गर्दै कमाएको आयस्ताले नरिवलको तेल कपालमा दलेर चिल्लो टाउको लिएर अच्छा र लेकिन गर्दै फर्केको सिभिलको नोकरी गर्ने युवा र अधवैंसेहरु, विद्या आर्जन गर्न, व्यापार गर्न र किनमेल गर्न झर्ने वरपरका अनेक ठाउँबाट आएका अनेक अनुहारका नेपाली । अझ १९८० वरपरसम्म गाँजा तान्दै मस्तराम देखिने हिप्पीहरु पोखरेली संस्कृतिमा जोडिएका थिए । अर्थात् पोखरा विविधताले बनेको सहर हो पहिले नै ।

मैले पोखरा चिन्न थाल्दा यो भैरहवा र पोखराभन्दा पश्चिमतिरको नेपालको काठमाडौं जाने एकमात्र सडक यातायातले जोडिएको सहर थियो पोखरा । पश्चिम जान, आउन बसमा यात्रा गर्नेहरुले पोखरा भैरहवाको यात्रा गर्नुपर्थ्यो । २००८ साल तिरैबाट थालिएको पोखरा विमानस्थल होचो तारबारले घेरिएको गौचरन जस्तो पाटन थियो । एक दर्जन जति हुँदा हुन टोयोटाका १९६० अगाडिका मोडलका ट्याक्सी थिए । २०३१ सालतिर बाँध भत्केपछि सानो आकारमा खुम्चिएको फेवातालको बीचको मन्दिर त्यति बेला पनि आकर्षणको केन्द्र थियो । विद्युत पनि थियो तर मधुरो र झ्यापझ्याप गइरहने । पार्दीको डिलमुनि रहेको पावरहाउस पोखरा भ्रमण गर्नेका लागि दर्शनीय स्थलमा गनिन्थ्यो ।

> **काँहु डाँडा, सराङकोट, पामे, पुम्दी, निर्मलपोखरी र भरतपोखरी, वेगनास, अर्चले, अलिकति रुपाकोटतिर समेत उकालो लाग्दै छ पोखरा महानगर**

सहरले आकार लिएको थिएन, लिने क्रममा थियो । एकमात्र सिनेमा घर थियो कल्पना सिनेमा धीरबहादुर गुरुङको । मनोरञ्जनका लागि मीनबहादुर गुरुङको डाँफेकला मन्दिर अर्को विकल्प थियो । साहित्य र मुक्तक कार्यक्रमको जिम्मा पोखरेली युवा साँस्कृतिक परिवारले लिएको जस्तो थियो । साँघुको मुख, पालिखेचोक, तेर्सापट्टी, नालामुख, भैरवटोल हुँदै विन्ध्यवासिनी मन्दिर

वरपरसम्म मुख्य सहरी क्षेत्र मानिन्थ्यो । विद्यालयहरु थिए माग अनुसार । कलेज एउटै थियो पाँच वटा इन्स्टिच्युट भएको । तीनवटा मात्र मोटरेबल पुल थिए सेतीमाथि: पृथ्विचोक, महेन्द्रपुल र केआइसिंह पुल ।

नेपाल बैंक, रावाबैंकका केही शाखा र एउटा एनआइडिसीले दिने बैंकिङ सेवा । केही साप्ताहिक पत्रिकाका अत्यन्त सिमित पाठक । समाचारका हल्कारा गोर्खापत्र बाजे । टोल टोलका डन र तिनको गुण्डागर्दी । नमिता, सुनिता हत्याकाण्ड र त्यसको ढाकछोप । निर्वाचनमा डनहरुको प्रयोग र जित ।

पोखरा नगर पञ्चायत केही हजार बासिन्दाको परम्परागत बस्ती थियो । विन्ध्यवासिनीका किसान कुँडहर फाँटसम्म र उता, चौरासी विरुवाको फाँटसम्म हलो, गोरु, लिएर खेती गर्न जान्थे । भारी ओसार्थे । महेन्द्रपुल र नागढुंगा या पृथ्वीचोकतिर भकारी या मान्द्राले बारेका साना साना भट्टीमा थकालीका भान्सा थिए । कतिपय साँघुरा गल्ली र सडक छाडा छाडिएका बंगुर हिलो खेल्दै गर्दा हिँड्न पनि घीनलाग्दो हुन्थ्यो ।

चिया खाजा पसल साना साना छाप्रामा या साना घरमा हुन्थे । चिया खाने तरिका पनि गज्जबको थियो । कित्लीमा उम्लिरहेको पानी । कराइमा तातिरहेको दूध । अलिकति दूध गिलासमा राख्ने, चियापत्ती राखेर छनौटोलाई देब्रे हातले चिया गिलासमा अड्याउने र दाहिने हातले कित्ली समातेर उम्लदो पानी खन्याउने । र एक चम्चा चिनी राखेर चम्चाले एक तमासको आवाज आउने गरी फिट्ने । लक्ष्मी र फेवा पाउरोटी साइकलले तान्ने टिनको भाँडोमा राखेर बेच्न हिँड्नेहरुले ल्याएको ताजा ताजा पाउरोटी चियामा चोपेर खाने पोखरेली ।

धेरै वर्षपछि गत साल पोखरा महानगरको पहिलो पाँच वर्षको लेखाजोखा गर्ने क्रममा फेरि पोखराका धेरै ठाउँ डुल्ने अवसर पाएको थिएँ । पहिलो पटक पोखरा आएको पूरै ५० वर्षपछि फर्केर हेर्दा पोखरामा आएका अजंगका फेरबदलले म नै चकित पर्दै छु ।

**आजको पोखरा**

हरेक सय, पचास मिटरमा सुकिला बस्ने ठाउँ भएका, एसी भएका राम्रा राम्रा कफी सप ।



क्युएफसी सिनेमा । रात्री क्लब र डिस्कोहरु, पाँच तारे होटल र भव्य क्याफे र रेस्टुरेन्ट । पूरै विदेशी र आन्तरिक पर्यटकको आकर्षण र सेवामा खटिएको बैदामको टारीमा बसेको नयाँ सहर । टोल टोलैमा खुलेका क्याम्पस र कलेज, विद्यालय र बोर्डिङ । इन्जिनियरिङ, नर्सिङ, वन क्याम्पस, कृषि क्याम्पस र अरु अनेक शैक्षिक संस्था । साइनिङ अस्पताल र गण्डकी अस्पताल भएर पनि एक जना कुमारशमसेर र केही वैद्यले धानेको जस्तो लाग्ने उपचार सेवाका ठाउँमा चार वटा मेडिकल कलेज । पाँचौ पनि बन्दै गरेको । सबै पाटने बारीमा बनेका सुकिला राम्रा भवन । केही ठाउँमा अस्फाल्ट प्रविधिले बनाइएका सफा, चिल्ला सडक । सकिँदै गएको खेतबारी । अन्तर्राराष्ट्रिय विमानस्थल । माउन्टेन म्युजियम । सेतीको नहर । तालहरुको विनासको चरण सकिएर संरक्षणको नयाँ चरण सुरु भएको छ ।

नगर विस्तार भएर उपहमानगर र अहिले महानगर । देशभरीकै ठूलो क्षेत्रफल ओगटेको । गाउँहरु समेटेको । वरपरका सबै गाउँ र जिल्लादेखि चीनको सिमानासम्म सडक सञ्जालले जोडिएको । शिक्षा, स्वास्थ्य सेवा, पर्यटन क्षेत्र मुख्य सेवा क्षेत्रका रुपमा विकास भएको । काठमाण्डौपछि नेपालको आन्तरिक पर्यटनको प्रमुख गन्तव्य । पोखरा वरपरका डाँडामा फैलिदै गएको । काँहु डाँडा, सराङ्कोट, पामे, पुम्दी, निर्मलपोखरी र भरतपोखरी, वेगनास, अर्चले, अलिकति रुपाकोटतिर समेत उकालो लाग्दै छ पोखरा महानगर । र गण्डकी प्रदेशको राजधानी बनेको नयाँ परिचय भएको पोखरा ।

देशकै राम्रामध्येको खेलकुद स्टेडियम । तीव्र रुपमा बढेको सहरीकरण र जनसंख्यासँगै विस्तार हुँदै गरेका उद्योग र व्यापार । नदी प्रणाली र नदीजन्य उत्पादनको असिमित दोहन । खोलाका किनार र अरु छेउछाउमा बढेका देशैभरीका मानिसले बनेका सुकुम्बासी बस्तीहरु । अझै व्यवस्थित नभइसकेको बसपार्क । मिटरमा चल्नुपर्ने सरकारको आदेश लत्याउँदै अटेरी गरेर महंगोमा चल्ने ट्याक्सीहरु । सरकारी जमिन सस्तोमा लिजमा लिएर केही व्यापारी नाफामा चल्ने गरी बनेका तरकारी बजार । बढ्दै गएको सवारी चाप । घट्दै गएको पुरानो परिचित सहर ।

**भोलिको पोखरा**

भोलि माने अबको ५० वर्षको पोखरा । १० लाखभन्दा बढी स्थायी बासिन्दाको मध्यम स्तरको महानगर हुनेछ पोखरा । विभिन्न पेशा गर्न पोखरा आएकासमेत गरी २५ लाख मानिसको भार र



आवश्यकताको व्यवस्थापन पोखराले गर्नेछ । सडक, खानेपानी, ढल, शिक्षालय, स्वास्थ्य सेवा सबैलाई सहज उपलब्ध गराउनेछ । मनोरञ्जन र खेलकुदका लागि पर्याप्त खुला क्षेत्रको व्यवस्थापन गर्नेछ । सबै खाले रोगको विशिष्टिकृत सेवासहित पोखराबाट उपचारका लागि कतै जानु नपर्ने व्यव्स्था सहितको पोखरा हुनेछ ।

पर्यटकलाई भुल्न, भुलाउन नयाँ नयाँ आकर्षण थप्नेछ । हरियाली जोगाउनेछ । तालहरुको उचित संरक्षण भइसकेको हुनेछ । विश्वका कुनै पनि कुनामा हवाई सञ्जालसँग जोडिएको हुनेछ । काठमाडौं पोखरा एक घण्टको दूरीमा छोटिने छन् । पोखरेलीका विदेशिएका सन्तान फेरि फर्केर पोखरा आउने वातावरण बन्नेछ ।

पोखरा अहिलेभन्दा बढी सांस्कृतिक विविधताको सहर बन्नेछ । देशका सबैजसो भागका संस्कृति बोकेका अनुहार बोकेका मानिस पोखरामा भेटिनेछन् तर विस्तारै एकापसमा पग्लेर एउटै संस्कृतिमा भिजेकाहरुको बस्ती हुनेछ । अहिलेको जस्तो दलितमाथिको विभेद कायम रहने छैन । चपलाहरु हुनेछन्, अबलाहरु कोही रहने छैनन् । वृद्धवृद्धाका लागि अहिलेका कुशुमकेशव पराजुलीले चलाइरहेको सेवा आश्रमको ठाउँ टोल टोलमा नर्सिङ होमले दिने छन् । पसल, अस्पताल, होटल, यातायातमात्र होइन, घरको भान्सा पनि स्वचालित हुनेछ, यन्त्रले धेरै काम गर्नेछ । डिजिटलाइज हुनेछ । रात र दिनको भेद घट्दै जानेछ । सेवालाई २० औं पुस्ताको प्रविधिले सहज बनाउनेछ । पोखरा मुख्यतया: सेवा उद्योगको आयस्ताले चल्नेछ ।

कला संग्रहालयहरु, आर्ट ग्यालरीहरु, संगीत र नाटकका प्रेक्षालयहरु, पुस्तकालय र साहित्य गोष्ठीका थलो बढ्दै जाने छन् । मानिसहरु भौतिक सुख, सुविस्ताका साथै बौद्धिक र साँस्कृतिक कार्यकलापको खोजीमा सक्रिय भएको भेटिने छन् । अहिलेका सांस्कृतिक विविधतालाई जोगाउन राज्यले लगानी गरेको हुनेछ । माविदेखि उच्च शिक्षाको उच्च गुणस्तरको पढाइका लागि कमसेकम दक्षिण एसियाको एउटा भरपर्दो गन्तव्य पोखरा बन्नेछ ।

> “
> **हरेक टोल, हरेक समुदाय, हरेक पहाड र खोल्सा खाल्सी हरेक सम्भावना समेटेर बनाइने गुरुयोजनाले मात्र पोखरालाई बचाउन सक्छ ।**

समग्रमा मानव विकास, स्वतन्त्रताको उपभोग, र सामाजिक सुरक्षाका दृष्टिले पोखरा बसाईसराईको गन्तव्य बनिरहनेछ । अध्ययन अनुसन्धानको गन्तव्य बनिरहनेछ । विश्वभरका मानिसको आकर्षणको केन्द्र बनिरहनेछ ।

त्यसका लागि अहिलेको नेतृत्वले, आजको पुस्ताले केही योगदान, केही त्याग गर्नुपर्ने हुन्छ । त्यो भनेको पोखराको ५० वर्षे गुरु योजना बनाउने हो । हरेक टोल, हरेक समुदाय, हरेक पहाड र खोल्सा खाल्सी हरेक सम्भावना समेटेर बनाइने गुरुयोजनाले मात्र पोखरालाई बचाउन सक्छ, जोगाउन सक्छ । फैलाउन र झल्झलाकार बनाउन सक्छ । आजै थाल्ने काम यही हो ।

एउटा उदाहरणका लागि, डेढ सय वर्षपहिले मुम्बइका लागि बनाइएका खानेपानीका स्रोतले अहिले काम गरेका छन् भने हामी पोखरालाई आउने ५० वर्ष पछिको जनसंख्या र खानेपानी उपभोगको


महेन्द्रपुलमा बन्ने आधुनिक शौचालयको डिजाइन।

बढ्दो माग पूरा हुने गरी कस्तो व्यवस्थापन गर्ने छौं ? अहिले नै पृथ्वीचोक, महेन्द्रपुल लगायत ठाउँमा हुन थालेका जाम थप दरमा बढ्ने निजी सवारीको चाप कसरी व्यवस्थापन गर्नेछौं ? साँझ अबेरसम्म पनि भदौरे, बेतेनी या पुँडीटार जान सहज रुपमा सार्वजनिक यातायात उपलब्ध हुने अवस्था कसरी सिर्जना गर्नेछौं ?

स्वास्थ्य सेवालाई समुदाय र टोलको नजिक कसरी लानेछौं ? हरेक टोलका मावि स्तरसम्मका विद्यार्थीलाई १० मिनेट हिँडेर घरबाट जान आउन सक्ने ठाउँमा विद्यालयको व्यवस्था कसरी गर्नेछौं ? फोहर व्यवस्थापन कुन मोडलमा गर्नेछौं ? जुनसुकै धाराबाट कलकल पिउन मिल्ने पानी कसरी वितरण गर्नेछौं ? अहिले त पोखरामा भवन निर्माण मापदण्ड मनलाग्दी मिच्न पाइएको छ । हरेक परिवार आफूले मात्र मापदण्ड मिच्न पाउनुपर्ने र अरुले मिचेकोमा मात्र विरोध गर्ने मानसिकता पालेर बसेजस्तो देखिन्छ, कमसमेकम बैदामतिर हेर्दा । के पोखराको सुन्दरता यसरी नै बचाउन सकिन्छ ?

पाखरामा मानिस आउने भनेको यहाँबाट देखिने हिमालको मनोरम दृष्यका कारणले हो । जलवायु परिवर्तनले विस्तारै हिउँदमा पनि हिउँले होइन, तुँवालोले ढाकिएका काला पत्थरवाला पहाड बन्न थालेका छन् हिमालहरु । जति पोखरा सहरीकरणको अहिलेकै गतिले अघि बढ्छ, त्यति हिमाल थप पग्लिने हो । महानगरले यसमा कसरी

> **केही मानिसले अहिले गर्ने प्रयसले नै भविष्यमा नतिजा दिने हो । यसको अगुवाई गर्ने अवसर अहिलेका महानगर प्रमुख र उहाँको टिमले पाएको छ ।**

पहल गर्छ ? के उपाय अप्नाउँछ ? कस्तो लबिइङ गर्न सक्छ ? के विकल्प दिन सकिन्छ ?

पोखराका भवन जति ठडिँदै छन्, त्यति नै सेतीको बगर गहिरिँदै गएको छ । नदीजन्य स्रोतको उत्खनन् र प्रयोग असीमित बन्दै गएको छ । यसको विकल्प के दिने हो ? जलवायु परिवर्तनका अकल्पनीय प्रभावको सामना गर्ने तयारी पोखराले अहिले नै थाल्नु पर्छ । केही वर्ष पहिले हिमताल फुटेर या हिँउको ढिक्का पग्लेर आएको बाढीले गरेको विनासले चेतावनी दिएर गईसकेको छ । अत्यधिक दोहनले पोखरामा अहिले देखिएको जमिन भासिने क्रम अब थप बढ्नेछ । यसमा हामी कस्तो नीति लिने छौं ?

त्यसभन्दा ठूलो पोखरेलीका सन्तान प्लस टु पढी सक्नासाथ विदेशिने होडबाजी गरिरहेका छन् । तिनलाई पोखरा तिम्रो भविष्य हो, तिमीले चाहेको जीवन जिउन पोखरा नै पर्याप्त छ भन्ने विश्वास कसरी दिलाउने हो ? यस्ता प्रश्नको एकमुष्ट जवाफ दिने गरी एउटा गुरुयोजना बनाउनु आवश्यक छ । अहिलेको महानगर नेतृत्वले हतार नगरी आउने ३ वर्षमा देशभित्र बाहिरका विशिष्ट विज्ञलाई लगाएर समग्र गुरुयोजना बनाउन सक्यो भनेमात्र पनि पोखराको भविष्य सुन्दर बनाउन ठूलो योगदान पुग्नेछ ।

अहिले विकास र पूर्वाधारको मोडल व्यक्तिका धारणा र आवश्यकताले निर्धारित छन् । त्यसलाई समूहका अधिन, समूहको हित र सार्वजनिक पहुँचको विषय बनाउनेतिर, सबैको आर्थिक साँस्कृतिक उत्थान हुनेतिर लैजानुपर्ने छ ।

२०३२ तिर अञ्चलाधीश बनेर आएका शंकरराज पाठक र उनलाई सहयोग गर्ने एक जना इन्जिनियरको परिकल्पनाले अहिलेको पोखरालाई व्यवस्थित गर्न मद्दत पुगेको गाथा हामीले गाउने गरेका छौं । केरलादेखि कलिलो उमेरमा आएका जर्ज जोनले शिक्षामा पुर्‍याएको योगदान पनि बिर्सेका छैनौं । अर्थात् केही मानिसले अहिले गर्ने प्रयसले नै भविष्यमा नतिजा दिने हो । यसको अगुवाई गर्ने अवसर अहिलेका महानगर प्रमुख र उहाँको टिमले पाएको छ । सहयोग गर्न हामीहरु हर्दम तयार नै छौं । लोकप्रिय मतले निर्वाचित मित्र धनराज आचार्य महानगरको मेयर हुनुहुन्छ, तत्काल देखिने र लोकप्रिय हुने कामको पछि लाग्न छाडेर सुदूर भविष्यका लागि यस्तो योजना बनाउन र त्यसको कार्यान्वयन गर्नेतिर ध्यान दिनुभयो भने पोखरालाई उहाँले गर्ने योगदान यही हुनेछ ।

पोखरा यसै राम्रो छ । यसलाई बिग्रन नदिने र थप राम्रो बनाउने काम हाम्रो हो । आम मानिसको हितलाई ध्यानमा राखेर, सबै जनसमुदायलाई परिचालन गरेर, सबैको सहभागितामा पोखराको भविष्य बनाउन आजै थालौं । हाम्रा सन्ततिलाई सुन्दर पोखरा हस्तान्तरण गरौं ।

# कानुनमा उल्लिखित अधिकार खोज्दै स्थानीय सरकार



सुरेन्द्र थापामगर

"संविधानमा उल्लिखित स्थानीय तहको अधिकारको बाँडफाँट बारेमा अझै संघले स्पष्ट कानुन बनाउन नसक्दा स्थानीय तहको अधिकार बिलखबन्दमा

हामीले गणतन्त्र नेपालको नयाँ संविधान पाएको पनि सात वर्ष बितिसकेको छ । नेपालको वर्तमान संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहमा विभाजन गरेको छ । हामीले हिजो भन्दै आएका थियौँ, सिंहदरबारको अधिकार गाउँ घरमा भनेर । यसबारे अझै अन्योल छ । संविधानको धारा ५७ मा राज्यको संरचना संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भनिएको छ । स्थानीय तह अन्तर्गत गाउँपालिका नगरपालिका र जिल्ला सभा रहने व्यवस्था छ । स्थानीय तहले पनि संघ र प्रदेशले जसरी नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डताको संरक्षण गर्ने जिम्मेवारी पाएको छ । तर पनि हामीकहाँ स्थानीय तहलाई



संघ प्रदेशको इकाइको रूपमा हेर्ने गलत चिन्तन छ । अधिकार र स्वतन्त्रताको हिसाबले जति संघले राज्य शक्तिको प्रयोग गर्न सक्छ, स्थानीय तहले त्यति नै राज्य शक्तिको प्रयोग गरेर सरकार सञ्चालन गर्न सक्छ ।

संविधानको धारा २२१ मा स्थानीय तहको व्यवस्थापकीय अधिकार उल्लेख भएको छ । यसैगरी संविधानका धारा २२६ मा स्थानीय तहले संविधानको अनुसूची ८ र ९ मा उल्लेखित विषयमा आवश्यक कानुन बनाउन सक्ने अधिकार स्थानीय तहलाई छ । फरक यत्ति छ कि गाउँसभा, नगर सभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाँझिने गरी बनाउनु पर्छ । स्थानीय तहलाई संविधान अनुसार २२ वटा विषयमा एकल अधिकार रहेको छ । जसअनुसार नगर प्रहरी, सहकारी संस्था, एफएम सञ्चालन, स्थानीय कर, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, घर जग्गाधनी पुर्जा वितरण, खानेपानी साना जलविद्युत आयोजना लगायतका अधिकार रहेका छन् । यसै गरी १६ वटा विषयमा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार रहेको छ । संविधानमा उल्लिखित स्थानीय तहको अधिकारका बाँडफाँट बारेमा अझै संघले स्पष्ट कानुन बनाउन नसक्दा स्थानीय तहका अधिकार बिलखबन्दमा परेको अवस्था छ ।



**अधिकार र कर्तव्य नबुझ्दाको परिणाम**

संविधानमा राज्य सञ्चालन गर्दा चाहिने प्रायः सबै अधिकार स्थानीय तहमा रहेको अवस्थामा पनि स्थानीय तहका सरकार निरीह बनेर बसेको अवस्था छ । स्थानीय तहले संविधानमा उल्लिखित २२ वटा विषयमा आफैं कानुन बनाउन स्वतन्त्र हुँदाहुँदै संघले कानुनको मस्यौदा बनाएर पठाउने र स्थानीय तहले सोही अनुसार कानुन बनाउने गरेको देखिन्छ । स्थानीय सरकार संघीय सरकारको कुनै इकाइ हुँदै होइन । तर संघमा रहनेको मानसिकता र दरिद्र चिन्तनका कारण स्थानीय सरकार सरकारको रूपमा परिचित हुन नसकेको अवस्था छ ।

राज्य सञ्चालन गर्न कानुन, संरचना, आर्थिक व्यवस्थापन, प्रहरी प्रशासन, कर्मचारी आफैं व्यवस्थापन गरेर स्थानीय तहले सरकार सञ्चालन गर्न हिम्मत गरेका छैनन् । यसको मुल कारण विगतदेखि हामीले भोगेको हाम्रो केन्द्रीकृत मानसिकता, स्थानीय नेतृत्वमा संविधान कानुनबारे ज्ञान कम रहनु, आम नागरिकको पुरानै बुझाइ र मानसिकताले गर्दा हो । स्थानीय तहले आफ्ना अनुकूलको कानुन कस्तो बनाउने भन्ने बारेमा संघ र प्रदेशले हस्तक्षेप गर्न कदापि मिल्दैन ।

अर्कोतर्फ सबै स्थानीय तहमा एउटै प्रकृतिको कानुनको आवश्यकता रहँदैन । जस्तैः पोखरा महानगरपालिकाले फेवातालको संरक्षण, सेती नदीको बाढी व्यवस्थापनसम्बन्धी स्थानीय कानुन बनाउन सक्छ भने कास्कीकै माछापुच्छ्रे

गाउँपालिकाले जडिबुडी व्यवस्थापन र हिउँ पहिरोसम्बन्धी स्थानीय कानुन बनाउन सक्छ । त्यसैगरी, मादी गाउँपालिकाले गुरुङ समुदायको भाषा, संस्कृति संरक्षणसम्बन्धी स्थानीय कानुन बनाउन सक्छ भने रुपा गाउँपालिकाले ब्राह्मण, आर्य संस्कृति संरक्षणसम्बन्धी स्थानीय कानुन बनाउन सक्छ । संविधानको मर्म र भावना अनुसारको यो चिन्तनको अभाव हामीकहाँ छ ।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४**

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ ल्याइएको हो । यो ऐनको उद्देश्य संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै स्थानीय तहमा सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नु रहेको छ । यस ऐनमा स्थानीय सरकार सञ्चालनसम्बन्धी सम्पूर्ण व्यवस्था उल्लेख गरी १२१ वटा दफा रहेका छन् । ऐनको दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार उल्लेख छ । स्थानीय तहको काम, कर्तव्य र अधिकारभित्र निम्न कुरा रहेका छन् :

१) **नगर प्रहरी:** स्थानीय तहको नगरपालिकाले नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरीसम्बन्धी नीति कानुन र मापदण्डको निर्माण तथा कार्यान्वयन गर्न सक्छ ।

२) **सहकारी संस्था:** स्थानीय तहले आफ्ना भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटनसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड निर्माण गर्न सक्छ ।

३) **एफएम सञ्चालन:** स्थानीय तहले १०० वाटसम्मको एफएम रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेज गर्न सक्छ ।

४) **स्थानीय कर सेवा तथा दस्तुरसम्बन्धमा :** स्थानीय तहले संघीय तथा प्रदेश कानुनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर व्यवसाय कर, भूमि कर (मालपोत) सम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन गर्न सक्छ ।

५) **स्थानीय स्तरका विकास आयोजना तथा परियोजना :** स्थानीय तहले विकास आयोजना तथा परियोजनासम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन भित्रका कार्य गर्न सक्छ ।

६)

> “
>
> **राज्य सञ्चालन गर्न कानुन, संरचना, आर्थिक व्यवस्थापन, प्रहरी प्रशासन, कर्मचारी आफैं व्यवस्थापन गरेर स्थानीय तहले सरकार सञ्चालन गर्न हिम्मत गरेका छैनन्**

**आधारभूत र माध्यमिक शिक्षा :** प्रारम्भिक बाल विकास तथा शिक्षा आधारभूत शिक्षा, अभिभावक शिक्षा लगायत शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गर्न सक्छ ।

७) **आधारभूत स्वास्थ्य र सरसफाइ :** स्थानीय तहले आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन गर्न सक्ने अधिकार रहेको छ ।

८) **स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण, जैविक विविधता :** स्थानीय व्यापार वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हितसम्बन्धी नीति बनाउन सक्छ ।

९) **स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ :** स्थानीय सडक, ग्रामीण सडक तथा कृषि सडक र सिँचाइसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन गर्न सक्ने अधिकार छ ।

**न्यायिक कार्यसम्बन्धी व्यवस्था**

स्थानीय तहले न्यायिक समितिलाई स्थानीय तहको अदालत रूपमा लिन सकिन्छ । संविधानले स्थानीय तहमा एक न्यायिक समिति रहने व्यवस्था गरेको छ । जसअनुसार कानुन बमोजिम आफ्ना अधिकार क्षेत्र भित्रका विवाद निरूपण गर्न प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उप-प्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने, न्यायिक समितिमा गाउँ सभा र नगर सभाले आफूमध्येबाट निर्वाचित गरेका २ जना सदस्य रहने कानुनी व्यवस्था छ । त्यसैगरी न्यायिक समितिले निष्पक्षता र तटस्थता, स्वच्छ सुनुवाइ दुवै पक्षले आफ्ना कुरा राख्न पाउने, हदम्याद, क्षेत्राधिकार र हकदैयालाई विशेष ख्याल गर्न जरुरी हुन्छ ।

न्यायिक समितिलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७(१) मा देहायका विवादको निरूपण गर्ने अधिकार छ:

(क) आली धुर, बाँध पैनी, कुलो वा पानी घाटको बाँडफाँड र उपयोग

(ख) अर्काको बाली नोक्सान गरेको

(ग) चरन, घाँस दाउरा

(घ) ज्याला, मजदूरी नदिएको

(ङ) घरपालुवा पशुपंक्षी हराएको वा पाएको

(च) ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको

(छ) नाबालक छोराछोरी वा पतिपत्नीलाई इज्जत आमद अनुसार खाना लाउन वा शिक्षादीक्षा नदिएको

(ज) वार्षिक २५ लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा

(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको

(ञ) आफ्ना घर वा बलेँसी वा अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको

(ट) सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुन बमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछोडी बनाएको ।

(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्व कालदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी, पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपभोग गर्न नदिएको वा वाधा पुऱ्याएको

(ड) संघीय वा प्रदेश कानुनले स्थानीयबाट निरूपण हुने भनी तोकेका अन्य विवाद ।

सोही ऐनको दफा ४७(२) बमोजिम न्यायिक समितिलाई मेलमिलापको माध्यमबाट मात्र विवादको निरूपण गर्ने अधिकार हुने उल्लेख छ ।

(क) सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक एकाको हकको जग्गा अर्कोले च्यापी, मिची वा घुसाई खाएको

(ख) सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक आफ्ना हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको

(ग) पति, पत्नीबीचको सम्बन्धविच्छेद

(घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्ष कैद हुन सक्ने कुटपिट

(ङ) गाली, बेइज्जती

(च) लुटपिट

(छ) पशुपंक्षी छाडा छोडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरूलाई असर पारेको

(ज) अरूको आवासमा अनधिकृत प्रवेश गरेको

(झ) अर्काको हकभोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको,

(ञ) ध्वनि प्रदूषण गरी फोहोर मैला फ्यांकी छिमेकीलाई असर पारेको

(ट) प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

संविधान र कानुनमा उल्लिखित अधिकारबारे संघ र प्रदेशले स्पष्ट कानुन नबनाएका कारण स्थानीय तहले आफ्ना अधिकारको प्रयोग गर्न नसकेको अवस्था छ । संघले स्थानीय तह आफ्ना तल्लो इकाइ हो भन्ने मानसिकता त्याग्नु पर्छ । साथै स्थानीय सरकारमा रहने नेतृत्वकर्ताले संविधान र कानुनमा भएका अधिकार कार्यान्वयन गर्न खुट्टा लर्बराउन हुँदैन । यसो गरियो भनेमात्र साँच्चै सिंहदरबारको अधिकार गाउँ घरमा पुग्न सक्छ । अन्यथा हामी हिजोकै केन्द्रीकृत मानसिकताको सिकार हुनेछौं ।

*(थापामगर पोखरा महानगरपालिका सल्लाहकार परिषद सदस्य एवं नेपाल बार एसोसिएसनका पूर्व उपाध्यक्ष हुनुहुन्छ)*





बाबुराम आचार्य

# सुशासनको मुख्य सूत्रः प्रशासनिक सुधार

**१. पृष्ठभूमि**

**प्रजासुखे राज्ञ : प्रजानाम् च हिते हितम्**
**नात्मप्रियं हितं राज्ञः प्रजानां तु प्रियं हितम् ।**

(राजाको सुख प्रजाको सुखमा र राजाको हित पनि प्रजाको हितमा नै रहन्छ, यसैले राजालाई प्रिय हुने कुरालाई हितको कुरा मान्ने होइन, प्रजालाई प्रिय हुने कुरालाई नै हितको कुरा मान्नु पर्छ)

**कौटिल्य अर्थशास्त्र -भाग १, परिच्छेद १९, श्लोक (३४)**

सेवा एवं सुशासनको आधारशिला धर्म हो । राजा, मन्त्री तथा राष्ट्रसेवकहरुको धर्म संस्थापनको नैतिक दायित्व लिनुपर्ने हुँदा यदि यिनीहरुले धर्म छाडी आफ्नो निजी हितको वंशमा सर्वजन हितको विचार गरी दिएनन् भने तिनीहरुले नरकको बास गर्नुपर्ने त छँदैछ, सेवा तथा सुशासनका नैतिक आधारहरुसमेत विस्थापित गरिदिन्छन् ।

**महाभारत शान्तिपर्व**

परिच्छेद ८५, श्लोक १६–१७

विकासलाई सघाउन सुशासन सम्भवत: एकल र सबैभन्दा महत्वपूर्ण तत्व हो ।

> “
>
> **अब हाम्रासामु देखिएका तमाम व्यवधान समयमै चरणवद्ध रुपमा समाधान गर्दै नजाने हो भने मुलुकमा विकराल समस्या तेर्सिन सक्छ**

**कोफी अन्नान**

संवैधानिक व्यवस्था, उदार राजनीतिक सिद्धान्त र जनताद्वारा अनुमोदित जनप्रतिनिधिहरुले शासन गर्दा त प्रत्येक नागरिकले सरल र मर्यादित जीवनयापन पूर्ण सन्तुष्टिका साथ गर्न पाउनुपर्ने हो। त्यसमा पनि कानुनको पालना र सबै नागरिक (गरिब, अशिक्षित जो भए पनि) प्रति जवाफदेही वा उत्तरदायी हुनुपर्ने हो ।

यसरी नागरिकका मौलिक वा आधारभूत अधिकार उपभोग गर्न पाउनुपर्ने लोक कल्याणकारी व्यवस्था हुँदा हुँदै पनि जुनसुकै सरकार आए पनि जीवनयापन र विकास गर्ने सन्दर्भमा विश्वासको संकट देखा पर्न थालेको छ । फलस्वरुप शासन, प्रशासन, सेवा प्रवाह, विकास र जनजीविका बारेमा योजनावद्ध तरिकाले अभ्यास गरेको देखिँदैन । दिनानुदिन नैतिकतामा ह्रास हुँदै गएको छ र निराशा बढ्दै गएको छ । यसो हुनुमा धेरै कारणमध्ये स्वच्छ र सरल प्रशासन र शुलभ सेवा प्रवाहको खाँचो नै प्रमुख कारण भएको छ ।

निर्वाचनबाट चुनिएर आएर सरकार निर्माण गरी शासनका लागि शासन गर्नेमात्र होइन, मुख्य कर्तव्य त त्यो भन्दा माथि हुन्छ। त्यो हो जनताप्रति जवाफदेही हुनुपर्छ भन्ने “शास्वत सत्य”को भावना। तर यस तथ्यलाई नै बिर्सिए जस्तो भान हुन्छ । नैतिकतामा आधारित दरिलो प्रशासन नहुँदा आम नागरिकको सेवा प्रवाहमा कठिनाइ, शिक्षा स्वास्थ्य सर्व शुलभ नहुनु, अनियन्त्रित बजार भाउ र दूषित खाद्यान्न उपलब्ध हुनु, युवाशक्ति देशबाहिर पलायन हुनु आदि इत्यादि असरहरुले गर्दा नागरिकमा चरम असन्तुष्टि प्रकट हुँदै छ। राज्य सत्ता सञ्चालनहरु पनि अलमलमा परेको जस्तो भान हुन थालेको छ । अब हाम्रा सामु देखिएका तमाम व्यवधान समयमै चरणवद्ध रुपमा समाधान गर्दै नजाने हो भने मुलुकमा विकराल समस्या तेर्सिन सक्छ र निर्मम संकटको अवस्था भोग्नुपर्ने हुन्छ ।

> “ **स्वच्छ सरकारी सेवा प्रवाह र विद्युतीय गभर्नेन्सलाई सरकारले पनि यसलाई प्राथमिकतामा राख्नु अपरिहार्य छ**

अत: यी विषयलाई सम्बोधन गर्नका लागि माथि नै उल्लेख गरे जस्तै मुलुकभित्र सरकारी, सार्वजनिक र निजी क्षेत्रका सबै निकायले दरिलो र विश्वासिलो प्रशासनिक सुधारको काम सुरु गर्न पर्छ । समग्र रुपमा भन्दा प्रशासन असल र स्थिर भएमा धेरै समस्या सम्बोधन हुन सक्ने अपेक्षा गर्न सकिन्छ ।

**२) प्रशासन/सुशासन**

राज्य व्यवस्थाको सञ्चालन विधि, संगठन एवं सोसँग सम्बन्धित गरिने क्रियाकलाप र प्रदान गरिने सेवालाई नै सेवाप्रवाह/प्रशासन भनिन्छ । सारांशमा भन्दा-योजनाबद्ध, नियमबद्व, अनुशासित र संगठित रुपमा जनताको शान्ति सुरक्षा एवं अमनचयन स्थापित गर्नका साथै विकासका काम गर्नु नै प्रशासन चलाउनु हो। यस सन्दर्भमा आजकाल सुशासन सर्वाधिक चर्चामा आउने विषय भएको छ ।

सुशासनका तत्वका रुपमा ऐतिहासिक परिवेश, संयुक्त राष्ट्र विकास कार्यक्रम, विश्व बैंक, आर्थिक सहयोग र विकाससम्बन्धी संगठन र विभिन्न विद्वानले अनेक कुराहरु परिभाषित

गर्ने गरिएको भएता पनि मुख्यतया: सहभागिता, पारदर्शिता र उत्तरदायित्व यी तीन वटा तत्वमा जोड दिएको पाइन्छ । सुशासन शब्दलाई भिन्न-भिन्न रुपमा प्रयोग गरेको देखिए पनि एउटा कुरा भने स्पष्ट हुन्छ, त्यो हो कार्य सञ्चालन तरिका वा सेवा प्रवाह पद्धति ।

वर्तमान अवस्थामा सेवाग्राही नागरिकले निकै कष्ट भोग्नु परेको यथार्थ कसै गरे पनि लुकाउन सकिँदैन । यसका विभिन्न कारक तत्वमध्ये व्यवस्थित कार्य सञ्चालन र सेवाप्रवाह पद्धति वा सुशासनको प्रत्याभूति नहुनु एक प्रमुख तत्व रहेको छ । सुशासनका कुरा विभिन्न विद्वानले परिभाषित गरेका छन् भने गोष्ठी, सम्मेलन र भाषणबाट पनि सुन्न पाइन्छ । यी सबै कुरा आफ्ना ठाउँमा ठीकै होलान् । तर सामान्य नागरिकलाई यसको प्रत्यक्ष अनुभूति भनेको आफ्ना दैनिक जीवनमा गर्नुपर्ने कामका सम्बन्धमा सरल तरिकाले चित्तबुझ्ने गरी प्राप्त हुने सेवालाई जनाउँछ भन्नमा कुनै अत्यक्ति नहोला ।

नागरिक समाजको परिप्रेक्षमा बैंक, प्रहरी, नगर वा गाँउपालिका, विद्युत, टेलिफोन, यातायात, खानेपानी, मालपोत, नापी, शैक्षिक संस्था, न्यायिक निकाय र दैनिक उपभोग्यका सरसामान उपलब्ध गराउने पसल आदि बाट हुने व्यवहार र पाउने सेवासँग नै सुशासनको प्रत्यक्ष सरोकार हुन्छ । नागरिकले जहाँ जाँदा पनि अस्पष्ट व्यवहार, ढिलासुस्ती र अपहेलनाको अनुभूति गरेका छन् । विशेष गरी सहरीकरण भएका ठाउँमा दु:ख दिनेमात्र नभई बद्नियत पूर्ण काम भएको पाइन्छ । अब यो किन भयो ? कसरी भयो ? यसलाई कसरी हटाउने भन्ने सोच नेतृत्व तहबाट नहुँदा दिन प्रतिदिन झन् झन् विसंगति बढिरहेका छन् ।

असल शासन र प्रशासन सुधारका बारेमा धेरैले बुझेकै कुरा छन् । खासगरी राज्य सञ्चालन गर्दा सरकारले आफ्ना कामको जस पाउनका लागि सेवामा कार्यरत कर्मचारीको कामप्रतिको रुचि तथा उत्प्रेरणा, संवेदनशीलता तथा लगनशीलता, सेवामा समर्पित भावना, नीति कार्यान्वयन र उनीहरुको समग्र कार्य सम्पादनमा भर पर्दछ । त्यसैले ती प्रशासक अथवा नागरिक सेवक वास्तवमा प्रभावकारी शासन व्यवस्थाका केन्द्रविन्दु नै हुन् । उनीहरुले नागरिकको सेवा, लोक कल्याणकारी पूर्वाधार सञ्चालन र तीनको जगेर्ना, आर्थिक क्रियाकलापको नियमन, योजना तर्जुमा, कूटनीतिक सेवामा प्रभावकारीता आदि लगायत अन्य धेरै कार्य गर्दछन् । यी कुरा कर्मचारीले मात्र नभएर उनीहरुलाई सञ्चालन गर्ने सरकारले पनि झन् राम्ररी बुझेर व्यवहारमा अनुभूत गराउन अति आवश्यक छ । तर लामो समयको अन्तरालसम्म पनि यस्तो सकारात्मक अवस्था महसुस गर्न कठिन भएको छ ।

यता, कर्मचारी कार्यालयमा विभिन्न समस्या झेल्नु परेको र ती समस्याले गर्दा प्रत्यक्ष वा परोक्ष रुपमा आफ्ना व्यक्तिगत, घरायसी जीवनमा पनि असर परेको कुरा उजागर गर्दछन् । यिनै कारणले गर्दा काममा ध्यान नजाने, काम पन्छाउने प्रवृत्ति बढ्दै जाने, आफूभन्दा माथिका वा राजनीतिक तहलाई देखाउने, ऐन, नियमका साथै प्रक्रियामा अपर्याप्तता भएको कुरा सेवाग्राहीलाई बताउने, आफूहरु असुरक्षित भएको मानसिकता अभिव्यक्त गर्ने, विभिन्न नियमक निकायलाई देखाउने, बहाना गरेर सेवा भावना र कर्तव्य पालनाको आचरण त परै जाओस् नूनको सोझोसम्म पनि नगरेका गुनासा छताछुल्ल हुने गरेका छन् । उता, राजनीतिक तहबाट पनि कर्मचारीको वास्तविकता नीतिगत, व्यवहारिक र मानवीय समस्यालाई भित्रसम्म छिरेर नबुझी हल्का सतही रुपमा देखिएका कुरालाई मात्र सम्बोधन गर्ने प्रयास विगतदेखि नै भइरहेका छन् ।

विगतमा असल शासन र प्रशासन सुधारका सम्बन्धमा विभिन्न समितिले अध्ययन गरी

प्रतिवेदनहरु सरकारलाई बुझाएको सर्वविदितै छ । ती प्रतिवेदनबाट खासै उपलब्धि हुन सकेको प्रमाणिगत अनुभूति छैन । यसो किन भयो त ? सायद समग्र रुपमा सुधार नगरी जुन समस्या देखिएर समिति बन्दछन्, त्यसतर्फ मात्र सम्बोधन हुने भएर हो कि ? समितिको प्रतिवेदन व्यवहारिक नभई प्राविधिकमात्र र अमूर्त भएर हो कि ?

**३. प्रशासन तथा नागरिक सेवामा सुधार**

प्रशासन तथा नागरिक सेवामा सुधार भन्नेबित्तिकै प्रशासन सेवामा कार्य क्षमता, प्रभावकारिता, पेशागत मर्यादा, सक्षम सरकारी प्रतिनिधित्व, सेवा प्रवाह, सार्वजनिक स्रोतको समुचित वितरण र जवाफदेहीताको भावनालाई अभिवृद्धि गर्ने सोचलाई मध्यनजर राखी गरिने सकारात्मक परिवर्तन नै बुझिन्छ । सेवा प्रवाहले खास गरी सार्वजनिक सरोकारका विषय जस्तै: शिक्षा, स्वास्थ्य, यातायात, सुरक्षा, पानी, ऊर्जा र अन्य सार्वजनिक कार्यलाई जनाउँछ ।

अवश्य पनि दूरदृष्टि र दिगो विकासलाई मध्यनजर राखी विगत र वर्तमानका कमजोरीलाई केलाएर तीनको निराकरण हुने गरी भविष्यमा प्रशासन तथा नागरिक सेवाका क्षेत्रमा सुधार गर्ने भावी कार्यदिशा निश्चित गर्ने अठोट लिनै पर्दछ । सुधारका लागि राजनीतिक प्रतिबद्धताका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका अनुभवी विद्वान् हरुको समिति बनाई अध्ययनका गतिविधिमा साधारण नागरिक, नागरिक समाज, कर्मचारी, निजी क्षेत्र र विश्वविद्यालयका सम्बन्धित विज्ञहरुलाई समेत संलग्न गराउनु उपयुक्त हुनेछ ।

यसरी गहिरो अध्ययन, अनुसन्धान, छलफल, अन्तर्क्रिया र सार्वजनिक प्रस्तुतिका माध्यमबाट तयार पारिएको प्रतिवेदनमा कार्यान्वयन र लागू गर्ने मोडालिटी जसमा समय, स्रोत, साधनको व्यवस्था, जनशक्तिको व्यवस्थापन र राजनीतिक परिवर्तनबाट पनि असर नहुने गरी सुचारु रुपले कार्यान्वयन हुन सक्ने सुनिश्चितता जरुरी देखिन्छ । यस्ता प्रतिवेदन केन्द्रीय तहमा मात्र नभई स्थानीय तहका वडासम्म पनि प्रचार र प्रसारित गराई समस्त नागरिकलाई सुसूचित गराएमा कार्यान्वयनमा पारदर्शीता र सरल हुनेछ ।

**४. अध्ययन, अनुसन्धानको खाँचो**

धेरैजसो अल्पविकसित मुलुकमा सार्वजनिक सेवा सुधार गर्न माक्स व्रेभरको मोडालिटी प्रयोग गरिएका छन् । राजनीतिक, प्रशासनिक र आर्थिक विकेन्द्रीकरणका साथै कामको स्तर बढाउन र भ्रष्टाचार न्यूनीकरण गर्न माथिल्लो तहबाट तल्लो तहसम्म र तल्लो तहदेखि माथिल्लो तहसम्म अनुगमन गरिने दुवै उपाय कुनै न कुनै रुपमा अवलम्बन गरिएका छन् भने सार्वजनिक सेवाको अडिट गरिने परिपाटी पनि सुरु गरिएको छ । तर पनि गहन रुपमा अध्ययन अनुसन्धानबिना तयार पारी लागू गरिएका मुलुकमा भने सफल भएको देखिँदैन ।

प्रशासन सुधारका सम्बन्धमा अध्ययन, अनुसन्धानका लागि सरकारी सूचना अत्यन्त महत्वपूर्ण र नभई नहुने हुन्छ । सरकारी सूचनाहरुको संकलन, प्रशोधन र जतन गरी माग भए बमोजिम स्तरयुक्त रुपमा उपलब्ध गराएमा सेवा सुधारका लागि अत्यन्तै उपयोगी र नतिजामूलक हुन जान्छ । धेरैजसो अध्ययन, अनुसन्धान पुराना र अधुरा सूचनाका आधारमा गरिने हुँदा खोजेका उपलब्धि प्राप्त हुन नसक्ने भएकाले नीति विश्लेषण र नीति निर्धारणमा पनि नकारात्मक असर पर्न सक्छ ।

यसरी गरिएका निर्णय कार्यान्वयन गर्न तल्लो तहमा पुऱ्याउँदा सार्वजनिक सेवा पर्याप्त, भरपर्दो र आवश्यकता अनुरुप नहुन सक्छन् । फलस्वरुप दिनानुदिन निरन्तर रुपमा सेवाको स्तर, आर्थिक स्थिति र विकासको प्रतिफल खस्कदो अवस्थामा देखा पर्नुका साथै आम नागरिक सरकारसँग

असन्तुष्ट हुने, विश्वास गुमाउने र आखिरमा निराश हुँदै जान्छन् । अत: हाम्रो सन्दर्भमा प्रशासन र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाई नागरिकको मन जित्न यस विषयमा अझै गहन कार्यगत अध्ययन, अनुसन्धानको आवश्यकता छ ।

**५. विद्युतीय प्रशासन**

विद्युतीय सरकारमा सूचना तथा सञ्चार प्रविधिको सहाराले सार्वजनिक सेवा नागरिकलाई सरल, सहज, छिटो छरितो, मितव्ययी र पारदर्शी तरिकाले उपलब्ध गराउनु नै हो । सूचना प्रविधिको कुनै सीमा नहुने भएकाले सूचना आदानप्रदान गर्न, सूचना विश्लेषण गर्न र निर्णय लिन अत्यन्तै सहज हुन्छ । हाम्रो सन्दर्भमा पनि सार्वजनिक सेवा सुधार गरी देखिएका कमजोरीलाई न्यूनीकरण गर्न सकिन्छ भनेर नै विभिन्न निकाय एवं सरकारी सेवकलाई चुस्त, दुरुस्त, जाँगरिलो र पारदर्शी बनाउने अवधारणा अनुसार सूचना प्रविधिले एक दशक भन्दा अगाडि नै प्रवेश पायो ।

विद्युतीय सरकार तथा प्रशासन विकसित मुलुकको तुलनामा अल्प विकसित मुलुकमा त्यति प्रभावकारी हुन सकेका छैनन् । खास गरी विद्युतीय सरकार प्रारम्भिक रुपमा सरकारी सूचनाको अनलाइन, सेवा प्रवाहमा अनलाइन, सरकार नागरिकको बीचको सम्बन्ध र अन्तर्क्रियाको अनलाइन, निर्णय प्रक्रियाको अनलाइन, नीति योजना कार्यक्रमका अनलाइन प्रमुख छन् । तर विषयगत रुपमा भन्ने हो भने सरकारी कारोबार, परामर्श सेवा, पर्यटन, औद्योगिक पूर्वाधार तथा लगानी, आर्थिक तथा खरीद अनुगमन, भौतिक पूर्वाधार, सूचना तथा सञ्चार ऊर्जा, कृषि वन तथा वातावरण, विज्ञान तथा प्रविधि, प्रकोप जोखिम, सुरक्षा, सामाजिक विकासका क्षेत्रहरु जस्तै शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, श्रम, वैदेशिक रोजगार, रोजगार प्रबर्द्धन, सीपमूलक तालीम, सहकारी, खेलकुद आदि अनलाइन पर्दछन् ।

वास्तवमा सूचना प्रविधिले सबै पक्षलाई समेट्ने हुँदा यहाँ सबै पक्ष नसमेटिएका भएता पनि विद्युतीय सरकारले नागरिककै चाहना, भावना र नियत जस्ता विषयमा पनि प्रत्यक्ष वा परोक्ष रुपमा सरोकार राख्छ । त्यसैले अब स्वच्छ सरकारी सेवा प्रवाह र विद्युतीय गभर्नेन्सका लागि सरकारले पनि यसलाई प्राथमिकतामा राख्नु अपरिहार्य छ ।

> **प्रणाली परिवर्तन, परिवर्तनलाई स्वीकार्ने वातावरण, भावी सोच, उत्तरदायी र जिम्मेवारीको कार्यान्वयनमा इमान्दारी जरुरी छ**

**क) सारांशमा निम्न**

विषयमा ध्यान दिन आवश्यक छ

अझै पनि प्रशासन, सार्वजनिक सेवा र सुशासनका विषयमा सम्बन्धित प्राज्ञबाट गहिरो, यथार्थपरक र दिगो सोचका साथ दूरदृष्टि राखी वैज्ञानिक, व्यवहारिक र समयसापेक्ष परिवर्तनकारी अध्ययन गराउनुपर्ने देखिन्छ । अध्ययनकर्ता राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका हुनुका साथै यस विषयमा प्राज्ञिक अध्ययन भएका नयाँ अनुहार समावेश गरिनु उपयुक्त हुनेछ । उहाँहरु राजनीतिक वा अन्य कुनै प्रभावमा नपर्ने हुनै पर्दछ । सहयोगका लागि मात्र पुराना अनुभवीलाई संलग्न गराउन सकिन्छ । सारांशमा प्रशासन तथा सेवा प्रवाहका शिलशिलामा समग्र सुशासनलाई सघाउ पुऱ्याउन निम्न विषयमा ध्यान

दिनु आवश्यक देखिन्छ ।

(१) प्रशासन तथा सार्वजनिक सेवा व्यवस्थापनमा राजनीतिक प्रभाव, नातावाद र व्यक्तिगत सम्बन्धको भावना हुनु हुँदैन । त्यसैले यसलाई कसरी टाढा राख्न सकिन्छ ? हाम्रो परिप्रेक्ष्यमा अहम् प्रश्न छ । पहिला कुरा त यसको प्रावधान ऐन, नियममा व्यवस्था गरिनु पर्दछ भने दोस्रो कुरा यसलाई सार्वजनिक सेवाको मूल्य, मान्यता, आचरण र कार्य सम्पादन सँगै अन्तरनिहित हुनुपर्दछ । कर्मचारीको मूल्यांकनको मुख्य आधार कार्य सम्पादन नै बनाइनु पर्दछ । तर कार्य सम्पादन मापन गर्ने महत्वपूर्ण साधन र संयन्त्र नै कसरी निर्माण गर्ने अर्को अहम् प्रश्न छ ।

(२) नीति निर्माण र कार्यान्वयन तहमा राजनीतिक प्राथमिकता छैन भने राजनीतिक अस्थिरता अर्को जड समस्या छ । राजनीतिक तहले पुरानो संरचना र परिपाटीमा व्यापक सुधार गर्ने, कर्मचारीको मनोबल बढाउने खालको व्यवहारिक अध्ययन गराउने, असन्तुष्टलाई खुसीसाथ बाहिरिन सक्ने जस्ता उपायको सोच र खोजी राख्न सकेको देखिँदैन । खरो सुधार गर्दा आउन सक्ने चुनौतीलाई आंकलन गरी त्यसलाई सामना गरेर परिवर्तनलाई स्वीकार गर्न सक्ने आँट गरेको पनि विरलै भेटियो । यथास्थितिमा नै शासन चलाउँदा सजिलो हुने हुँदा अवसरवादी कर्मचारीले राजनैतिक फाइदा उठाउँछन् ।

(३) जनतामा प्रदान गरिने सेवाको उद्देश्य, विवरण, प्रक्रिया, समय, गुणस्तर र मानवीय व्यवहार सबै सार्वजनिक रुपमा स्पष्ट देखिने, बुझिने र अनुभूत हुन सक्ने वातावरण तयार गर्नु पर्दछ । स्थानीय तहमा नै दैनिक सम्पादन गर्नुपर्ने कामहरु पूर्ण रुपमा निक्षेपण गरिनु पर्दछ । साथै, प्रशासकीय तथा आर्थिक नियम र प्रक्रियालाई विकेन्द्रीत, छोटो र पारदर्शी बनाउनु पर्दछ । स्थलगत कार्यालयलाई स्पष्ट अधिकार र साधन, स्रोत सम्पन्न बनाउन अत्यावश्यक छ ।

(४) विभिन्न निकायको वैज्ञानिक सामूहिकरण, संख्या निर्धारण र संरचनाको ढाँचा पनि कार्य प्रकृतिका आधारमा आफ्नै मुलुकलाई सुहाउने हुनु पर्दछ । सधैंजसो मन्त्रालय विभाग, कार्यालय, संस्थान, प्राधिकरण र अन्य निकाय समेतको पुनर्संचना पटक पटक भइरहने हुँदा यो विषय पनि व्यवस्थित रुपले सम्बोधन हुनु जरुरी छ ।

(५) पेशागत योग्यता र कार्य सम्पादनलाई नै प्राथमिकता दिने गरी कर्मचारीको वृत्ति विकास र सन्तुष्टि सुनिश्चित गर्न आवश्यक छ । उच्च तलबमानले मात्र कर्मचारीलाई आर्कषण गर्दैन, तापनि निजी क्षेत्र र सामाजिक परिवेशका आधारमा उनीहरुले आफ्नै बुतामा जीवनयापन गर्न सक्ने गरी तलबमानको व्यवस्था गरी समाजमा मर्यादित हुने वातावरणको सृजना गरिनु आवश्यक देखिन्छ ।

(६) प्रशासनप्रतिको परम्परागत सोचले जनसाधारण र कर्मचारी पनि ग्रस्त छन् । विगतमा भएका राजनीतिक परिवर्तनपश्चात् कर्मचारीको अवस्था, क्षमता र लगनशीलतामा ह्रास भएको हो कि भन्ने भान हुन्छ । त्यसैले नयाँ परिवर्तनमा समाहित हुन सक्ने वा नसक्ने त्यसको गहन अध्ययन नगरी कार्यान्वयनतर्फ पुरानै परिपाटीमा पुरानो घर मर्मत गरे जस्तो सानोतिनो सुधार गर्दा प्रशासन सकारात्मक नहुन सक्छ । पेशागत सेवा सबल बनाउन योग्यता र दक्षता पुगेका सम्बन्धित ज्ञान भएका सरकारी

र गैरसरकारी जनशक्ति आवश्यक पर्ने हुँदा त्यस्ता जनशक्ति तयार गर्न सक्रिय गराइनु पर्दछ । यसका लागि आवश्यक परेमा निजी क्षेत्रलाई समेत प्रोत्साहन गरी शैक्षिक संस्था खोली शैक्षिक योग्यता, निरन्तर पेशागत तालिम र तालीम दिने व्यवस्था काम गर्नु पर्दछ । त्यसैले पुरानो संस्थागत संरचना र व्यवस्थापकीय परिपाटीले अबको प्रशासन चुस्त हुन सक्दैन । प्रणाली परिवर्तन, परिवर्तनलाई स्वीकार्ने वातावरण, भावी सोच, उत्तरदायी र जिम्मेवारीको कार्यान्वयनमा इमान्दारी आदि महत्वपूर्ण पक्ष हुन् ।

(७) सेवालाई प्रभावकारी बनाउन साधन, स्रोतको समस्या समाधान अनिवार्य रुपमा गर्नु पर्दछ । सेवा, सुविधाको वृद्धि गर्दा स्रोत कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयलाई पनि ध्यान दिँदा उपयुक्त हुनेछ । सरकारले सरकारी निकायलाई पूर्ण बजेटको व्यवस्था गरेको हुन्छ । कतिपय विभाग वा निकायले आफ्ना तोकिएको कार्य सम्पादन गर्नुका साथै समय व्यवस्थापन गरेर आफ्ना सीप अन्यत्र अन्तर्राराष्ट्रियस्तरमा पनि प्रयोग गर्न सक्षम छन् ।

एकातर्फ यसबाट वैदेशिक मुद्रा आर्जन गर्न सकिन्छ भने अर्को तर्फ समयसापेक्ष पेशागत दक्षता ताजा रहने र प्रविधि हस्तान्तरणमा पनि मद्दत पुग्ने हुन्छ । यसबाट राजस्व अभिवृद्धि हुनेछ । अझ वास्तवमा यस्ता निकायलाई क्रमश: आत्मनिर्भर गराउन सरकारले केही प्रतिशत बजेट कम दिन सक्छ, जसले गर्दा राज्यलाई बजेट र जनशक्तिको भार कम गर्न सहयोग पुर्‍याउनेछ ।

(८) प्रभावकारी प्रशासनिक तथा सार्वजनिक सेवा सञ्चालनका लागि निजामती सेवाको मूल्य र मान्यतामा आधारित एकीकृत ऐन, नियम, निर्देशिका र आचारसंहिता निर्माण गरिनु उपयुक्त हुनेछ । नीति, ऐन, कानुन पनि पुरातन छन् । स्पष्ट र समयसापेक्ष कानुनी व्यवस्थाले विवाद टुंग्याउन र कानुनी समस्या समाधान गर्न सबल बनाउन सक्छ । यसबाट नागरिकका दृष्टिकोणबाट पनि सामाजिक चाहना पूरा हुन जान्छ ।

(९) आफूलाई प्राप्त सत्ता वा पदलाई शक्ति, प्रतिष्ठा र आफ्नो हितमा उपयोग गर्ने मौकाको द्योतक होइन, जनताको प्रत्यक्ष सरोकार राख्ने काममा सेवक हुने अवसर पाएको सम्झेर सबैको हितलाई सर्वोपरी राखी काम गर्नु पर्दछ । एकाङ्गी रुपमा सबै तथ्य नबुझी काम गर्दा अन्याय हुन सक्छ, पदको दुरुपयोग हुन सक्छ ।

(१०) कर्तव्य पालना गर्दा सबैको आत्मसम्मान र आत्मविश्वासको भावना वृद्धि हुने र कार्य सम्पादनमा योगदान पुर्‍याउन प्रोत्साहन हुने गरी शिष्ट, मर्यादापूर्ण र सद्भावयुक्त व्यवहार गर्नु पर्दछ । समयको पालना, सेवाग्राहीको मर्का, एकअर्काको पेशागत मर्यादा, संस्थाको स्वच्छता, कामको सिलसिलामा दिइने निडर, निष्पक्ष र नि:स्वार्थ राय, नागरिक स्वतन्त्रता र सम्मान आदि विषयमा ख्याल राखी राष्ट्र, समाज र जनताको हितमा काम गर्नु पर्दछ ।

(११) सार्वजनिक जीवनको मर्यादा र नैतिकताको स्तर उच्च राख्ने तथा राज्यप्रतिको आस्था र विश्वास बढाउने अभिप्राय राखी सम्बन्धित निर्देशिका र आचारसंहिता बनाई अनिवार्य रुपमा आत्मसाथ गर्नुपर्दछ ।

(१२) प्रशासनको महत्व र यसलाई दिगो विकास र सामाजिक न्यायका पक्षमा सदुपयोग गर्न राष्ट्रिय प्राथमिकता राखी विभिन्न सञ्चारमाध्यम (पत्रिका, रेडियो, टेलिभिजन, इन्टरनेट, वहस) द्वारा सबैलाई जानकारी र

जागरण गराउनु आवश्यक देखिन्छ ।

(१३) काममा पारदर्शिताको प्रक्रिया अविलम्ब सुरु गरिनु पर्दछ । यसका लागि गैरसरकारी संस्था जस्तै ट्रान्सपरेन्सी इन्टरनेसनलहरुसँग सहकार्य गर्दै अगाडि बढ्नु उपयुक्त हुन्छ ।

(१४) काममा आवश्यक पर्ने संस्थागत, शैक्षिक र स्रोत परिचालन सम्बन्धमा अध्ययन, विश्लेषण गर्न विज्ञहरुको समूह बनाई आफ्नो मूल्यांकन आफैं गर्न निर्देशिका बनाई लागू गराउनु उपयोगी हुन्छ । सेवा प्रदान गर्दा सेवाका मापदण्ड निर्धारण गर्नु पर्दछ । समय, लागत, शुल्क, सेवाग्राही बस्ने स्थान, टोकन, अनुगमन र सन्तुष्टि सर्भेक्षण आदि विषयमा ध्यान दिनुपर्दछ ।

(१५) काम गर्ने जनशक्ति तयार गर्न अल्पकालीन र दीर्घकालीन नीति बनाउनु पर्दछ । उनीहरुको शिक्षा, तालिम र अन्तर्राष्ट्रिय मान्यतालाई पनि स्पष्ट गराई सोही बमोजिम गर्न उच्च तहका निर्णयकर्तालाई बुझाउनु अथवा महसुस गराउनु पर्दछ । आर्थिक र मानव स्रोत समस्या सबभन्दा टड्कारो छ भने नयाँ सोच र काम गर्ने चाहनाको समस्या पनि स्पष्ट देखिन्छ ।

**७. कार्यालय प्रमुखमा हुनुपर्ने गुण**

कुनै पनि निकाय वा संस्थाको प्रशासनिक प्रमुख वा कार्यालय प्रमुख योग्य भएमा त्यस संस्थाले आफ्नो दायित्व पूरा गर्न अहम भूमिका खेल्न सक्छ । त्यसैले निकाय प्रमुख वा व्यवस्थापकका दक्षता र गुण निम्नानुसार अपेक्षा गरिन्छ ।

**व्यक्तिगत गुण**

१) **नेतृत्व वहन गर्न सक्ने:** निकाय प्रमुखको सफलताका लागि उसमा नेतृत्व वहन गर्न सक्ने क्षमता हुनै पर्दछ । चाहे त्यो पेशागत होस्, प्रशासनिक होस् वा संगठनात्मक होस् ।

२) **स्वंय अभिप्रेरित हुन सक्ने:** कुनै पनि निकायका प्रमुख आफैं उत्प्रेरित हुन सक्दैन भने उसले अरुलाई पनि उनीहरुको कर्तव्यप्रति प्ररेणा दिन सक्दैन । आफू निरन्तर लाग्नु पर्दछ र आफूसँग काम गर्नेहरुलाई काम प्रतिको चासो अभिवृद्धि गर्न सक्नुपर्दछ ।

३) **इमान्दार वा सत्य, निष्ठावान्:** नैतिक रुपले शुद्ध भएको इमान्दार प्रमुखले आफ्नो संस्था निर्धक्कसँग अगाडि बढाउन सक्छ ।

४) **भरपर्दो वा विश्वासनीय:** आफ्नो संस्थाका सहयोगसँग भरपर्दो र विश्वासिलो भएरमात्र पुग्दैन, अरु संस्थाले पनि पूर्ण विश्वास गर्ने वातावरण बनाउनु पर्दछ ।

५) आशावादी वा राम्रो कुराको अपेक्षा राख्ने: असल पक्षपट्टी मात्र हेर्ने बानी र राम्रा राम्रा कुराको अपेक्षा राखी “सत्यमेव जयते” भन्ने यथार्थलाई विश्वासका साथ आत्मसाथ गर्दा संस्था अगाडि बढ्छ ।

६) **दृढता र निश्चितता भएको:** भरोसा र आत्मनिर्भरताको भावना भएको प्रमुख वा प्रबन्धकले समयमा सही निर्णय दिन सक्छ ।

७) **निश्चलता:** असहज परिस्थितिमा पनि शान्तपूर्वक काम गर्न सक्ने प्रबन्धकले नै संस्थालाई बचाएर अगाडि बढाउन सक्छ ।

८) चलायमान वा लचिलो: “मेरो गोरुको बाह्रै टक्का” नभनीकन संस्थाको हितका लागि सजिलैसँग डोरिन सक्ने अर्थात् व्यवस्थापन गर्न सक्ने भएमा सफलता प्राप्त गर्न सजिलो हुन्छ ।

**संस्थागत गुण**

९) **संस्थाको पूर्ण ज्ञान:** आफ्नो मातहतमा काम गर्ने सबै सहयोगीलाई संस्थाको पूर्ण रुपमा जानकारी नभए पनि प्रमुखले पूर्ण ज्ञान राख्नु आवश्यक हुन्छ । अनिमात्र त्यो

संस्थाको कार्य सम्पादन प्रभावकारी हुन्छ ।

१०) **जिम्मेवारी दिन सक्ने:** संस्थाको प्रमुखले अवस्था हेरेर काम गर्न सक्ने कर्मचारीलाई कामको जिम्मा दिन सक्नु पर्दछ । यसबाट कामप्रति आफैं प्रतिवद्ध भइन्छ ।

११) **व्यवस्थित भइरहने:** प्रमुखले संस्थाका काम, कर्मचारी, कार्य सम्पादन र नतिजाप्रति सदा, सर्वदा चनाखो र व्यवस्थित भइरहनु आवश्यक हुन्छ ।

१२) **स्रोत व्यवस्थापन:** आफ्नो संस्थाको काम र नतिजालाई मध्यनजर राखी मितव्ययी तरिकाले स्रोत व्यवस्थापन गर्नु पर्दछ । यसका लागि नीतिगत व्यवस्थामा र कार्य प्रक्रिया प्रणालीसमेत स्पष्ट बनाउन जरुरी हुन्छ ।

**आम सञ्चारका गुण**

१३) **लेखेर सम्प्रेषण गर्ने:** लेखेर काम गर्दा वा सूचना गर्दा पेशागत रुपले नै प्रस्तुत गर्न सक्नु पर्दछ । आजकल त इमेल, ममो, नोट लगायत मेसेन्जर, भाइबर वाट्सऐप आदि उपलब्ध छन् ।

१४) **सार्वजनिक रुपमा बाल्ने:** सार्वजनिक स्थलमा होस् वा कतै अन्तरवार्ता आदि दिँदा होस्, राम्ररी स्पष्ट रुपमा दोहोरो गरी बोल्न सक्नु पर्दछ ।

१५) **सकारात्मक सूचना दिने:** कामको शिलशिलामा कुनै प्रस्तावना वा कार्य प्रणाली परिवर्तन भएमा वा कुनै कर्मचारीको कार्य सम्पादनमा सकारात्मक सूचना र सल्लाह दिन सक्नु पर्दछ ।

१६) **स्पष्टता र सुनिश्चित हुन सक्ने:** संस्थामा वा कुनै काममा स्पष्ट रुपमा बुझिने गरी बाटो देखाउने वा निर्देशन गर्नु पर्दछ ।

१७) **प्रस्तुति व्यवस्थित गर्न सक्ने:** आफ्ना प्रस्तुतिहरु स्वस्फूर्त रुपमा दोहोरो नपर्ने गरी व्यवस्थित र प्रस्तुत गर्न सक्नु पर्दछ ।

**राम्रो सम्बन्ध राख्न सक्ने गुण**

१८) **ग्राहक सेवा:** आफ्ना ग्राहक अर्थात् सेवाग्राहीलाई राम्रो व्यवहार र विश्वसनियता प्रकट गर्न सक्नु पर्दछ ।

१९) **मध्यस्थकर्ता हुन सक्ने:** योग्य नेतृत्वले आफ्ना कर्मचारीबीच, कर्मचारी र ग्राहकबीच र अन्य अवस्थामा पनि मध्यस्थकर्ता हुन सक्नुपर्दछ ।

२०) **समूह व्यवस्थापक:** कुनै पनि संस्था प्रमुख सफल हुनका लागि उसले समूहलाई दिशाबोध गर्न सक्ने र सँगै लिएर हिड्न सक्ने हुनुपर्दछ ।

२१) **मर्यादा गर्न सक्ने:** आफ्ना सबै कर्मचारी र समूहको मर्यादा राख्न सक्नुपर्दछ । अनि मात्र आफूले पनि मर्यादा पाउन सकिन्छ ।

२२) अरुसँग सहयोग लिन सक्ने: कुनै पनि सकारात्मक कामका लागि अन्य निकायसँग सम्बन्ध बनाई सहयोग लिन सक्नुपर्दछ ।

२३) **अरुको अस्तित्व स्वीकार्न सक्ने:** सम्बन्धित सबैको आ-आफ्नो परिवेश र आस्तित्व हुने हुनाले त्यसलाई सहजै स्वीकार्न सक्नुपर्दछ ।

२४) **नयाँ अवस्थालाई अनुकूल बनाउन सक्ने:** संस्थामा सधैं आफूले भने जस्तो हुँदैन । त्यसैले परिस्थितिलाई अनुकूल बनाई आफ्नो संस्थाको हितमा बनाउन घुलमिल हुन आवश्यक छ ।

२५) **अरुलाई अगाडि बढाउन लाग्ने:** संस्थामा भएका कर्मचारीको वृत्ति विकास, क्षमता विकासमात्र नभई भोलिको नेतृत्व समेत विकास गराउन सक्नुपर्दछ ।

# पोखराका अवसर र चुनौतीहरु



विश्व सिग्देल

विगतका दिन सम्झेर शोक मनाएर बस्नेहरू तथा वर्तमान अवस्थाका लागि विगतलाई सराप्नेहरू कहिल्यै अघि बढ्न सक्दैनन् । वर्तमानमा हामीलाई जे जस्तो उपलब्ध छ, त्यही जगबाट यात्रा प्रारम्भ गर्नेहरु नै सफल हुनेहरू हुन्, इतिहास रच्ने उनीहरू हुन् । निराश हुनुपर्ने, बर्बाद भइसक्यो, अब केही गर्ने ठाउँ नै छैन भन्दै बस्नुभन्दा जहाँ टेकिएको छ, त्यहींबाट उत्साहका साथ थप उपलब्धिका निमित्त यात्रा प्रारम्भ गर्नुपर्छ । २०४६ को युगान्तकारी राजनीतिक परिवर्तन तथा जन निर्वाचित लोकतान्त्रिक प्रणालीको आरम्भलाई पोखराको विकासको प्रारम्भ मान्ने हो भने हामीले गर्व गर्न सक्ने धेरै विषय थिए । आजसम्म हामीले धेरै उपलब्धि हासिल गरिसकेका हुन्थ्यौं । विश्वकै सुन्दर, सभ्य, सुसंस्कृत र समृद्ध सहरको मानचित्रमा पोखरालाई उभ्याइसकेका हुन्थ्यौं । तथापि हामीसँग पश्चाताप गरेर, आरण्य रोदन गरेर गुज्रेको समयलाई सरापेर होइन, केही बिग्रेको

“

**अबको पोखरा बृहत्तर पोखरा हो। उपत्यका भित्रको सहरका सहयोगी अवयवसमेत जोडेर पोखराको योजना बनाइएन भने मुल पोखराको रूप सिँगार्न सकिँदैन।**



भए सच्याएर, बन्न बाँकीलाई युगानुकूल निर्माण गर्दै पोखरा निर्माणको अभियानमा लाग्नुबाहेक अर्को विकल्प छैन । हामी लाग्छौँ, कामयाव पनि हुन्छौँ ।

समयले हामीलाई एउटा सानो भूगोलमा अटाएको छ । मुस्किलले ८-१० हजार जनघनत्व भएको पोखरा नाउँ गरेको सहर भन्न नमिल्ने गाउँ पनि भनिहाल्न नमिल्ने बस्तीलाई आज विशाल भूभाग र जनसंख्या एवं असंख्य साधन, स्रोत भएको महानगर दिएको छ । हाम्रो ज्ञान, चेतना, स्रोत, सामर्थ्य एवं शक्तिको अभावले पोखरालाई जस्तो बनाउनु पर्थ्यो, जसरी संरक्षण गर्नु पर्थ्यो, त्यो गर्न सकेनौँ । यसमा हाम्रो नियतले पनि केही काम गऱ्यो होला । तर अझै अक्षुण्ण रहेको कसैले बिटुल्याउन नपाएको ठूलो भूगोल हाम्रो सामुन्ने प्रतीक्षा गरेर बसेको छ ।

अब पोखरा उपत्यकाको चार दिवारभित्र कैद भएर रहन सक्दैन । हामी केही टाढा जाँदा कसैले तपाइँको घर कहाँ हो भनेर सोध्यो भने जहाँसम्मका मानिसले म पोखराको बासिन्दा हुँ भन्छ, पोखराको सिमाना त्यहाँसम्म हो । धेरै पटक नेपालबाहिर नेपाली भेट्दा मलाई बागलुङदेखि मुस्ताङ, स्याङ्जा, तनहुँ, गोरखा, लमजुङसम्मका मानिसले मेरो घर पोखरा हो भनेका छन् । पछि म पनि पोखराकै हो भनेपछि बल्ल कुस्मा, बेनी, बेसीसहर, जोमसोम आदि वास्तविक ठेगानामा झरे । अबको पोखरा बृहत्तर पोखरा हो । उपत्यका भित्रको सहरका सहयोगी अवयवसमेत जोडेर पोखराको योजना बनाइएन भने मुल पोखराको रूप सिँगार्न सकिँदैन ।

भारतको राजधानी सहर नयाँ दिल्ली अन्तिम मुगल शासक बहादुर शाहको समयसम्म चाँदनीचोक आसपास सीमित थियो । आज नयाँदिल्ली केन्द्र शासित प्रदेश दिल्ली हुँदै



राजस्थान, हरियाणा, उत्तर प्रदेशका दर्जनौं जिल्ला समेटेर दिल्ली विकास प्राधिकरणको नाममा विस्तारित भएको छ । दिल्लीका अन्तर्राष्ट्रिय विमानस्थल लगायत महत्वपूर्ण संरचना दिल्ली प्रदेश त के अन्य प्रान्तसम्म फैलिएका छन् ।

द्रुत यातायात सुरुङ मार्ग र चुस्त सञ्चारले पोखरालाई जोडन सकियो भने पूरै गण्डकी प्रदेश नै पोखरा हुन्छ । अब त्यतापट्टी नसोची सुख्खै छैन । पोखरा पनि पृथ्वीचोक, नालाकोमुख, बिन्ध्यबासिनी र बैदाममात्रै हो भन्ने मनोग्रन्थीबाट माथि उठ्न सकिएन भने भोलि प्रदेश सरकारका मन्त्रालय कालीगण्डकी उपत्यकाका बागलुङ कुस्मातिर जानु पर्ला । सचिवालयहरू करापुटार, भोर्लेटार र विश्वविद्यालयहरू पालुङ्टार लगेर उपत्यकालाई विस्तार नगरी सुखै छैन । पोखराबाट नवलपुर सिधा र द्रुतमार्ग बनाएर एक घण्टामा आवतजावत गर्ने बनाउन सकियो भने त्रिवेणीधाम, त्रिवेणी अन्तर्राष्ट्रिय सीमा नाका, राष्ट्रिय निकुञ्ज, निजी क्षेत्रबाट प्रस्तावित अत्यन्त आधुनिक विश्वविद्यालय पोखराकै सम्पदा भएनन् र ?

अब महानगरले ३३ वडामा विभाजित पोखरा महानगर र बृहत्तर पोखरालाई सँगसँगै राखेर योजनाबद्ध ढंगले अघि नबढी सुखै छैन । वर्तमान राज्य संरचना, संविधान, कानुनले महानगर जहाँसम्म जान सक्छ, त्यहाँ त उसको पहुँच प्रतक्ष नै रहने भयो । नपुग्ने ठाउँमा पनि आफ्ना सम्पर्क सम्बन्ध, प्रभाव प्रयोग गरेर मूल पोखराको विकासमा सहायक अंग बनाउने प्रयत्न गर्नैपर्छ । पोखरा उपत्यकाको विकाससँग सम्बन्ध राख्ने समग्र गण्डकी भूगोलको विकास नै पोखरा महानगरको विकास हो, यसको विकासले पोखरा महानगरलाई चलायमान बनाउन आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक गतिविधि प्रवर्द्धन गर्न सघाउ पुर्‍याउँछ । मुक्तिनाथ जाने पर्यटकले पोखराको पर्यटकीय गतिविधिमा पनि केही अंश सहयोग पुर्‍याउँछन् भने मुक्तिनाथको प्रवर्द्धनसँग पोखरा प्रवर्द्धन जोडिएन र ?

**“द्रुत यातायात सुरुङ र चुस्त सञ्चारले पोखरालाई जोडन सकियो भने पूरै गण्डकी प्रदेश नै पोखरा हुन्छ ।**

मैलेअघि नै भनी सकें विविध कमी, कमजोरी, अज्ञानता, कहिँकतै नियतले पनि पोखराको विकासमा क्षति पुगेको होला । तर, जति क्षति पुगेको होला त्योभन्दा धेरै ठूलो पोखरा र यसको सम्भावना अक्षत बचेको छ, सुरक्षित छ । ती केही बिग्रेकै भए पनि सच्याउँनै नसकिने छैनन् । सच्याउँदै र सपार्दै दुवै सँगसँगै जानु पर्छ । मानवोचित बसोबासको सामान्य सिद्धान्त जसलाई विज्ञानले वकालत गर्छ, ती सिद्धान्तका न्यूनतम विषयलाई मात्र किन नहोस्, सम्मान गर्दै अघि बढ्ने हो भने पनि अहिलेलाई चित्त बुझाउन सकिन्छ । ती सामान्य

विषय भनेको एउटा नमुना सहरको निमित्त न्यूनतम खुला क्षेत्र, सहरी वन, पार्क बगैँचा, हावा, नदी नाला, तलाउहरूको संरक्षण र पानीको स्तर, मनोरञ्जन, पुस्तकालय, चुस्त, दुरुस्त यातायात, सञ्चार प्रणाली, सम्पर्कको राष्ट्रिय अन्तर्राष्ट्रिय पहुँचतर्फ हाम्रो स्रोत, साधन र सामर्थ्य अनुकूल हुँदै व्यवस्थापन गर्दै जाने र तत्काल पूरा गर्न नसकिएका तर नगरी नहुने पूर्वाधारहरुका निमित्त ठाउँ सुरक्षित गर्दै जानेतर्फ गम्भीर हुनुपर्छ ।

हालै सम्पन्न विमानस्थलले पोखराको आवश्यकता पूरा गऱ्यो भनेर पुरानो विमानस्थलमा अन्य संरचना निर्माणमा आतुर गर्दा भोलि पोखरा विस्तार हुँदै जाँदा नयाँमा अन्तर्राष्ट्रिय उडानकै चाप बढ्यो भने फेरि आन्तरिक उडानका लागि त्यहीँ फर्केर आउनु पर्छ । अन्यथा नयाँ ठाउँ जुगाड गर्न सकिँदैन भन्ने बुझ्नु पर्छ । नगरवासीको आवश्यकतालाई सम्बोधन गर्न सक्ने क्षमताका पुस्तकालय, नाटकघर, नाचघर, आर्ट ग्यालरी, ज्ञान, विज्ञान, संस्कृति अनुकूलका पूर्वाधारतर्फ वास्ता नगरी पोखराको सामर्थ्यले थेग्न नसक्ने, धान्न नसक्ने विकास थोपरेर लोकप्रिय हुन्छु भन्ने गल्ती दोहोऱ्याउनु हुँदैन ।

जनप्रतिनिधिको म सर्वज्ञानी हुँ भन्ने अहंकारले देश, प्रदेश र नगरहरू बर्बाद भएका छन् । उसले यत्ति बुझोस् म सँगमात्र चुनाव जित्ने ज्ञान छ । देश बनाउन, सहर बनाउन सर्वाङ्गीन ज्ञानको आवश्यकता पर्दछ, एउटै व्यक्तिमा सर्वाङ्गीन ज्ञान आर्जन गर्न हजार वर्ष आयु प्राप्त गरे पनि पुग्दैन । जनप्रतिनिधिमा म ज्ञानी होइन भन्ने आत्मबोध भयो भने मात्र ज्ञानका पोया आँफै खल्दै जान्छन् । म जान्दिनँ भन्ने बोध भएपछि मात्र नेतामा जान्नेहरूको खोजी गर्ने चेत खुल्छ । खानेपानी, विद्युत, सडक, वन लगायत यावत, महानगरलाई आवश्यक योजना तर्जुमाका निमित्त तत्तत् विज्ञहरुको खोजी बल्ल हुन्छ । यसर्थ नगर विकासका हरेक पहलुको अवयवमा तत्सम्बन्धी विज्ञता भएका, अध्ययन भएकाहरूको समूह परिचालित गर्न सकियो भने कार्य सम्पादन, योजना छनोट र दीर्घकालीन परिणाम नगरले प्राप्त गर्छ, देशले प्राप्त गर्छ । जस लिने पनि त आखिर नेतृत्वमै रहनेहरूले हो ।

समयसँगै नगरका चाहना, आवश्यकता तथा विज्ञान र प्रविधिले उपलब्ध गराएका नागरिक सेवा, सुविधा र जिम्मेवारीका चरित्र र शैली पनि बदलिँदै जान्छन् । अब हिजोझैँ जनप्रतिनिधि कार्यालयमा बस्ने, नक्सा पास, जन्म मृत्यु दर्ता तोक सिफारिस, उद्घाटन, भोजभतेर, चन्दा, दान दातव्यमा अलमलिन थाल्यो, यिनै काममा रमाइलो मान्न थाल्यो भने नगरलाई सभ्य, सुसंस्कृत, ज्ञान, विज्ञानले भरिपूर्ण, उन्नत शहरको सपना देख्ने योजना बनाउने राष्ट्रिय अन्तर्राष्ट्रिय जानकारहरूसँग उठबस गर्ने, साधन स्रोत जुटाउने फुर्सद उसलाई कहाँ हुन्छ ?

> **"पोखरा नगर, उपमहाननगर, महानगर ३ चरण पार गर्दै बृहत्तर पोखराको चरणमा प्रवेशको सँघारमा उभिएको छ ।**

पोखरा नगर, उपमहाननगर, महानगर ३ चरण पार गर्दै बृहत्तर पोखराको चरणमा प्रवेशको सँघारमा उभिएको छ । यो बृहत्तर पोखराले ३३ वडाको महानगरीय सीमा नाघेर झन्डै वर्तमान गण्डकी प्रदेशको भूगोल समेट्न सक्छ । नजिकै भारतका दिल्ली, मुम्बइ,

कोलकता, चेन्नइ आदिका कुरा छाडिदिऊँ दोयम दर्जाका बैंगलरु, हैदराबाद, अहमदाबाद, लखनउ जस्ता सहरले समेट्ने भूगोल जनसंख्या, लगायतका धेरै इन्डेक्स हाम्रो गण्डकी प्रदेशभन्दा ठूला र भरिपूर्ण छन् । अब हाम्रो पोखरा महानगरको चुनौती भनेको भएका उपलब्धिलाई संरक्षण गर्ने, बिग्रेका संरचनालाई सच्याउने, सुधार गर्ने र आउने बृहत्तर पोखरा महानगरका चुनौतीलाई आत्मसात् गर्दै तिनै तहका सरकार र आवश्यक परे वैदेशिक सदभाव, सहयोग, ऋण जुटाएर पनि अघि बढ्दै जाने हो ।

पोखराको विकास मोडल पोखराकै हुनु पर्छ । पोखराको भूगोल, जलवायु, जमिन तथा संस्कार, सुसंस्कृत सभ्यताको संक्षेप हुनु पर्छ । अंग्रेजहरूले दिल्ली, कोलकता, कराँचीका सहरहरू सुन्दर, हराभरा बनाउन रोपण गरिएका आयातीत रुखहरुले झन् उल्टो परिणाम दिन थालेपछि भारतकी तत्कालीन पर्यावरण मन्त्री मेनका गान्धीले दिल्लीका सबै रुख उखेलेर बर, पीपल, शमी गोलाइँचो आदि स्थानीय रुख लगाएकी थिइन् । कराँची सहरले वेवास्ता गर्दा सहरको जमिन मुनिको पानीको तह सुकेर अब सुधार्नै नसकिने गरी मरुभूमिकरण भइरहेको छ ।

काठमाण्डौंमा राणाहरूले स्थानीय जलवायु, जमिनसँग तालमेल हुन नसक्ने लहरे पीपल, मसला आदिका रुखले जमिनमुनिको पानीको तह तल झर्ने, इनारहरू सुक्ने, साना साना हावाहुरी सहन नसकेर दुर्घटना घटाईराख्ने समस्याले काठमाण्डौं आक्रान्त छ । पोखराका मौलिक सम्पदा चौतारा, बर, पीपल, शमी, कदमका रुखहरुमा बन्चरो चलाएर अशोक, गुलमोहर, काङ्गियो, कपुरमा जान जसरी हामी थालेका छौँ, अब तुरुन्तै पुनर्विचार गर्नु पर्छ ।

कुनै पनि पूर्वाधार, विकास संरचना तथा अन्य हार्डवेयर सफ्टवेयर स्थानीय मर्मको प्रतिकूल मात्र विदेशमा देखेको नमुनाको अन्धानुकरण भयो भने विकास होइन, विनाश सुनिश्चित हुन्छ । पोखराकै हरेक वडाले अन्य वडाभन्दा केही फरक प्रकृतिका बिशेषता बोकेका छन् । उपत्यका बाहिरका पहाड, उपत्यका भित्रका कडा र नरम चुन ढुंगाले बनेको जमिनमाथि निर्माण कार्य गर्दासमेत सोही अनुकूलका भिन्न मोडल हुन सक्छन् । निर्माण सामग्रीहरूमा भार बहन सामर्थ्य फरक हुन सक्छन् । हामीले हाम्रै मौलिकतामा पूर्वाधारका हार्डवेयर, सफ्टवेयरलाई अपनाउनु पर्छ । यही नै दिगो र सामयिक र सुन्दर लोभलाग्दो हुन्छ ।

अनेकौं प्रतिकूलताका बाबजुद महानगर र नेतृत्व पोखराको विकासमा प्रतिबद्ध भएको, संवेदनशील भएको छनक देखिएको छ ।

शुभकामना !

# पोखरा पर्यटनको राजधानी किन ?



वासु त्रिपाठी

जुन ठाउँ जुन कुरामा प्रख्यात छ, त्यसैको नाममा ब्रान्डिङ, पूर्वाधार निर्माण र प्रवर्धन गर्न सकेमात्र अपेक्षित सकारात्मक परिणाम प्राप्त गर्न सकिन्छ । नेपालका सबै जसो प्रदेशमा कुनै न कुनै प्रकारको पर्यटन विकासको सम्भावना भएता पनि पर्यटनलाई अर्थतन्त्रको एक नम्बर प्राथमिकता तोकेको प्रदेश गण्डकी प्रदेश नै हो । आकर्षक स्थान वा मनोरम दृश्यहरूले मात्र खास ठाउँलाई पर्यटकीय गन्तव्य बनाउन सक्तैनन् । आकर्षक स्थान वा मनोरम दृश्य तथा अनुपम संस्कृति, विशेषतामा अन्य केही महत्वपूर्ण पक्ष समावेश भएपछि मात्र पर्यटनको विकास हुन सक्छ ।

सामान्यतया: अंग्रेजीका पाँच वटा एबाट सुरु हुने विशेषता विद्यमान छन् भने त्यो ठाउँलाई पर्यटकीय गन्तव्यको रूपमा परिभाषित गर्न सकिन्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता छ । एट्र्याक्सन वा आकर्षण, एसिसिबलिटी वा आवतजावतको सुविधा, एकोमोडेसन वा आवास र भोजनको

> **पोखरा र गण्डकी प्रदेशमा केही यस्ता अनुपम विशेषता छन् कि ती नेपालमा मात्र नभएर संसारमै अन्त कहीँ छैनन् ।**

व्यवस्था, एमिनिटिज वा पर्यटकलाई आवश्यक पर्ने सुविधाको उपलब्धता र एड्भर्टिजमेन्ट वा प्रचारप्रसार जस्ता विशेषता छन्, भनेमात्र त्यो ठाउँ पर्यटकीय गन्तव्यको रूपमा विकसित हुन सक्छ । पर्यटकीय दृष्टिकोणबाट हेर्दा राजनीतिक सीमा विभाजनलाई मात्र आधार मान्नु व्यवहारिक नहुने भएता पनि पोखरा र गण्डकी प्रदेशलाई सँगै जोडेर हेर्नुपर्ने हुन्छ । त्यसैले त यी दुवैको पर्यटनमार्फत प्राप्त गर्ने समृद्धि यात्रालाई टुगेदर फर टुरिज्म अर्थात् पर्यटनका लागि सँगसँगै भन्ने गरिएको छ । यहाँ कहिलेकाहीँ पोखरा भन्नाले गण्डकी प्रदेशलाई र गण्डकी प्रदेश भन्नाले पोखरालाई पनि बुझ्नुपर्दछ । यसर्थ गण्डकी प्रदेशलाई नेपालको पर्यटनको हबको रूपमा ग्रहण गरी र पोखरालाई पर्यटनको राजधानी घोषणा गर्नु आवश्यक देखिन्छ । तल विश्लेषण गरिएका तथ्यहरूमार्फत यस निष्कर्षलाई पुष्टि गर्ने प्रयास गरिएको छ ।

### » भौगोलिक अवस्थिति

पोखराबाट दक्षिण तर्फको भारतीय सिमाना जम्मा ७८ किमी र उत्तर तर्फको चीनको सिमाना ७२ किमी छ । भूगोलविद् डा.हर्क गुरुङका अनुसार तनहुँको फिरफिरे नेपालको पूर्व-पश्चिमको मध्यबिन्दु हो । भौगोलिक अवस्थितिका दृष्टिले पोखरा नेपालको केन्द्र भागमा पर्ने र सबैलाई पायक पर्ने

**विविधता र अनुपम नै पर्यटकलाई आकर्षण गर्ने दुई मुख्य विशेषता हुन् । यी दुवै पोखरामा पाइन्छ ।**

देखिन्छ । हाल नेपालमा भएका ७ प्रदेशमध्ये गण्डकी प्रदेशबाट पूर्वमा तीन वटा र पश्चिममा ३ वटा प्रदेश पर्छन् भने गण्डकी प्रदेश मध्य भागमा पर्छ । यसको अर्थ नेपालका जुनसुकै स्थानबाट पनि पोखरामा आवजावत गर्न अन्य प्रदेशभन्दा सहज देखिन्छ ।

### » प्राकृतिक सम्पदा

पोखरा र गण्डकी प्रदेशमा केही यस्ता अनुपम विशेषता छन् कि ती नेपालमा मात्र नभएर संसारमै अन्त कहीँ छैनन् । यिनीहरूलाई सुपरलेटिभ टुरिज्म फिचर्स अर्थात् संसारकै उत्कृष्ट पर्यटकीय विशेषता भनेर चिनिन्छ । क)स्विस भूगर्वविद् टोनी हगनका अनुसार समुन्द्री सतहदेखि एक हजार मिटरभन्दा कम उचाइमा रहेर पनि ८००० मिटरभन्दा अग्ला तीन वटा हिमाल यति नजिकबाट देख्न सकिने विश्वकै एकमात्र ठाउँ पोखरा हो । संसारमा भएका ८००० मिटरभन्दा अग्ला जम्मा १४ वटा हिमालमध्ये ८ वटा नेपालमा पर्ने भएता पनि पाँच वटा मित्र राष्ट्र चीनको सिमानामा पर्छन् । तर अन्नपूर्ण प्रथम ८०९१ मिटर, मनासलु ८१६३ मिटर र धौलागिरि ८१६७ मिटर उचाइ भएका तीन वटै हिमाल गण्डकी प्रदेशमा पर्छन् भने यी तीन वटै हिमाल लगायत विश्वका चार अति सुन्दर हिमालभित्र पर्ने कुमारी माछापुच्छ्रे लगायतका अन्य हिमालको



मनमोहक हिम शृखलाको दृश्य पोखराबाट नजिकको दूरीमा देख्न सकिन्छ ।

यतिमात्र होइन, ८ हजार मिटरभन्दा बढी उचाइ भएका १४ वटा हिमालमध्ये सबैभन्दा पहिला सफलतापूर्वक आरोहण गरिएको हिमाल नै अन्नपूर्ण प्रथम हो । सन् १९५० को जुन ३ तारेखमा फ्रान्सका मौरिस हर्जोग नेतृत्वको आरोहण दलले अन्नपूर्णको सफल आरोहण गरेको थियो । त्यसपछि मौरिस हर्जोगले नै दी अन्नपूर्ण भन्ने पुस्तक लेखेर प्रकाशन गरेपछि पोखरा र अन्नपूर्ण पर्यटनका लागि विश्वमा प्रख्यात बन्न पुगेको तथ्य पाइन्छ ।

ख) संसारको सबैभन्दा गहिरो गल्छी: म्याग्दी जिल्लाको साबिक दाना गाविसमा पर्ने कालीगण्डकी गल्छी संसारकै गहिरो गल्छी हो । नीलगिरि र धौलागिरिको बीचमा पर्ने यो गल्छी संसारको सबैभन्दा गहिरो गल्छी बन्न पुगेको छ ।

ग) संसारको सबैभन्दा अग्लो स्थानमा रहेको ताल: समुन्द्र सतहबाट ४९१९ मिटरको उचाइमा रहेको मनाङ जिल्लाको तिलिचो ताल संसारकै सबैभन्दा उच्च भागमा भएको ताल हो ।

घ) अन्नपूर्ण राउन्ड ट्रेक संसारकै उत्कृष्ट १० पदयात्रा मार्गमा पर्दछ भने अन्य थुप्रै छोटा तथा लामा पदयात्रा मार्ग यस प्रदेशमा छन् ।

ङ) संसारकै उत्कृष्ट ५ प्याराग्लाइडिङ स्थानमा पर्ने सराङकोट आसपासको क्षेत्र पोखरामै पर्छ ।

च) विविधता र अनुपमताको गन्तव्य पोखरा: विविधता र अनुपम नै पर्यटकलाई आकर्षण गर्ने दुई मुख्य विशेषता हुन् । यी दुवै पोखरामा पाइन्छ । पोखरालाई तालै तालको सहर, गुफैगुफाको सहर, सेती नदीले बनाएको सहर, मन्दिर, गुम्बा, मस्जिद, चर्च, संग्रहालय आदि एकै ठाउँमा पाइने, र्‍याफ्टिङ, गल्फदेखि प्याराग्लाइडिङ गर्न पाइने यस सहरलाई विविधता र अनुपमताको सहर भनेर संसारमा

चिनिन्छ ।

### » सांस्कृतिक विविधता तथा सम्पदा

क) ६० भन्दा बढी जातजातिका संस्कृति, चालचलन र रीतिरिवाज गण्डकी प्रदेशमा पाइन्छ ।

ख) विश्वमै प्रख्यात मुक्तिनाथ, लोमान्थाङ, मनकामना, गोरखा दरबार, देवघाट, विन्दबासिनी मन्दिर, पुम्दिकोट शिव मन्दिर जस्ता सांस्कृतिक, धार्मिक आकर्षक गन्तव्य पोखरा र गण्डकी प्रदेशमा अवस्थित छन् ।

### » सार्वजनिक पूर्वाधार

पोखरामा निर्माण भई सञ्चालनमा आईसकेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग, मध्यपहाडी राजमार्ग, पोखरा बाग्लुङ राजमार्ग आदि राजमार्ग तथा अन्तर जिल्ला, अन्तर सहर, गाउँ-सहर जोड्ने सडकले गर्दा गण्डकी प्रदेश पूर्वाधारका दृष्टिले सापेक्ष रूपमा विकसित नै देखिन्छ । यस्तै संसारकै सबैभन्दा ठूलो दाबी गरिएको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय, पुम्दिकोटमा निर्माण भएको शिवको मन्दिर लगायतका सार्वजनिक स्वामित्वका पूर्वाधारले पोखरालाई पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेलेका छन् ।

### » निजी पूर्वाधार

पर्यटनको विकासमा सरकार र निजी क्षेत्र एकापसका सहयात्रीको रूपमा अगाडि बढ्नुपर्दछ । दुवैको भूमिका विशिष्ट खालको हुन्छ । सरकारले पर्यटन मैत्री नीति बनाउने तथा सार्वजनिक स्वामित्वका पूर्वाधारहरूको निर्माण गर्ने र निजी क्षेत्रले सरकारले लिएका लक्ष्यलाई टेवा पुग्ने खालका निजी पूर्वाधारको निर्माण गर्ने र मानव संशाधनको विकास एवं देश विदेशमा पर्यटनको प्रचार तथा प्रवर्धन गर्ने काम गर्नुपर्दछ । गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा मात्रै कम्तीमा ५ सय अर्बको लगानी भएको तथ्य सार्वजनिक भएको छ । यहाँका पाँच तारेदेखि पर्यटक स्तरका होटेल, लज, रेस्टुरेन्ट, ट्रायल, ट्रेकिङ एजेन्सी लगायतका



निजी क्षेत्रका सेवा तथा पूर्वाधारका हिसाबले पनि पोखरालाई पर्यटनको राजधानी घोषणा गर्नु आवश्यक देखिन्छ ।

### » कनेक्टिीभिटी

पर्यटनको विकास मुख्यतः सहज, सुलभ र सुरक्षित रूपमा आवतजावत गर्ने अवस्थासँग सम्बन्धित हुन्छ । नेपालको यातायात क्षेत्रको बारेमा सुधार गर्नुपर्ने थुप्रै कुरा हुँदाहुँदै पनि पोखराको कनेक्टिीभिटी नेपालका अन्य क्षेत्रभन्दा अब्बल र व्यापक नै देखिन्छ । नेपालको पूर्वदेखि पश्चिमका मुख्य सीमावर्ती सहरहरू, देशका अन्य व्यापारिक सहरसँग नियमित सडक यातायात सेवा सञ्चालित भएका छन् । पोखरा-काठमाडौँ, पोखरा-चितवन, पोखरा-सुनौली लगायतका सहरसँग नियमित स्तरीय पर्यटक सवारी सञ्चालनमा छन् । नेपालको एकमात्र पर्यटक बसपार्क पोखरामा हुनु पनि सकारात्मक पक्ष भएको छ । यस्तै, पोखराबाट काठमाडौँ र जोमसोममा सीमित हवाई सेवा पोखराबाट भद्रपुर, सिमरा, जनकपुर, भरतपुर, भैरहवा, नेपालगञ्जसम्म नियमित भइसकेको छ भने अन्तर्राष्ट्रिय उडानको पनि तयारी भइरहेको छ । नेपालका अन्य ६ वटै प्रदेशसँगै नियमित हवाई सेवा सञ्चालन गर्ने लक्ष्य पोखरा महानगरपालिका तथा गण्डकी प्रदेशले लिएका छन् ।

### » पर्यटकको रोजाइका गन्तव्य

नेपालभित्रका लागि मात्र नभई, छिमेकी मित्र राष्ट्रहरू, एसिया र विश्वकै साधारणदेखि विशेष रुचि राख्ने पर्यटकका लागि पोखरा प्रमुख रोजाइको गन्तव्य देखिन्छ । सामान्यतया भ्रमणको उद्देश्यका दृष्टिले पर्यटक दुई प्रकारका हुन्छन्: सामान्य उद्देश्य पर्यटक र विशेष वा सीमित उद्देश्य पर्यटक। पहिलो वर्गमा पर्ने गन्तव्यमा बढी पर्यटक आउँछन् भने दोस्रो वर्गका गन्तव्यमा जाने पर्यटकको संख्या सीमित हुन्छ । पोखरा दुवै थरी पर्यटकको रोजाइको गन्तव्य हुनुका नाताले यो सबै प्रकारका पर्यटकका लागि उपयुक्त गन्तव्य बन्न पुगेको छ । यसै कारणले गर्दा पोखरालाई सबै मौसमका लागि भनेर पनि परिभाषित गरिएको पाइन्छ ।

### » पर्यटकीय गतिविधि

सायद संसारमै पोखरामात्र एक ठाउँ होला यति धेरै पर्यटकीय गतिविधि एकै ठाउँमा गर्न सकियोस् र विभिन्न उमेर समूहका, विभिन्न चाहना भएका पहुनालाई सन्तुष्ट बनाउन सकियोस् । यहाँ पर्यटकका लागि के छ भन्दा पनि के छैन भनेर सोध्नुपर्ने अवस्था छ ।

### » हवाई खेलको केन्द्र

पोखरामा प्याराग्लाइडिङ, अल्ट्रालाइट, जिपलाइन, बन्जी जम्प, माउन्टेन फ्लाइट, हेलिसाइट सिन, स्काइ ड्राइभिङ, हट एअर बेलुन लगायतका हवाइ खेलको उपलब्धताले गर्दा पोखरा नरम खालका हवाई साहसिक गतिविधिको हब बनिसकेको छ ।

> “पोखरा र गण्डकी प्रदेशमा केही यस्ता अनुपम विशेषता छन् कि ती नेपालमा मात्र नभएर संसारमै अन्त कहीँ छैनन्

### » पदयात्राको अनुपम गन्तव्य

दृश्यावलोकनका साथसाथै पोखराको वरिपरि र गण्डकी प्रदेशमा एक दिनदेखि दुई हप्तासम्ममा पदयात्रा गर्न सकिने विश्वमा ख्याति कमाएका पदमार्ग सञ्चालन र

उपयोगमा छन् ।

» **र्‍याफ्टिङको केन्द्र**

पोखरा वरिपरिका हिम नदीमा डेढ घण्टादेखि ३ दिनसम्मका र्‍याफ्टिङ, कायाकिङ, क्यानोनिङ आदि जल विहार गर्न पाइन्छ ।

» **ब्रान्डिङ**

पोखरालाई आधिकारिक रूपमा आम सहमति हुने गरी ब्रान्डिङ भई नसकेको भए तापनि पर्यटक तथा पर्यटन साहित्यका पारखीले विभिन्न रूपले ब्रान्डिङ गरेको देखिन्छ । जस्तैः पृथ्वीको स्वर्ग पोखरा, पोखराः विशुद्ध र पूर्ण, प्याराडाइज पोखरा, ग्लोरियस पोखरा आदि नामले ब्रान्डिङ गर्ने प्रयास भएका छन् । यी सबैले पोखरालाई अनुपम पर्यटकीय गन्तव्यको रूपमा चिनाउन सहयोग गरेका छन् ।

» **पर्यटन साहित्य**

पोखरा र मुक्ति क्षेत्रको भ्रमण गरेका वा यहीँ जन्मेका हालसम्मका पर्यटक, लेखक तथा साहित्यकारमध्ये कसैले पनि यस क्षेत्रको प्रशंसा नगरेको पाइँदैन । सन् १८९९ मा पोखरा हुँदै तिब्बत पुगेका भिक्षु इकाई कावा गुनीले पोखराबाट देखेको दृश्यलाई आफ्ना जीवनमा देखेको सबैभन्दा बढी मन लोभ्याउने दृश्य भनेका छन् । मदन पुरस्कार विजेता तथा साहित्यकार मुकुन्दशरण उपाध्यायले प्रकृत पोखरा भन्ने पुस्तकमा पोखराका प्राकृतिक छटाहरूको बारेमा प्रशस्त व्याख्या गर्नु भएको छ ।

पर्यटन साहित्य लेखक प्रकाश एराजले पर्यटकको प्रतिक्रियालाई समेट्दै भनेका छन् कि यदि तपाईँ पोखरा जानु भएन भने सम्झनुहोस् कि तपाईँ नेपाल नै जानु भएन । तत्कालीन भारतीय परराष्ट्र मन्त्री सुष्मा स्वराजले सार्कका परराष्ट्र मन्त्रीहरूको शिखर





सम्मेलनमा पोखरा आउँदा पोखरालाई भगवानले फुर्सदमा रचना गरेको सुन्दर सहर भनेर व्याख्या गरेकी थिइन् । यस्तै लोन्ली प्लानेट लगायतका गाइड बुकले पोखरा र अन्नपूर्ण क्षेत्रको निकै सकारात्मक व्याख्या गरेका छन् । हरिदेवी कोइराला, धर्मराज थापा तथा विभिन्न कलाकारले गीत आदिमा पोखराको सुन्दरता र अनुपम छटाको प्रचूर व्याख्या गरेका छन् ।

**» स्थानीय तथा प्रदेश सरकारको प्राथमिकता**

संस्थापक मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ नेतृत्वको गण्डकी प्रदेश सरकारले यो प्रदेशका मुख्य पाँच क्षेत्रलाई विकासका आधार मानेको थियो जस अनुसार क्रमशः पर्यटन, कृषि, ऊर्जा, उद्योग तथा पूर्वाधार निर्माण थिए । उक्त सरकारले पोखरालाई पर्यटनको राजधानी घोषणा गर्न केन्द्र सरकारलाई अनुरोधसमेत गरेको थियो । त्यस्तै नवनिर्वाचित मेयर धनराज आचार्य नेतृत्वको पोखरा महानगरपालिकाले आफ्ना तर्फबाट निर्णय गरेर पोखरालाई पर्यटनको राजधानी घोषणा गर्न संघ सरकारलाई औपचारिक रूपमा अनुरोध नै गरेको छ ।

प्रकृतिले पोखरा र गण्डकी प्रदेशलाई वरदानको रूपमा दिएका अनुपम आकर्षक पर्यटकीय रत्नहरूको पहिचान गरी बेलैमा संरक्षण, संवर्धन र विकास गरी व्यापक रूपमा प्रवर्द्धन पनि गर्नु परेको छ । नेपालका अन्य प्रदेश तथा स्थानलाई विभिन्न विषयका केन्द्र, हब वा राजधानीको रूपमा विकास गरेमा हाम्रो सहयोग नै रहन्छ र प्रवर्धनमा आवश्यक प्रयास गर्नुपर्दछ, तर पोखरालाई पर्यटनको राजधानी घोषणा गर्न सबैको तर्फबाट सहयोग र उदारता प्रदर्शन गर्नुपर्ने देखिन्छ ।

अतः यति धेरै पर्यटकीय अनुकूलता, विशेषता र आकर्षण नेपालमा त के विश्वका कुनै पनि स्थानमा पाउन असम्भव प्रायः छ । पोखरालाई पर्यटनको राजधानी घोषणा गर्न योभन्दा बढी प्रमाण तथा तथ्यको खोजी गर्नुपर्छ जस्तो लाग्दैन । अब कुनै पनि शब्दको बहस तथा विवादमा नअल्झी पोखरा महानगरपालिका तथा गण्डकी प्रदेश सरकारले अनुरोध गरे बमोजिम पोखरालाई पर्यटनको राजधानी घोषणा गर्नुपर्ने देखिन्छ ।

# रुपान्तरणतर्फ अग्रसर पोखरा



आनन्दराज मुल्मी

कास्कीका अन्तिम राजा सिद्धनारायण शाहले भूगोलमा देखिने उपत्यकालाई एउटा राम्रो सहरको परिकल्पना गरेर होला, त्यसताका आफ्ना समकालीन मित्र भक्तपुरका राजा रणजित मल्ललाई आग्रह गरेर राम्रा, खप्पिस शिल्पकार, व्यापारी र अन्य कर्मीको समूहलाई कास्कीमा पठाईदिन अनुरोध गरे । सोही अनुरुप १५० जनाको समूह (अधिकांश भक्तपुर, केही ललितपुरका र केही काठमाण्डौं) का आएर २६ कुरिया लगायत ८ वर्ग किमी क्षेत्रमा बसोबास गराएपश्चात पोखरा सहरको जग बसेको थियो । यो आजभन्दा २७० वर्षअगाडि वि.स १८०९ को कुरा हो ।

काठमाण्डौ उपत्यकामा मल्ल राजाहरुको पराजयपछि विसं. १८२६ मा ७ सय जनाको ठूलै समुह पोखरा आएको इतिहासविद्हरुले उल्लेख गरेका छन् । वि.स २००८ मा ३७५५ जना रहेको पोखरा बजारको जनसंख्या २०२९ सालमा २० हजार ६ सय पुग्यो । २०७९ साल आउदासम्म ५

> **अब २० वर्षपछि पोखरालाई कस्तो सहरका रुपमा रुपान्तरण गर्ने भन्ने विषयमा विचारविमर्श, छलफल र दृष्टिकोण बनाउनु जरुरी छ**

लाख १८ हजार जना रहेको देखाइएको छ । २७० वर्षको इतिहास रहेको पोखरा पारिवारिक शासन प्रणाली अन्तर्गत रहेको बन्द समाज, सबै खाले अधिकारबाट बञ्चित बाहिरका लागि अन्जान ठाँउ, छिमेकका केही गाँउबाहेक अरुसँग सम्बन्ध नभएकाले त्यस अवधिमा भएका घटना, अभिलेख, दस्तावेज धेरै कुरा थाहा पाउन नसकिएको अवस्था छ । तर, वि.सं. १९५६ मा जापनका बौद्ध भिक्षु एंव विद्धान् कावागुची तिब्बततर्फ जाने क्रममा पोखरामा १-२ रात बसेको वर्णन गरेको पाउँछौं ।

त्यसपछि १९९५ मा पहिलो भिक्षुका रुपमा भारतका महापद पोखरा आएर केही दिन बसेको लेखिएको पाइन्छ । राणाकालीन समयमा आन्तरिक झैझगडाका कारणले शासक पक्षसँग असहमत राणा भाइभारदारलाई काठमाण्डौंबाट निकाला गरी पठाउने प्रथा सुरु गरेपछि पोखरामा गतिविधि बढेको पाइन्छ । त्यही क्रममा वि.स १९७० मा बर्बरशमशेरले आफ्नै खर्चमा प्रर्स्याङ धारापानीमा पानी ट्याङ्की निर्माण गरी पोखराका १२ स्थानमा सार्वजनिक धारो जडान गरी पानीको सहज आपूर्ति गरिदिएका थिए । त्यपछि वि.स २०१४ देखि भोटेखोला, मर्दिखोला र विजयपुर खोलाको पानी पोखरामा आपूर्ति हुँदै आएको छ ।

१९६८ देखि नै प्रारम्भिक अध्ययन गर्ने पाठशाला सुरुवात भएपछि पोखरामा शैक्षिक जागरण सुरु भएको थियो । आज विश्वसिवद्यालय स्तरका विविध विषय अध्यपान गर्ने ठाँउको रुपमा पोखरा विकसित भइसकेको छ । सरकारी विद्यालय, महाविद्यालयबाहेक निजी रुपमा सञ्चालनमा रहेका सयौं विद्यालयसहित थुप्रै महाविद्यालय सक्रिय भएको पाइन्छ । त्यसरी नै एक, दुई जना वैद्य ल्याएर सुरु भएको स्वास्थ्य सेवा पोखराभित्र ठूला सरकारी अस्पतालसँगै निजी क्षेत्रबाट सञ्चालित थुप्रै अस्पतालले सेवा प्रदान गरिरहेका छन् । आधुनिक अस्पतालको सुरुवात विदेशी संस्था आइएनएफले टुँडीखेलमा स्टिलका भवन निर्माण गरी भएको थियो । त्यस संस्थाले अझै पनि हरियोखर्कमा सुविधा सम्पन्न अस्पतालमार्फत सेवा दिइरहेको छ ।

त्यसताका पोखरामात्र होइन, नेपालभर नै आवतजावत गर्न पैदल नै हिडेर जानुपर्ने अवस्था थियो । स्वाभाविक रुपमा पोखरा आउन र अन्यत्र कतै जान पैदल वा घोडाको प्रयोग हुने र सामान ढुवानी गर्न मानिस वा खच्चड, गघालाई उपभोग गरिन्थ्यो । वि.स २००८ सालमा पहिलो पटक घारीपाटनको खरबारी र काँडाघारी रहेको पुरानो विमानस्थलमा विमान ओर्लिएर हवाई सेवामा सुरुवात भएको थियो । नियमित विमान सेवाका लागि ४/५ वर्ष पर्खनु पर्‍यो । वि.स २०१३/१४ सालबाट पोखरा काठमाण्डौं पोखरा भैरहवा नियमित विमान सेवा चलेपछि मानिसको आवतजावत र सामानसमेत ल्याउन सहज भएको थियो । अन्यथा काठमाण्डौं पुग्न ६, ७ दिन, बुटवल पुग्न ४, ५ दिन, बाग्लुङ पुग्न १, डेढ दिन, तानसेन पुग्न ३, ४ दिन लाग्ने गर्दथ्यो ।

जहाज चलेपछि पहिलो पटक सरकारी जिप पनि जहाजबाट ल्याएर पोखरामा गुड्न थालेको हो । सो जिप आएपछि सरकारी कर्मचारीले माटो सम्याएर बाटो बनाएका थिए । २०१७ सालमा बेलायतकी रानी एलिजावेथले पहिलो विदेशी राष्ट्राध्यक्षको रुपमा पोखरा भ्रमण गरी त्यहि जिप चढ्र फेवातालको किनारमा रहेको रत्न मन्दिरसम्म गएकी थिइन् । त्यसपछि फूलबारी ब्यारेकका सैनिकले रानीपौवा सैनिक ब्यारेकबाट कुँडहर, बाझाँपाटन, विजयपुर, कन्धनी डाँडा, अर्घौं हुँदै राजाको चौतारासम्म सडक बनाएका थिए । वि.सं. २०१९/२० मा पोखरालाई भारतीय सिमाना सुनौलीसम्म जोड्न वर्तमान सिद्धार्थ राजमार्ग निर्माण सुरु गरेर पोखरालाई अन्तर्राष्ट्रिय सम्बन्ध राख्ने बाटो खोलिदिएको हो । त्यसपछि पोखरा

उपत्यकाभित्र पनि सडक निर्माण गर्न अपिभयान सुरु भयो । २०२७ मा पोखरा काठमाण्डौं जोड्ने बाटो चिनियाँ सरकारको सहयोगमा निर्माण सुरु गरेपछि नेपालको राजधानी काठमाण्डौंसंग जोडिने बाटो खुलेको हो ।

पोखरालाई सबैभन्दा ठुलो व्यापारिक केन्द्रका रुपमा स्थापित गर्न यी दुई राजमार्ग र हवाई सेवाले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । आज पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसँगै विश्व बजारसँग प्रत्यक्ष सम्पर्क र सम्बन्ध राख्ने अवसर मिलेको छ । सुरुमा उल्लेख भएकै सिद्धीनारायण शाहले पोखरालाई व्यापारिक सहरको परिकल्पना गरेर भक्तपुर, ललितपुरबाट नेवार थरका व्यापारी, शिल्पकार ल्याएका थिए । त्यसै अनुरुप पोखरालाई आजको रुपसम्म लैजान एउटा आधार शिला बनेको हो । २६ कुरिया भित्र बसोबास गर्नेहरु अधिकांश तामा, पित्तल, काँस, सुनचाँदी, काठ, कपडा लगायत सामान उत्पादन गने शिपालु कालिगढ थिए ।

अहिलेको पोखरा ३ तेर्सापट्टीमा पहिले सबै किसिमका भाँडाकुँडा उत्पादन गर्ने थलो नै बनेको थियो । २६ कुरियाभित्र बसोबास गरेका अधिकांश मातृशक्तिले घरमा रहेको तानबाट कपडा बुन्ने गर्दथे । ती कपडामा थरि थरिका बुट्टा हाल्ने, आवश्यकता अनुसार लुगा सिलाउने काम पनि गरेको पाइन्छ । समय बित्दै गएपछि माग बढ्न थाल्यो । आफ्नै उत्पादनले परिपूर्ति गर्न नपुगेपछि अरु सहरबाट सामान ल्याउने काम थालिनी भयो । वरिपरिको क्षेत्रमा पाइने बाँस, निगालोबाट डाली, डोको, ढकी, स्याखु, छपरी, गुन्द्री, मान्द्रो आदि घरायसी वस्तुको उत्पादन गरेको पाइन्छ । स्थानीय वन, जंगलमा पाइने सामग्रीबाट कागज र मसी बनाउने चलन अनि बासकै कलम बनाएर लेख्ने प्रथा पनि विद्यमान थियो । २००७ सालको क्रान्तिपछि पोखराका युवा पनि पोखराभन्दा बाहिर गएर जान्ने, बुझ्ने प्रयास गर्न थाले । फलस्वरुप व्यवसाय गर्ने ढाँचामा परिवर्तन आउन थालेको महसुस भयो । पढ्न र लेख्न सिक्नुपर्छ भन्ने मानसिकताको विकास चेतनायुक्त समाजको निर्माण अनि नयाँ कुराको माग गर्न थालेको पाइन्छ । यो सहरमा बिजुली बाल्न थालेको ६० वर्षमात्र भएको छ । रेडियो र पत्रिका पढ्न थालेको ७० वर्षमात्रै भएको छ ।

> **मौलिक उत्पादनसहित जीवन्त पोखरा बनाउनु अहिलेको आवश्यकता हो ।**

बस चढेर यात्रा गर्न थालेको ५५/५६ वर्ष भयो । त्यसैले आधुनिक पोखराको रुपान्तरण सुरु भएको धेरै भएको छैन । ठूलो कारखानाको रुपमा सलाई कम्पनी खोलिएको लगभग ६२ वर्षमात्रै भएको छ । ससाना धान कुट्ने, काठ चिर्ने, तोरी पेल्ने मिल र आफ्नै जेनेरेटर ल्याएर कुटानीपिसानी गरेको पाइन्छ । पहिलो सिनेमा हल खुलेको झण्डै ७७ वर्ष भयो । जनेरेटरबाट नै ती हल चल्थे । चीनले तिब्बत आफ्ना अधिनमा ल्याएपछि धेरै तिब्बतियन शरणार्थीको रुपमा नेपाल आए । त्यसमध्ये अधिकांश पोखराका ३ ठाँउमा राखिएका थिए । पश्चिमा मुलुकबाट आएका केही व्यक्तिले जानेको सीप कौशललाई सहयोग गरी तानवाला

गलैचा बनाउन मद्दत गरे । फलस्वरुप पोखरा गलैचा उत्पादनसँगै युरोपमा निर्यातमा गर्ने सहरको रुपमा स्थापित भयो । कास्कीको उपल्लो भेगमा भेडाका उनको राडी, पाखी, काम्लो बुन्ने काम हुन्थ्यो । त्यसको ठूलो बजार केन्द्र पोखरा सहर नै थियो । तर, यस्ता मौलिक उत्पादनको माग पनि कम हुँदै गएको र उत्पादनसमेत गर्न उत्साहित नभएको अवस्था विद्यमान छ । मौलिक उत्पादनसहित जीवन्त पोखरा बनाउनु अहिलेको आवश्यकता हो ।

पोखरा पर्यटकिय सहरको रुपमा चिनिन थालेको झण्डै ६० वर्ष हुन लागेको छ । ७५ वर्षअघि सुरु भएको हिमाल चढ्ने अभियानले पोखरालाई केन्द्रको रुपमा स्थापित गर्‍यो । त्यसपछि क्रमशः घुम्ने, पहाड चढ्न इच्छुकहरु बढ्न थाले । स्विस प्राकृतिक अन्वेषक टोनी हेगन, जापनीज नागरिक काजुमी लगायत विभिन्न इतिहासकारले पोखरा र आसपासको भौगोलिक र सामाजिक अवस्थालाई वर्णन गरी प्रकाशित भएका पुस्तक, लेख, रचनाले पोखरालाई चिनाउन मद्दत गरेको पाइन्छ । स्विस नागरिक वार्करको परिकल्पनाले निर्माण भएको नेपालको पहिलो रिसोर्ट फिस्टेल लजले निकै मानिसलाई आकर्षण गर्‍यो । ब्रिटिस कर्णेल जिम्मी कार्टरले पोखरालाई आधार मानेर छोटो दूरीका पदयात्रा गर्ने ठाउँहरुको पहिचान, यहाँ पाइने कालिज, डाँफे लगायत सयौं चराचुरङ्गी लगायत सयौं प्रजातिका वनस्पति, फूल, विरुवाबारे व्यापक प्रचारप्रसार र प्रवर्द्धन गरेर पोखरालाई घुम्नुपर्ने सहरको रुपमा स्थापित गरेका हुन् ।

यसरी पोखेराको पहिचान पर्यटकीय सहरको भए पनि अझै संघीय सरकारले प्रदेश सरकार र पोखरा महानगरपालिकाले सिफारिस गरेको पर्यटन सहरको रुपमा घोषणा गर्न ढिलाई गरिरहेको छ । अब त अन्तर्राष्ट्रिय पहुँच राख्न सक्ने हैसियत पनि पोखराले बनाइसकेको छ । पर्यटकलाई दृष्टिगत गर्दै सयौं स्तरीय कोठासहितका होटल यहाँ छन् । विभिन्न परिकार पस्कन सक्ने थुप्रै स्तरीय रेष्टुराहरुले सेवा प्रदान गरिरहेका छन् । पर्यटक घुम्नका लागि आवश्यक सूचना, सरसमान, टिकेटिङ, गाडी वयवस्था, पथप्रदर्शक सबै बन्दोबस्त मिलाउने सामर्थ्य पोखराले राखिसकेको छ । साहसिक खेलमा समावेस हुन चाहनेहरुका लागि थरिथरिका खेल यहाँ उपलब्ध छन् ।

पोखरालाई कस्तो सहरको रुपमा अगाडि लैजाने भन्ने कुरा अहमं भएको छ । अब २० वर्षपछि पोखरालाई कस्तो सहरका रुपमा रुपान्तरण गर्ने भन्ने विषयमा विचार, विमर्श, छलफल र दृष्टिकोण राख्नु नै प्रमुख कुरा हो । हाम्रो भौगोलिक स्थितिका कारणले पोखराको प्राकृतिक रमणीय बनोटका कारणले ठूला उत्पादन गर्ने व्यवसायीको तुलनामा उच्च मूल्य अभिवृद्धि हुने सेवासम्बन्धी प्रतिष्ठानहरु तुलनात्मक रुपले लाभको क्षेत्र हुन सक्छन् । मौलिक रुपमा बन्ने सामग्री, वनस्पति साथै उच्च मूल्यका कृषि उत्पादकले बढी लाभ प्राप्त गर्न सक्नेछन् । उच्च मूल्यका स्वास्थ्य तथा शिक्षाका अवसर प्रदान गर्न सक्ने अर्को महत्वपूर्ण क्षेत्र पोखरा बन्नेछ । तसर्थ यस क्षेत्रमा व्यावसायीक लगानीलाई सहज र आकर्षक वातावरण बनाउनेतर्फ पोखरा महानगरपालिका लागिरहेको छ । अहिले आर्थिक दिगोपनले नै सबै किसिमको स्थायित्व प्रदान गर्न सघाएको छ । पोखरा पनि आर्थिक रुपमा बढी चलायमान बनाउन व्यावसायीक प्रतिष्ठानहरु स्थापना गरी रोजगारीका अवसर सृजना गर्न र लगानीको आयामलाई बढाउन हामी सबैको सामूहिक प्रयासको खाँचो छ । पोखरा महानगरपालिका यी सबै समन्वय गर्न सक्ने हैसियत भएको संस्था हो । पोखराको सुन्दर भविष्यबारे सबैले चिन्तन गर्न जरुरी छ ।

# खेल पर्यटनको





**दीपक परियार**

बुल्गेरियाकी यु १८ टेनिस खेलाडी भिक्टोरियाले नेपालबारे कमै सुनेकी थिइन् । एसियाली देश उनले टेकेकै थिइनन् । अन्तर्राष्ट्रिय टेनिस महासंघ (आइटिएफ)ले वर्ल्ड टेनिस टुरअन्तर्गत पोखरामा वर्ल्ड र्‍याङ्किङ यु १८ च्याम्पियनसिप आयोजना गर्ने सूचना निकाल्यो । पोखराको नाम सुनेर उनी उत्साहित भइन् । इन्टरनेटमा खोजिन् । हिमाल, तालका बारेमा पढेर उनी पोखरा आउन लोभिइन् ।

उनी आफ्नी आमा इभगेनिया र ठूलीआमा एन्टोआनेटासँग टेनिस खेल्न पोखरा आइन् । ग्रेड ५ स्तरीय प्रतियोगिताको सर्किट वानमा महिला सिंगलतर्फ उनी दोस्रो भइन् । खेलले उनलाई खुसी दियो नै, सँगसँगै यहाँको प्राकृतिक दृश्य, खाना

# हब पोखरा



“

**पोखरामा खेल पर्यटनको विकास गर्ने श्रेय साहसिक खेललाई जान्छ। प्याराग्लाइडिङको सुरुआतसँगै पोखरामा साहसिक पर्यटनले फड्को मार्‍यो।**

र आतिथ्ययताले उनलाई फुरुङ बनायो । यसअघि युरोपका विभिन्न देशमा टेनिस खेल्न पुग्दा पोखराको जस्तो आत्मीयता नपाएको अनुभव उनले सुनाइन् । 'युरोपका मानिस यहाँका जस्तो दयालु छैनन्,' उनले भनिन्, 'खेल्नकै लागि अर्कोपल्ट फेरि पोखरा आउँछु ।' पोखरामा रहँदा उनले टेनिसमात्रै खेलिनन्, अन्य साहसिक गतिविधिमा पनि संलग्न भइन् । जिप फ्लायर चढिन् । फेवातालमा बोटिङ गरिन् । हाइकिङ गरेर शान्ति स्तूप पुगिन् ।

बुल्गेरियामा ट्राभल एजेन्टको रूपमा काम गर्ने उनकी ठूलीआमा एन्टोआनेटा पोखराको आतिथ्यतादेखि प्रभावित छिन् । 'यहाँका हिमालय, पर्वतका बारेमा सुनेकी थिएँ,' उनले भनिन्, 'ताल, मन्दिर, खाना र यहाँका स्थानीयको व्यवहारले झनै लोभ्यायो ।' आफ्ना देश फर्किएपछि अन्यलाई पनि पोखरा घुम्न सिफारिस गर्ने उनी बताउँछिन् ।

हङकङका यु १८ टेनिस खेलाडी काइल ट्याङ आफ्ना स्पेनी प्रशिक्षक एगेलससँग पोखरा आए । सर्किट वान र टु गरी दुई हप्ता पोखरा बसे । खेलबाहेकको समय उनीहरूले घुमघाममा बिताए । फेवाताल, सराङकोट, शान्ति स्तूप लगायतका स्थानले उनीहरूको मन जिते । प्रशिक्षक एगेलसले

काठमाडौँमा आफ्ना साथीको सिफारिसमा टेनिस खेल्न पोखरा रोजेको बताए । उनलाई पोखराको टेनिस कोर्ट पनि मन पर्‍यो ।

'दुई दिन पानी पर्दा पनि कोर्ट बिग्रिएन,' प्ले कोर्टतर्फ देखाउँदै उनले भने, 'पानी पर्न रोकिएको दुई घण्टामै खेल्न मिल्नु यहाँको विशेषता हो ।' हिमालअघि टेनिस खेल्न पाउनु विश्वभरका खेलाडीलाई अवसर भएको उनी थप्छन् ।

कास्की जिल्ला लन टेनिस संघको संयोजनमा बर्सेनी हुने आइटिएफ यु १८ टेनिस च्याम्पियनसिप पोखरामा दुई साता चल्छ । प्रतियोगितामा खेल्न झन्डै २० देशका दुई सयभन्दा बढी खेलाडी पोखरा आउँछन् । उनीहरूका परिवार र प्रशिक्षकसमेत गर्दा टेनिससँग सम्बन्धित झन्डै ५ सय विदेशी पाहुना पोखरामा अडिन्छन् । चीन, इन्डिया, ताइवान, श्रीलंका, अमेरिका, बुल्गेरिया, फिलिपिन्स, मलेसिया, थाइल्यान्ड, हङकङ, जर्मनी, दक्षिण कोरिया, अस्ट्रिया, सिंगापुर, नेदरल्यान्ड्स लगायत देशका खेलाडी टेनिसमा सहभागी हुन्छन् ।

कास्की जिल्ला लनटेनिस संघका अध्यक्ष लोकबहादुर गुरुङ धेरै विदेशी खेलाडी नेपाल भित्र्याउने खेलमध्ये टेनिस अग्रस्थानमा पर्ने बताउँछन् । 'पोखराको खेल पर्यटनमा टेनिसको महत्व छुट्टै छ,' उनी भन्छन्, 'यसले पोखरालाई विदेशी खेलाडीको गन्तव्यको रूपमा विकास गर्ने ढोका खुलेको छ ।' उनका अनुसार खेल अवधिभर एक जना भारतीय खेलाडीको सरदर खर्च ५ लाख रुपैयाँसम्म हुन्छ ।

चिनियाँ खेलाडीले ८ लाख र अन्य देशका खेलाडीले १० लाख रुपैयाँसम्म खर्च गर्छन् । महँगो खेल मध्यमा पर्ने टेनिसका खेलाडीले गर्ने खर्च पनि धेरै हुन्छ । संघका पूर्व अध्यक्ष दोर्जे लामा अन्तर्राष्ट्रिय स्तरको खेल भित्र्याउन सक्नुले पोखरालाई 'स्पोर्ट्स टुरिजम'को हबको रूपमा विकास गरेको बताउँछन् । 'यत्तिका विदेशी खेलाडी आउँदा फेसबुक, इन्स्टाग्राम लगायतबाट प्रचारप्रसार भइरहेको छ,' उनी भन्छन्, 'सरकारको साथ हुने हो भने अझैं धेरै विदेशी खेलाडी ल्याउने गरी प्रतियोगिता गर्न सकिन्छ ।'

**आकर्षक मैदान, भव्य संरचना**

चप्पल लगाएर डुङ्गे मैदानमा ब्याट घुमाउँदै गरेका









खेलाडी । पृष्ठभूमिमा खुलेको माछापुच्छ्रे । पोखराका फोटो पत्रकार सुदर्शन रञ्जितले क्यामरामा कैद गरिहाले । उनको तस्बिर ०६५ मंसिरमा एक राष्ट्रिय दैनिकमा छापियो । फोटो देखेपछि क्रिकेट संघ (क्यान) ले सक्कली फोटो मागेर आइसिसीलाई उपलब्ध गरायो । आइसिसीले उक्त फोटोलाई सन् २००७ को 'फोटो अफ दी इयर' बाट पुरस्कृत गर्‍यो । एसियाली स्तरको उक्त अवार्ड पोखराको फोटोले जितेपछि क्रिकेट स्टेडियम बनाउने बहसको थालनी भयो ।

क्रिकेट मैदानको पिचमाथि उभिएर ब्याटिङ गर्दा होस् या उफ्रिएर भलिबलको सट प्रहार गर्दा, उत्तरतिर लस्करै उभिएका हिमाल खेलाडीको आँखामै ठोक्किन आईपुग्छन् । पोखरा प्रिमियर लिग (पिपिएल) मा केहीको चर्चा भएको थियो भने त्यो हो मैदानको । उम्रेको हिमाल पृष्ठभूमिमा राखेर खिचिएको मैदानको तस्बिर भाइरल नै बन्यो । उसैगरी १६ हजार ५ सय सिट क्षमताको फुटबल स्टेडियमले पनि चौतर्फी चर्चा बटुल्यो । नवनिर्मित भव्य स्टेडियममा बसेर फुटबल हेर्नुको मज्जा दर्शकले भरपुर लिन्छन् ।

क्षेत्रफलको हिसाबले देशकै ठूलो पोखरा रंगशालाभित्र यी संरचना छन् । वर्षैभरि हुने विभिन्न खेलकुद गतिविधिले पोखरालाई खेलकुदको राजधानीका रूपमा चिनाएका छन् । खेलकुदका ठूल्ठूला प्रतियोगिता आयोजकको रोजाइ पोखरा बन्न थालेको छ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी पोखरालाई पर्यटनको मात्र नभई खेलकुदको राजधानीसमेत बनाउन सकिने बताउँछन् । त्यसका लागि अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिता गर्न सक्ने किसिमले पूर्वाधार विकास गर्नुपर्ने उनको धारणा छ । 'खेलाडी र निजी क्षेत्रको प्रयासमा मात्रै पनि खेल क्षेत्रमा राम्रो उपलब्धि हासिल भएको छ,' उनी भन्छन्, 'पूर्वाधार एवं आवश्यक वातावरण निर्माण गर्ने जिम्मेवारी राज्यको हो ।'

क्विन्स् इभेन्ट्स म्यानेजमेन्टका प्रबन्ध निर्देशक चुम्बी लामाले पोखरामा अन्तर्राष्ट्रिय प्रतियोगिता पनि हुन सक्ने सम्भावना औँल्याए । 'माछापुच्छ्रे र अन्नपूर्ण हिमशृंखलालाई पृष्ठभूमि राखेर क्रिकेट खेल्न पाउनु चानचुने कुरा होइन,' उनी भन्छन्, 'प्रकृतिको वरदान रहेको पोखरामा पर्यटनसँग




**युरोपका मानिस यहाँका जस्तो दयालु छैनन् । खेल्नकै लागि अर्कोपल्ट फेरि पोखरा आउँछु ।**

**भिक्टोरिया**
**टेनिस खेलाडी**
**बुल्गेरिया**

खेललाई जोड्न सकिन्छ । हरेक वर्ष अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिता गर्न सके यहाँको सुन्दरता देश विदेशसम्म पुग्छ ।'

क्रिकेट संघ (क्यान) कास्की अध्यक्ष सञ्जयकान्त सिग्देलका अनुसार क्रिकेटका दुई चिरपरिचित प्रतिद्वन्द्वी भारत र पाकिस्तान 'न्युट्रल भेन्यु को खोजी गर्दै दुबई, मलेसिया, सिंगापुर लगायत देशमा गइरहेका छन् । पोखरामा गतिलो पूर्वाधार हुने हो भने दुई देशलाई पोखरा ल्याउन सकिने उनी बताउँछन् । भन्छन्, 'गतिलो पूर्वाधार तयार गरी न्युट्रल भेन्युको रूपमा विकास गर्न सक्ने हो भने यहाँको पर्यटनले नसोचेको फड्को मार्नेछ ।'

त्यसो त, पोखरामा खेल पर्यटनको विकास गर्ने श्रेय साहसिक खेललाई जान्छ । प्याराग्लाइडिङको सुरुआतसँगै पोखरामा साहसिक पर्यटनले फड्को मा¥यो । प्याराग्लाइडिङले मनोरञ्जनमा मात्र सीमित नभई खेलमा पनि आफूलाई स्थापित ग¥यो । १८ औं एसियाली खेलकुद प्रतियोगिता (एसियाड) मा रजत पदक जित्न सफल हुँदा पदक पाउने खेल एकमात्र थियो । सुरुमा खेलभन्दा पनि साहसिक मनोरञ्जनात्मक क्रियाकलापको रूपमा प्याराग्लाइडिङलाई लिइन्थ्यो । सन् १९९९ मा पोखरा भित्रिएको प्याराग्लाइडिङले सन् २०१० तिरबाट बल्ल व्यावसायिक रूप पाएको व्यवसायी वसन्तराज दवाडी सम्झिन्छन् ।

नेपाल हवाई खेलकुद संस्था (ना) का पूर्व महासचिवसमेत रहेका उनलाई पहिले विदेशीले मात्रै चासो देखाएको सम्झना छ । उनका अनुसार सन् २००४ देखि युवा पुस्ता आकर्षित भए । नेपालमै पाइलट उत्पादन भए । सन् २०१० मा आउँदा साहसिक खेलमा दरियो । अहिले बाह्यभन्दा पनि आन्तरिक पर्यटकले प्याराग्लाइडिङ धानेका छन् । विदेशी पाइलटलाई पनि नेपालीले विस्थापित गरेका छन् । '२००८ सम्म यसलाई खेल नै होइन भनिन्थ्यो,'




**प्रकृतिको वरदान रहेको पोखरामा पर्यटनसँग खेललाई जोड्न सकिन्छ। हरेक वर्ष अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिता गर्न सके यहाँको सुन्दरता देश, विदेशसम्म पुग्छ।**

**चुम्बी लामा**
**प्रबन्ध निर्देशक, क्विन्स् इभेन्ट्स म्यानेजमेन्ट**

उनी भन्छन्, 'राखेपबाट मान्यता पाएपछि मात्रै खेल पनि रहेछ भनेर बुझ्न थालियो ।'

नाले नेपालमा राष्ट्रिय च्याम्पियनसिप, एसियाली च्याम्पियनसिप र प्रि-वर्ल्डकप आयोजना गर्छ । प्रतियोगितामा सहभागी हुन युरोप, अमेरिका र एसियाका विभिन्न मुलुकका पाइलट पोखरा आउँछन् । पोखरामा व्यावसायिक उडान गराउने ६२ प्याराग्लाइडिङ कम्पनी पुगिसकेका छन् । ती कम्पनीमा नागरिक उड्डयन प्राधिकरण (क्यान) बाट अस्थायी लाइसेन्सप्राप्त ३ सय पाइलट छन् । खेलकुदमा सहभागी हुन नेपाल हवाई खेलकुद संस्था (ना)बाट छुट्टै लाइसेन्स लिनुपर्छ । त्यसरी लाइसेन्स लिने पाइलट २५ भन्दा बढी छन् ।

पोखरा नजिकैको मोदी खेला र सेतीमा कायाकिङ प्रतियोगिता वार्षिक रूपमा हुने गर्छ । 'फ्रेस वाटर' ज्याफ्टिङका लागि मोदी र सेती उत्तम नदी हुन् । ल्वाङ्घलेलमा भएका पोखरा क्यानोनिङ र मेरिल्यान्ड क्यानोनिङ र वीरेठाँटी क्यानोनिङले पर्यटक आकर्षित गरेका छन् । सराङकोटबाट

गरिने जिप फ्लायर र हेमजाको बन्जी जम्प पनि साहसिक गतिविधिमा दरिएका छन् ।

साहसिक खेलपछि पोखरालाई चिनाएको फुटबलले हो । सहारा क्लबले गर्ने आहा रारा गोल्डकप पोखराको ब्रान्ड नै बनिसकेको छ । ०५८ मा क्याराभान गोल्डकपबाट सुरु भएको प्रतियोगिताले २० औं संस्करण पार गरिसकेको छ । पोखरा रंगशालामा हुने प्रतियोगिता हेर्न विभिन्न सहरबाट दर्शक पोखरा आउँछन् । एन्फा कास्कीले गर्ने मनकामना पोखरा कप पोखरामा हुँदै आएको छ । भण्डारढिकको आदर्श क्लबले आदर्श कप फुटबल प्रतियोगिता आयोजना गर्छ । सेभेन ए साइडको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता पनि पोखरामा भएको छ ।



राष्ट्रिय स्तरको भलिबल प्रतियोगिता बर्सेनि पोखरामा हुँदै आएको छ । राष्ट्रिय महिला तथा पुरुष लिग भलिबल प्रतियोगिता, मुख्यमन्त्री कप, सभामुख कप भलिबल प्रतियोगिता पोखरा रंगशालाभित्रै हुन्छन् । लामाचौरको नवआदर्श सामुदायिक विकास समाजले हरेक वर्षको तीजमा राष्ट्रिय महिला भलिबल प्रतियोगिता गर्दै आएको छ ।

पोखरा भलिबलको केन्द्रको रूपमा स्थापित भएको छ । पोखरा र यस वरपरका अन्य जिल्ला भलिबलका लागि उर्वर भूमि हुन् । यहाँ हुने प्रतियोगिताले पनि पोखरालाई चिनाएका छन् । ह्यान्डबलको पूर्वाधार पनि पोखरा रंगशालामा तयार भएको छ । यु-१२, यु-१४ र यु-१६ का ह्यान्डबल प्रतियोगिता हुने गर्छन् । ह्यान्डबल संघका केन्द्रीय अध्यक्ष तेजबहादुर गुरुङ विभिन्न मेला, महोत्सवमा हुने ह्यान्डबल प्रतियोगिताले आन्तरिक पर्यटकलाई आकर्षित गरेको बताउँछन् ।

पर्यटन र खेललाई जोड्ने अर्को विधा साइक्लिङ पनि हो । कास्की जिल्ला साइक्लिङ संघले वर्षैभरि विभिन्न इभेन्ट गर्छ । मिलेनियम ट्रेक व्यवस्थापन समितिले ट्रेकिङ रुटको प्रवर्धन गर्न साइकल टुर गरिरहेको छ । पछिल्लोपल्ट समितिले तनहुँको दुलेगौंडाबाट स्याङ्जाको राङभाङ, माझकोट, शिवालय, वालिङ हुँदै पोखरा आइपुग्ने टुर गरेको थियो । समितिका महासचिव हर्क गुरुङ खेलसँगै पर्यटन प्रवर्द्धनमा पनि सहयोग पुगोस् भन्ने उद्देश्यले साइकल टुर आयोजना गरेको बताउँछन् । साइकल सिटी पोखराले वृहत् साइकल ज्याली 'टुर डे पोखरा' वार्षिक रूपमा गर्छ । उक्त ज्यालीमा सहभागी हुन विभिन्न सहरबाट साइकलिस्ट पोखरा आउँछन् । नेपाल अटो स्पोर्ट्स एसोसिएसन (नासा) ले गर्ने गाडी ज्यालीबाट पनि पोखरामा पर्यटक भित्रिन्छन् ।

उकाली-ओराली दगुर्ने ट्रेल रेस सिरिज पनि पोखरामा बर्सेनि हुन्छ । हिमशृंखला, ताल र प्राकृतिक दृश्यको अवलोकन गर्दै दौडन विभिन्न मुलुकका पर्यटक पोखरा आईपुग्छन् । अन्नपूर्ण आधार शिविरबाट एक सय किलोमिटरको दौड प्रतियोगितामा सहभागी हुन विदेशी र स्वदेशी धावकले विशेष चासो दिन्छन् ।

पोखराको खेल पर्यटनमा महत्वपूर्ण भूमिका खेल्ने अर्को विधा हो, गल्फ । पोखराको मझेरीपाटनमा हिमालयन गल्फ क्लबको गल्फ

कोर्स उत्कृष्ट मध्येको मानिन्छ । उक्त कोर्समा वार्षिक रूपमा सूर्य नेपाल वेस्टर्न ओपन गल्फ प्रतियोगिता हुन्छ । दक्षिण एसियाली स्तरको ट्रायथलन च्याम्पियनसिप पोखरामै हुन्छ । ट्रायथलन संघले हरेक वर्ष फेवातालमा ट्रायथलन प्रतियोगिता गर्दै आएको छ । स्प्रन्ट विधाको पौडी ७ सय ५० मिटर, साइक्लिङ १० किलोमिटर र दौड ५ किमीको दूरीमा सहभागीले प्रतिस्पर्धा गर्छन् । फेवाताल पारी पुम्दीभुम्दीमा ट्रायथलन भेन्युसमेत तयार भएको छ । पौडी संघले गर्ने ओपन वाटर पौडी प्रतियोगितामा भाग लिन विदेशी खेलाडी पोखरा आउँछन् ।

नेपाल योग खेलकुद संघको आयोजनामा दक्षिण एसियाली योग खेलकुद प्रतियोगिता पोखरामा भएको छ । पोखराको खेल पर्यटनमा नयाँ 'प्रडक्ट' थपिने क्रम जारी छ । पोखरा उद्योग वाणिज्य संङ्घले मित्र राष्ट्र चीनको कुन्मिन नगरको सहयोगमा कोरोना महामारीअघि पोखरामा 'पहिलो हिमालयन माउन्टेन क्रस कन्ट्री च्यालेन्ज' सम्पन्न गर्‍यो । प्रतियोगितामा चीनको कुन्मिनबाट मात्रै करिब ४० खेलाडी सहभागी भएका थिए । कुन्मिनसँग भगिनी सम्बन्ध रहेका विश्वका अन्य ४० सहरबाट पनि खेलाडी आए ।

१३ औँ दक्षिण एसियाली खेलकुद (साग) मा महिला फुटबल, बिच भलिबल, महिला क्रिकेट, आर्चरी, ह्यान्डबल, भारोत्तोलन, ट्रायथलन र ब्याडमिन्टन प्रतियोगिता पोखरामा भए । तीमध्ये ट्रायथलन, भारोत्तोलन र बिच भलिबलबाहेक बाँकी खेल पोखरा रंगशालामै भएका हुन् । अहिले पोखरा रंगशालामा दिनदिनै जसो कुनै न कुनै खेलका इभेन्ट हुन्छन् । बाह्यमात्र नभई आन्तरिक खेल पर्यटन प्रवर्द्धनमा ती प्रतियोगिताले सघाउ पुर्‍याउँछन् । फुटबल होस् वा क्रिकेट, पोखरेली दर्शक रंगशाला पुगिहाल्छन् । विभिन्न खेल संघ, क्लब, शैक्षिक संस्था, बैंक तथा वित्तीय संस्थाका खेलकुद क्रियाकलापले पोखरालाई खेल पर्यटनको हब बनाउन सहयोगी भूमिका खेलेका छन् ।

फुटबल स्टेडियम, क्रिकेट मैदान, भलिबल कोर्ट, बहुउद्देश्यीय कभर्ड हलसहित आर्चरी, लन टेनिस, स्क्वास, ब्याडमिन्टन, बास्केटबल, ह्यान्डबल, बक्सिङ, स्केटिङ लगायतका संरचना पोखरा रंगशालामा छन् । बहुउद्देश्यीय कभर्ड हलमा विभिन्न विधाका इनडोर खेल हुन्छन् ।

**यादगार नवौँ राष्ट्रिय खेलकुद**

दोस्रो राष्ट्रिय खेलकुद भएको झन्डै चार दशकपछि गण्डकी प्रदेशको पोखरामा खेलकुद महाकुम्भ भयो । कोरोना महामारीका कारण पटक पटक मिति सरेको नवौँ राष्ट्रिय खेलकुद गएको असोज २८ देखि कात्तिक ३ सम्म गण्डकीमा भव्य रूपमा सम्पन्न भयो । यसअघि विसं २०४० मा गण्डकीको भूमिमा राष्ट्रिय खेलकुद प्रतियोगिता भएको थियो ।

नवौँ राष्ट्रिय खेलकुदमा ३६ प्रतियोगिता र २ प्रदर्शनी खेल समावेश थिए । क्रिकेट, फुटबल, टेनिस, हक्की, एथलेटिक्स, भारोत्तोलन, सुटिङ, ब्याडमिन्टन, टेबलटेनिस, बक्सिङ, भलिबल, बुद्धिचाल, खोखो, कराँते, जिम्नास्टिक, कबड्डी, पौडी, ह्यान्डबल, जुडो, कुस्ती, सफ्ट टेनिस, स्क्वास, तेक्वान्दो, उसु, बास्केटबल, शारीरिक सुगठन, फल कनट्याक्ट कराँते, आइटीएफ तेक्वान्दो, सेपाकताक्रो, गल्फ, आर्चरी, साइक्लिङ, फेन्सिङ, ट्रायथलन र प्याराग्लाइडिङमा प्रतियोगिता भए ।

छेलो (ठेलो) र क्यानोइङलाई प्रदर्शनी खेलको रूपमा राखिएको थियो । नवौँ राष्ट्रिय खेलकुदमा करिब ७ हजार १ सय ९० खेलाडी, १ हजार २ सय प्रशिक्षक र एक हजार रेफ्री गरी झन्डै १० हजार जना सहभागी भए । प्रतियोगितामा ७ प्रदेश, ३ विभागीय टिम र एक गैरआवासीय नेपाली संघ (एनआरएनए) गरी ११ टिमले प्रतिस्पर्धा गरे ।

# अनुसन्धान र पर्यटनको केन्द्र बन्न सक्छ सेती गल्छी



प्राडा कृष्ण केसी

पर्यटन व्यवसाय पोखराका निमित्त नौलो होइन । बितेको छ दशकयता पोखरामा पर्यटन गतिविधि जे, जसरी भए पनि व्यावसायिक रूपमै चलिआएकै छन् । सन् १९६० को दशकको मध्यतिर प्रायः हिप्पीको आगमनबाट सुरु भएको पोखराको पर्यटन विकासका विविध मोड पार गर्दै हालको अवस्थामा आएको हो । मुलुकमा पोखरा पर्यटकका निमित्त काठमाडौँ पछिको दोस्रो महत्वपूर्ण केन्द्र हो भने पदयात्रा पर्यटनका निमित्त यो नेपालको राजधानी नै हो । खासगरी आधुनिक यातायात विकासको थालनीपश्चात पोखरामा पर्यटन व्यवसाय मौलाउँदै गएको हो । प्राकृतिक सौन्दर्यको विश्वविख्यात खानी पोखरा पर्यटन विकासका लागि साँच्चै नै उदीयमान छ ।

नेपाल भ्रमण वर्ष १९९८ मा विश्वकै प्रायः देशबाट (भारतीय पर्यटकबाहेक) लगभग ९७ हजार पर्यटक पोखरा र पोखरा क्षेत्रको भ्रमणका निमित्त पोखरा भित्रिए । पोखरा भित्रिने प्रायः पर्यटकको उद्देश्य अन्नपूर्ण क्षेत्रको पैदल यात्रा गर्ने र प्राकृतिक

> रहस्यमय भूदृश्यको रूपमा रहेको सेती नदीको गल्छीले साहसिक पर्यटनको क्षेत्रमा विश्वभरका पर्यटकलाई थपिँदो रूपमा आकर्षित गर्न सक्छ



दृश्यावलोकन नै हुन्छ । विगत दुई दशकयता नदी र्‍याफ्टिङ पनि चल्तीमा आएको गतिविधि हो । प्याराग्लाइडिङ विगत एक, डेढ दशकयता निकै चल्तीमा आएको पर्यटन गतिविधि हो । साथै बैठक, सभा पर्यटनले पनि एकाध दशकयता गति लिँदै गएको देखिन्छ । पर्यटकलाई भुलाउने यिनै खास गतिविधिबाहेक अन्य सम्भावित गतिविधिको विधिवत् खोज पनि खासै भएको छैन ।

तैपनि पर्यटन सूचना केन्द्र पोखराका अनुसार सन् १९७६ मा पोखरा आउने पर्यटकको संख्या ३१ हजार २६ बाट बढेर सन २००० मा २ लाख ३० हजार ७ सय ९९ पुग्न गयो । सो संख्या सन २०१७ मा करिब ४ लाख ३० हजार पुगेको छ । सन २०१९ पछि कोभिडका कारण सुस्ताएको पर्यटन थलाबाट उठ्दै छ । निको भएर उठ्ला भन्ने अपेक्षा गरिएको छ ।

प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलको भ्रमण, पर्यटकलाई आकर्षित गर्ने, गराउने मनोरञ्जन स्थल तथा खेलकुदको प्रवर्द्धन जस्ता पर्यटक भुलाउने गतिविधिको खोज तथा व्यवस्थापन पक्ष अझै पनि उपेक्षित नै छ । पोखरामा पर्यटक आकर्षित गर्ने र भुलाउने यी विविध सम्भावनाका अतिरिक्त सेती नदीको गल्छीको उपयोग पनि अर्को नौलो र अनौठो सम्भावित गतिविधिको रूपमा लिन सकिन्छ । पोखराको पर्यटन उत्पादन यो गन्तव्य पर्यटन प्रवर्द्धनको सुरुवातबाट नै उपयोगमा आउनु आवश्यक थियो तर बग्रेल्ती सुझावका बाबजुद पनि पोखराको पर्यटन विकासको जिम्मेवार निकायले समयमा उचित ध्यान दिन सकेन ।

पर्यटन, शिक्षा, स्वास्थ्य र हरियाली पोखराको विकासको केन्द्र मान्ने सोच भइरहेको वर्तमान अवस्थामा पर्यटन प्रवर्द्धनका निमित्त थप सम्भावनाको खोजी हुनु नितान्त सान्दर्भिक हुन आउँछ । तसर्थ पोखराको पर्यटन प्रवर्द्धनको सिलसिलामा सेती नदीको गल्छीको उपयोगतर्फ पनि व्यावहारिक सोच



रामघाटबाट खिचिएको सेती नदी

राख्नु समसामयिक देखिन्छ ।

सेती नदी अन्नपूर्ण हिमालय शृंखलामा अवस्थित माछापुच्छ्रे हिमाल, अन्नपूर्ण तेस्रो र चौथोको दक्षिण काखबाट उत्पत्ति भएर पोखरा उपत्यका हुँदै गण्डकी प्रवाह प्रणालीमा मिसिन्छ । पोखरा महानगरपालिकाको बीचै बीच भागमा साँघुरो र गहिरो गल्छी बनाएर बग्ने यो सेती नदीको प्राकृतिक महत्वका अलावा आर्थिक, धार्मिक र सांस्कृतिक महत्व छ । मानव बसोबासको सुरुवातबाटै यसको धार्मिक र सांस्कृतिक महत्वको समय सापेक्षिक उपयोग हुँदै आएको भए तापनि प्राकृतिक र आर्थिक महत्वको उपयोग भने अझै पनि न्यून देखिन्छ ।

छ दशकयता पोखरामा भएको पर्यटन प्रवर्द्धनले पनि यसको उपयोग गर्न सकेको छैन । पोखरा महानगरपालिका र मुख्य बजार क्षेत्रले यसको धार्मिक तथा सांस्कृतिक मल्यको समेत बेवास्ता गरी ढल सोझ्याउने र फोहोर मैला फाल्ने सहज स्थलको रूपमा उपयोग गरेको छ । आर्थिक उपयोगमा सेती नहरबाट १ हजार ३० हेक्टर जमिनको सिँचाइ र १ हजार किलोवाट बिजुली उत्पादन भएको छ भन्ने अभिलेख छ । सिँचाइको अवस्था शून्य प्रायः छ । वास्तविकताको लेखाजोखा गर्नु आवश्यक छ ।

सेती नदी घाट क्षेत्रहरुबाट ढुंगा, बालुवा, गिट्टी झिक्दा वातावरणीय प्रभाव जे जस्तो भए तापनि पोखराका र पोखरा ओर्लने निर्धन समूहका निमित्त भने यो गतिविधि जीविकाको आधार बनेको छ । तर सिँचाइको हकमा जलको उपयोग अत्यन्त कम, प्लास्टिक लगायतको प्रदूषण भयावह छ । वातावरणीय हिसाबमा ढुंगा, बालुवा, गिट्टीको अनियन्त्रित दोहनका कारण भूमिको ह्रास तीव्र गतिमा भइरहेको छ । नदी तथा खोलाहरू अस्वाभाविक रूपमा गहिरिँदै गएका छन् । यसको परिणाम निकट भविष्यमै दर्दनाक र दुःखद हुने निश्चित प्रायः छ । तैपनि सम्बन्धित सरोकार समूहको होसले काम गरेको अवस्था छैन । बरु नकारात्मक नीति र निर्णयतर्फ नै सरोकार समूह डोरिँदै गएको अवस्था छ ।

**"भौगर्भिक संरचनागत रूपमा यो गल्छी आफैंमा अद्वितीय छ, त्यसका अलवा गल्छी भूस्वरूपका कारण विकसित प्रणाली अतिरिक्त रूपमा अद्वितीय छ**

सेती नदीको गल्छी भागभित्र थुप्रै प्रकारका भू-आकृति छन् । नदीले काट्दै गहिरिँदा निर्माण भएका ओढार र कुना, कप्टेरा छन् । ती भूस्वरूप थुप्रै प्रकारका जीव, प्रजातिको बासस्थान हो । ती गल्छीको भीर लगायतका विविध भूस्वरूपमा थुप्रै प्रकारका प्रजातिका रैथाने वनस्पति छन् । ती दुवै वनस्पति र प्राणी प्रजातिद्वारा निर्मित पारिस्थितिक प्रणाली गल्छी पारिस्थितिक प्रणालीको रूपमा बनेको छ । भौगर्भिक संरचनागत रूपमा यो गल्छी भाग आफैंमा अद्वितीय त छँदैछ, त्यसका अलवा गल्छी भूस्वरूपका कारण विकसित प्रणाली अझ अतिरिक्त रूपमा अद्वितीय छ ।

यसर्थ, सेती नदी गल्छीमा उपलब्ध भौगर्भिक संरचनागत स्वरूप र त्यसका कारण उपलब्ध गल्छी पारिस्थितिक प्रणाली अद्वितीय रहँदा रहँदै पनि सेती नदी तथा यसको किनारमा भइरहेको निर्माण सामग्री ढुंगा, बालुवा, गिटीका निमित्त अति दोहन हुनाका कारण यसको अस्तित्व अत्यन्त धरापमा परेको छ/पर्दै गएको छ । सेती नदी गहिरिने र

गल्छी भाग फराकिँदै जानाले विगत ७ सयदेखि ११ सयवर्षको बीचमा निर्मित प्राकृतिक साँघुरो गल्छी आगामी दिनमा हराउँदै जाने स्थिति छ ।

जे होस् सेती नदीको गल्छीभित्र लुकेको भू-दृश्य, भू-आकृति, भौगर्भिक संरचनागत सन्देश, वनस्पति, जीवजन्तु र तिनको प्राकृतिक वासस्थान, जलप्रवाह आदिको सिलसिलेवार अध्ययन, अन्वेषण, संवर्धन र उपयोगको वास्ता भने अझैं पनि हुन सकेको छैन । प्राकृतिक उपहारको रूपमा प्राप्त यो सम्पदाको उपयोगतर्फ सोच राखी विस्तृत अध्ययन, अनुसन्धानको माध्यमबाट कार्य योजना बनाई लागू गर्दा पोखराको पर्यटन प्रवर्द्धनमा एउटा भरपर्दो र अद्वितीय थप आकर्षण प्राप्त हुन सक्ने सम्भावना छ । सो सम्भावनालाई उपलब्धिमा परिणत गर्न गल्छीको आयु लम्ब्याउने योजना बुन्नु र सही ढंगले कार्यान्वयन गर्नु नितान्त आवश्यक छ । यसै सम्भावनालाई उजागर गर्न सरोकार समूहको चासो बढाउने प्रयास यो लेखमार्फत् गरिएको छ ।

अन्नपूर्ण हिमालको काखमा उत्पत्ति भएर दक्षिण र दक्षिण पूर्व दिशातिर बग्ने यो नदी पोखराको बजार क्षेत्रमा साँघुरो र गहिरो गल्छी बनाई प्रवेश गर्दछ । नदीको गल्छी भाग अन्तर्गत पर्ने खुला ठाउँमा तुलसीघाट, नारायणथान, रामघाट र ढुंगेसाँघुजस्ता पवित्र घाट अवस्थित छन् । गल्छीको गहिराइ र चौडाइ ठाउँअनुसार फरक फरक छ । केआइ सिंह पुलदेखि तुलसी घाटसम्मको (पृथ्वीनारायण क्याम्पसपछाडि) गल्छी भागको लम्बाई ४ सय ४६ मिटर छ। चौडाइ करिब १५-२० मिटर र गहिराइ करिब ६०-६५ मिटर छ । नारायणनाथबाट राम घाटसम्मको गल्छी भागको लम्बाई १४४१ मिटर, चौडाइ करिब २०-३० मिटर र गहिराई करिब ७०-७५ मिटर छ । रामघाटदेखि रातो पैरोसम्मको गल्छी भागको लम्बाई २ हजार २ सय ७६ मिटर, चौडाइ करिब ५-३० मिटरसम्म र गहिराई करिब ८०-१०० मिटर छ । ढुंगेसाँघुमा रहेको साँघुरो गल्छीको भाग ४१६ मिटर, चौडाइ ४-१५ मिटर र गहिराई ९०-११० मिटर छ ।

पृथ्वीनारायण क्याम्पस पछाडिको विन्दुबाट नारायणथानसम्मको खुला भाग १४२७ मिटर, रामघाटको खुला भाग ७८९ मिटर र रातो पैरोबाट ढुंगेसाँघुसम्मको खुला भाग १९३८ मिटर छ । रामघाटको चौडाइ ३८० मिटर छ । रातो पैह्रोदेखि ढुंगेसाँघुसम्मको गल्छी भाग विगत केही दशकयता खुला भएको छ भने खुला हुने क्रम प्रत्येक वर्षको वर्षात र बाढीसँगै बढ्दो छ । समयमै संरक्षणको उचित उपाय नगरे यो गल्छी खुला हुने क्रम बढ्दै जानेछ ।

एसओएस बालग्राम र पोखरा स्टेडियम वारिपारिको भाग छिट्टै प्रभावित हुनेछ । गल्छीको भित्री भागमा नदीको प्रवाहले विगतको पोखरा निर्माणको अवधि ७००-११०० वर्षयता कटान गरेका पचासौं तहदार ओडार र सम्भवत: गुफा पनि फैलिएका छन् । तिनै ओडारमा, गल्छी, भीरमा रहेको जैविक विविधता आफ्नै प्रकारले अस्तित्वमा छ । मानवीय क्रियाकलापबाट प्राय: नबिथोलिएका ती जैविक विविधताको अन्वेषणतर्फ कुनै ध्यान गएको छैन । अनेक प्रकारका वनस्पति र जीवजन्तुका प्रजाति र तिनको प्राकृतिक वासस्थान भने त्यहाँ देखा पर्दछन् । गल्छी भित्रको

> **“ रहस्यमय भूदृश्यको रूपमा रहेको सेती नदीको गल्छीले साहसिक पर्यटनको क्षेत्रमा विश्वभरका पर्यटकलाई आकर्षित गर्न सक्छ**

एकान्त र मात्र नदी प्रवाहको सुसेलीले अवश्य नै बाहिरी भू-सतहमा अवस्थित सहरको कोलाहलपूर्ण वातावरणलाई बिर्साउन सजिलो पर्न सक्छ भन्ने अनुमान पनि सहजै गर्न सकिन्छ । तर मानवीय क्रियाकलापबाट बिथोलिने र प्रदूषित हुने क्रम बढ्दो छ ।

रहस्यमय भूदृश्यको रूपमा रहेको सेती नदीको गल्छीले साहसिक पर्यटनको क्षेत्रमा विश्वभरका पर्यटकलाई थपिँदो रूपमा आकर्षित गर्न सक्छ । आन्तरिक पर्यटकका निमित्त पनि थप आकर्षणको केन्द्र बन्न सक्छ । यो सबै प्रकारका पर्यटकका निमित्त अत्यन्त लोभलाग्दो र आकर्षक पर्यटन गन्तव्य बन्न सक्दछ । तुलसीघाट, नारायणथान र विशेष गरी रामघाटको समुचित योजनाबद्ध विकासले विदेशी तथा स्वदेशी पर्यटक लगायत तीर्थयात्री तथा धर्मावलम्बीलाई समेत थप आकर्षित गर्न सक्नेछ । रामघाटदेखि राजमार्ग पुलसम्मको गल्छी भागवरपर रहेको शान्ति वन वाटिका पोखरा महानगरपालिकाको आकर्षक स्थल (घना सहरी क्षेत्रका निमित्त फोक्सो) भएर पनि अत्यन्त अवहेलित र उपेक्षित छ । साथै, यसको दुरुपयोगका थुप्रै सिकायत छन् ।

यस भागको गल्छी लगायत शान्ति वन वाटिकाको उचित संवर्द्धन गर्दा आकर्षणको भरपर्दो थलो बन्न सक्छ । पोखरा उपत्यकाको पिँधमा १२-१५ हजार वर्षदेखि ७००-११०० वर्षअघि सम्मका शक्तिशाली तथा महाभूकम्पसँग जोडिएर उत्पन्न अचानक अचानकका विनाशकारी बाढीद्वारा निक्षेप भएको चुनयुक्त ग्राभेल पदार्थ (पोखरा ग्राभेल) को भौगर्भिक संरचना, गल्छीभित्रको भौतिक स्वरूप, चुनयुक्त क्षेत्रको भू-आकृति, जैविक विविधता, नदीको बहाव क्षमता र स्थायित्व, दृश्यावलोकन गर्ने स्थल, नौका बिहारका ठाउँ, गल्छीको आर्थिक महत्व आदिको अध्ययन, अनुसन्धानका निमित्त पनि यौटा चुनौतीपूर्ण आकर्षणको थलो हुन सक्छ । फलत: देश, परदेशका अध्ययन, अनुसन्धानका अनुरागीका निमित्त पनि यो आकर्षक तथा अद्वितीय गन्तव्य बन्न सक्छ ।

नेपालकै दोस्रो पर्यटक केन्द्र पोखरामा अवस्थित भएकाले पनि यो प्राकृतिक स्रोतको महत्व अझ बढेको छ । दृश्य मूल्यको रूपमा यसको उपयोग गर्दा नदीको प्रवाहमा र गल्छी भित्रका विविध अनुकूल स्थानमा सञ्चालन गर्न सकिने खेल खेलाउने व्यवस्था गर्दा, सतहबाट गल्छीभित्र जाने विविध प्रकारको स्वचालित घिर्लिङहरू प्रयोगमा ल्याउँदा, भित्री तहदार ओडारहरूमा दिनको खाना, खाजा समेतका दृश्यावलोकन पार्क बनाउँदा, गल्छीभित्रको सम्भावित क्षेत्रमा विद्युतीय गर्दा, पोखराको पर्यटन प्रवर्द्धनमा नौलो र अनौठो आकर्षण प्राप्त हुन सक्छ । यसबाट पोखरामा पर्यटकको बसाई लम्ब्याउन सकिने यथेष्ट सम्भावना रहन्छ । छोटो समयावधिका निमित्त आउने साहसिक पर्यटकले पनि समयको उचित उपयोग गर्न सक्ने अवस्था प्राप्त हुन्छ ।

माथि उल्लिखित दृष्टिकोणहरूको आधारमा सोच बनाउँदा सेती नदीको गल्छीको उपयोग पोखराको पर्यटन प्रवर्द्धनका निमित्त भरपर्दो सम्भावना हो । यसको विधिवत वैज्ञानिक अध्ययन, अनुसन्धानद्वारा सम्भावना अध्ययन गर्न र सम्भव देखिएका विधाको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न सोच बनाउनु औचित्यपूर्ण ठहर्न सक्छ । सम्भावना अध्ययनबाट सोच औचित्यपूर्ण रहेमा उपयुक्त योजना तर्जुमा गरेर कार्यान्वयनको निमित्त अगाडि बढाउँदा पोखरा उपत्यकाको पर्यटन विकासमा अत्यन्त आकर्षक उत्पादन प्राप्त हुन सक्छ । तसर्थ, यस दिशातर्फ सोच्न र व्यावहारिक निष्कर्ष निकाल्न पोखरा महानगरपालिका, पोखरा उपत्यका नगर विकास समिति, पोखरा उद्योग वाणिज्य संघ, पर्यटन कार्यालय पोखरा, पोखरेली बुद्धिजीवी, पर्यटन व्यवसायी लगायत पोखराको विकासप्रति चासो खाँचो राख्ने सम्पूर्ण नगरवासीको ध्यान आकर्षित हुनु समीचीन छ ।



वासुदेव मिश्र

# औंलो उन्मूलनपछि जागेको पोखरा

औलो उन्मूलन नहुँदासम्म पोखरा उपत्यकामा मान्छेको बस्ती खासै थिएन । विशाल पाटनहरू खाली नै थिए । पानीका स्रोत भएका बैदाम, विन्ध्यवासिनी, कुँडहर र बाटुलेचौरतिरको बस्ती नै पोखराको परिचय थियो । मान्छे डाँडामै बस्न रुचाउँथे। औलो र बिफरको डरकै कारण कास्कीका अन्तिम राजा सिद्धि नरसिंह शाह हिउँदमा मात्र बाटुलेचौरमा रहेको दरबारमा सर्थे ।

उनै सिद्धि नरसिंह शाहले १७७२ सालतिर भक्तपुरबाट २६ कुरिया नेवारलाई पोखरा बोलाए । विन्ध्यवासिनी मन्दिर तल रहेको भीमसेन टोलवरपर बस्ती बसाए। आफू भने अग्लो ठाउँ कास्कीकोटमै रहे । व्यापारका लागि कहलिएका नेवारले नौलो ठाउँलाई आफ्ना बनाए । भीमसेन टोलबाट सुरु भएको संगठित व्यापारलाई विस्तारै नालाकोमुख, रामकृष्ण टोल तथा माथितिर मोहोरिया टोल, बगर, टुँडिखेलसम्म पुऱ्याए ।

'भारतीय नाका पुग्न पाँच र राजधानी खाल्डो

> "पृथ्वीनारायण क्याम्पस स्थापना, पूर्वाधार विकास तथा सुनौली-पोखरा राजमार्ग निर्माणले पोखराको कायापलट भयो

काठमाडौँ पुग्न ७ दिनको पैदल यात्रा तय गर्नुपर्ने पोखरालाई व्यापारिक केन्द्र बनाउन नेवारहरूको योगदान महत्वपूर्ण छ,' नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मी भन्छन्, '२००८ सालतिर हवाई मार्गबाट काठमाडौँ, भैरहवा र भरतपुरसँग जोडिएपछि यसले विस्तारै व्यापारिक केन्द्रको परिचय बनाउँदै लगेको हो ।'

जंगहादुर राणाले श्री ३ महाराजको पगरी गुत्था उत्तरी नाकासँग भूरणनीतिक महत्व जोडिएका कास्की र लमजुङ रोजे । तर, राणाहरूले कास्कीको विकासमा खासै योगदान दिएनन् । बरु, १८६१ सालमा नेपालमा गाभिएको र सामरिक रूपले महत्वपूर्ण मानिएको पाल्पालाई पश्चिम नेपालको 'शक्ति केन्द्र' मानिदिए । गादगादी ताक्ने राणाहरूले पनि पाल्पा नै रोजे । कतिसम्म भने, रानी महलका निर्माता खड्गशमशेरले त १९६० सालतिर काठमाडौँ नै हान्ने योजना बनाए । शक्तिशाली राणाहरूले रोजेको तर औलोको त्रास भएको पोखराले मुल्मीले भनेजस्तै २००७ सालपछि भने व्यापारिक र प्रशासनिक केन्द्रको पहिचान बनाउन थाल्यो ।

'हवाइ सम्पर्कका कारण सिधै भैरहवा, काठमाडौँ र भरतपुरबाट सामान ल्याएपछि नै पोखराले त्यस बेलाका चर्चित व्यापारिक केन्द्र बटौली, बन्दीपुर र बागलुङजस्तै पहिचान बनाएको हो,' मुल्मी स्वीकार्छन् । पोखरा व्यापारिक तथा पर्यटकीय सहरमा रूपान्तरण हुनुमा औलो उन्मूलन पनि कारक बन्यो । औलो र बिफरले पोखरालाई सताएकै हो । औलो र बिफर उन्मूलनपछि मात्रै पोखराले सहरको परिचय बनाउन थाल्यो ।

पोखरा आसपास र अन्य जिल्लाबाट मान्छे ओइरिन थाले । लाहुरे सहरको परिचय बन्न थालेको पनि त्यही बेलादेखि हो । युएसएआइडीको एउटा प्रतिवेदन अनुसार सन् १९५० को दशकतिर औलोले नेपालको त्यस समयको एक चौथाइ जनसंख्यालाई सङ्क्रमित गरेको थियो। १ हजार ३ सय मिटरभन्दा होचो क्षेत्रका जनता औलोको जोखिममा थिए । त्यो बेला मधेसलाई 'औल' तथा झापा मोरङसहित अन्य तराईलाई 'कालापानी' भनिन्थ्यो ।

युएसएआइडीको प्रतिवेदनपछि विश्व स्वास्थ्य संगठन र अमेरिकाकै सहयोगमा नेपालमा औलो



उन्मूलन अभियान थालियो । डाक्टर भेषराज पोखरेलका अनुसार सन् १९५४ मा अमेरिकी सहयोग नियोगको सहयोगमा किटजन्य रोग नियन्त्रण कार्यक्रममार्फत् औलो नियन्त्रण कार्यक्रम सुरु भएको थियो । त्यसलाई सन् १९५८ मा 'औलो उन्मलन कार्यक्रम' मा रूपान्तरण गरियो । अभियान अन्तर्गत जंगल र यसको आसपासका क्षेत्र, भित्री मधेस, पोखरा लगायत पहाडी उपत्यकामा पाउडर छरियो । औलोको डर कम हुँदै गयो ।

सन् १९७० को दशकमा मात्रै नेपालले बिफरको महामारीबाट मुक्ति पाएको इतिहास छ । हैजाले पनि पोखरालाई गाँजेको प्राध्यापक डाक्टर जगमान गुरुङ बताउँछन् । सन् १८८५ को जेठ महिनामा काठमाडौँमा फैलिएको हैजाले सुरुमा पाटन, भक्तपुर र देशका अन्य भागलाई पनि प्रभाव पारेको थियो । काठमाडौँमा बेलायती रेजिडेन्सीको स्थापना भएकाले त्यो बेला महामारी अन्त्य गर्न उनीहरूले विशेष भूमिका निभाए । त्यो बेलाको परिस्थितिबारे उल्लेख गर्दै गिम्लेटले लेखेका छन्, 'हैजाले भेटेका असाध्य बिरामीलाई घाटको नदी किनारामा ल्याएर छाडिन्थ्यो, सक्नेले बितेका आफन्त जन जलाए तर गरिब र तल्लो जातका शव खोलामै फ्याँकिए । कुकुर, स्याल र गिद्धले लास तानेर किनारामा ल्याउँदै लुछ्दै गरे ।' महामारीबाट मुक्ति पाउन पोखरामा स्थापित शीतलादेवी मन्दिर यसको उदाहरण हो ।

**"भारतीय नाका पुग्न पाँच र राजधानी खाल्डो काठमाडौँ पुग्न ७ दिनको पैदल यात्रा तय गर्नुपर्ने पोखरालाई व्यापारिक केन्द्र बनाउन नेवार र आधुनिक सहर बनाउन लाहुरेको योगदान महत्वपूर्ण छ**

औलो उन्मूलनसँगै नेपालमा विदेशीको आवागमन बढ्न थाल्यो । अमेरिकी क्रिस्चियनियरी मिसनसँग आबद्ध रहेका डाक्टरहरूले बटौली (बुटवल) मा उपचार सुरु गरिसकेका थिए । इन्टरनेसनल नेपाल फेलोसिप (आइएनएफ)को आधिकारिक वेबसाइटका अनुसार लिली र हिल्डाको नेतृत्वमा मिसनरीले २००९ सालमा पोखरका क्लिनिक खोलेर काम थालिसकेको थियो । २०१३ सालमा त्यही क्लिनिकलाई बढाएर यहाँको टुँडिखेलमा साइनिङ अस्पताल स्थापना गरियो ।

पोखराका रैथाने लेखक रवीन्द्र माकाजूका अनुसार २०१९ सालतिर साइनिङ अस्पताल नदीपुरको बुद्ध बिहारअगाडि थियो । 'कान्छी डाक्टर्नी प्रसिद्ध थिइन् । '२०१८-२०१९ सालतिर पोखरामा बसाइँसराइ बढ्यो', उनले भने, '२०४५ सालतिर गण्डकी अस्पतालमा विलय भएको हो ।' २०१३ सालमै यहाँ भारतीय पेन्सन क्याम्पको स्थापना भयो । भारतीय र ब्रिटिस क्याम्पको स्थापनासँगै नजिकका पहाडबाट बसाइँसराइ गर्नेहरू ह्वात्तै बढे । २००६ सालदेखि जस्तापाताले छाइएका घर निर्माण भएको पोखराले स्वरूप फेर्दै गयो ।

सहरका विभिन्न ठाउँमा रहेका केही ढुंगेधारा र बबरशमशेरले आफ्ना छोरा बालशमशेरको सम्झनामा १९७६ सालमा बनाइदिएका १४ वटा बालधाराको पानी खाने पोखराले नयाँ स्वरूप ग्रहण गर्दै गयो । पृथ्वीनारायण क्याम्पस स्थापना, पूर्वाधार विकास तथा सुनौली-पोखरा राजमार्ग निर्माणले पोखराको कायापलट भयो ।

**आधुनिक शिक्षाको जग**

देवशमशेरलाई सत्ताच्यूत गरिएसँगै विद्यालय खोल्ने अभियान सुस्तायो । त्यसको मारमा कास्की नपर्ने कुरै भएन । देवशमशेरकै पाला अर्थात् १९५८ सालमा पोखराको विन्ध्यवासिनीमा स्थापना गरिएको राजकीय संस्कृत पाठशाला (भाषा पाठशाला) बाहेक ४६ वर्षभित्र अन्य कुनै शैक्षिक संस्थाको स्थापना हुन सकेन । संस्थागत रूपमा शिक्षा विकासको जननी मानिने विन्ध्यवासिनी मन्दिर परिसरमा रहेको सोही विद्यालयले झन्डै आधा शताब्दीको शिक्षाको भार बहन गर्‍यो ।

अध्येता विकल शेरचनका अनुसार देवीरमण पराजुली, शिवकुमार रेग्मी, सोमनाथ रेग्मी तथा बन्दिपुरे पण्डितहरूले सो विद्यालय स्थापना र सञ्चालनमा ठूलो योगदान पुर्‍याए । २००४ सालमा पोखराको बाटुलेचौरमा आधार स्कुल स्थापना भयो । मुक्तिनाथ शर्माको अथक प्रयासको जगमा विद्यालय उठेको थियो ।

पोखरामा अंग्रेजीसहितको आधुनिक शिक्षाको प्रारम्भ भने २००६ सालतिर भएको देखिन्छ । अध्येता विकल शेरचनका अनुसार काठमाडौँबाट आएका कृष्णबहादुर र रत्नबहादुर श्रेष्ठ पोखराको तेर्सापट्टीमा गृह शिक्षा चलाउँथे । त्यहाँ विद्यार्थीको चाप बढ्न थाल्यो । जनस्तरबाटै नयाँ विद्यालय स्थापनाको पहल पण्डित ऋषिकेशव पराजुली, प्रेम चैतन्य र अनागरिक धर्मशीला सहितका अगुवाले गरेका थिए । अन्ततः २००६ सालमा पोखरा ३ नदीपुरमा रहेको नारायण स्थान भगवती गुठीको पाटीमा 'पोखरा पब्लिक मिडिल स्कुल' को स्थापना गरियो ।

नारायणस्थानबाट सुरु भएको सो स्कुल कालान्तरमा नदीपुरमा स्थानान्तरण गरियो र नेसनल हाइस्कुल बन्यो । त्यहाँबाट २०१३ सालमा पोखरा टुँडिखेलमा सर्दासम्म विद्यालयको नाम मल्टीपर्पस नेसनल हाइस्कुल भइसकेको थियो । व्यावसायिक राष्ट्रिय माध्यमिक विद्यालयबाट व्यावसायिक शिक्षा हटाइएपछि विद्यालयको नाम राष्ट्रिय माध्यमिक विद्यालयमात्र रहन पुग्यो ।

नेसनल हाइस्कुललाई व्यावसायिक शिक्षाको नमुना विद्यालय बनाउने पहल थालियो । तत्कालीन प्रधानमन्त्री बिपी कोइरालाको पालामा यो विद्यालयलाई अमेरिकी सहयोग प्राप्त भयो । शिक्षकलाई तालिम र शिक्षक आदानप्रदानका कार्यक्रम सञ्चालन गरिए । तर, २०१७ सालको परिवर्तनपछि विदेशी सहयोगको कमी र राष्ट्रिय संरक्षण नहुँदा व्यावसायिक तालिम दिने विद्यालय साधारण शैक्षिक संस्थामा रूपान्तरण भएको शेरचन बताउँछन् । पोखरामा उच्च शिक्षाको सुरुवात भने २०१७ सालमा मात्रै भएको हो । २०१७ साल भदौ १७ गते नारायणस्थानको पौवाबाट सुरु भएको पृथ्वीनारायण क्याम्पस मंसिर १७ गते विधिवत उद्घाटन भएको थियो ।

बस्ती र पूर्वाधार विकाससँगै २०१६ सालमा पोखरा नगरमा रूपान्तरण भयो । २०१६ सालमा नगर पञ्चायतमा रूपान्तरण भएको पोखरा अहिले गण्डकी प्रदेशको राजधानी र महानगर बनेको छ । २०१६ सालमा पहिलो नगर प्रमुखको रूपमा शिवबहादुर थापाले कार्यभार सम्हालेको पोखरा अन्तर्राष्ट्रिय सहर बनेको छ । हिजोको पोखराले सिर्जेका ऐतिहासिक तथा पुरातात्विक संरचना संरक्षण गर्दै अत्याधुनिक पोखरा बनाउनुपर्ने दायित्व महानगरका १५ औँ मेयर धनराज आचार्यको काँधमा आएको छ ।

# कागजी घोडा होइन प्राविधिक शिक्षा



लक्ष्मण तिमिल्सिना

दार्शनिक अरस्तुले भनेका छन्-शिक्षाको कार्य स्वस्थ शरीरमा स्वस्थ मन निर्माण गर्नु हो। यसैलाई टेवा पुग्ने गरी दार्शनिक जोन लकले थपेका छन्- जसरी बोटविरुवाको विकास गोडमेलद्वारा हुन्छ, ठीक त्यसै गरी मानिसको विकास शिक्षाद्वारा हुन्छ । सृष्टिको प्रारम्भदेखि शिक्षा, समाज एवं मानव जीवनसँग गाँसिएको छ किनभने शिक्षाको सम्बन्ध जीवनसँग छ। जबसम्म विश्वमा जीवको अस्तित्व रहिरहन्छ, तबसम्म शिक्षाको प्रक्रिया चली नै रहन्छ। यसर्थ किताबका पानामा छापिएर रटाइएको ज्ञानमात्रै शिक्षा र सर्टिफिकेटमा अंक धारी मान्छेमात्र शिक्षित भन्ने सोचले समाजको विकास क्रमपछाडि परेको स्पष्ट देख्न सकिन्छ । व्यक्तिको जीवनकालमा आइपर्ने सिकाइ र अनुभव विश्वविद्यालयको ज्ञानभन्दा फरक छ ।

नेपालको शिक्षाको विकासक्रम हेर्ने हो शिक्षा भनेको औपचारिक शिक्षामात्र हो भन्ने सोचाइबाट ग्रसित छ । हाम्रो शिक्षाले कतिपय अवस्थामा

> “
>
> **उच्च शिक्षा अध्ययनको प्राविधिक विश्वविद्यालय खोल्नुपर्छ भन्ने चेत १३ वटा विश्वविद्यालय सञ्चालन गरिरहेको राज्यसँग छैन**

धेरै विभेद जन्माएको छ । नेपालको परिवेशमा भने शिक्षा भनेको उपल्लो वर्गका लागि मात्र हो भन्ने एक खालको भ्रमित संस्कारको विकास हुन गई साधारण शिक्षाको माग धेरै प्रचार भइरहेको थियो । औद्योगिक क्रान्तिपछि बेलायतले विज्ञान र प्रविधिमा ठूलो फड्को मार्ने कोशिस गरेता पनि उदार शिक्षाको पृष्ठपोषण केही शिक्षण संस्थाले परिस्थितिको आकलन गर्न नसकेको कारणले गर्दा प्राविधिक शिक्षापछि पर्न गएको कुराको इतिहास साक्षी छ ।

नेपालको हकमा १० औं योजना विसं २०५९-२०६४ ले प्राथमिक शिक्षालाई अनिवार्य गर्न महिला शिक्षालाई अनिवार्य गर्दै लैजाने, माध्यमिक तहसम्मको शिक्षा सञ्चालन गर्न शैक्षिक गुणस्तरमा फड्को मार्ने, रोजगारमूलक शिक्षा प्रवर्द्धन गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिँदै क्रमश: उच्च शिक्षा विश्व परिवेशको शिक्षा औपचारिक रुपमा व्यावसायिक शिक्षामा परिवर्तन गरिएको थियो । नेपालमा प्राविधिक शिक्षाको महत्व छ भन्ने कुराको महसुस राणा कालमा नभएको होइन, राणा प्रधानमन्त्री वीरशमशेरले आफ्ना छोरा गेहेन्द्रशमशेरसहित ५ जनालाई जापानमा प्राविधिक शिक्षा अध्ययन गर्न पठाएका थिए । विसं. १९४२ ताका नै नेपालमा प्राविधिक शिक्षाको बहसको गर्ने जमर्को राणा प्रधानमन्त्री वीरशमशेरले गरेका थिए ।

> **प्राविधिक शिक्षा कागजमा बलियो बनेको शिक्षा पद्धति हो, व्यवहारमा यसलाई कार्यान्वयन गर्नका लागि हाम्रो मानसिकता बाधक बनेको छ**

पछिल्लो समय नेपालमा शिक्षाका साधारण र प्राविधिक धारमध्ये प्राविधिक धारमा जोड दिने सरकारी नीति कागजबाट बाहिर उम्किन सकेको छैन । नेपालका हरेक प्राविधिक पेशामा संलग्न व्यक्तिको संख्या आकलन गर्ने हो भने नेपाली श्रमिकको संख्या र विदेशी श्रमिकको संख्या अनुपात २३:७७ रहेको अध्ययनहरुले देखाएको छन् । नेपालमा प्राविधिक शिक्षा कागजमा बलियो बनेको शिक्षा पद्धति हो तर व्यवहारमा यसलाई कार्यन्वयन गर्नका लागि हाम्रो मानसिकता बाधक बनेको छ ।

**कोइला र हिरा दुबै कार्बन त हुन् नि !**

म यहाँ यौटा सामाजिक परिवेश जोड्न खोजेको छु, जसले भनौं वा जुन चिन्तनले प्राविधिक शिक्षा अफै पनि व्यवहारिक शिक्षा बन्न सकेन । राज्यका हरेक निकायले शिक्षालाई जीवनोपयोगी, व्यवहारीक, गुणस्तरीय र प्राविधिक सीपसहितको काम गरी खान सक्ने काममा सम्मान गर्न सक्ने जनशक्ति उत्पादनको नीति र कार्यक्रम देशव्यापी ल्याउँदा पनि किन हामी अलमलमा नै रह्यौं ? आजको मूल प्रश्न यही हो प्राविधिक शिक्षाको सवालमा ।

आज अस्ट्रेलियाको सिड्नीमा नेपाली भाइको कपाल काट्ने दोकान चलाउन सक्षम नेपाली दाजु भाइ किन नेपालमा कैंची चलाउन हिम्मत गर्न सक्दैनन् ? कतारमा जिप्सम फिटिङको जिम्मा लिने नेपालीले किन नेपालमा जिप्समको काम गर्ने हिम्मत गर्न सकेनन् ? समीक्षाको बिषय रहला । खाडीमा बेल्चा चलाउने नेपालीले नेपालमा पिचको काम गर्नका लागि आफूलाई उभ्याउन किन र केले रोक्यो ? यस्ता हजारौ प्रश्नको यौटै जवाफ हो: हामीलाई हाम्रो




शिक्षाले जागिरे बन्न प्रेरित गरेको छ । जागिर खाने एक जनाभन्दा जागिर दिन सक्ने व्यक्तिको देशको अर्थतन्त्रमा हुने योगदान हाम्रो शिक्षा प्रणालीले कतै सिकाउने प्रयास नै गरेन ।

दुर्भाग्य, हामीलाई कवाडी संकलनको काम गर्न लाज मान्नुपर्ने बनाइदियो । गाडीको मर्मत गर्ने मिस्त्रीलाई तल्लो दर्जाको रुपमा स्थापित गराउन सभ्यताको आवरणमा ढोंगी समाज लागिरह्यो । शिक्षितको परिभाषा नै मार्कसिटको आधारमा ठह-याउँदै सम्मान गर्ने परीपाटीमा समाज पल्क्यो । यसर्थ प्राविधिक ज्ञान भएका मानिससमेत प्राविधिक पेशामा ढुक्क भएर खुलेर काम गर्न सक्ने वातावरण देशभित्र बन्न सकेन । सीप, कला र गला हुनेहरुले कहिल्यै पनि छाती फुलाउन सकेनन् । जसको परिणति नेपाली श्रमबजार ७७ प्रतिशत विदेशी श्रमिकमा निर्भर रह्यो ।

जसले हामीलाई उत्पादनमा आत्मनिर्भर बन्नका लागी प्रेरित गर्न नै सकेन । फलस्वरूप प्राविधिक शिक्षाको ब्यानर झुण्ड्याएका शैक्षिक संस्थाहरु समेत प्राविधिक ज्ञान होइन, साधारण शिक्षामै केन्द्रीत रहँदै सर्टिफिकेट वितरण केन्द्र बने । हाम्रो प्राविधिक शिक्षाले फेरि पनि कार्बन नै सिकायो, कर्बन मलिक्युलको स्थानको आधारमा त्यसको कोइलाको मूल्य र हिराको मूल्य बुझाउनेतर्फ हामी लाग्न सकेनौं । जसको परिणाम नेपालको प्राविधिक शिक्षा चर्को स्वरको हुँकार त बन्यो तर अगाडि बढ्ने हिम्मत गर्न सकेन ।

विद्यालयहरुले प्राविधिक शिक्षा चलाउनका लागी हिम्मत त गरे तर त्यहाँ पाठ्यक्रम प्राविधिक सीप सिकाउन सक्नेभन्दा पनि भोलि साधारण शिक्षाका अनुसन्धानमा लाग्ने विद्यार्थीसँग प्रतिस्पर्धी बन्न सक्ने शिक्षालाई दीर्घकालीन लक्ष्य बोकेर बनेर आईदियो । अनि प्राविधिक शिक्षाका विद्यार्थीलाई कमजोर देखाउने ध्याउन्नमा ठूलो शैक्षिक जनशक्ति लागिरह्यो ।

**प्राविधिक धार र साधारण धारको शिक्षा**

हाल प्राविधिक शिक्षाको महत्व अनुरुप सीपवान् जनशक्ति उत्पादन हुन नसक्नुमा नेपालको शिक्षा प्रारूप नै दोषी देखिन्छ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्

मा तीन वर्ष इन्जिनियरिङ पढेको विद्यार्थीको क्षमता उसको काम गर्न सक्ने सीपको क्षमताभन्दा पनि विश्वविद्यालयले लिने स्नातकको प्रवेश परीक्षाको आधारमा गर्ने गरिन्छ । २ वर्ष विज्ञान पढेको विद्यार्थीसँग प्राविधिक सीप सिकेको व्यक्तिलाई प्रतिस्पर्धा गर्न लगाउने विभेदकारी व्यवस्थाले प्राविधिक उत्पादनमा असहयोग गरेको देख्न सकिन्छ ।

प्राविधिक शिक्षा अध्ययन गरेका विद्यार्थीका लागि थप उच्च शिक्षा अध्ययनको प्राविधिक विश्वविद्यालय खोल्नुपर्छ भन्ने चेत १३ वटा विश्वविद्यालय सञ्चालन गरिरहेको राज्यसँग छैन । प्रतिस्पर्धा आफ्नो तहका सँग गराएर सफल/असफल छुट्याउनुको सट्टा प्राविधिक सीप, ज्ञानबारे घुमाउरो पारामा गलत सन्देशको प्रवाह रोकिँन नसक्दा नेपालमा प्राविधिक शिक्षा कागजी बन्दै गएको छ ।

जस्तो: प्राविधिक शिक्षाका बिषयमा विश्वविद्यालयको प्रवेश परीक्षामा उत्तीर्ण गराउने पाठ्यक्रम बनाउनुको सट्टा व्यक्तिको रुचि अनुरुप क्रेडिटको व्यवस्था गराउँदै पढ्दै कमाउँदै योजनाअघि सार्नु जरुरी छ । विश्वविद्यालय शिक्षामा सोही विषयबाट स्नातक गरेको व्यक्तिसँग हुने प्राविधिक ज्ञान, प्राविधिक धार अध्ययन गरेको प्रमाणपत्र तह उत्तीर्ण व्यक्तिसँग बढी हुन सक्छ । फेरि विश्वविद्यालय शिक्षामा सोही विषयबाट स्नातक गरेको व्यक्तिसँग हुने विषयवस्तुगत, सैद्धान्तिक ज्ञान र बुझाइ प्राविधिक धार अध्ययन गरेको प्रमाणपत्र तह उत्तीर्ण व्यक्तिसँग भन्दा निकै कम हुन सक्छ । यसर्थ प्राविधिक शिक्षाभित्र पनि दुई धार रहेको कुरा पाठ्यक्रम, शिक्षा मोड्युल बनाउनेहरुले बुझ्न जरुरी छ । जो व्यक्ति प्राविधिक ज्ञानमा दक्ष छ तर सैद्धान्तिक ज्ञानमा कमजोर छ भने उसलाई उसको सीपको तह निर्धारण गर्न कहिलेसम्म राज्यले कन्ज्युस्याई गरिरहने ?

बिएन/बिएस्सी नर्सिङको उत्पादन एउटा अस्पतालका लागि योग्य हुन्छ र अर्को अध्यापन एवं अनुसन्धानका लागि । यस्तै अन्य प्राविधिक धारमा पनि हुनेछ । दूध र दूधजन्य प्रदार्थ उस्तै लागे पनि यी दुवै कुरा फरक हुन । यसर्थ प्राविधिक शिक्षाको पनि अध्ययन, अनुसन्धानको धार विश्वविद्यालयले र प्राविधिक सीपको आधारमा दक्ष जनशक्ति उत्पादन धारका लागि प्राविधिक विश्वविद्यालय सञ्चालन वा फरक फरक ढंगले अध्ययनको अवसर दिन सक्दा हाम्रो श्रम बजारमा सहज खपत हुने जनशक्ति उत्पादन हुने कुरामा दुई मत छैन ।

अब दुई वर्ष विज्ञान पढेको विद्यार्थीले ४ वर्षे स्नातक गरिँरहदा ३ वर्षे डिप्लोमा गरेको विद्यार्थीका लागि प्राविधिक सीप, ज्ञानको थप दक्षताका लागि तीन वर्षसम्मको स्नातक कोर्ष, त्यसमा पनि फिल्ड प्रयोगात्मक कार्य आधा समयभन्दा बढी रहने र उसको क्षमता प्रदर्शनका आधारमा मूल्यांकन गर्ने पद्दतिको विकास गर्नु आजको आवश्यकता हो । जसले प्राविधिक शिक्षामा विद्यार्थीको आकर्षण बढ्नुका साथै देशभित्र प्राविधिक जनशक्तिको विकासमा सहयोग पुग्नेछ । यसले देशभित्र रोजगारीको अवसरमा नेपाली जनशक्तिलाई खपत गर्नुका साथै विश्व बजारमा हाम्रा जनशक्ति आकर्षक तलब माग गर्न सक्ने हैसियतमा पुग्ने छन् ।

*तिमिल्सिना गण्डकी बहुप्राविधिक शिक्षालयका निर्देशक हुनुहुन्छ ।*

# फोहोर स्रोत हो, समस्या होइन



कल्पना बराल

पोखरा महानगरपालिका भौगोलिक हिसाबले नेपालको सबैभन्दा ठूलो, प्राकृतिक सम्पदायुक्त, सुन्दर पर्यटकीय नगरी हो । गण्डकी प्रदेशको राजधानीसमेत रहेको यस महानगरपालिकामा पेशा, व्यवसाय, अध्ययन भ्रमण एवं अन्य विविध अवसरको खोजीमा बाह्य क्षेत्रबाट बसाईँसराईँ गरी आउने संख्यामा भएको वृद्धिका कारण जनघनत्व व्यापक रुपले बढिरहेको छ । बढ्दो जनसंख्या, बदलिदो उपभोग संस्कृतिका कारण महानगरपालिका क्षेत्रभित्र उत्सर्जन हुने फोहोरमैलाको परिमाणमा समेत वृद्धि भइरहेको छ ।

पोखरेलीको वर्षौ अघिको सपना र राष्ट्रिय गौरवको आयोजनाको रुपमा तयार भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि मार्ग प्रशस्त गर्दै महानगपालिका वडा नं. १४ बाच्छेवुडुवामा २०६१ सालदेखि फोहोरमैला व्यवस्थापन गर्दै आएको सेनिटरी ल्यान्डफिल स्थानान्तरण गरी पोखरा महानगरापलिका वडा नं.

> “
>
> **जनसंख्याको चाप तथा पेशा, व्यवसाय, उपभोग संस्कृतिमा आएको परिवर्तनसँगै फोहोरको प्रकृतिमा पनि परिवर्तन आएको छ**

३२ को लामेआहालमा अस्थायी व्यवस्थापन गरिँदै आएको छ । साबिकको ल्याडफिल साइटमाथि माटो हालेर पुरिएको छ । फोहोरमैलामाथि चार र गिद्धहरुको आवागमन हुने भएकाले त्यहाँ माटोले पुरिएको हो । फोहोरमैला दीर्घकालीन एवं वैज्ञानिक व्यवस्थापनका लागि जग्गा प्राप्ति, पूर्वाधार निर्माण, उपकरण तथा आधुनिक प्रविधिको प्रयोग गरी जनअपेक्षा बमोजिमको प्रशोधन केन्द्र स्थापना गर्नु महानगरपालिकाको मुख्य ध्येय छ ।

जनसंख्याको चाप तथा पेशा, व्यवसाय, उपभोग संस्कृतिमा आएको परिवर्तनसँगै फोहोरको प्रकृतिमा पनि परिवर्तन आएको छ । सँगसँगै फोहोर व्यवस्थापन गर्ने सोच, मान्यता र प्रविधिमा समेत व्यापक परिवर्तन आएको छ । मानव सभ्यता एवं विज्ञान र प्रविधिले ल्याएको परिवर्तनसँगै परिवर्तित स्वरुपमा हुने फोहोरको उत्सर्जनलाई रोक्न त सकिँदैन तर घटाउन र उचित व्यवस्थापन गर्न अवश्य सकिन्छ । त्यसका लागि महानगरपालिकाको अगुवाइ र आम सहरवासीको पूर्ण सहयोग र सहभागिता जरुरी छ । जैविक फोहोर विभिन्न विधिबाट कम्पोस्ट मल बनाउन र ग्याँस उत्पादन एवं घरपालुवा जनावरको खानाको रुपमा प्रयोग गर्न सकिन्छ ।

पुराना कपडा, दूध, दही, तेल, प्लाष्टिक झोला, बोतल लगायत वस्तु पुन: प्रयोग गर्न सकिन्छ । टुथ ब्रस, टुथपेस्टको कभर, हर्पिक, सेम्पु, पेय पदार्थ, मिनरल वाटर लगायतका पुनर्चक्रण हुने वस्तु बिक्री गरी आम्दानी गर्न सकिन्छ । पुन:चक्रण गर्न नसकिने फिल्म रिल, ऱ्यापिङ पेपर, चाउचाउ तथा चक्लेटका खोल लगायतका फोहोरबाट रचनात्मक प्रयोग, सजावटका वस्तुमा रुपान्तरण गर्न सकिन्छ । यस्ता किसिमको फोहोरको मिश्रणबाट बल्क उत्पादन गर्ने एवं प्लास्टिक रोड निर्माणको अभ्यास पनि सुरु भएको छ । फोहोर व्यवस्थापनमा सबै जना जिम्मेवार बन्ने हो भने ल्यान्डफिल गर्ने फोहोरको मात्रा निकै कम वा शून्यमा पुऱ्याउन सकिन्छ ।

> **पेशा, व्यवसायको अवसर लिने तर जिम्मेवारी पूरा नगर्ने प्रवृत्ति नागरिकका लागि शोभनीय त हुँदै हुँदैन, दण्डनीयसमेत हुन्छ**

महानगरपालिका कार्यालयले घरघरबाट निस्कने फोहोर, स्वास्थ्य संस्थाजन्य फोहोर र मलमूत्रजन्य फोहोर संकलन गरी ढुवानी एवं व्यवस्थापन गर्नको लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार निजी तथा सामुदायिक साझेदारीसँग सहकार्य गरिरहेको छ । तालिका अनुसार सबै वडामा फोहोरमैला संकलन गर्ने व्यवस्था मिलाइएको छ । साझेदार कम्पनीलाई सेवा प्रवाहमा जिम्मेवार बनाउने, मुख्य सडक, घना वस्ती एवं व्यवसाय भएका वडामा दैनिक सडक बढार्ने कर्मचारीसहित फोहोर संकलनको व्यवस्था गरिएको छ ।

नागरिक स्तरमा फोहरमैला वर्गीकरण तथा व्यवस्थापनसम्बन्धी सचेतना गराउने, मृत पशु, चौपायाको व्यवस्थापन गर्ने, सार्वजनिक स्थानमा टाँगिएका पोस्टर, पम्प्लेट, हटाउने, वेवारिसे गाईवस्तु संकलन गरी कान्जिहाउसमा पुऱ्याउने, फोहरमैलासँग सम्बन्धित नागरिक गुनासो सुनुवाई गर्ने काम यस शाखाको मुख्य जिम्मेवारी हुन् ।

विभिन्न अध्ययन प्रतिवेदनले पोखरा क्षेत्रभित्र

उत्सर्जन हुने फोहोरमैला प्रतिदिन १८० देखि २०० टनसम्म हुने गरेको देखाएका छन् । सन् २०२० मा विश्व बैंकले गरेको सर्वेक्षण प्रतिवेदन अनुसार पोखरा महानगरपालिकामा दैनिक १ सय ८८ टन फोहोर उत्सर्जन हुने उल्लेख गरेको छ । जस अनुसार कुहिने फोहोर ६८.६१ प्रतिशत , प्लास्टिक १९.९१, पेपर ४.५४ प्रतिशत ,शिशा १.९ प्रतिशत, टेक्साइटल २.९१ प्रतिशत, मेटल १.५३ प्रतिशत अन्य १.२१ प्रतिशत छ ।

पोखरा महानगरपालिकाले दैनिक १ सय टन घरायसी फोहोर, १० टन स्वास्थ्यसंस्था जन्य फोहोर, दैनिक औसत ६० हजार लिटर मलमूत्र जन्य फोहोर व्यवस्थापन गर्दै आएको छ । अनौपचारिक रुपमा होटल, रेस्टुरेन्ट एवं सब्जीमण्डीबाट पाल्तु जनावरका लागि दानाको रुपमा जैविक पदार्थ प्रयोग हुँदै आएको छ । बजार क्षेत्रबाट दैनिक जीवन गुजारा गर्ने सर्वसाधारणले चिसो पेयपदार्थ एवं मिनरल वाटरका बोतल लगायत बिक्री हुने कागज, कार्टुन र प्लास्टिकजन्य वस्तु संकलन गरी बिक्री गर्दै आएका छन् । बसोबास क्षेत्रका बस्तीहरुमा ६० प्रतिशत जैविक फोहोर घरमै व्यवस्थापन भएको छ । केही टोल विकास संस्था र क्लबले फोहोर वर्गीकरण गरी जैविक फोहोरबाट मल उत्पादन गरी कौसी खेती गर्ने र बिक्री हुने फोहोर बिक्री गरी सामूहिक आम्दानी गर्दै आएका छन् ।

महानगरलाइ सफा, सुन्दर राख्ने मनाशायले नागरिक स्तरबाट नियमित सफाइ अभियान सञ्चालन भएका छन् । साथै महानगरपालिकाको बाहिरी क्षेत्रका भित्री बस्तीमा आआफ्ना घरअगाडि सडकसम्म सफा गर्ने र नियमित टोल र आमा समूहले आफ्ना टोल सफा गर्दै आएका छन् । यस्तो कार्यको महानरपालिका प्रसंशा नगरिरहन सक्दैन । तर मुख्य बजार क्षेत्र अर्थात् मुख्य सडकमा कर्मचारीले सडक सफा गरिसकेपछि सटर एवं घर सफा गरी फुटपाथको पेटी वा डिलमा फोहोर थुपारीदिनाले सहर फोहोर देखिरहन्छ । दैनिक सेवा प्रवाह हुने मुख्य बजार क्षेत्रमा भएका होटल, रेस्टुरेन्टले फोहोर संकलन गर्न गाडी आउने समयसम्म पनि नपर्खी साझ, बिहान र रातिको समयमा फोहोर सार्वजनिक स्थल, सडकको छेउ, नदी, नहर कुलोमा लगेर फालेको पनि भेटिएको छ ।

सुन्दर एवं पर्यटकीय महानगरका कारण पेशा, व्यवसायको अवसरमात्र लिने र आफ्ना जिम्मेवारी पूरा नगर्ने प्रवृत्ति सुन्दर नगरीमा बसोबास गर्ने नागरिकका लागि शोभनीय त हुँदै हुँदैन, दण्डनीयसमेत हुन्छ । सार्वजनिक स्थलमा फोहोर फालेको पाइएका कसूर हेरेर १ लाख रुपैयाँसम्म जरिवाना गर्न सकिने व्यवस्था फोहोरमैला व्यवस्थापन नियमावली २०७४ ले गरेकाले सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर फाल्ने जस्तो असभ्य, गैह्रकानुनी एवं दण्डनीय कार्य महानगरवासीबाट नहुने कुरामा महानगरपालिका विश्वस्त छ ।

सफाइ र सुन्दरता पोखरा महानगरपालिकाको पहिचान हो । सफा, स्वच्छ र सुन्दर पोखरा आम महानगरबासीको चाहना हो । महानगरवासीको चाहनालाई यथार्थमा रुपान्तरण गर्न पोखरा महानगरपालिका दृढ संकल्पित छ । फोहोरमैला भनिएको वस्तुलाई पुन:प्रयोग, प्रशोधन र पुनर्चक्रण गरी आय आर्जन गर्न र रोजगार सिर्जना गर्नेतर्फ पनि महानगरपालिकाले योजना बनाएको छ । फोहोर संकलन तालिका थप विश्वसनीय बनाउने, फोहोरको दीर्घकालीन एवं वैज्ञानिक व्यवस्थापनका लागि प्रशोधन केन्द्र स्थापना गर्ने गरी फोहोरलाई समस्याको रुपमा नभई स्रोतको रुपमा स्थापित गर्ने दिशामा महानगरपालिका अगाडि बढेको छ । यो कार्यमा महनगरले सबै सचेत महानगरवासीको सहयोग अपक्षा गरेको छ ।

*(लेखक बराल पोखरा महानगरको सरसफाइ शाखा प्रमुख हुनुहुन्छ)*

# पोखरा महानगरपालिकाको भूमी वर्गीकरण

| भू-उपयोग वर्ग | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|
| कृषि योग्य क्षेत्र | ११०.५८ |
| वन क्षेत्र | ११६.३८ |
| जल क्षेत्र | ११.८ |
| सार्वजनिक उपयोग | १४.९२ |
| आवासीय क्षेत्र | २९.२ |
| व्यावसायिक क्षेत्र | ५.१२ |
| औद्योगिक क्षेत्र | ०.३८ |
| सांस्कृतिक तथा पुरातात्विक क्षेत्र | ०.०९ |
| अन्य | ७.७६ |
| जम्मा | ४६४.२४ |






## महाशाखा

# गतिविधि



# गुणस्तरीय स्वास्थ्य सेवामा समर्पित

स्वच्छ वातावरणमा स्वस्थ जीवनयापन गर्न पाउने हरेक नागरिकको नैसर्गिक अधिकारप्रति पोखरा महानगर गम्भीर छ । रोग लागिसकेपछि स्वास्थ्य संस्था खोज्दै हिँड्नुभन्दा रोग नै लाग्न नदिने गरी महानगर प्रयासरत छ । तर, रोग लागिसकेपछि पनि उचित र सहज रुपमा स्वास्थ्य सेवा पाउनका लागि महानगर स्वास्थ्य महाशाखाबाट थुप्रै काम र प्रयास भएका छन् ।

पोखरा महानगरपालिका अन्तर्गत १ प्राथमिक अस्पताल, २ प्राथमिक स्वास्थ्य केन्द्र, १९ स्वास्थ्य चौकी, १ सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, २३ सहरी स्वास्थ्य केन्द्र र २ आयुर्वेदिक औषधालय गरी जम्मा ४८ स्वास्थ्य संस्था छन् ।

महानगरका ३३ वडामध्ये ३२ वडामा स्वास्थ्य संस्था छन् । पोखरा वडा नं. ६ मा यसै आर्थिक वर्षमा स्वास्थ्य संस्था स्थापना गर्ने योजना छ । महानगर अन्तर्गत १२४ खोप क्लिनिक, ८८ गाउँघर क्लिनिक सञ्चालनमा छन् । महानगरपालिका अन्तर्गतको १ सिइओएनसी, २ बिइओएनसी र ७ वटा सूचीकृत भएका प्रसूति केन्द्रमध्ये ३ वटामात्र सञ्चालनमा छन् । महानगरमा २३ वटा स्वास्थ्य संस्था सुरक्षित गर्भपतन सेवा प्रदान गर्नका लागि सूचीकृत भएका छन् । महानगरका सरकारी स्वास्थ्य संस्थामध्ये एक्सरे र अल्ट्रा साउन्ड सेवा शिशुवा अस्पतालमा मात्र उपलब्ध छ ।

यस्तै, प्रयोगशाला सेवा शिशुवा अस्पताल, २ वटा प्राथमिक स्वास्थ्य सेवा केन्द्र, सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र एवं २ वटा सहरी स्वास्थ्य केन्द्र १५ र १३ मा सञ्चालनमा छ । महानगरपालिका अन्तर्गत ६ सय ५६ जना महिला स्वास्थ्य स्वयंसेविका कार्यरत छन् ।

**पोखरामा सेवा दिइरहेका अन्य सरकारी र निजी स्वास्थ्य संस्था**

| स्वास्थ्य क्षेत्रका अरु संघ, संस्था | संख्या |
|---|---|
| सरकारी अस्पताल | ४ |
| सरकारी स्वास्थ्य संस्था (अस्पतालबाहेक) | ४५ |
| सरकारी आयुर्वेद | ३ |
| मेडिकल कलेज | २ |
| निजी स्वास्थ्य संस्था (निजी अस्पताल, नर्सिङ होम, हेल्थ क्लिनिक) | ९९ |
| फार्मेसी | ३५३ |
| अन्य (निजी इमेजिङ, ल्याब र आयुर्वेद संस्था) | १५६ |
| जम्मा | ६५९ |

पोखरा महानगरमा रहेका १ प्राथमिक अस्पताल, २ प्राथमिक स्वास्थ्य केन्द्र, १९ स्वास्थ्य चौकी तथा २ आयुर्वेदिक औषधालयमा संघीय सरकारबाट स्वीकृत दरबन्दी अनुसार कर्मचारी कार्यरत छन् । वडा नं ९ मा रहेको सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र र महानगरका २३ सहरी स्वास्थ्य केन्द्रमा स्थानीय स्तरबाट आवश्यकता अनुसार नियुक्त गरिएका करार कर्मचारी कार्यरत छन् ।

महानगरअन्तर्गत स्वास्थ्य महाशाखामा १९४ जना स्थायी, १२१ करार र ६ जना छात्रवृत्ति करारका कर्मचारी कार्यरत छन् ।

**महानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट प्रदान गरिने मुख्य स्वास्थ्य सेवा**

- खोप सेवा
- पोषण सेवा
- नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन
- प्रजनन स्वास्थ्य (सुरक्षित मातृत्व, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, सुरक्षित गर्भपतन सेवा महिलाहरुको आङ खस्ने समस्या, स्तन तथा पाठेघरको मुखको क्यान्सर परीक्षण, परामर्श तथा प्रेषण)
- सरुवा रोग नियन्त्रण
- नसर्ने तथा मानसिक रोग
- ज्येष्ठ नागरिक स्वास्थ्य सेवा
- किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा
- दैनिक बिरामी जाँच, परामर्श, उपचार,
- प्रेषण (रिफर)
- आकस्मिक स्वास्थ्य सेवा
- प्रयोगशाला सेवा
- निशुल्क औषधी वितरण
- स्वास्थ्य प्रवर्धन
- आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य
- महिला स्वास्थ्य स्वयम्सेविका
- विपद् व्यवस्थापन
- स्वास्थ्य बिमा
- स्वास्थ्य शिक्षा

# आ.व.०७८/७९ मा सञ्चालन भएका मुख्य गतिविधि

**१. बाल स्वास्थ्य**

**क) खोप**

- नियमित खोप कार्यक्रम सञ्चालन र नियमित खोपमा टाइफाइड खोपको सुरुवात
- टाइफाइड खोप अभियान सञ्चालन (१११८८३ जनालाई खोप प्रदान)
- करारमा ८ जना खोप जनशक्ति व्यवस्थापन
- पूर्ण खोप सुनिश्चितताका लागि सबै वडामा तथ्यांक संकलन तथा भेरिफिकेसन
- खोप कार्यक्रम नियमित सुपरिवेक्षण तथा अनुगमन
- खोप केन्द्र सुदृढीकरण (३ वटा खोप केन्द्रमा फर्निचर व्यवस्थापन)

**ख) एकीकृत बाल तथा नवजात शिशुरोग व्यवस्थापन कार्यक्रम**

- अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र तथा सहरी स्वास्थ्य केन्द्रहरु र गाउँघर क्लिनिकमार्फत् ५ वर्षमुनिका बालबालिकालाई स्वासप्रश्वाससम्बन्धी तथा झाडापखाला लगायतका बालरोगको जाँच तथा उपचार
- स्वास्थ्यकर्मीलाई बालरोगको एकीकृत व्यवस्थापन प्रोटोकल तथा रेकर्ड रिपोर्ट व्यवस्थापन सम्बन्धमा अनसाइट कोचिङ

**ग) पोषण कार्यक्रम**

- सबै वडामा भिटामिन ए क्याप्सुल तथा जुकाको औषधी वितरण (दुई चरणमा कात्तिक र असार)
- स्वास्थ्यकर्मीलाई सिएनएसआई तालिम सञ्चालन (४ समूह)
- पोषणसम्बन्धी राष्ट्रिय दिवस मनाउने कार्यक्रम (स्तनपान सप्ताह, आयोडिन महिना, विद्यालय स्वास्थ्य तथा पोषण सप्ताह)
- पोषण कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण

**२. प्रजनन स्वास्थ्य**

**क) सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य**

- सिइओएनसी, बिइओएनसी र बर्थिङ सेन्टरलाई निरन्तरता
- प्राथमिक स्वास्थ्य सेवा केन्द्र तथा स्वास्थ्य चौकीमा रहेका बर्थिङ सेन्टरमा चौबिसै घण्टा प्रसूति सेवा सञ्चालन गर्न करार अनमी नियुक्ति
- एमपिडिएसआर कार्यक्रम कार्यान्वयन
- निजी अस्पताल तथा मेडिकल कलेजमा एमपिडिएसआर तथा बर्थ डिफिक्ट कार्यक्रम सञ्चालन (गण्डकी मेडिकल कलेजमा एमपिडिएसआरमात्र, मणिपाल शिक्षण अस्पतालमा दुबै )
- आमा सुरक्षा तथा एएनसी कार्यक्रम (आमा सुरक्षा कार्यक्रम १० वटा सरकारी प्रसूति केन्द्र तथा २ वटा मेडिकल कलेजमार्फत सञ्चालन)
- फोन होम भिजिट कार्यक्रम
- गर्भवती तथा सुत्केरीका लागि क्याल्सियम वितरण
- मातृ तथा नवशिशु कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण

**ख) सुरक्षित गर्भपतन कार्यक्रम**

- २३ वटा स्वास्थ्य संस्थामा निशुल्क गर्भपतन कार्यक्रम संचालन (थप १४ संस्थामा विस्तार)
- स्वास्थ्यकर्मीलाई मेडिकल एबोर्सन तालिम

**ग) किशोरकिशोरी लक्षित कार्यक्रम**

- किशोरकिशोरी लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने संघ, संस्थासँग समन्वय बैठक

**घ) परिवार नियोजन कार्यक्रम**

- सबै स्वास्थ्य संस्था र गाउँघर क्लिनिकबाट नियमित रुपमा डिपो, पिल्स, कन्डम वितरण र परिवार नियोजन परामर्श सेवा प्रदान
- सबै स्वास्थ्य संस्था र सेटलाइट क्लिनिकबाट नियमितरुपमा इम्प्लान्ट सेवा प्रदान
- निश्चित स्वास्थ्य संस्थाहरुबाट नियमितरुपमा आइयुसिडी सेवा प्रदान
- परिवार योजना तथा सुरक्षित मातृत्व दिवस कार्यक्रम सञ्चालन
- लामो अवधिको जन्मान्तरको लागि सेटलाइट क्लिनिक सेवा
- परिवार नियोजन तथा प्रजनन स्वास्थ्य कार्यक्रमका लागि औजार उपकरण खरिद
- इम्प्लान्ट तालिम सञ्चालन

**ङ) प्रजनन रुग्णता**

- प्रजनन स्वास्थ्य सचेतना र पाठेघर तथा स्तन क्यान्सर स्क्रिनिङ क्याम्प सञ्चालन
- १२ वटा स्वास्थ्य संस्थामा नियमित पाठेघर तथा स्तन क्यान्सर स्क्रिनिङ सेवा निरन्तरता

**३. उपचारात्मक सेवा**

- आधारभूत स्वास्थ्य केन्द्र नभएका वडामा सहरी स्वास्थ्य केन्द्र स्थापना तथा सञ्चालन
- सबै स्वास्थ्य संस्थाबाट ओपिडी सेवा
- नि:शुल्क आधारभूत तथा आकस्मिक सेवाका लागि औषधी खरिद
- स्वास्थ्य चौकी तथा प्राथमिक अस्पतालमा न्यूनतम सेवा मापदण्डको अनुगमन
- आधारभूत तथा आकस्मिक सेवा सुनिश्चितताका लागि औषधीको आपूर्ति र उपयोगसम्बन्धी अनुगमन तथा मूल्यांकन
- औषधी ढुवानी तथा वितरण
- फर्निचर लगायतका अन्य आवश्यक सामग्री खरिद, रिप्याकिङ तथा ढुवानी
- इएलएमआइएस कार्यक्रम ४६ स्वास्थ्य संस्थामा विस्तार

**४. रोग नियन्त्रण कार्यक्रम**

**क) राष्ट्रिय क्षयरोग कार्यक्रम**

- उपचार केन्द्रहरुमा आकस्मिक अवस्थामा औषधी एवम ल्याब सामग्री ढुवानी तथा छपाइ
- क्षयरोगका बिरामीको उपचार, प्रेषण, इटिबी अद्यावधिक
- विश्व क्षयरोग दिवस मनाइएको
- कम्युनिटी डट्स कार्यक्रम सञ्चालन
- क्षयरोग कार्यक्रमको नियमित अनुगमन तथा मूल्यांकन,
- स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि
- पिबिसी तथा क्षयरोग भएका सबै बालबालिका एवं सम्पर्कमा रहेका सबै घरपरिवारका सदस्यमा सम्पर्क परीक्षण, एवं बिरामीका घर परिवारमा पाँच वर्षमुनिका क्षयरोगको कुनै लक्षण तथा चिन्ह नभएका बालबालिकालाई टिबिपिटी कार्यक्रम
- स्वास्थ्यकर्मीलाई क्षयरोग मोडुलर तालिम
- समुदायमा माइक्रोस्कोपिक क्याम्प सञ्चालन तथा सक्रिय क्षयरोग खोजपडताल कार्यक्रम

**ख) कुष्ठरोग नियन्त्रण तथा अपांगता व्यवस्थापन कार्यक्रम**

**ग) डेंगु नियन्त्रण कार्यक्रम**

- समुदायस्तरीय अभिमुखीकरण
- डेंगु नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजी गरी लार्भा नष्ट गर्ने अभियान सञ्चालन
- विद्यालयस्तरीय अभिमुखीकरण
- अस्पताल अनुगमन तथा सुपरिवेक्षण
- सूचना सम्प्रेषण (रेडियो, टेलिभिजन, पत्रपत्रिका, माइकिङ, पोस्टर, पम्पलेट

**घ) कोभिड नियन्त्रण कार्यक्रम**

- वर्षभरी नै कोभिड खोप अभियान निरन्तर सञ्चालन
- १०० बेडको कोभिड अस्पताल शिशुवाको निरन्तरता
- कोभिड रोग पहिचानका लागि नमूना संकलन
- क्युआर कोर्ड प्रमाणिकरण
- स्वास्थ्य सन्देश प्रसारण

**५. स्वास्थ्य कार्यक्रमको तथ्यांक व्यवस्थापन**

- मासिक एचएमआइएस सूचना संकलन, भेरिफिकेसन, गुणस्तर सुधार, प्रविष्टि
- स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरुको मासिक, चौमासिक तथा वार्षिक समीक्षा,
- स्वास्थ्य संस्थाहरुमा सहयोगी संस्थाको सहयोगमा नियमित तथ्यांक गुणस्तर व्यवस्थापन
- हेर्ड इन्टरनेसनलको सहयोगमा स्वास्थ्य संस्थाहरुको लेखाजोखा
- फ्याक्ट सिट अपडेट
- हेल्थ प्रोफाइल तयारी

**६. स्वास्थ्य शिक्षा, सूचना र सञ्चार**

- स्वास्थ्यसम्बन्धी सन्देश एफएम रेडियोबाट प्रसारण
- स्थानीय टेलिभिजनबाट स्वास्थ्य सन्देश र सूचना प्रवाह
- छापा सञ्चार माध्यमबाट स्वास्थ्य सन्देश प्रकाशन
- स्थानीय पत्रकार तथा अन्य स्वास्थ्य सञ्चारकर्मीसँग स्वास्थ्यसम्बन्धी अन्तर्क्रिया
- अनलाइन (पोखरा महानगरपालिकाको वेबसाइट, फेसबुक पेज) बाट स्वास्थ्य सन्देश प्रबर्धन
- स्वास्थ्यकर्मीलाई स्वास्थ्य प्रबर्धन कार्यक्रमको अभिमुखीकरण
- स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य शिक्षा सामग्री वितरण
- डेंगी, कोभिड १९ तथा अन्य सरुवा रोगसम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम तथा स्वास्थ्य सन्देश प्रसारण
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन
- विश्व स्वास्थ्य दिवस लगायतका स्वास्थ्य दिवस मनाउने ।

**७. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम**

- आधारभूत तालिम सञ्चालन
- अर्धवार्षिक समीक्षा सञ्चालन
- सिएनएसआइ तालिम

**८. मानसिक रोग नियन्त्रण कार्यक्रम**

- स्वास्थ्यकर्मीका लागि आत्महत्या रोकथामसम्बन्धी गेटकिपर तालिम
- मस्वासेका लागि मानसिक रोगसम्बन्धी तालिम

**९. विविध**

- वडा न. २, ३, १२ र १८ मा सहरी स्वास्थ्य केन्द्र स्थापना तथा सञ्चालन
- नियमित कार्यालय सञ्चालन र प्रशासनिक कार्यहरु
- जुनोटिक रोग नियन्त्रणका लागि निगरानी
- विपन्न नागरिक औषधी उपचार सहयोग सिफारिस
- बिपन्न नागरिक उपचार सहयोग
- अर्थिक प्रशासनसम्बन्धी कार्यहरु
- स्वास्थ्य क्षेत्र समेतको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना निर्माण (तीन आ.व २०७८/७९ देखि २०८०/८१ सम्म)
- महानगरीय स्वास्थ्य समिति कार्यविधि मस्यौदा तयारी
- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति कार्यविधि मस्यौदा तयारी
- वार्षिक कार्यक्रम तयारी
- निजी स्वास्थ्य संस्थाहरुको अनुगमन, नियमन, सञ्चालन स्वीकृति तथा नवीकरण



# धमाधम भौतिक पूर्वाधार

यही महानगरलाई भौगोलिक रुपमात्रै होइन, भौतिक पूर्वाधारका रुपमा पनि देशकै अब्बल बनाउन प्रयास भइरहेको छ ।

भौगोलिक रुपमा देशकै सबैभन्दा ठूलो महानगर पोखरा महानगरमा सहरी क्षेत्रसँगै ग्रामीण भेग पनि छ । राज्य पुनर्संरचना भइसकेपछि तत्कालीन गाविसहरु र लेखनाथ नगरपालिकासमेत जोडिएर अहिलेको पोखरा महानगरपालिका बनेको हो ।

यही महानगरलाई भौगोलिक रुपमात्रै होइन, भौतिक पूर्वाधारका रुपमा पनि देशकै अब्बल बनाउन प्रयास भइरहेको छ । पोखरा वडा नं. ८ न्युरोडमा रहेको महानगरको मुख्य भवन छ । जहाँबाट अहिले प्रशासनिक काम भइरहेको छ ।

त्यस्तै, महानगर भवन शाखाले गरेको अर्को महत्वपूर्ण काम गण्डकी बहुप्राविधिक शिक्षालयको भवन निर्माण पनि हो । उक्त भवन कुल ११ करोड रुपैयाँको लागतमा निर्माण भइरहेको छ । महानगरले वडास्तरका भवन निर्माणलाई समेत तीव्रता दिएको छ । हाल पोखरा वडा नं. १८, ३१, ८, ५, २७ को भवन निर्माण चलिरहेको छ । जसमध्ये पोखरा वडा नं. १८ को भवनको काम करिब अन्तिम चरणमा छ । ७० प्रतिशत भौतिक प्रगति सकिइसकेको वडा कार्यालय भवनको लागत २ करोड २८ लाख ४४ हजार ९ सय ७१ रुपैयाँ छ ।

त्यस्तै, पोखरा वडा नं. ३१ भवन निर्माणको काम ५५ प्रतिशत सकिएको छ । जेठ १४ गतेभित्र सक्ने गरी भइरहेको उक्त भवनको ३ करोड ५३ लाख ८ हजार ३८ रुपैयाँमा सम्झौता भएर कामअघि बढेको हो ।

पोखरा वडा नं. ८ को वडा कार्यालय भवन पनि करिब अन्तिम चरणमा छ । हालसम्म ८० प्रतिशत भौतिक प्रगति भएको भवन १६ चैतसम्म काम सक्ने ठेकेदार कम्पनीसँग सम्झौता भएको थियो । उक्त भवन ३ करोड ४० लाख ९५ हजार ११ रुपैयाँमा सम्झौता भएको थियो ।

पोखरा वडा नं. ५, २७ को भवनका भने निर्माण कार्य हालैमात्र सुरु भएको छ । वडा नं. ५ को

वडा कार्यालय भवनका लागि ५ करोड ५८ लाख २१ हजार ३८१ रुपैयाँ सम्झौता भएको छ भने काम ०८० साल माघ २४ गते सकिनेछ । भवनको शिलन्यास गरिसकिएको छ ।

त्यस्तै, पोखरा वडा नं. २७ को भवन पनि सुरु भएको छ । ०८० माघ २४ गते नै सकिने उक्त भवन निर्माणका लागि ४ करोड ३० लाख ३५ हजार ५९६ रुपैयाँमा सम्झौता भएको छ । त्यसबाहेक मुख्य प्रशासकीय भवन, प्रमुख प्रशासकीय अधिकृतको आवास तथा मल्टिप्रपोज भवनको काम सुरु हुने चरणमा छन् । प्रारम्भिक अध्ययन भइरहेका छन् ।

समग्रमा यस पूर्वाधार महाशाखा अन्तर्गत चालु आर्थि वर्षमा वडा कार्यालयसहित अन्य विभिन्न भवन पनि कुनै थालनी तथा कुनै सम्पन्न भइसकेका छन् । यस महाशाखाबाट चालु आर्थिक वर्षमा कास्कीकोट स्वास्थ्यचौकी निर्माण सकिइसकेको छ । त्यस्तै, वडा नं. २३, चापाकोट स्वास्थ्य चौकी, वडा नं. २४ बास्कोट स्वास्थ्य चौकीसहित वडा नं. १७ को वडा कार्यालय टेन्डरमा गइसकेको छ ।

पोखरालाई चिनाउने उद्देश्यसहित महानगर अहिले पोखरा घर निर्माणको योजना अगाडि सारेको छ । पोखरा पृथ्वीचोकमा बन्ने बहुतले सुविधासम्पन्न पोखरा घरले पोखरालाई समग्र रुपमा चिनाउने र पर्यटनमा पनि सहयोग पुर्‍याउने विश्वास महानगरको छ ।

'पोखरा घर'को भूई तलामा सूचना केन्द्र, दोस्रो तलामा पुस्तकालय, तेस्रो तलामा ग्यालरी र त्यसमाथि घन्टाघर बनाउने महानगरको योजना छ । चालु आर्थिक वर्षमा २ करोड रुपैयाँ विनियोजन भएको छ । पोखरा घर २ रोपनी क्षेत्रफलमा बन्नेछ । हाल उक्त भवनको विस्तृत अध्ययन प्रतिवेदन तयार पार्ने काम भइरहेको छ ।

पोखरा घरसहित भौतिक पूर्वाधार महाशाखाबाट प्रमुख प्रशासकीय भवन र बहुउद्देश्यीय भवनको पनि विस्तृत अध्यन प्रतिवेदन तयार गर्ने काम भइरहेको छ । हालसम्म पोखरा महानगरभित्र ८ सय ९१.६५ किमी बाटो कालोपत्रे तथा ढलान गरिएको छ । अब ७ सय ५५.३० किमी कच्ची सडक बाँकी छ । गत आर्थिक वर्षमा ३२.३० किमी पिच तथा २४.६० किमी कच्ची सडक निर्माण भएको थियो ।

महानगरको सुन्दरता वृद्धि गर्नका लागि मुख्य सडकमा रिसिलिङ गर्नेदेखि सडक लाइट र डिभाइडर राख्ने काम पनि जारी छ । उक्त काम सम्पन्न भइसकेपछि महानगरको सुन्दरतामा वृद्धि हुने हाम्रो अपेक्षा हो । त्यसका लागि काम तीव्र रुपमा अगाडि बढाइसकिएको छ ।




# व्यवसाय प्रवर्द्धन गर्दै पोखरा महानगरपालिका

यो व्यावसायिक विकास, प्रवर्द्धन र संवर्द्धनका लागि नवीन तथा आधुनिक प्रविधिमा आधारित नव प्रवर्तनात्मक कार्यलाई अगाडि बढाउने उद्देश्यका साथ स्थापित भएको शाखा हो । व्यावसायिक वातावरण, वित्तीय पहुँच, स्थानीय उत्पादन, उत्पादक र उपभोक्ताबीचमा सुमधुर सम्बन्ध कायम गराई स्थानीय आधारभूत सेवा, सर्वसुलभ रूपमा उपलब्ध गराई उद्यमशीलता विकास गरी नीति तथा प्रक्रियागत सुधार, अध्ययन, अनुसन्धान, अनुभव सिकाई र प्रविधि विकाससहित हस्तान्तरणका माध्यमबाट व्यवसाय सञ्चालन लागत न्यूनीकरण उत्पादन क्षमतामा वृद्धि, रोजगारीको सिर्जना, युवा पलायनमा न्यूनीकरण गर्दै व्यवसाय मैत्री महानगरको अनुभूति दिलाउनका लागि स्थापित शाखा हो, व्यवसाय प्रवर्द्धन केन्द्र ।

bpc

Business Promotion Center



## उद्देश्य

- » उद्यमी बनाउन सीप, क्षमता, सृजनामा सहजीकरण
- » वित्तीय ज्ञान, कानुनी र प्राविधिक ज्ञान, सीप प्रदान गर्ने
- » युवा र नवउद्यमीमैत्री नगर बनाउने
- » गरिब, सीमान्तकृत, विपन्न वर्गमुखी कार्यक्रम विकास गर्ने
- » नीतिगत, सुधारमा सहजीकरण गर्ने
- » नि:शुल्क सेवा प्रदान गरी नगर हेल्प डेस्कको कार्य गर्ने

## लक्ष्य

- » उद्यमी सहर बनाउने
- » युवा र विद्यार्थीलाई नेपालमै केही गर्न सकिन्छ भनी उत्प्रेरणा दिने
- » उद्यमीलाई सफल उद्यमी बनाउने
- » उद्यमशीलता विकास, प्रवर्द्धन र विकास गरी समुन्नत महानगरको परिकल्पना साकार पार्ने

## कार्यक्रम

- » निजी क्षेत्रसँग सहकार्य
- » सीप विकास
- » सेवा विस्तार
- » प्रविधि हस्तान्तरण
- » नवउद्यमको खोजी
- » विषय विज्ञको रोस्टर बनाउने
- » सार्वजनिक निजी संवाद
- » उद्योगी, व्यवसायी अभिलेखीकरण

## उद्यमशीलता

- » विज्ञबाट परामर्श, सेवा, सल्लाह
- » व्यावसायिक योजना निर्माणमा सहजीकरण
- » कच्चा पदार्थ बजारीकरणमा सहजीकरण
- » कर्जाका लागि बैंक, वित्तीय संस्था




सहजीकरण

» दर्ता प्रक्रिया सहजीकरण
» मेसिन, औजारसम्बन्धी सहजीकरण
» अनुभव आदानप्रदान

**व्यवसाय प्रवर्द्धन**

» विज्ञबाट परामर्श, सेवा, सल्लाह
» व्यावसायिक योजना निर्माणमा सहजीकरण
» दर्ता प्रक्रिया सहजीकरण
» व्यवसाय प्रवर्द्धन र प्रचारप्रसार गराउने ।
» महानगर उद्यमी बैंक स्थापना
» महानगर होल्डिङ सेन्टर स्थापना
» मेला, महोत्सव, मार्टहरूमा प्रवर्द्धनात्मक सामग्री निर्माण र सहभागिता
» उद्योग, व्यवसाय स्थापनाका निम्ति स्वदेशी तथा विदेशी निकायसँग पहल
» हरित महानगरको अवधारणा मूर्त बनाउन सहयोग
» टोल टोलमा फोहोर व्यवस्थापनसम्बन्धी तालिम
» व्यवसाय सम्भाव्यताका क्षेत्र, अध्ययन अनुसन्धान
» एक वडा, एक उद्योगको अवधारणा विकास
» ५ वर्षमा २५ सय नव उद्यमी बनाउने

**नवीनतम् सोच**

» आइडिया क्युमिडो स्थापना



- » आइडिया बचत
- » नवउद्यम विकास गर्न आकर्षक योजना
- » बुट क्याम्प
- » च्यालेन्ज फन्डको व्यवस्था

**सीप क्षमता र रोजगारी**

- » महानगरभित्र पाँच वर्षमा ५ हजार जनालाई रोजगारी सिर्जना गर्ने
- » बजार क्षेत्रमा रहेका वडाका विद्यालयमा विद्यार्थीलाई १२ पास गरेपछि ३ महिना अनिवार्य तालिमको व्यवस्था (जस्तैः प्लम्बिङ, इलेक्ट्रिक, इलेकट्रोनिक्स, एसी जडान, ब्युटीपार्लर, वारिस्टा, कुक, वेटर, हाउस किपिङ, टुर गाइड, निर्माण लगायत ।)
- » ग्रामीण क्षेत्रमा रहेका वडामा जस्तै : जेटी, जेटिए, गाउँले गाइड, टनेल निर्माण, बोल्ने कला, आतिथ्य जस्ता तालिम गराउने
- » हरेक वडामा कम्तीमा १ सय जनालाई रोजगारी सिर्जना गर्ने
- » निजी क्षेत्रको सहकार्यमा रोजगार बैंक, श्रमिक बैंक स्थापना
- » वेबसाइड र मोबाइल एप्समार्फत बेरोजगारको सूचीकरण
- » कमाऊ, पढ अभियान ।
- » महानगरभित्र सञ्चालित रोजगारी, गरिबी निवारण, सीप, क्षमता विकास, प्रवर्द्धन, प्रचारप्रसार जस्ता कार्यक्रमलाई एकद्वार बनाउने ।

**सार्वजनिक निजी साझेदारी कार्यक्रम**

- » पोखरा कोसेली घर निर्माण
- » सार्वजनिक निजी संवाद
- » निजी क्षेत्रको विकास र प्रवर्द्धनमा उद्योगी, व्यवसायीलाई आवश्यक तालिम, क्षमता अभिवृद्धि र प्रविधि हस्तान्तरणमा सहजीकरण




- » उत्पादन, उत्पादक र उपभोक्ता समन्वयकारी भूमिका
- » जनमुखी महानगर बनाउन निजी क्षेत्रको सहकार्यमा हेल्प डेस्क स्थापना गर्ने

**बैक तथा वित्तीय संस्थाको पहुँच**

- » उद्योगी, व्यवसायीलाई सहुलियत कर्जा
- » व्यवसाय सुरुवाती फन्ड
- » लगानी सम्मेलन
- » वित्तीय साक्षरता कार्यक्रम
- » व्यावसायिक योजना निर्माणमा सहजीकरण

**अन्य**

- » राष्ट्रिय आविष्कार केन्द्र, विश्वविद्यालय, विकास साझेदार संघ संस्था, गैर सरकारी संस्था, वैदेशिक दातृ संघ संस्थाको सहकार्यमा उद्यमशीलता, नवउद्यम क्षेत्रमा अध्ययन, अनुसन्धान, सिकाइ आदानप्रदान गर्ने ।
- » विषय विज्ञ, सफल उद्यमी, लगानीकर्ताको रोस्टर बनाई विभिन्न खालका ज्ञान आदानप्रदान गरी नवउद्यमको खोजी गर्ने ।



# गुणस्तरीय शिक्षाको यात्रा

शिक्षा विकासको पूर्वाधार त हो नै मानव सभ्यता पुस्तान्तरण र सबल बनाउने प्रमुख माध्यम पनि हो । शिक्षाको पहुँच विस्तार र नागरिकको शिक्षा आर्जन गर्न पाउने अधिकार सुनिश्चित गर्न सरकारले शिक्षामा ठूलो लगानी गरेको छ । माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिइएको छ । स्थानीय सरकारहरु संविधानले दिएको यो अधिकार नागरिकसम्म पुर्‍याउन दत्तचित्त भएर लागेका छन् । कास्की र गण्डकी प्रदेशको शिक्षाको केन्द्र हो पोखरा महानगर । महानगरभित्रै दुई वटा विश्वविद्यालय छन् भने त्रिभुवन विश्वविद्यालयका आंगिक, सम्बन्धन प्राप्त कलेज, सामुदायिक कलेज, निजी कलेज, विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेज, गुरुकुल, निजी र सार्वजनिक विद्यालयहरुले शिक्षा प्रदान गर्ने कार्यभार वहन गरिरहेका छन् । पोखरा महानगरपालिका शिक्षा महाशाखा अहिले विभिन्न गतिविधि गरिरहेको छ । राष्ट्रपति शैक्षिक सुधारतर्फ ११ विद्यालयमा भवन निर्माण र १३ विद्यालयमा आइसिटी ल्याब निर्माण गरिएको छ । महाशाखामार्फत् १ सय ६ विद्यालयमा मर्मत सुधारका काम भएका छन् । महानगरका १० विद्यालयमा आइसिटीको माध्यमबाट कक्षाकोठामा शिक्षण सिकाइ प्रारम्भ गरिएको छ । आधुनिक

प्रविधिमार्फत् शिक्षा प्रदान गरी गुणस्तरीय शिक्षण सिकाइका लागि महानगर प्रतिवद्ध त । बाल विकास केन्द्रहरुको स्तर वृद्धि अन्तर्गत २० विद्यालयमा कक्षाकोठा र खेल सामग्री व्यवस्थापन गरिएको छ ।

महाशाखामार्फत् ४ वटा सामुदायिक विद्यालयलाई स्कुल बस हस्तान्तरण गरिएको छ । टाढा टाढाबाट आउने विद्यार्थीलाई यातायातको सुविधाले सहज हुने र सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढाउने यसले सघाउने अपेक्षा छ । थप १० विद्यालयका लागि बस खरिदको प्रकिया प्रारम्भ भएको छ । विद्यार्थीको सर्वांगीण विकासका लागि खेलकुदको ठूलो भूमिका हुन्छ । खेल शारीरिक तन्दुरुस्ती, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार, सार्वजनिक छवि निर्माण र आर्थिक उपार्जनको माध्यमसमेत बनेको छ । शैक्षिक महाशाखाको आयोजनामा राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप खेलकुद प्रतियोगिता भएका छन् । पोखरा महानगरमा खेलकुदका गतिविधि सञ्चालनका लागि महानगरमा खेलकुद विकाससमेत बनेको छ । नवौं राष्ट्रिय खेलकुदमा सहयोग गर्दै महानगरवाट सहभागी भई विभिन्न पदक प्राप्त गर्न सफल २० ९ खेलाडीलाई सम्मान गरिएको छ । विभिन्न ५ मुख्य विषयमा आधारभूत र माध्यमिक तहमा विषयगत तालिम प्याकेज तयार गरी शिक्षक क्षमता अभिवृद्धि तालिम सञ्चालनको तयारी भएको छ । कक्षा ११ मा संस्थागत विद्यालयमा अध्ययनरत विज्ञान, व्यवस्थापन, शिक्षा, कानुन, मानविकी विषयमा अध्ययन गर्न २ सय २३ छात्र/छात्रालाई परीक्षामार्फत् छनोट गरी छात्रवृत्ति प्रदान गरिएको छ । कक्षा ७ र ९ को नयाँ पाठ्यक्रमका लागि ७ सय जना शिक्षकलाई प्रवोधिकरण कार्यशाला आयोजना भएको छ ।

**“महाशाखामार्फत् ४ वटा सामुदायिक विद्यालयलाई स्कुल बस हस्तान्तरण गरिएको छ ।**

शिक्षा महाशाखको आयोजकमा सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थपान समिति अध्यक्ष र प्रधानाध्यापहरुलाई कार्यक्रम कार्यान्वयनसम्बन्धी प्रवोधिकरण कार्यक्रम भएको छ । कक्षा ५, ८ र १० को वार्षिक नतिजा विश्लेषण गरी उत्तीर्ण दर बढाउने र कक्षा शिक्षणलाई प्रभावकारी बनाउने उपायबारे छलफल भएको छ । कक्षा १-८ को स्थानीय पाठ्यक्रमको सिकाई सहजीकरण निर्देशिका निर्माण गरी विद्यालयहरुमा वितरण गरिएको छ । कार्यावधि समाप्त भएका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन भइरहेका छन् ।



धनराज आचार्य
प्रमुख



मञ्जुदेवी गुरुङ
उपप्रमुख



वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत



जीतेन्द्रजंग केसी
सहायक प्रमुख प्रशासकीय अधिकृत
सूचना अधिकारी, (९८५६००३०४५)
सदस्य सचिव, सल्लाहकार परिषद्

# पोखरा महानगरपालिका सल्लाहकार परिषद् (विज्ञ समूह)



आनन्दराज मुल्मी
संयोजक



डा. अनील सुवेदी
सदस्य



कर्मा गुरुङ
सदस्य



प्राडा कृष्ण केसी
सदस्य



झलक सुवेदी
सदस्य



डा. तीर्थलाल उपाध्याय
सदस्य



तीर्थ श्रेष्ठ
सदस्य



तेजबहादुर गुरुङ
सदस्य


नवराज सुवेदी
सदस्य


डा.ई. नारायण गुरुङ
सदस्य


नारायण कार्की
सदस्य


प्रा. निता ताम्राकार
सदस्य


पदमप्रसाद पौडेल
सदस्य


डा.ई. परमेश्वर पोख्रेल
सदस्य


पुण्यप्रसाद पौडेल
सदस्य


बाबुराम आचार्य
सदस्य


मदन आचार्य
सदस्य


मदनकाजी श्रेष्ठ
सदस्य


रामबहादुर मोची
सदस्य


रुद्रकुमारी गुरुङ (मैना)
सदस्य


डा. लेखनाथ भट्टराई
सदस्य


बाबुराम गिरी
सदस्य


प्रा.डा. वीरबहादुर खनाल
सदस्य


विश्वप्रकाश लामिछाने
सदस्य


विश्व सिग्देल
सदस्य


शान्ति शेरचन थकाली
सदस्य


शालिग्राम पौडेल
सदस्य


डा. सिपी आचार्य
सदस्य


सुधीर खनाल
सदस्य


सुरेन्द्र थापामगर
सदस्य


हरि त्रिपाठी
सदस्य


हरिप्रसाद पाण्डे
सदस्य


हरिप्रसाद पौडेल
सदस्य

# पोखरा नगरका प्रमुख तथा उपप्रमुखहरु

पोखरालाई २०१६ सालमा नगर पञ्चायत घोषणा गरिएको थियो । २०५२ सालमा पोखरा उपमहानगर पालिका बन्यो र नेपालको संविधान २०७२ अनुसार मुलुक संघीय शासन प्रणालीमा गएपछि २०७३ सालमा महानगरपालिका बन्यो। २०१६ देखि अहिलेसम्म पोखरा महानगरपालिकामा जिम्मेवारी सम्हालेका प्रधानपञ्च, उपप्रधानपञ्च, प्रमुख, उपप्रमुखको नामावली :

- **२०१६-२०१८**
  प्रमुख : शिवबहादुर थापा
  उपप्रमुख : भक्तबहादुर भट्टराई
- **२०१९-२०२४**
  प्रधानपञ्च : नगेन्द्रबहादुर रायमाझी
  उपप्रधान पञ्च : अम्बरबहादुर कार्की
- **२०२४-२०२८**
  प्रधानपञ्च : अम्बरबहादुर कार्की
  उपप्रधानपञ्च : विश्वमोहन गौचन
- **२०२८-२०३१**
  प्रधानपञ्च : रूद्रबहादुर कार्की
  उपप्रधानपञ्च : दिलीपकुमार पालिखे
- **२०३१-२०३३**
  प्रधानपञ्च :दिलीप कुमार पालिखे (२०३१-३२)
  उपप्रधान पञ्च : डम्बरबहादुर कार्की (२०३१-२०३३)
  प्रधानपञ्च : रमेश बहादुर भट्टराई (७ महिना मात्र)
- **२०३२-२०३८**
  प्रधानपञ्च : गणेश शेरचन (२०३२-२०३८)
  उपप्रधान पञ्च : डम्बरबहादुर कार्की २०३१-२०३८)
- **२०३८-२०३९**
  प्रधानपञ्च : श्रीप्रसाद गुरूङ
  उपप्रधानपञ्च : लक्ष्मण कार्की
- **२०३९-२०४१**
  प्रधानपञ्च : उत्तम पुन
  उपप्रधानपञ्च : डम्बरबहादुर कार्की
- **२०४१-२०४४**
  प्रधानपञ्च : सूर्यबहादुर केसी
  उपप्रधानपञ्च : काजीमान गुरूङ
- **२०४४-२०४६**
  प्रधानपञ्च : सूर्यबहादुर केसी
  उपप्रधानपञ्च : तीर्थ श्रेष्ठ
- **२०४९-२०५४ (नेपाली कांग्रेसबाट निर्वाचित)**
  प्रमुख : भोला थापा
  उपप्रमुख : नरेशशंकर पालिखे
- **२०५४-२०५९ (नेकपा एमालेबाट निर्वाचित)**
  प्रमुख : कृष्णबहादुर थापा
  उपप्रमुख : मानबहादुर गुरूङ
- **२०६० (राजाबाट मनोनीत)**
  प्रमुख : हर्कबहादुर गुरूङ
  उपप्रमुख : गणेशबहादुर भट्टराई
- **२०६२**
  प्रमुख : भीमसेन थापा
  उपप्रमुख : जयलाल पुन
- **२०७४-२०७८ (एमालेबाट निर्वाचित)**
  प्रमुख : मानबहादुर जिसी
  उपप्रमुख : मञ्जुदेवी गुरूङ
- **२०७९ हालसम्म**
  प्रमुख : धनराज आचार्य
  उपप्रमुख : मञ्जुदेवी गुरूङ

लेखनाथ नगरपालिकामा निर्वाचित प्रमुख र उप्रमुख (०५४ मा एकपटक मात्र निर्वाचत भएको)
प्रमुख : शलिकराम पौडेल। उपप्रमुख : गोपाल गुरूङ

जनप्रतिनिधिको

# विवरण

# १-३३



**श्री साहारा प्रधान**
वडा अध्यक्ष
मो. ९८५६००३००१



**श्री शोभा गुरूङ**
वडा सदस्य
मो. ९८०५८८५३०१



**श्री जुकमाया दमाई**
वडा सदस्य
मो. ९८४६०४४१५७



**श्री जुमकाजी गुरूङ**
वडा सदस्य
मो. ९८४६६२२६१०



**श्री रामजीप्रसाद पौडेल**
वडा सदस्य
मो. ९८५६०२०२३७

**वडा नं. १**



**श्री दिवसमान प्रधानांग**
वडा अध्यक्ष
मो. ९८५६००३००२



**श्री भीमकुमारी आले**
वडा सदस्य
मो. ९८५६०५६००१



**श्री गोमा सुवेदी**
वडा सदस्य
मो. ९८४६५१३३९५



**श्री गौतम बिजुक्छे**
वडा सदस्य
मो. ९८४६०३०५९९



**श्री सुनिता विक**
वडा सदस्य
मो. ९८०६६५६७५५

## वडा नं. २



**श्री प्रकाशमान उदास**
वडा अध्यक्ष
मो. ९८५६००३००३



**श्री शान्तिदेवी पराजुली**
वडा सदस्य
मो. ९८४६७७२८१३



**श्री सवि परियार**
वडा सदस्य
मो. ९८४६२०९५०४



**श्री नवीन आलेमगर**
वडा सदस्य
मो. ९८०४१६८५४४



**श्री सनकमान सिके**
वडा सदस्य
मो. ९८५६०५१२७७

## वडा नं. ३



**श्री देवकृष्ण पराजुली**
वडा अध्यक्ष
मो. ९८५६००३००४



**श्री विष्णुमाया परियार**
वडा सदस्य
मो. ९८६१९५९४७०



**श्री प्रकाश कोइराला**
वडा सदस्य
मो. ९८५६०९८५६०

**रिक्त**

**वडा सदस्य सञ्जयकुमार श्रेष्ठको निधन भएको**



**श्री पार्वती माकाजु**
वडा सदस्य
मो. ९८४६२०२८६०

**वडा नं. ४**



**श्री विष्णुप्रसाद बराल**
वडा अध्यक्ष
मो. ९८५६००३००५



**श्री गोविन्द बराल**
वडा सदस्य
मो. ९८६६०११६४२



**श्री कल्पना भुवाजी क्षेत्री**
वडा सदस्य
मो. ९८४६११२८८१



**श्री मणिराम बराल**
वडा सदस्य
मो. ९८४६०२२०७७



**श्री हरिमाया विश्वकर्मा**
वडा सदस्य
मो. ९८५६००३०३७

**वडा नं. ५**



**श्री विष्णुबहादुर भट्टराई**
वडा अध्यक्ष
मो. ९८५६००३००६



**श्री वासु बराल**
वडा सदस्य
मो. ९८४६०५०८०५



**श्री दीपेन्द्र पहारी**
वडा सदस्य
मो. ९८४६०५१४१४



**श्री पवित्रा थापा**
वडा सदस्य
मो. ९८४६४४३६३९



**श्री शोभा जलारी**
वडा सदस्य
मो. ९८१६६३३३४६

**वडा नं. ६**



**श्री राममोहन आचार्य**
वडा अध्यक्ष
मो. ९८५६००३००७



**श्री वसुन्धरा लामिछाने**
वडा सदस्य
मो. ९८५६०६२७९२



**श्री अर्जुन थापा**
वडा सदस्य
मो. ९८५६०२२५९४



**श्री विष्णुमणि बराल**
वडा सदस्य
मो. ९८५६०३६०२०



**श्री सुनिता सुनार**
वडा सदस्य
मो. ९८०४१३०३३६

## वडा नं. ७



**श्री रूद्रनाथ बराल**
वडा अध्यक्ष
मो. ९८५६००३००८



**श्री लक्ष्मी विक**
वडा सदस्य
मो. ९८०४१४२९६२



**श्री गोविन्द बराल**
वडा सदस्य
मो. ९८५६०२२३९०



**श्री पवित्रा केसी**
वडा सदस्य
मो. ९८४६११०९६६



**श्री हिराकाजी श्रेष्ठ**
वडा सदस्य
मो. ९८४६०३३५४०

## वडा नं. ८



**श्री दिपेन्द्र मर्सानी**
वडा अध्यक्ष
मो. ९८५६००३००९



**श्री नन्दराम गिरी**
वडा सदस्य
मो. ९८४६१५५५४८



**श्री भावना श्रेष्ठ**
वडा सदस्य
मो. ९८४६९९८७३५



**श्री गीता चर्माकार**
वडा सदस्य
मो. ९८४६२२६१९४



**श्री लक्ष्मी पहारी**
वडा सदस्य
मो. ९८४६०२५४६०

## वडा नं. ९



**श्री राजेश गुरूङ**
वडा अध्यक्ष
मो. ९८५६००३०१०



**श्री पूर्णचन्द्र न्यौपाने**
वडा सदस्य
मो. ९८४६०२२३५८



**श्री परमेश्वर पहारी**
वडा सदस्य
मो. ९८४६५५३३७०



**श्री नरदेवी गुरूङ**
वडा सदस्य
मो. ९८४६२५८४०९



**श्री सुनिमाया नेपाली**
वडा सदस्य
मो. ९८४६०४८५४५

**वडा नं. १०**



**श्री प्रेमप्रसाद कर्माचार्य**
वडा अध्यक्ष
मो. ९८५६००३०११



**श्री विष्णुप्रसाद घिमिरे**
वडा सदस्य
मो. ९८५६०२६०२०



**श्री सुशील बास्तोला**
वडा सदस्य
मो. ९८५६०२२२२३



**श्री रणसुबा गुरूङ**
वडा सदस्य
मो. ९८४६०३०१२५



**श्री टुकरादेवी परियार**
वडा सदस्य
मो. ९८४६०२१२५३

## वडा नं. ११



**श्री सन्तोष बास्तोला**
वडा अध्यक्ष
मो. ९८५६००३०१२



**श्री गुमादेवी परियार**
वडा सदस्य
मो. ९८२९१०९६७२



**श्री गोविन्दप्रसाद सिक्देल**
वडा सदस्य
मो. ९८५६०३५८६३



**श्री शान्ति कोइराला**
वडा सदस्य
मो. ९८४६५७२८६३



**श्री शान्तबहादुर थापा**
वडा सदस्य
मो. ९८०२२५२४६२

**वडा नं. १२**



**श्री किरण बराल**
वडा अध्यक्ष
मो. ९८५६००३०१३



**श्री रजनी परियार**
वडा सदस्य
मो. ९८०६६३०१२१



**श्री बलबहादुर बराल**
वडा सदस्य
मो. ९८०४१६२६६४



**श्री सुचित तामाङ**
वडा सदस्य
मो. ९८५६०१४०००



**श्री शरिफ अलि मियाँ**
वडा सदस्य
मो. ९८५६०२१७८६

## वडा नं. १३



**श्री बोधबहादुर कार्की**
वडा अध्यक्ष
मो. ९८५६००३०१४



**श्री तनुजा थापा सिके**
वडा सदस्य
मो. ९८४६००२१३०



**श्री कृष्णहरि काफ्ले**
वडा सदस्य
मो. ९८५६०३५०३०



**श्री दिलमाया गुरूङ**
वडा सदस्य
मो. ९८४६०६६६४०



**श्री गोपाल प्र. सापकोटा**
वडा सदस्य
मो. ९८५६०३४९०८

**वडा नं. १४**



**श्री तोरणबहादुर बानिया**
वडा अध्यक्ष
मो. ९८५६००३०१५



**श्री सेतिमाया गुरूङ**
वडा सदस्य
मो. ९८४६२५७०८५



**श्री आशीष भण्डारी**
वडा सदस्य
मो. ९८५६०१५५६०



**श्री बलराम पौडेल**
वडा सदस्य
मो. ९८५६०३०००९



**श्री मन्दिरा परियार**
वडा सदस्य
मो. ९८५६००३०३९

## वडा नं. १५



**श्री अमृत शर्मा तिमिल्सिना**
वडा अध्यक्ष
मो. ९८५६००३०१६



**श्री राजकुमारी बानिया**
वडा सदस्य
मो. ९८४६८५६२४४



**श्री मञ्जु नेपाली**
वडा सदस्य
मो. ९७४८७६९३०९



**श्री रामचन्द्र आचार्य**
वडा सदस्य
मो. ९८४६२७९२५६



**श्री रामकाजी गुरूङ**
वडा सदस्य
मो. ९८४६०३०९११

**वडा नं. १६**



**श्री राधिका कुमारी शाही योगी**
वडा अध्यक्ष
मो. ९८५६००३०१७



**श्री विष्णुकुमारी थापा**
वडा सदस्य
मो. ९८५६०३५३८९



**श्री शिवराम भण्डारी**
वडा सदस्य
मो. ९८५६०२१६५७



**श्री विक्रम गुरुङ**
वडा सदस्य
मो. ९८५६०६१०४६



**श्री तारा परियार**
वडा सदस्य
मो. ९८४६०२१२५३

**वडा नं. १७**



**श्री शिवप्रसाद तिमिल्सिना**
वडा अध्यक्ष
मो. ९८५६००३०१८



**श्री मीनाकुमारी नेपाली**
वडा सदस्य
मो. ९८६९०५४४४७



**श्री नमराज सुवेदी**
वडा सदस्य
मो. ९८५६०२४४९४



**श्री कल्पना ढकाल क्षेत्री**
वडा सदस्य
मो. ९८४६०५७७७०



**श्री रमेशबहादुर थापा**
वडा सदस्य
मो. ९८५६०५६२२४

## वडा नं. १८



**श्री पुष्पेन्द्र पाण्डे**
वडा अध्यक्ष
मो. ९८५६००३०१९



**श्री विकासकुमार आचार्य**
वडा सदस्य
मो. ९८५६०३४४२३



**श्री नवराज केसी**
वडा सदस्य
मो. ९८६०८७१३९९



**श्री दुर्गादेवी बस्नेत**
वडा सदस्य
मो. ९८०४१८९२८९



**श्री कल्पना सुनार**
वडा सदस्य
मो. ९८६९०६४३८३

**वडा नं. १९**



**श्री गंगाबहादुर खत्री**
वडा अध्यक्ष
मो. ९८५६००३०२०



**श्री मीना पौडेल**
वडा सदस्य
मो. ९८४६०६५६९३



**श्री रूपा सार्की**
वडा सदस्य
मो. ९८०४१२९४७७



**श्री उत्तम गुरूङ**
वडा सदस्य
मो. ९८२३५५६३३५



**श्री गञ्जमान गुरूङ**
वडा सदस्य
मो. ९८१७१२७२२०

**वडा नं. २०**



**श्री दीपकप्रसाद सुवेदी**
वडा अध्यक्ष
मो. ९८५६००३०२१



**श्री झपट ब. रानाभाट**
वडा सदस्य
मो. ९८५६०२९३४९



**श्री कृष्णबहादुर थापा**
वडा सदस्य
मो. ९८४६२०१९२७



**श्री विमला केसी**
वडा सदस्य
मो. ९८०४१२७६५३



**श्री सीतादेवी विश्वकर्मा**
वडा सदस्य
मो. ९८५६०७७१३३

## वडा नं. २१



**श्री हिमलाल बराल**
वडा अध्यक्ष
मो. ९८५६००३०२२



**श्री कृष्णकुमारी पौडेल**
वडा सदस्य
मो. ९८४६०३३५३१



**श्री सीता विक**
वडा सदस्य
मो. ९८६६३५४३२४



**श्री सञ्जीव गुरूङ**
वडा सदस्य
मो. ९८९०९०२३२०



**श्री लीलाधर पौडेल**
वडा सदस्य
(जिसस कास्की प्रमुख)
मो. ९८५६०२६५१८

वडा नं. २२



**श्री रामकाजी गुरूङ**
वडा अध्यक्ष
मो. ९८५६००३०२३



**श्री धनबहादुर गुरूङ**
वडा सदस्य
मो. ९८१४१४८९४०



**श्री चेतबहादुर क्षेत्री**
वडा सदस्य
मो. ९८४६०३६८७९



**श्री शान्ति शर्मा**
वडा सदस्य
मो. ९८५६०३४९१२



**श्री रिता सुनार**
वडा सदस्य
मो. ९८०४१७१२१९

वडा नं.
२३



**श्री भरतबहादुर अधिकारी**
वडा अध्यक्ष
मो. ९८५६००३०२४



**श्री रेशम सुवेदी**
वडा सदस्य
मो. ९८१६१६१६३५



**श्री मैयाँ नेपाली**
वडा सदस्य
मो. ९८४६३१८६१७



**श्री कृष्णप्रसाद सुवेदी**
वडा सदस्य
मो. ९८४६२६१६३५



**श्री सरस्वती त्रिपाठी**
वडा सदस्य
मो. ९७४७९३२०२

## वडा नं. २४



**श्री मोतिलाल तिम्सिना**
वडा अध्यक्ष
मो. ९८५६००३०२५



**श्री कृष्णबहादुर कुँवर**
वडा सदस्य
मो. ९८४६५५४२११



**श्री तारा विश्वकर्मा**
वडा सदस्य
मो. ९८१४१८८४५५



**श्री सुवास भण्डारी**
वडा सदस्य
मो. ९८५६०३२८०८



**श्री धनकुमारी पोखरेल**
वडा सदस्य
मो. ९८५६००३०४०

## वडा नं. २५



**श्री नरेन्द्र थापा**
वडा अध्यक्ष
मो. ९८५६००३०२६



**श्री सुदीपराज ढुंगाना**
वडा सदस्य
मो. ९८५६०२०५४१



**श्री लक्ष्मीदेवी भट्टराई**
वडा सदस्य
मो. ९८४६०२६७६९



**श्री तीर्थबहादुर राजभाट**
वडा सदस्य
मो. ९८०६५९६५४१



**श्री सुजाता बराल सुनार**
वडा सदस्य
मो. ९८०४१३४५१७

**वडा नं. २६**



**श्री पूर्णकुमार गुरुङ**
वडा अध्यक्ष
मो. ९८५६००३०२७



**श्री बुद्धिमाया मगर**
वडा सदस्य
मो. ९८६६००५९२३



**श्री जितेन्द्र ब. क्षेत्री**
वडा सदस्य
मो. ९८५६०४२९४४



**श्री सूर्यबहादुर वाग्ले**
वडा सदस्य
मो. ९८४६४८११३३



**श्री लक्ष्मी विक**
वडा सदस्य
मो. ९८२६६६३४७९

## वडा नं. २७



**श्री श्रीकृष्ण लामिछाने**
वडा अध्यक्ष
मो. ९८५६००३०२८



**श्री इन्द्रकला विक**
वडा सदस्य
मो. ९८४९८०४७०२



**श्री कमल थापा**
वडा सदस्य
मो. ९८५६०३१५९९



**श्री डाल्डादेवी भुजेल**
वडा सदस्य
मो. ९८५६०३१६६४



**श्री वीरेन्द्र भण्डारी**
वडा सदस्य
मो. ९८५६०८७१४७

## वडा नं. २८



**श्री श्रीप्रसाद गुरूङ**
वडा अध्यक्ष
मो. ९८५६००३०२९



**श्री क्षेत्रबहादुर गुरूङ**
वडा सदस्य
मो. ९८४६०३६४२४



**श्री कालिदास पोखेल**
वडा सदस्य
मो. ९८४६१०६०३८



**श्री निर्मला पौडेल**
वडा सदस्य
मो. ९८४६४५३१३१



**श्री सुकमाया विश्वकर्मा**
वडा सदस्य
मो. ९८१९१७७०९८

## वडा नं. २९



**श्री दुर्गाप्रसाद सुवेदी**
वडा अध्यक्ष
मो. ९८५६००३०३०



**श्री मंगल मानन्धर**
वडा सदस्य
मो. ९८१४१५१४०५



**श्री उमा परियार**
वडा सदस्य
मो. ९८५६०८१५०८



**श्री विनोद लामिछाने**
वडा सदस्य
मो. ९८५६०२९७४०



**श्री भीमकुमार पुन**
वडा सदस्य
मो. ९८५६००३०४३

## वडा नं. ३०



**श्री ढकनाथ कँडेल**
वडा अध्यक्ष
मो. ९८५६००३०३१



**श्री विनोदमणि लामिछाने**
वडा सदस्य
मो. ९८४६६०२९०७



**श्री धनदेवी तिवारी**
वडा सदस्य
मो. ९८४६०६१२९५



**श्री देवेन्द्रराज अधिकारी**
वडा सदस्य
मो. ९८४६२८१५६९



**श्री तारा नेपाली**
वडा सदस्य
मो. ९८१६१९१५६८

वडा नं. ३१



**श्री अक्कलबहादुर कार्की**
वडा अध्यक्ष
मो. ९८५६००३०३२



**श्री शोभा विक**
वडा सदस्य
मो. ९८४८७६९४०८



**श्री तीर्थबहादुर सुयल**
वडा सदस्य
मो. ९८४६०५६२१४



**श्री सावित्रीदेवी पण्डित**
वडा सदस्य
मो. ९८४६१५२६५७



**श्री रविराज तिवारी**
वडा सदस्य
मो. ९८५६०२२२६५

## वडा नं. ३२



**श्री रामचन्द्र अधिकारी**
वडा अध्यक्ष
मो. ९८५६००३०३०



**श्री दुर्गा केसी थापा**
वडा सदस्य
मो. ९८१५१५०९२१



**श्री लीलादेवी नेपाली**
वडा सदस्य
मो. ९८६९०७६२३०



**श्री विनोद भण्डारी**
वडा सदस्य
मो. ९८५६०६८२००



**श्री प्रकाश कार्की**
वडा सदस्य
मो. ९८५६०३५३७३

## वडा नं. ३३

# कार्यपालिका सदस्य



दीपक घिमिरे
मो. ९८५६००३०३६



हरिमाया परियार
मो. ९८५६००३०३७



गोविन्द तुलाचन
मो. ९८५६००३०३८



मन्दिरा परियार
मो. ९८५६००३०३९



धनकुमारी पोखे्रल
मो. ९८५६००३०४०



निर्मल दियाली
मो. ९८५६००३०४१



निर्मला पौडेल
मो. ९८५६००३०४२



भीमकुमारी पुन गार्बुजा
मो. ९८५६००३०४३

# समाचार

# महानगरको छुट्टै ऐन आवश्यक




पोखरा महानगरपालिकाको आयोजनामा नेपालमा पहिलो पटक देशभरिका महानगरका मेयरको सम्मेलन भएको छ । ३ दिनसम्म चलेको सम्मेलनले ७ बुँदे पोखरा घोषणापत्र समेत जारी गऱ्यो ।

सम्मेलनमार्फत् स्थानीय सरकार सञ्चालनार्थ निर्माण गरिएका कानुन परिमार्जन तथा नयाँ कानुन निर्माण र महानगरपालिकाका लागि छुट्टै ऐन निर्माण गर्न अनुरोध पनि गरियो । मुलुकका ६ वटा महानगरपालिकाका मेयरले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत विभिन्न विद्यमान संघीय कानुन परिमार्जनसहित महानगरपालिकाकाका लागि छुट्टै कानुन निर्माणका लागि संघ सरकारको ध्यानाकर्षण गराए ।

महानगरपालिकाका विशिष्ट प्राकृतिक, सांस्कृतिक एवं सामाजिक मौलिक चरित्र एवं समस्या र सम्भावनालाई सम्मान र सम्बोधन गर्दै महानगरहरूबीच पारस्परिक सम्पर्क-सञ्जाल प्रवर्द्धन गरी आपसी सहयोग र सहकार्यलाई महानगर मञ्च नेपालको माध्यमद्वारा संस्थागत गर्ने निर्णय भएको छ ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको अध्यक्षतामा भएको सम्मेलनमा काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह, ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जन, भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहाल, विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइराला र वीरगन्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहसहित सबै महानगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय प्रमुख र सम्बन्धित क्षेत्रका विषय विज्ञको सहभागिता थियो । महानगरको दोस्रो सम्मेलन भरतपुरमा हुनेछ ।

**METRO MEET NEPAL - POKHARA 2079**

श्रावण १३-१४, २०७९

सराङकोट, पोखरा

# संयुक्त घोषणा-पत्र

१) संघीय राज्य व्यवस्थाको सफल कार्यान्वयन सुनिश्चित गर्नका लागि संघ र प्रदेश सरकारहरुसंगको समन्वय, सहयोग र सहकार्यलाई अझ घनीभूत गर्दै महानगरीय सुशासन, नीति तथा योजना व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहलाई थप सुदृढ बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत विभिन्न विषय क्षेत्रसंग सम्बन्धित विद्यमान संघीय कानुनको परिमार्जन र नयाँ कानुनको निर्माणसँगै महानगरपालिकाहरुका लागि संघीय संसदबाट छुट्टै ऐन जारी गर्न समेत अनुरोध गर्दछौं ।

२) महानगरपालिकाहरुका विशिष्ट प्राकृतिक, सांस्कृतिक एवं सामाजिक मौलिक चरित्र एवं समस्या र सम्भावनाहरुलाई सम्मान र संबोधन गर्दै महानगरहरुबीच पारस्परिक सम्पर्क-सञ्जाल प्रवर्द्धन गरी आपसी सहयोग र सहकार्यलाई "महानगर मञ्च नेपाल (Metropolitan Forum Nepal)" माध्यमद्वारा संस्थागत गर्न प्रण गर्दछौं ।

३) उक्त महानगर मञ्च नेपालद्वारा प्रत्येक वर्ष पालैपालो महानगर सम्मेलन नेपाल (Metro Meet Nepal) को आयोजनासँगै त्यसका प्रतिबद्धताहरुको कार्यान्वयनमा सहजीकरण गर्न आयोजक महानगरपालिकाले सम्मेलनको अध्यक्षता ग्रहण गरी सचिवालय समेतको आवश्यक प्रबन्ध गर्न सहमति गर्दछौं ।

४) संघीय एवं प्रादेशिक योजना निर्माण प्रक्रिया र पद्धतिसंग समेत सामञ्जस्य हुने गरी महानगरीय नीति तथा योजना तर्जुमा र कार्यान्वयनको गतिलाई तीव्र बनाई व्यवस्थित शहरीकरण, तथ्यमा आधारित नीति निर्माण र उपलब्धिमूलक एवं जवाफदेही कार्यान्वयन प्रणाली सुनिश्चित गर्न हरेक महानगरमा नीति तथा योजना आयोग गठन गरी सञ्चालन गर्न प्रतिबद्धता व्यक्त गर्दछौं ।

५) महानगर, यसका पदाधिकारी पक्ष वा विपक्ष भै कानुनी रक्षा/प्रतिरक्षा गर्नुपर्ने विषय जटिल बन्दै गईरहेको परिप्रेक्ष्यमा संघीय तथा प्रदेश सरकारले अपनाएको व्यवस्था बमोजिम आवश्यक कानुनी प्रबन्ध गरी सबै महानगरको संगठन संरचनामा उपयुक्त संस्थागत व्यवस्था गर्न सहमति जाहेर गर्दछौं ।

६) महानगरका छिमेकी उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरुसंग समेत हरित तथा समावेशी पूर्वाधार सुशासन तथा विकास, वित्तीय लगानी, आयोजना तर्जुमा र कार्यान्वयन एवं सेवा प्रवाहका क्षेत्रमा सहकार्य गर्ने दृढता व्यक्त गर्दछौं ।

७) महानगरहरुका पारस्परिक सवाल, समस्या र चुनौतीहरुलाई समन्वित ढङ्गबाट संबोधन गर्ने सन्दर्भमा संघ र प्रदेश सरकार एवं राज्यका अन्य अङ्ग र निकायहरुसंग पारस्परिक सूचना सम्प्रेषण र परामर्श गरी सम्पर्क, समन्वय र सहकार्य गर्न ऐक्यबद्धता जारी गर्दछौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| बालेन्द्र शाह | राजेशमान सिंह | रेणु दाहाल | चिरीबाबु महर्जन | नागेश कोइराला | धनराज आचार्य |
| प्रमुख | प्रमुख | प्रमुख | प्रमुख | प्रमुख | प्रमुख |
| काठमाडौं | वीरगञ्ज | भरतपुर | ललितपुर | विराटनगर | पोखरा |
| महानगरपालिका | महानगरपालिका | महानगरपालिका | महानगरपालिका | महानगरपालिका | महानगरपालिका |

# सेवा प्रवाहमा एकद्वार प्रणाली




महानगरपालिकाको सेवा एकीकृत गर्न अहिले महानगरपालिकामा एकद्वार प्रणाली लागू गरिएको छ । महानगरले प्रदान गर्ने सेवामा सेवाग्राही नागरिकले सास्ती खेप्न नपरोस् भन्ने उद्देश्यले सेवामा एकद्वार प्रणाली लागू गरिएको हो । प्रणाली कार्यान्वयनमा आएपश्चात सेवा प्रवाह सहज, छिटो, छरितो, पारदर्शी र नागरिकमैत्री बनेको सेवाग्राहीको प्रतिक्रिया छ ।



एकद्वार प्रणालीमार्फत् सेवा प्रवाहका लागि ११ वटा विषयगत काउन्टर सञ्चालनमा ल्याइएको छ । काउन्टर नं. १ मा मेयरसँग सम्बन्धित काम, २ र ३ मा बैंकिङ सेवा, ४ मा उपप्रमुखको सचिवालय र न्याय, ५ मा प्रशासन, प्रमुख प्रशासकीय अधिकृतको सचिवालय, विपद् र वातावरणसम्बन्धी सेवा उपलब्ध छन् ।

यस्तै, काउन्टर नं. ६ मा पूर्वाधार महाशाखा, ७ मा वित्त व्यवस्थापन महाशाखा र लेखा, ८ मा पञ्जीकरण, वडा सहजीकरण, अभिलेख र सहकारी, ९ मा घर नक्सा, १० र ११ मा राजस्व शाखाका सेवा प्रवाह भइरहेका छन् ।




# गुनासो सुन्न हेल्लो मेयर ११८१

महानगरपालिकाबाट प्रवाह हुने सेवाका सम्बन्धमा सेवाग्राहीको गुनासो सुन्ने र तत्कालै सम्बोधनका लागि आवश्यक प्रक्रियाको सुरुवात गर्ने गरी महानगरपालिकामा ११८१ नं. हटलाइन सेवासहित हेल्लो मेयर सेवा सुरु भएको छ ।

नगरवासीले आफ्ना अनुकूलता अनुसार महानगरको टोल फ्रि नं.११८१ मा प्रत्यक्ष फोन गरेर गुनासो वा जिज्ञासा टिपाउन वा टोल फ्रिमार्फत आफ्ना समस्या तत्कालै सुल्भाउन सक्ने गरी व्यवस्था गरिएको छ। महानगर प्रमुखसँग प्रत्यक्ष भेट्न दैनिक १ घन्टा समय तोकिएको छ । जनताको गुनासो सुन्नका लागि महानगरमा हेल्लो मेयरको छुट्टै कक्ष स्थापना गरिएको छ । गुनासोका लागि टोल फ्री नम्बर ११८१ व्यवस्था गरिएको छ । २४ सै घण्टा सम्पर्क गरी नगरवासीले आफ्ना समस्या टिपाउन सक्ने व्यवस्थासमेत छ ।

# उज्यालो पोखरा अभियान

महानगरपालिकाभित्र १५ सयभन्दा बढी सेन्सरसहितका स्मार्ट सडक बत्ति जडान कार्य अन्तिम चरणमा पुगेको छ । उज्यालो पोखरा अभियान अन्तर्गत महानगरका मुख्य चोकमा २३ वटा हाइमास्ट लाइट र १ हजार ५ सय ४ वटा सेन्सर सहितका स्मार्ट सडक बत्ति जडान गरिनेछन् । नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा सुरु गरिएको यस अभियानअन्तर्गत १ हजार ३ सयभन्दा बढी सडक बत्ति र १६ स्थानमा हाइमास्ट लाइट जडान भइसकेको छ ।

उज्यालो पोखरा अभियानअन्तर्गत नेपाल विद्युत् प्राधिकरण राष्ट्रिय सडक बत्ती प्रवर्द्धन आयोजनामार्फत टपसन इनर्जी प्रालिबाट प्राधिकरण र पोखरा महानगरपालिकाको लागत साझेदारीमा पोखराको ५० किलोमिटर सडकमा १ हजार ५ सय ४ वटा सडक बत्ती जडान हुनेछन् । जसमध्ये पोखरा महानगर क्षेत्रका २३ महत्वपूर्ण स्थानका १६ मिटर अग्ला पोलमा हाइ मास्ट लाइट रहनेछन् । ती लाइटको क्षमता २०० वाटसम्म हुनेछ । ती स्मार्ट सडक बत्ती सेन्सरसहित कन्ट्रोल सिस्टमबाट सञ्चालन गर्न सकिनेछ । बत्तीहरू नेपाल विद्युत प्राधिकरणको केन्द्रीय नियन्त्रण प्रणालीसँग जोडिनेछ भने आवश्यकता अनुसार उज्यालो दिन सक्ने क्षमतामा हेरफेरसमेत गर्न सकिनेछ ।



# नमुना बन्दै तालचोक-बेगनास सडक




विश्व बैंकको सहयोगमा तालचोक बेगनास सडकको स्तरोन्नति प्रक्रियाअघि बढेको छ । यस परियोजनामा वर्ल्ड बैंकले १ अरब ४९ करोड १५ लाख लगानी गर्नेछ । ३.२८ किमी लम्बाइको तालचोक बेगनास सडक हरियाली, फुटपाथ, साइकल ट्र्याक र डिभाइडरसहित चार लेनको हुनेछ । यस खण्डमा ५ वटा पुल निर्माण गरिनेछन् । सडकको बीचमा १.५ मिटर चौडाइको डिभाइडर, दुवै छेउमा २.५ मिटर चौडाइको पार्किङ, दुवै छेउमा १ मिटर चौडाइको हरियाली क्षेत्र, दुवै छेउमा नालीमाथि २ मिटर चौडाइ फुटपाथ र सडकमा ४ सेमी मोटाइको अस्फाल्ट पिच गरिनेछ ।

सडक निर्माणको ठेक्का स्वच्छन्द-सपना-वर्ल्ड वाइड जेभी काठमाडौँले पाएको छ । उसले अनुमानित रकम भन्दा ३८.६४ प्रतिशत कम ७५ करोड ४८ लाख ६७ हजार ८ सय ७३.९४ रुपैयाँमा ठेक्का पारेको हो । निर्माण कम्पनीसँग सम्झौता भएको मितिले ७ सय ३० दिनमा सम्पन्न गर्ने गरी ४ जुलाई २०२२ मा सम्झौता भईसकेको छ । सडकको वर्ल्ड बैंकका दक्षिण एसिया क्षेत्रका उपाध्यक्ष मार्टिन रेजर नेतृत्वको टोलीले स्थलगत अवलोकन पनि गरेको छ ।

# फरक क्षमता भएका नागरिकको पहुँचमा यातायात



महानगरले शारीरिक रुपमा अपांगता भएका व्यक्तिको आवागमन तथा यातायातमा पहुँच वृद्धि गर्न स्वाबलम्बन जीवन पद्धति केन्द्र (पोखरा) लाई गाडी हस्तान्तरण गरेको छ । विभिन्न कारणले शारीरिक, मानसिक तथा बौद्धिक अपांगता भएका व्यक्तिहरुको जीवन सरल बनाउने कार्यमा यसले सघाउ पुग्ने विश्वास महानगरपालिकाको छ । स्थानीय सरकार हरेक नागरिकको साथमा रहेको प्रत्याभूतिका लागि यो कार्य महत्वपूर्ण हुनेछ । स्वाबलम्बन जीवन पद्धति केन्द्र (पोखरा) का अध्यक्ष हेम गुरुङ अति र पूर्ण अपांगता भएका व्यक्तिका लागि सार्वजनिक यातायात पहुँचयुक्त नभएका बेला पोखरा महानगरपालिकाले उपलब्ध गराएको उक्त गाडी सदुपयोग गरिने बताउनुहुन्छ । गाडीमा लिफ्ट जडान गरी अति र पूर्ण अपांगता भएका व्यक्तिको पहुँच विस्तार गरिएको छ । १८ सिट क्षमताको विङ्गर गाडी महानगरपालिकाका प्रमुख धनराज आचार्य र उपप्रमुख मञ्जुदेवी गुरुङले केन्द्रका अध्यक्ष गुरुङलाई हस्तान्तरण गर्नुभएको हो ।




# फेवाताल सरसफाइ महाअभियान

पोखरा महानगरपालिकाको नेतृत्वमा शुभारम्भ गरिएको फेवाताल सरसफाइ महाअभियानमा हजारौँ स्वयमसेवी अभियान्ताले सहभागिता जनाएका छन् । विभिन्न ३३ स्थानबाट सुरुआत गरिएको यस महाअभियानमा पोखरा महानगरपालिकाका ३३ वटै वडाका जनप्रतिनिधिसहित ५ हजारभन्दा बढी सहभागी बने ।

यो फेवाताल सरसफाइका क्रममा भएको नागरिक सहभागितामध्ये अहिलेसम्मकै सबैभन्दा धेरै हो । 'सबै ठाउँमा हेर्दा ५ हजारभन्दा बढीको सहभागिता रहेको देखिन्छ,' प्रमुख धनराज आचार्यले भन्नुभयो, 'सुरुमा ३५ ट्रक फोहोर जम्मा गर्न सकिन्छ कि भन्ने थियो, तर अन्तिमसम्म आइपुग्दा २ सयभन्दा बढी ट्रक फोहोर संकलन भएको छ ।'

महाअभियानको पहिलो दिन २ सयभन्दा बढी ट्रक जलकुम्भी झार लगायतको फोहोर फेवातालबाट बाहिर निकालिएको छ । तालको करिब ७५ प्रतिशत क्षेत्रमा फैलिएको झार अभियानका क्रममा निकालिएको छ । अभियानलाई निरन्तर गर्ने सम्बन्धमा महानगरपालिकाले स्थायी संयन्त्र बनाउने आचार्यले उल्लेख गर्नुभयो ।

'यो सुरुवातमात्र हो, यसलाई आगामी दिनमा निरन्तरता दिने सन्दर्भमा महानगरपालिका स्थायी संयन्त्र बनाएरअगाडि बढ्नेछ,' उहाँले भन्नुभयो, 'यसमा स्थानिय पर्यटन व्यवसायी तथा होटल व्यवसायीको साथ सहयोग पनि जरुरी छ ।' तालको छेउमा ठूलो व्यवसाय सञ्चालन गरिरहेका व्यवसायीको ताल संरक्षण तथा सरसफाइमा कम चासो देखिएकोप्रति प्रमुख आचार्यले चिन्ता व्यक्त गर्नुभयो । आफ्ना आसपासका क्षेत्रमा नियमित सरसफाइ गर्न उहाँले अनुरोध गर्नुभयो ।

फेवाताल सरसफाइका लागि ल्याइएको मेसिनमा पटक पटक खराबी आएका कारण नियमित सञ्चालन गर्न नसकिएको भए पनि हाल त्यसलाई मर्मतसंभार गरी क्षमता अनुसार सञ्चालनमा ल्याइने भएको छ । 'फेवाताल संरक्षण गर्नु तपाई हामी सबैको ड्युटी हो,' प्रमुख आचार्यले भन्नुभयो । पोखरा महानगरपालिका फेवातालको संरक्षण, विकास र प्रवर्द्धनप्रति प्रतिवद्ध रहेको उहाँको भनाइ छ ।

महाअभियानमा सहभागी आमा समूह, टोल विकास संस्था, युवा क्लब, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था, सहकारी, बैंक तथा वित्तीय संस्थाहरू, राजनीतिक दल, सुरक्षा निकाय, जनप्रतिनिधि, उद्योगी, व्यवसायी, पर्यटन सम्बद्ध संघ, संस्था, सञ्चारकर्मी लगायतलाई प्रमुख आचार्यले आभारसहित धन्यवाद ज्ञापन गर्नुभएको छ ।

सरसफाइका लागि फेवाड्याम, ड्यामसाइड पार्क, केदारेश्वर घाट १, २, फिस्टेल घाट १, २, अम्बोट घाट १, २, नयाँघाट, गौरी घाट १, २, बाराही घाट १, २, नेपाल ट्रस्ट, पाहारी घाट १, २, माछा सेक्सन १, २, फेवाघाट १, २, स्विमिङ्पुल हल्लनचोक १, २, क्याम्पिङ चोक १, २, खहरे घाट, बंगलादी घाट, गैरीचौतारा, वाटर फ्रन्ट, रातेमाटो डाँडा, फ्याउरे घाट, दुनाटपरी, क्यारोनोभा खपौदी र इन्द अफ दि लेक गरी ३३ प्वाइन्ट निर्धारण गरिएको थियो ।



# पोखराको विकासमा कोरियाली चासो



दक्षिण कोरियाका राष्ट्रियसभा सदस्य तथा दक्षिण एसिया क्षेत्रका कोरियन प्रतिनिधि साङ हेन लीसहितको टोलीले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग शिष्टाचार भेटवार्ता गरि फर्किएको छ । भेटवार्ताका क्रममा पोखराको दिगो विकास, फोहोरमैला व्यवस्थापन, ट्राफिक व्यवस्थापन तथा ग्रिन ट्रन्सपोर्टेसन लगायतका विषयमा छलफल भएको छ ।

टोलीले पोखराको दिगो विकास, यहाँको फोहोर व्यवस्थापन तथा ट्राफिक व्यवस्थापन र हरियाली प्रर्वद्धनसहित हरित सहरी यातायात विकासका लागि कोरियन सरकारको तर्फबाट आवश्यक सहयोग गर्ने पूर्व प्रतिबद्धता कार्यान्वयनको चरणमा रहेको जनाएको छ । पोखराको पर्यटनलाई अन्तर्राष्ट्रिय बजारमा प्रर्वद्धन गर्न, रिङ रोड निर्माण, व्यवस्थित बसपार्क, अन्तर्राष्ट्रिय विमानस्थलदेखि लेकसाइडसम्म फास्ट ट्र्याक, फेवाताल-वेगनासताल जोड्ने पूर्वाधार लगायतका विषयमा पनि टोलीले अध्ययन गरेको छ ।

एक साताको नेपाल भ्रमणमा रहेको टोलीमा डेमोक्रेटिक पार्टी अफ कोरियाको तर्फबाट राष्ट्रियसभा सदस्य साङ हेन ली, कोरियाको निजी क्षेत्रका दुई व्यवसायी योङ प्यो किम र साङपील किमको सहभागिता थियो ।

कोरियन सांसदसहित त्यहाँका निजी क्षेत्रका व्यवसायीको दोस्रो पटकको पोखरा भ्रमण र पोखराको विकासप्रति उहाँहरुले देखाएको चासोप्रति पोखरा महानगरपालिकाको तर्फबाट प्रमुख आचार्यले धन्यवाद ज्ञापन गर्नुभएको छ ।

# कास्कीकोटमा स्वास्थ्य चौकीको नयाँ भवन

पोखरा महानगरपालिका वडा नं.२४ कास्कीकोटमा नविनिर्मित स्वास्थ्य चौकी भवन उद्घाटन गरिएको छ । पोखरा २४ को माथिल्लो भेगलाई स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले निर्माण गरिएको भवन पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र उपप्रमुख मञ्जुदेवी गुरुङले संयुक्त रुपमा उद्घाटन गर्नुभएको हो ।

नगरवासीलाई सर्वसुलभ आभारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यमा पोखरा महानगरपालिका प्रतिवद्ध रहेको प्रमुख आचार्यले बताउनुभयो । भौतिक निर्माणसँगै सेवा महत्वपूर्ण हुने बताउनु भएका प्रमुख आचार्यले केन्द्रको क्षमता र स्वास्थ्यकर्मीको दक्षता अनुसारको सेवा प्रवाहमा जोड दिनुभयो । प्रारम्भिक चरणको प्रयोगशाला परीक्षण गर्ने गरी आभारभूत ल्याब स्थापनाको तयारीमा महानगर रहेको बताउँदै उहाँले प्राथमिक उपचारका लागि वडा नं. २४ का नागरिक पोखरा झर्न नपर्ने अवस्था सृजना गर्ने प्रतिवद्धता जनाउनु भयो ।



उपप्रमुख मजुदेवी गुरुङले प्रत्येक वडामा आधारभूत स्वास्थ्य पहुँच पुऱ्याउने गरी काम भइरहेको बताउनुभयो । विकास र समृद्धिको सूचकका रुपमा स्वास्थ्य रहेकाले समुन्नत पोखरा निर्माणका लागि यस्ताका प्रकारका सेवा केन्द्र स्थापना र सञ्चालन आवाश्यक रहेको बताउनुभयो ।

स्वाथ्यचौकी भवन निर्माणका लागि बाबुराम तिमिल्सिना र देवीप्रसाद दवाडीले जग्गा निशुल्क प्रदान गर्नुभएको हो । हाल पोखरा महानगरपालिका अन्तर्गत प्राथमिक अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, सहरी स्वास्थ्य केन्द्र र आयुर्वेदिक औषधालय गरी ४९ स्वास्थ्य संस्था महानगरका ३२ वडामा सञ्चालनमा छन् । १ सय २४ खोप क्लिनिक र ८८ वटा गाउँघर क्लिनिकसमेत महानगरका विभिन्न स्थानमा छन् ।

व्यापक आपतकालीन प्रसूति र नवजात शिशु हेरचाह (१), आधारभूत आपतकालीन प्रसूति र नवजात शिशु हेरचाह (२) र तीन वटा सूचीकृत प्रसूति केन्द्रहरूमार्फत समेत सेवा प्रदान गरिएको छ । महानगरका १६ वटा स्वास्थ्य संस्थालाई किशोरकिशोरीमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको छ भने २३ वटा स्वास्थ्य संस्थामा सुरक्षित गर्भपतनको सेवा महानगरले उपलब्ध गराएको छ । महानगरको स्वास्थ्य सेवालाई प्रभावकारी र जनमैत्री बनाउन ३ सय ३० जना कर्मचारी र ६ सय ५६ जना महिला स्वास्थ्य स्वंयसेविका कार्यरत छन् ।



# खुँडेपोखरीलाई सुरक्षित बनाइने

पोखरा महानगरपालिका वडा नं.५ पर्स्याङ स्थित खुँडेपोखरीको चारैतिर पर्खाल, तारबार लगायतका संरचना निर्माण गरी यसलाई सुरक्षित बनाइने भएको छ । पोखरीमा डुबेर बर्सेनि मानिसहरुको ज्यान जान थालेपछि पोखरीलाई तारबार गरी सुरक्षित बनाउन लागिएको हो ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरीलाई तत्काल सुरक्षित बनाउन निर्देशन दिनुभयो । पोखरी सरसफाइ गरी चारैतर्फको भागमा तारबारसहित पोखरी संरक्षणका लागि आवश्यक व्यवस्थापन गर्न वडा नं.५ का वडाध्यक्ष विष्णुप्रसाद बरालसहितका



जनप्रतिनितिलाई उहाँले निर्देशन दिनुभएको छ ।

त्यसका लागि पोखरा महानगरपालिकाले आवश्यक समन्वय गर्ने भएको छ ।

# हरित यातायात प्रणालीमा कोरियाली साथ



पोखराको हरित यातायात प्रणाली विकास परियोजनाका लागि पोखरा महानगरपालिका र गणतन्त्र कोरियाको भूमि, पूर्वाधार र यातायात मन्त्रालयका प्रतिनिधिबीच सम्झौता भएको छ । सम्झौता अनुसार पोखराको विद्यमान यातायात व्यवस्थालाई प्रविधिमैत्री बनाउँदै हरियाली प्रवर्द्धन गरिनेछ ।

परियोजना अन्तर्गत कोरियाले विभिन्न साझेदार संस्थाको समन्वयमा पहिलो चरणमा १५ लाख अमेरिकी डलर खर्च गर्नेछ । यसअघि नै पोखराको सार्वजनिक यातायात प्रणालीको विषयमा स्थलगत अध्ययन गरेका कोरियाली रेलमार्ग अनुसन्धान संस्थानका परियोजना प्रबन्धक जियोन ह्युन किमका अनुसार परियोजना अन्तर्गत पोखराका ८४ बस रुटमा १ हजार २८६ स्थानमा बस स्टप निर्माण गरिनेछ । ३ स्थानमा बस टर्मिनल बनाइनेछ ।

यसका लागि पहिलो चरणमा १५ लाख डलर खर्च हुनेछ । यसको आधा रकम बस स्टप र बसमा मेसिन जडान गर्दा खर्च हुनेछ । पोखराको मुख्य चोक पृथ्वीचोकलाई थप विस्तारसमेत गरिनेछ । ३ चरणमा गरी सम्पन्न गरिने यस परियोजनाको पहिलो चरणमा सहरी यातायात व्यवस्थापनका लागि प्रारम्भिक चरणको काम सकिनेछ ।

दोस्रो चरणमा हरित यातायात प्रणालीको विकास गरिनेछ भने तेस्रो चरणमा दिगो हरित

यातायात प्रणाली विकास गरिनेछ । विश्वमा भएको उत्कृष्ट सहरी यातायात व्यवस्थापनको नमुना पोखरामा हुने कोरियन टोलीले विश्वास दिलाएको छ । परियोजनाका दौरानमा हाल नेपालमा रहेका सवारीको अवस्था र कोरियामा भइरहेको यातायात व्यवस्थापनको अनुभवलाई समेत प्रयोग गरिनेछ । परियोजनाको अन्त्यमा पोखराको सहरी यातायात व्यवस्थापन प्रविधिमैत्री हुनेछ ।

पोखरामा चल्ने सार्वजनिक यातायातको सेवाबारे हरेक नागरिकले डिजिटल माध्यमबाट जानकारी पाउने छन् । अहिले जस्तो कुनै पनि स्थानमा लामो समयसम्म बस कुर्नुपर्ने छैन भने चालकले समेत जथाभावी यात्रु चढाउन र ओराल्न पाउने छैनन् । क्याम्पिङचोकदेखि बगर (बस स्टप १९), निर निवासदेखि शान्तिनगर चोक (बस स्टप ११) र नुवारथोकदेखि महिमा किराना (बस स्टप १८) सम्म गरी ३ वटा मुख्य बस चल्ने रुट हुनेछन् ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले यो परियोजनामार्फत पोखरामा वातावरणमैत्री यातायात प्रणालीको विकासमा टेवा, बस चढ्ने यात्रुको संख्यामा वृद्धि, कार्बन उत्सर्जनमा न्यूनीकरण र सार्वजनिक यातायातको सम्पूर्ण जानकारी प्राप्तिमा यात्रुहरू सहजता पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँका अनुसार पोखरामा बढ्दो सहरीकरण र ट्राफिक चापलाई व्यवस्थित गर्नका लागि पनि यो परियोजना प्रभावकारी हुनेछ ।

परियोजनाबाट पोखरामा समावेशी, दिगो र लचिलो, वातावरणमैत्री र प्रभावकारी यातायात प्रणालीको विकासमा टेवा पुग्ने विश्वास गरिएको छ । परियोजनामा गणतन्त्र कोरियाको भूमी, पूर्वाधार र यातायात मन्त्रालय, कोरिया रेलमार्ग अनुसन्धान संस्थान, राष्ट्रिय यातायात विश्वविद्यालय कोरिया र तारकम को. लिमिटेडसहित विभिन्न दातृ निकायले साझेदारी गरेका छन् ।



# प्राविधिक शिक्षाका कुरा




पोखरा महानगरपालिकाको शिक्षा महाशाखा र गण्डकी बहुप्राविधिक शिक्षालय पोखराको आयोजनामा मेयरसँग विद्यार्थी अन्तर संवाद कार्यक्रम गरिएको छ । प्राविधिक शिक्षाको अवस्था, आवश्यकता र अवसर लगायतमा केन्द्रित अन्तर संवादमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसहित प्राविधिक शिक्षा सेवा प्रदायक संस्था, संस्थान र अध्ययन गरिरहेका विद्यार्थीले सहभागिता जनाएका छन् ।

कार्यक्रममा विद्यार्थीले प्राविधिक शिक्षा अध्ययनका सम्बन्धमा भोगेका समस्या, चुनौती र भविष्यमा हुन सक्ने अवसरका विषयमा जिज्ञासा राखे । जवाफमा प्रमुख आचार्यले प्राविधिक जनशक्तिलाई अवसरको अभाव नहुने भन्दै स्थानीय सरकारको हैसियतले दक्षताका आधारमा ती जनशक्तिको व्यवस्थापन गर्दै जाने बताउनुभयो । प्राविधिक शिक्षा हासिल गरेका कुनै पनि विद्यार्थी बेरोजगार हुन नपर्ने बताउँदै उहाँले व्यवसाय गर्न चाहनेका लागि स्टार्ट अप अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रम महानगरपालिकाले गरिरहेको जनाउनुभयो ।

'प्राविधिक शिक्षा आजको आवश्यकता भन्ने कुरा नकार्न सकिने अवस्था छैन, त्यस कारण पोखरामा हामीलाई कति जनशक्ति चाहिने हो भनेर अहिले सर्भे गरिरहेका छौँ,' प्रमुख आचार्यले भन्नुभयो, 'महानगरले बेरोजगारको डाटा संकलनका लागि आह्वान गरिरहेको छ, केही वडामा विभिन्न प्राविधिक पोस्टका लागि आवेदन माग गरेको छ,

तर निवेदन एकदमै कम परिरहेको छ ।' प्राविधिक शिक्षाको महत्व बुझाउन आवश्यक रहेको बताउँदै उहाँले ज्ञान एकातिर काम अर्कोतिर हुने अवस्था अन्त्य जरुरी रहेकोसमेत औंल्याउनुभयो । यसका लागि राइट मेन राइट प्लेसको अवधारणामा काम गर्ने तयारीमा महानगर रहेको प्रमुख आचार्यले सुनाउनुभयो ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) गण्डकी प्रदेशका निर्देशक प्रमोदभक्त आचार्यले प्राविधिक शिक्षाको महत्व सिकाइसँगै आर्जन र भविष्यका लागि थप परिष्कृत ज्ञानको हासिल भएको उल्लेख गर्नुभयो । 'हाम्रो प्राविधिक शिक्षाको महत्व के हो भने, काम गर्दै अलिकति आयआर्जन गर्दै आफ्ना करिअरलाई अगाडि बढाउँदै लैजाने हो,' निर्देशक आचार्यले भन्नुभयो, 'आफ्ना ज्ञानको स्तरलाई बढाउँदै लैजानुहोस्, प्राविधिक शिक्षा समयको वेगसँगै यसको महत्व बढिरहेको छ ।'

गण्डकी बहु प्राविधिक शिक्षालयका निर्देशक लक्ष्मण तिमिलिसनाले प्राविधिक शिक्षाको सम्बन्धमा केन्द्रीय शिक्षा नीतिमै सुधारको आवश्यकता औंल्याउनुभयो । राष्ट्रिय शिक्षा प्रारूपमा यसको ढाँचा स्वीकृत भईसकेको जनाउँदै उहाँले अबको केही वर्षमा प्राविधिक शिक्षामा नीतिगत एकरूपता आउने बताउनुभयो । प्राविधिक शिक्षा अध्यापन गराइरहेका विद्यालयका प्राध्यानाध्यापकहरुले प्राविधिक शिक्षाको सुधारमा सरकारले अझ बढी समन्वय गर्न आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा सहभागी विद्यार्थीले प्राविधिक शिक्षा अध्ययन गरेको भए पनि विभिन्न वाहानामा आफूहरू विभेदपूर्ण व्यवहार भइरहेको गुनासो गरे । लामो समयसम्म इन्टर्नसिपका नाममा पारिश्रमिक नदिई काममा लगाउने, दिए पनि असाध्यै कम दिने, आफूहरूको क्षमता अनुसारको काम नपाउने लगायतका समस्या आफूहरूले झेल्नु परेको उनीहरुले गुनासो गरे ।



# छलफलमा पोखरा खानेपानी सुधार आयोजना



जापानी सहयोग नियोग (जाइका)का प्रमुख ओकुबो अकिमित्सुसहितको टोलीले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसहित महानगरको प्रतिनिधि मण्डलसँग भेटघाट गरेको छ । प्रमुख आचार्यको कार्यकक्षमा भएको भेटघाटमा जाइकाद्वारा सञ्चालित खानेपानी आयोजनाको हालसम्मको प्रगति र समस्याका बारेमा छलफल भएको छ ।

पोखराको खानेपानी व्यवस्थापनका लागि लाइन विस्तारको काम गरिरहेको जाइकाले करिब ९४ प्रतिशत काम सकिएको जनाएको छ । सडक विभाग अन्तर्गतका सहरी सडकमा लाइन विस्तार र पर्स्याङ-सिद्धार्थचोक खण्डमा केही प्राविधिक समस्या देखिएकाले सो समस्या समाधानका लागि सम्बन्धित सरोकारवाालसँग आवश्यक समन्वय गरिदिन ओकोबु नेतृत्वको टोलीले महानगरका प्रमुख आचार्यलाई आग्रह गरेको छ ।

जवाफमा प्रमुख आचार्यले ती समस्या समाधानका लागि सडक विभाग, खानेपानी संस्थान लगायतका सरोकारवालासँग यथाशीघ्र समन्वय गरी छलफलको वातावरण तयार गर्ने बताउनुभयो । खानेपानीको लाइन विस्तारका क्रममा देखिएका बाधा, अड्चनको तत्काल समाधान गरी पोखरेलीलाई शुद्ध खानेपानी वितरण गर्ने कार्यमा महानगरपालिका प्रतिबद्ध रहेको प्रमुख आचार्यले बताउनुभयो ।

उहाँले भन्नुभयो, 'पोखरेलीलाई शुद्ध खानेपानी खुवाउने महानगरको योजनामा जाइकाको योगदान अतुलनीय छ ।" यस कार्यमा कुनै प्रकारको अवरोध सृजना भए तत्काल समाधानका लागि महानगरपालिकाको तर्फबाट आवश्यक सहजीकरण गरिने प्रमुख आचार्यले प्रतिवद्धता जनाउनुभयो ।

भेटघाटमा जाइकाका प्रमुख ओकुबो अकिमित्सुसहित कातो कुमिको, सुगियामा सिगेरु र इन्जिनियर हरि तिमिल्सिना र पोखरा महानगरपालिकाको तर्फबाट प्रमुख धनराज आचार्य, उपप्रमुख मञ्जुदेवी गुरुङ, प्रशासकीय प्रमुख वीरेन्द्रदेव भारती र इन्जिनियर राजु रेग्मी सहभागी थिए ।

# महेन्द्रपुलमा अत्याधुनिक सार्वजनिक शौचालय बन्ने

पोखरा महानगरपालिका वडा नं.९ महेन्द्रपुलमा अत्याधुनिक सार्वजनिक शौचालय र चमेना गृह बनाइने भएको छ । यसका लागि पोखरा महानगरपालिका र गैरआवासीय नेपाली संघ (एनआरएनए) बीच सम्झौता भएको छ ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको रोहबरमा भएको सम्झौतामा महानगरपालिकाको तर्फबाट सहायक प्रमुख प्रशासकीय अधिकृत जितेन्द्रजंग केसी र एनआरएनएको तर्फबाट कार्यकारी अध्यक्ष रविना थापाले हस्ताक्षर गर्नुभएको हो । पर्यटन प्रवर्द्धन तथा नागरिकको सेवाका लागि उक्त स्थानमा सार्वजनिक शौचालयको आवश्यकता महसुस गरी त्यहाँ रहेका अति जीर्ण भवन विस्थापित गरी जनतालाई सर्वसुलभ तरिकाबाट सेवा प्रदान गर्ने उद्देश्यले चमेना गृहसहितको सार्वजनिक शौचालय निर्माण गर्न लागिएको महानगरपालिकाका प्रमुख आचार्यले बताउनुभयो । स्तनपान कक्षसहितको शौचालयमा सेनेटरी प्याडसमेत उपलब्ध हुनेछ ।

एनआरएनएका कार्यकारी अध्यक्ष थापाले पोखरा महानगरपालिकाको महेन्द्रपुलमा नेपाली शैलीको अत्याधुनिक सार्वजनिक शौचालय र



चमेना गृह निर्माणका लागि महानगरपालिकासँग सहकार्य गर्न पाउँदा खुसी लागेको बताउनुभयो । यसले पोखरा आउने पर्यटकलाई समेत अप्ठ्यारो परिस्थितिमा सहजता प्रदान गर्नुका साथै पोखराको स्वच्छता प्रवर्द्धनमा विशेष योगदान गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

एनआरएनए पोखरा महानगरपालिकाका विभिन्न स्थानमा यस्तै प्रकारका स्वच्छता प्रवर्द्धनको अभियानमा थप सहकार्यका लागि तयार रहेकोसमेत उहाँले जनाउनुभयो । सम्झौता अनुसार महेन्द्रपुलको उत्तरतर्फ रहेको कित्ता नं. ४१ को ५ आना क्षेत्रफलमा एनआरएनए र पोखरा महानगरपालिको संयुक्त लगानीमा अत्याधुनिक सार्वजनिक शौचालय र चमेना गृह निर्माण गरिनेछ । यसमा एनआरएनएले लगानीको ६० प्रतिशत र पोखरा महानगरपालिकाले ४० प्रतिशत खर्च गर्ने छन् ।

करिब १ करोडको लागतमा ३ महिनाभित्र निर्माण सम्पन्न गरिने सार्वजनिक शौचालय र चमेना गृहका लागि ६० लाख बराबरको खर्च एनआरएनए र ४० लाख महानगरपालिकाले लगानी गर्ने छन् । कार्यक्रममा पोखरा महानगरपालिका वडा नं.१७ की वडाध्यक्ष एवं नेकपा एमाले दलकी नेता राधिकाकुमारी शाही योगी र पोखरा महानगरपालिका वडा नं.९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीको पनि सहभागिता थियो । पोखरा महानगरपालिकामा हाल १५ भन्दा बढी स्थानमा महानगरले निर्माण गरेका सार्वजनिक शौचालय र ६० बढी स्थानमा निजी साझेदारीमा सञ्चालन गरिएका सार्वजनिक शौचालय छन् ।

महेन्द्रपुलको दक्षिण भागमा भने महानगरपालिकाले अन्तर्राष्ट्रिय झन्डा पार्क निर्माण गर्नेछ । त्यहाँ संयुक्त राष्ट्र संघमा आबद्ध १ सय ९५ देशसहित साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाको समेत झन्डा राखिनेछ । पार्कको बीच भागमा नेपालको सबैभन्दा ठूलो झण्डा राखिने छ ।



# नव उद्यमीलाई स्टार्ट अप अनुदान



पोखरा महानगरपालिकाले २४ वटा फर्मलाई उद्यमशीलता व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्तन कार्यक्रम स्टार्ट अप अनुदान प्रदान गरेको छ । युएनडिपीसँगको साझेदारी तथा गोनेसाको व्यवस्थापनमा पोखरा महानगरपालिका अन्तर्गतको व्यवसाय प्रवर्द्धन केन्द्र बिपिसीको उद्यमशीलता व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्द्धन केन्द्र (इबीक) परियोजनाको सहजीकरणमा उद्यमशीलता तथा नवप्रवर्तन कोषमार्फत उनीहरूलाई अनुदान वितरण गरिएको हो ।

महानगरपालिकाका प्रमुख धनराज आचार्यले उनीहरुलाई व्यवसाय स्टार्ट अप अनुदान प्रदान गर्नुभएको हो । प्रमुख आचार्यले व्यवसाय सञ्चालनका लागि प्रोत्साहन तथा नयाँ रोजगारी सृजनामा यसले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । 'व्यवसाय सञ्चालन तथा रोजगारी सृजनामा पहिलो पाइला महत्वपूर्ण हुन्छ, त्यस कारण नवीनतम सोच भएका व्यक्ति तथा फर्महरूलाई प्रोत्साहन होस्,' प्रमुख आचार्यले भन्नुभयो, 'व्यवसायमा लगनशीलता बढोस्, एमाउन्टका हिसाबले रकम सानो होला तर पहिलो पाइलामा यो पुरस्कार प्राप्त गर्नु महत्वपूर्ण कुरा हो ।' रोजगारी सृजनाका लागि महानगरपालिकाले निरन्तर पहल गर्ने प्रमुख आचार्यले बताउनुभयो ।

सुन्ती पुर्जा (हस्तकला), सरस्वती अधिकारी थापा (गँड्यौला पालन, कौसी खेती र फोहोरमैला व्यवस्थापन), चुत्रल कृषि समूह (कृषि उत्पादन), ग्रिन रोड वेस्ट म्यानेजमेन्ट (प्लास्टिक व्यवस्थापन),

एक कल होम सोलुसन (विभिन्न सेवाका लागि प्राविधिक सेवा), सुवास परियार (वातावरणमैत्री झोला प्रवर्द्धन), रेखाकुमारी थापा (गड्यौला मल प्याकेजिङ), बाबुराम बस्ताकोटी (आर्ट एन्ड ह्यान्डी क्राफ्ट), प्रेमबहादुर विक (मेटल उद्योग), महिला सीप विकास संस्था (हस्तकला उत्पादन), पोखरा तारा मण्डल एन्ड विज्ञान केन्द्र (सिकाई प्रवर्द्धन) र जमुना सुनार (हस्तकला) लाई नगद ५०/५० हजार उपलब्ध गराइएको हो ।

यस्तै, झलकप्रसाद बराल (पोल्टी), तारानाथ पहारी (कृषि पर्यटन), पोखरा वर्डस एन्ड एग्रो फार्म (कृषि), ज्योति प्रोभिजन स्टोर (लोकल घिउँ तथा पनिर उत्पादन), पिनशोभा गुरुङ (विषादी मुक्त अर्गानिक उत्पादन), रनदेवी गुरुङ (कृषि तथा पशुपालन), विश्वबन्धु पोखरेल (कृषि तथा पशु), विष्णुमाया आचार्य (हस्तकला), पद्मावती खाद्य उद्योग (आयुर्वेदिक औषधी तथा जडीबुटी), बिजुला परिवार (टेलर्स), देवीथान कृषि फर्म (कृषि) र ग्रिनवायोट्रिक एन्ड रिसर्च सेन्टरले पनि अनुदान पाएका छन् ।

पोखरा महानगरपालिका क्षेत्रभित्र नयाँ व्यवसाय तथा नवीतम सोचका साथ व्यवसाय सञ्चालन गर्ने तयारी गरिरहेका युवा/महिला/वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा फर्मलाई व्यवसाय सञ्चालनका लागि हौसला स्वरूप अनुदान प्रदान गरिएको इबिक परियोजनाका संयोजक नवराज अधिकारीले बताउनुभयो । पोखरा महानगरपालिका अन्तर्गत व्यवसाय प्रवर्द्धन केन्द्र (बिपिसी) द्वारा प्रकाशित सूचनाको आधारमा सूचीकृत भई छनोटमा परेका २४ वटा व्यक्ति तथा फर्मलाई अनुदान उपलब्ध गराइएको हो ।






# पार्किङ व्यवस्थापन गर्दै महानगर

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सडकमा सवारी साधान राख्ने दिन अब सकिँदै गएको बताउनुभएको छ । पोखरा ९ न्युरोड स्थित पूर्णिमा सिनेमा हल विस्थापन गरी खालि रहेको जग्गामा सशुल्क पार्किङ शुभारम्भ गर्दै उहाँले सडक पार्किङका लागि अब टेन्डर नगर्ने र सडकमा पार्किङ गर्ने परम्पराको अन्त्य गरिने बताउनु भएको हो ।

‚अहिले हामीले सडकमा भइरहेको पार्किङको कुनै शुल्क उठाएका छैनौं, सडकमा अब टेन्डर गर्दैनौं । यसको अर्थ के हो भने अब सडकमा सवारी साधान राख्ने दिन बिस्तारै सकिए भन्ने बुझ्न पर्छ,’ प्रमुख आचार्यले भन्नुभयो, ‘त्यस कारण अहिले महानगरले घोषणा गरेको क्षेत्रमा पार्किङ व्यवस्थापनका लागि प्राविधिक तयारी नपुगेकाले मात्रै खुकुलो हुनु परेको हो । तर, बिम्बका हिसाबले पार्किङ व्यवस्थापनको अभियान सुरु गरिएको उहाँले जनाउनुभयो ।

पोखरा महानगर क्षेत्रमा बनेका भवनको बेसमेन्टलाई पार्किङका लागि उपयोग गर्ने योजना छ । यस्तै मुख्य सडकको दायाँबायाँ रहेका खाली जग्गालाई समेत सम्बन्धित जग्गाधनीसँगको समन्वय तथा सहकार्यमा नियमानुसार शुल्क लिने गरी पार्किङकै लागि उपयोग गर्ने तयारीमा महानगर छ ।

पोखरा सभागृह र पोखरा प्रदर्शनी केन्द्रमा भने अर्को व्यवस्था नभएसम्मका लागि निशुल्क पार्किङको व्यवस्था गरिएको छ । पोखरा महानगरपालिका क्षेत्र भित्रको पार्किङलाई थप व्यवस्थित बनाउनका लागि सम्बन्धित सरोकारवालासँगको छलफलसमेत जारी रहेको बताउँदै उहाँले कुनै पेशा, व्यवसाय र वर्गलाई असर नपर्ने गरी पार्किङ व्यवस्थापन गरिनेमा आश्वास्त पार्नुभएको छ ।

पोखरा महानगरपालिकाले पार्किङका लागि व्यवस्थापन गरेका स्थानमा ५ सयभन्दा बढी साना सवारी र ४ सयभन्दा बढी मोटरसाइकल तथा स्कुटर पार्किङ गर्न सक्ने क्षमता छ । विवरण अनुसार पोखराको मुख्य बजार क्षेत्र पृथ्वीचोक-सभागृहचोक-न्युरोड-विपीचोक-महेन्द्रपुल-नयाँबजार हुँदै पृथ्वीचोक सम्मको सडकमा २ सय ५० गाडी र ३ सय ५० मोटरसाइकल पार्किङ गरेको पाइएको छ ।

‚सडकमा भइरहेको पार्किङको उपयुक्त विकल्प महानगरसँग छ, सडकमा जतिको संख्यामा सवारीसाधन पार्किङ गरिएका छन्, त्यसको दोब्बर क्षमता महानगरले व्यवस्था गरेका स्थानमा छ’, प्रमुख आचार्यले भन्नुभयो, ‘तत्काल पार्किङ हटाउँदा व्यपार व्यवसायमा असर पर्छ कि भन्ने व्यवसायी साथीहरुको जुन किसिमको बुझाइ छ, तर त्यसो हुँदैन ।’

आफूहरु सडकको पार्किङ हटाइएको क्षेत्रमा नियमित चल्ने गरी सटल बसको समेत व्यवस्था गर्ने तयारीमा महानगर छ । आवतजावत गर्नका लागि सम्बन्धित व्यवसायीसँग सहकार्य गरी सटल बसको समेत व्यवस्था गरिनेछ ।



कार्यक्रममा पोखरा महानगरपालिका नेकपा एमाले दलकी नेता एंव वडा नं.१७ की वडा अध्यक्ष राधिका कुमारी शाही योगीले सडकमा हुने पार्किङ व्यवस्थापन गर्ने महानगरको अभियानमा साथ दिन सम्बन्धित सबै सरोकारवालालाई आग्रह गर्नुभयो । पोखरा महानगरपालिका वडा नं ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीले सुन्दर पोखरा निर्माणको अभियान पोखरा ९ बाटै शुभारम्भ गरिएको बताउनुभयो । ‚सधै पोखरा कुरुप हुदैंन, अब पोखरा सुन्दर बन्छ, सुन्दर बनाउने अभियानको सुरुवात हो यो,’ उहाँले भन्नुभयो ।

सडकमा गरिने पार्किङका कारण बजार अस्तव्यस्त हुने र साँघुरा सडकका कारण सडक दुर्घटनाको जोखिम बढेपछि सडकको पार्किङ विस्थापन गर्न लागिएको हो ।

# दिगो पर्यटन विकास १५ परियोजनामा एडिबीको साथ



पोखरा महानगरपालिका र एसियन डेभलपमेन्ट बैंक (एडिबी) बीच दिगो पर्यटन विकासका लागि विभिन्न १५ वटा परियोजनामा सम्झौता भएको छ ।

पोखराको पर्यटन विकासलाई दिगो बनाउने दीर्घकालीन योजना अनुसार परियोजना कार्यान्वयनका लागि एडिबीले आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराउने छ । ३ वर्षभित्र सम्पन्न गर्ने गरी सात अर्ब बढीको लागतमा परियोजना कार्यान्वयनका लागि सम्झौता गरिएको छ । परियोजनाको कार्यान्वयनले पोखराको पर्यटनमा नयाँ आयाम थपिने नगर प्रमुख आचार्यले विश्वास व्यक्त गर्नुभयो । गुणस्तरीय पर्यटन विकास महानगरपालिकाको प्रथामिकतामा रहेको भन्दै उहाँले विभिन्न दातृ निकायहरुको साथ र सहयोगले यसलाई मुर्त रुप दिने काम गरेको उल्लेख गर्नुभयो ।

यी परियोजनाहरु कार्यान्वयनका लागि महानगरपालिकाले आवश्यक सहजीकरण गर्नेछ । समुन्नत महानगर र सवल अर्थतन्त्रको विकासमा यस्ता परियोजनाहरु सहयोगी सिद्ध हुने विश्वास गरिएको छ ।

### सम्झौता भएका परियोजनाहरु

» Firkekhola Corridor development project
» Seti George at K.I. Singh Bridge
» Botanical Garden Adjacent to Seti River
» Panchase eco-development and access
» Sarangkot Adventure Hill
» Pokhara Entrance Park Development
» Lakeside and urban core traffic Improvements
» Bindabasini area street development
» Electric vehicle infrastructure
» Airport – Fewa Lake express way
» Fewa Lake organic trail, bunds, beach
» Green Pokhara, greening dense urban areas
» Inter-lake cycle track
» Begnas and Rupa Lake
» High – speed Fewa – Begnas Connectivity

# औद्योगिक क्षेत्रको प्रदूषण बुझ्न विज्ञ टोली



पोखरा औद्योगिक क्षेत्रमा वातावरणीय प्रदूषणको हालको अवस्था पत्ता लगाउन विज्ञ टोली बनाइने भएको छ । औद्योगिक क्षेत्रबाट निस्कने ढल तथा वातावरणीय प्रदूषणको उचित व्यवस्थापन सम्बन्धमा पोखरा महानगरपालिकाद्वारा आयोजित छलफल कार्यक्रममा यस्तो समभ्रदारी गरिएको हो ।

टोलीले प्रदूषणको अवस्थाका बारेमा प्रतिवेदन तयार गरी बुझाउनेछ । पोखरामा पछिल्लो समय वातावरणीय प्रदूषण बढेकोप्रति गहिरो चिन्ता व्यक्त गर्दै महानगरपालिकाका प्रमुख धनराज आचार्यले मानिसको स्वास्थ्यमा आउन सक्ने जोखिम न्यूनीकरणका लागि थप सचेतनासहित सजगताको आवश्यकतामा जोड दिनुभयो । "आजको मुख्य सरोकार भनेको पोखरा औद्योगिक क्षेत्रमा रहेका सम्बन्धित उद्योगबाट हुने वातावरणीय प्रदूषणको मूल्यांकन र निराकरणका उपाय नै हुन्', प्रमुख आचार्यले भन्नुभयो, 'यसका लागि सबैभन्दा पहिले प्रविधियुक्त ट्रिटमेन्ट प्लान्ट स्थापना गर्नु पर्दछ ।"

उपयुक्त स्थानमा जग्गाको प्रबन्ध गरी प्रविधियुक्त ट्रिटमेन्ट प्लान्ट स्थापना गर्नुको विकल्प नभएको उहाँले बताउनुभयो । "ठाँउ कति हुन्छ, यसको तुरुन्तै यसको एउटा ट्रिटमेन्ट प्लान्ट बनाएर लाग्नुपर्छ, यसमा किन्तु परन्तु, किन, कसरी भन्ने छुट कसैलाई छैन, होइन भने ताला लगाउने अवस्थासम्म पुग्न पर्छ,' उहाँले भन्नुभयो, 'भइरहेको तर नचलेको छ भने त्यसलाई पनि चलाउनु पर्‍यो, नभए एउटा तत्काल स्थापना गर्नुपर्‍यो ।" कुनै पनि हालतमा औद्योगिक क्षेत्रबाट निस्कने रासायनिक पदार्थ र पानीलाई बाहिर ढलमा मिसिनुभन्दा पहिले नै प्रशोधन गर्नुपर्ने उहाँले बताउनुभयो ।

पोखरा औद्योगिक क्षेत्र व्यस्थापन समितिका प्रमुख किशोरकुमार पाण्डेले वातावरण सुधारका लागि आवश्यक सहकार्य गर्न आफूहरु तयार रहेको बताउनुभयो ।

पछिल्लो समय वर्षौ पुराना यातायातका साधन वातावरण प्रदूषणका प्रमुख कारक बनिरहेका छन् । इन्धनबाट चल्ने ती पुराना सवारी साधनले फाल्ने कालो धूवाँ मानव स्वास्थ्यका लागि निकै हानिकारक हुने चिकित्सकको भनाइ छ । सन्ततिको सुरक्षित भविष्यका लागि पनि वातावरण स्वच्छताको अभियान थाल्न विलम्ब गर्न नहुने सरोकारवालाको तर्क छ ।

# कास्कीका जनप्रतिनिधिलाई महानगरको सम्मान



मंसिर ४ गते सम्पन्न प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ मा कास्की जिल्लाबाट निर्वाचित प्रतिनिधिसभाका सांसद तथा गण्डकी प्रदेश सभा सदस्यलाई पोखरा महानगरपालिकाले स्वागत तथा सम्मान गरेको छ ।

पोखरा महानगपालिकामा आयोजित एक कार्यक्रमका बीच उनीहरुलाई महानगरपालिकाको तर्फबाट प्रमुख धनराज आचार्य, उपप्रमुख मञ्जुदेवी गुरुङ, प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारती, सहायक प्रमुख प्रशासकीय अधिकृत जितेन्द्रजंग केसी लगायतले स्वागत तथा सम्मान गर्नुभएको हो ।

सो अवसरमा प्रतिनिधि सभाका नवनिर्वाचित सांसद मनबहादुर गुरुङ र विद्या भट्टराई तथा गण्डकी प्रदेश सभा सदस्यहरु खगराज अधिकारी, गणेशमान गुरुङ, भीमबहादुर कार्की र प्रकाश बराललाई महानगरको तर्फबाट स्वागत तथा सम्मान गरिएको हो । सो क्रममा महानगरपालिकाका प्रमुख आचार्यले समृद्ध महानगर निर्माणका लागि स्थानीय, प्रदेश र केन्द्र सरकारको बीचमा सहकार्य आवश्यक रहेको बताउनुभयो ।

प्रतिनिधि तथा प्रदेश सभाका सांसदले सिंगो गण्डकी प्रदेशको विकासका लागि आफूहरु स्थानीय सरकारसँग सहकार्य गरेरै अगाडि बढ्ने प्रतिवद्धता जाहेर गर्नुभएको छ ।

# राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भगिनी सम्बन्ध

पोखरा महानगरपालिकाले विकास निर्माण, कला, सांस्कृतिक एवं पारस्परिक हितलाई ध्यानमा राखेर विश्वका विभिन्न मुलुकका नगरहरू तथा मुलुकभित्र कै नगरहरूसँग भगिनी सम्बन्ध स्थापित गरी सहकार्य तथा अनुभवहरूको आदानप्रदान गर्दै आइरहेको छ । परापूर्वकालदेखि ऐतिहासिक सम्बन्ध रहँदै आइरहेको चिनको कुनमिङदेखि, मित्र राष्ट्र जापानको कोमागाने हुँदै दक्षिण कोरियाको ग्यान्बुक गु देखि टर्कीको आडालर लगायतका नगरीहरूसँग पोखराको भगिनी सम्बन्ध स्थापित भैसकेको छ । पोखरा महानगरपालिकाले भगिनी सम्बन्ध स्थापित गरेका अन्तर्राष्ट्रिय नगरहरुबिचमा संस्कृति तथा विकास निर्माण लगायतका अनुभवहरु आदानप्रदान सहित दुईपक्षिय हितमा आधारित गतिविधिहरु संचालन भैरहेका छन् । यसले एक अर्का बिचको सम्बन्धलाई प्रगाढ बनाउँदै पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण सहयोग पुगेको छ ।

मुलुकभित्रकै भरतपुर महानगरपालिका तथा धरान उपमहानगरपालिकासँग भगिनी सम्बन्ध स्थापित गरेको महानगरले भगिनी सम्बन्ध स्थापित भएका नगरहरू बिच भ्रमण, आपसी हितका विषयमा छलफल तथा अन्तरक्रिया, एक आपसमा सहयोगहरू आदानप्रदान, भाषा, संस्कृति, कला र रीतिरिवाजहरूको संरक्षण तथा संवर्द्धनमा महत्वपूर्ण कार्यहरु गर्दै आइरहेको छ ।



भगिनी सम्बन्ध स्थापित भएका नगरहरू बिचको सहकार्यले पोखरालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा थप प्रचारप्रसार गर्न, पर्यटन प्रवर्द्धन गर्न, विकास निर्माणका कार्यहरूमा एक अर्कालाई सघाउन सहयोग पुऱ्याउनुका साथै राष्ट्रिय स्तरमै सम्बन्ध प्रगाढ बनाउन महत्वपूर्ण सहयोग पुगेको छ । पोखरा महानगरपालिकाले हालसम्म विदेशका १२ र देशभित्रका २ गरी १३ वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगरहरुसँग भगिनी सम्बन्धमा स्थापित गरिसकेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध विकास तथा विस्तारको क्रममा जारी रहेको छ ।

**पोखरा महानगरसँग भगिनी सम्बन्ध स्थापित भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगरहरू**

| सी.नं. | भगिनी सम्बन्ध कायम भएको सहर | भगिनी सम्बन्ध स्थापना मिति |
|---|---|---|
| १ | भरतपुर महानगरपालिका | २०७६ कार्तिक २२ |
| २ | धरान उप-महानगरपालिका | २०५४ पौष २१ |
| ३ | Komagane, Japan | April 18, 2001 |
| ४ | Princes' Islands (Adalar), Turkey | October 13, 2011 |
| ५ | Linzhi, China | October 21, 2008 |
| ६ | Kunming, China | July 8, 2013 |
| ७ | Guangzhou, China | November 29, 2014 |
| ८ | Yibin, China | September 18, 2018 |
| ९ | Haikou, China | November 16, 2018 |
| १० | Nanning, China | January 10, 2018 |
| ११ | Ganbuk – gu, South Korea | February 23, 2013 |
| १२ | London Borough of Barnet, UK | May 19, 2021 |
| १३ | Chuzhou, China | |
| १४ | Ganzhi Municipality, Tibet Province, China | |




# पदक विजेता खेलाडी सम्मानित

गण्डकी प्रदेशमा भएको ९ औँ संस्करणको राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी महानगरवासी खेलाडीलाई पोखरा महानगरपालिकाले नगदसहित सम्मान गरेको छ । प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडी, प्रशिक्षक र व्यवस्थापक गरी १ सय ९२ जनालाई सम्मान गरिएको हो ।

स्वर्ण पदक विजेता ३५ जना, ३२ जना रजत पदक विजेता र ८५ जना कांस्य पदक विजेता खेलाडीलाई महानगरपालिकाले सम्मान गरेको हो । उनीहरूलाई क्रमश: नगद १५ हजार, १० हजार र ५ हजारसहित सम्मान पत्र प्रदान गरिएको छ । यस्तै ३६ जना टिम म्यानेजर र ४० जना प्रशिक्षकलाई समेत सम्मान गरिएको छ । यसअघि पहिलो चरणमा ३९ जना खेलाडी तथा प्रशिक्षकलाई सम्मान गरिएको थियो ।

उनीहरूलाई पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, उपप्रमुख मञ्जुदेवी गुरुङ, प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारती, महानगरपालिकाका प्रवक्ता मोतीराज तिम्सिना, पोखरा महानगरपालिका नेपाली कांग्रेस संसदीय दलका नेता दिवसमान प्रधानाङ्ग लगायतले सम्मान गर्नुभएको हो । महानगरपालिकाका प्रमुख आचार्यले खेलाडीलाई प्रदान गरिएको रकम सानो भए पनि हौसला बढाउन सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो । खेलाडीको खेल जीवनको निरन्तरताका लागि आवश्यक सहयोग गर्न पोखरा महानगरपालिका प्रतिबद्ध रहेको उहाँले बताउनुभयो ।

'खेलाडीको हौसला बढाउने कार्यमा आवश्यक सहयोग गर्न हामी सदैव सकारात्मक छौँ, स्वस्थ महानगर निर्माणको अभियानमा खेलाडीको महत्वपूर्ण योगदान रहन्छ,' प्रमुख आचार्यले भन्नुभयो, 'खेल जीवनका दौरानमा, खेलकुदलाई अगाडि बढाउने विषयमा कुनै पनि समस्या आइपरे महानगरको खेलकुद विकास समिति पनि छ, महानगरपालिका यहाँहरूको साथमा छ, यहाँहरूले आआफ्ना वडामा पनि सम्पर्क गर्न सक्नुहुनेछ, हामीले सक्ने सहजीकरण गर्नेछौँ ।'

राष्ट्रका गहनाका रूपमा विकसित खेलाडीको खेलजीवन थप उपलब्धिमूलक बनाउने सन्दर्भमा आवश्यक सहकार्यका लागि महानगरपालिका प्रतिबद्ध रहेको उहाँको भनाइ छ । आफूहरू पोखरालाई पर्यटनको राजधानी बनाउने अभियानमा रहेको उल्लेख गर्दै उहाँले खेल पर्यटन प्रवर्द्धनसहित यहाँ आवश्यक पूर्वाधार निर्माणमा समेत जोड दिनुभयो ।

# अन्तर्राष्ट्रिय महिला दिवस




११३ औं अन्तर्राष्ट्रिय महिला दिवस पोखरामा भव्य रुपमा मनाइएको छ । पोखरा महानगरपालिका सामाजिक विकास महाशाखाको आयोजनामा लेखनाथमा र्‍यालीसहित गृहणी महिलाबीच हाजिरीजवाफ प्रतियोगिता भएको हो ।

पोखरा महानगर २७ तालचोकबाट र्‍यालीसहित पोखरा उद्योग वाणिज्य संघको सभाहलमा पुगेर औपचारिक कार्यक्रममा परिणत भएको थियो । कार्यक्रममा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले महिला पुरुषबीचको असमानता अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले महिलालाई कुनै अधिकार नदिएको अवस्थामा महिलाले अधिकार र समान ज्यालाका लागि गरेको आन्दोलनले विश्वव्यापी रुप लिएर सफल भएको दिनको सम्झनामा दिवसका रुपमा मनाउन थालिएको बताउनु भयो । उपप्रमुख मञ्जुदेवी गुरुङले महिलाले अधिकार प्राप्तिका लागि धेरै संघर्ष गर्नुपरेको स्मरण गर्नुभयो । उहाँले महिला र पुरुषबीचको असमनता अन्त्य गर्दै समतामूलक समाज निर्माणमा दिवसले उत्साह थप्ने बताउनुभयो । कार्यक्रममा पोखरा महानगर वडा नम्बर २ का अध्यक्ष दिवसमान प्रधानांग र वडा नम्बर १७ का वडाध्यक्ष राधिका शाही योगीले महिलालाई विभेद नगरी समान अवसर प्रदान गर्नुपर्नेमा जोड दिनुभयो ।

यसैबीच महानगर स्तरीय गृहणी हाजिरीजवाफ प्रतियोगिता पोखरा महानगरपालिका वडा नम्बर १ को कामना जागरण महिला समूह प्रथम, वडा नम्वर १५ को सृजना आमा मार्ग आमा समूह द्वितीय, पोखरा २ को जयमुल आमा समूह तृतीय र पोखरा २४ को कास्कीकोट महिला सहकारी र युनिटी महिला समूहले सान्त्वना स्थान प्राप्त गरे । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वनाले क्रमशः १५ हजार, १० हजार, ७ हजार र सान्त्वना दुई समूहले ५/५ हजार रुपैयाँ प्राप्त गरे । प्रतियोगितामा ७२ समूह सहभागी भएका थिए । यता, र्‍यालीमा सरस्वती आमा समूह पोखरा ३३ उत्कृष्ट हुँदै १० हजार रुपैयाँ प्राप्त गर्‍यो । विजेतालाई पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङ र वडाध्यक्ष राधिकाकुमारी शाही योगीले प्रमाणपत्र र नगद प्रदान गर्नुभयो ।

# भूमीहीनलाई निस्सा




पोखरा महानगरपालिकाका १४ हजार ९६४ भूमीहीन दलित, भूमीहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरु राष्ट्रिय भूमि आयोगको पोर्टलमा दर्ता भएका छन् ।

जसमा भूमीहीन दलितको संख्या ३३२२, भूमीहीन सुकुम्बासी ३८२३ र अव्यवस्थित बसोबासीहरुको संख्या ७८१९ रहेको छ ।

हाल पोखरा महानगरपालिकाले ३३ वटै वडामा निस्सा वितरणको काम समेत गरिसकेको छ । महनगरमा रहेका भूमीहीनहरुलाई भूमिको मालिक बनाउने कार्यमा महानगरपालिका प्रतिवद्ध रहेको महानगरपालिकाका प्रमुख धनराज आचार्यको तर्क छ ।



## पोखरा महानगरपालिकाको आ.व. २०७९/०८० को

# वार्षिक नीति तथा कार्यक्रम

**आदरणीय नगर सभासदज्यूहरु,**

१. पर्यटकीय शहर पोखरा महानगरपालिकाको नवनिर्वाचित नगरप्रमुखको रुपमा महानगरको एघारौं नगरसभामा आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षानुभूति गरेको छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा पश्चात समयमा नै निर्वाचन सम्पन्न भएको र दोस्रो कार्यकालका लागि निर्वाचन सम्पन्न भई हामी जनप्रतिनिधिले पदबहाली गरिसकेका छौं। यसले लोकतन्त्रको जग मजबुत भएको र जनप्रतिनिधिबाट जनअपेक्षा पूरा गर्ने अवसर प्राप्त भएको छ। लोकतन्त्रको सुन्दर पक्षका रुपमा रहेको आवधिक निर्वाचनलाई समयमा नै सम्पन्न गर्ने कार्यका लागि नेपाल सरकार र निर्वाचन आयोगप्रति हार्दिक आभार व्यक्त गर्दछु। हामीलाई जनअभिमतबाट सेवा प्रदान गर्ने अभूतपूर्व अवसर प्रदान गर्ने सम्पुर्ण मतदाताहरुलाई विशेष नमन गर्दछु। पोखरेली नागरिकले सुम्पनु भएको ऐतिहासिक अवसरलाई कुनै पनि बाहनामा खेर नफाल्ने प्रतिवद्धता सहित यहाँहरुको साथ र सहयोगको अपेक्षा गर्दछु।

३. संघीयतापछिको पहिलो स्थानीय तह निर्वाचित जनप्रतिनिधिले गरेको कार्यबाट केही आशा र अवसर सिर्जना भएका छन्। यद्यपि हामी लक्ष्यबाट धैरै टाढा छौं। निर्वाचित जनप्रनिधिले समग्रमा प्रतिनिधित्व गर्न सक्छन्। यद्यपि सुन्दर, समुन्नत र व्यवस्थित पोखरा निर्माण सबै पक्षको सहभागिताबाट मात्र सम्भव छ। हामी निर्वाचित प्रतिनिधि सबै पोखरेली नागरिकका साझा प्रतिनिधि हौं। यसर्थ दलगत स्वार्थबाट माथि उठी समुन्नतिका लागि साझा धारणा बनाई अगाडि बढ्नु आजको आवश्यकता हो।

४. देशको सबैभन्दा ठूलो महानगरपालिका पोखरा विविधतापूर्ण छ। ग्रामीण पहाडी क्षेत्र, अर्ध शहरी क्षेत्र र शहरी क्षेत्र सहित तीनथरीको भौगोलिक अवस्थिति छ। आर्थिक तथा मानवीय विकासका परिसूचकहरु समेत विषम छन्। यसर्थ आगामी दिनमा हाम्रा प्राथमिकता र नीति कार्यक्रम यिनै सूचकलाई उच्च विन्दूमा पुर्‍याउन केन्द्रित गरी स्रोत र साधनको बाँडफाँड गर्नुपर्ने देखिन्छ।

५. सरकारको उपस्थिति नागरिकलाई प्रवाह गर्ने सेवाबाट अनुभूत हुन्छ। सुशासन र विकास प्रक्रियामा स्थानीय सरकारप्रति नागरिकले विश्वास गर्ने आधारशीला तयार गर्नु पर्ने भएको छ। मुल समस्याको जरो पहिल्याई तदनुरुप नीति कार्यक्रम तय गर्दै जनमुखी सेवा प्रदान गर्ने र विकासलाई द्रुत रुपमा अगाडि बढाउन आगामी पाँच वर्ष लागी पर्ने विश्वास दिलाउन चाहन्छु।

६. बर्तमान अवस्थाको समीक्षा गरिरहँदा पोखरा महानगरपालिकाको सर्वेक्षण अनुसार ग्रस म्युनिसिपल प्रोडक्ट (GMP) १ खर्व १० अर्व ५४ करोड रहने अनुमान छ। जस अनुसार प्रतिव्यक्ति औसत आय १६०५ अमेरिकन डलर रहेको छ। GMP मा व्यावसायिक क्षेत्रको योगदान ५७ प्रतिशत कृषि तथा पशुपालन क्षेत्रको ११ प्रतिशत

र १४ प्रतिशत बाँकी अन्य क्षेत्रको योगदान रहेको छ । हाल २८२१५ वटा व्यावसायिक एकाइ मार्फत १,०४,४६९ रोजगारी प्रदान गरिएको छ ।

७. वित्तीय पहुँचका आधारमा पोखरामा विभिन्न बैङ्कका ३२१ शाखा, ७ शाखा रहित सेवा केन्द्र र २६४ एटिएम वुथ एवं ३४१ वटा सहकारी संस्थाहरु सञ्चालनमा छन् ।

८. सामाजिक विकास सूचक अनुसार आर्थिक गतिविधिमा महिलाको प्रतिनिधित्व २६% मात्र रहेको छ । १८ वर्ष भन्दा कम उमेरमा विवाह गर्ने महिलाको संख्या ३१.७% रहेको देखिन्छ ।

९. पोखरामा वार्षिक शहरीकरण वृद्धिदर ५% रहेको छ । कुल १,५३५ कि. मि. सडक सञ्जालमा रहेकोमा ४१% कालोपत्रे र ७ प्रतिशत कंक्रिट सडक रहेको छ ।

१०. महानगरपालिकाको कुल क्षेत्रफलमा ४२% वन क्षेत्रले ढाकेको छ । सामुदायिक वन समुहहरु ३७६ समेत कुल ४५० वन समुह रहेका छन् ।

११. फेवाताल लगायत १० वटै ताल संरक्षण र सौन्दर्यकरणका लागि संभाव्यता अध्ययन प्रतिवेदन तयार भएको छ ।

१२. संस्थागत विकासका लागि नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यान्वयनमा ल्याइएको छ । संस्थागत क्षमता कार्ययोजना तर्जुमा भएको छ । यसका अतिरिक्त कार्यसम्पादन सहजताका लागि घरनक्सा इजाजत, पञ्जिकरण, राजश्व जस्ता सेवाका लागि सफ्टवेयर प्रणाली जडान गरिएको छ ।

१३. नेपालको संविधान, दिगो विकास लक्ष्य, पन्ध्रौं आवधिक योजना, नेपालले अन्तरराष्ट्रिय स्तरमा गरेका प्रतिवद्दता, गण्डकी प्रदेश सरकारको आगामी आ.व. को नीति तथा कार्यक्रम र बजेट, पोखरा महानगरपालिकाको दीर्घकालिन सोच, प्रथम त्रिवर्षीय योजना तथा विगत आ.व. मा आरम्भ गरिएका विकासका कार्यलाई निरन्तरता दिई व्यवस्थित विकास कार्य अगाडि बढाउने नीति लिइनेछ ।

१४. "समुन्नत पर्यटकीय पोखरा"को विकासको प्रस्थान विन्दुको रुपमा आगामी वर्षको नीति तथा कार्यक्रमका मार्गनिर्देशक सिद्दान्त देहाय बमोजिम हुनेछन् ।

१) दीगो ,पर्यावरणमैत्री, योजनाबद्ध र हरित शहरी विकास

२) उत्थानशील पर्यटकीय पूर्वाधार विकास निर्माण

३) सामाजिक न्यायपूर्ण, समावेशी तथा समतामुलक समाजको निर्माण

४) गुणस्तरीय र प्रतिस्पर्धी मानवस्रोत विकास

५) विभिन्न तहका सरकार र निजी क्षेत्रसँगको समन्वय, साझेदारी र सहकार्य

६) सुशासन, सदाचार र पारदर्शी सेवा प्रवाह

७) प्रविधिमैत्री, सूचना तथा ज्ञानमा आधारित व्यवस्थापन

**अव म पोखरा महानगरपालिकाले आगामी आर्थिक वर्षका लागि तय गरेका क्षेत्रगत नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**कृषि तथा सिचाईं**

१५. **"कृषि उत्पादनमा वृद्धिः महानगरको समृद्धि"** अवधारणा अनुसार कृषिक्षेत्रको आधुनिकीकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ ।

१६. समग्र पोखराको आयात परिमाणको अध्ययन गरी ५ वर्ष भित्र कम्तिमा दुध, फलफूल, तरकारी, माछा मासुको आयात प्रतिस्थापनमा जोड दिइनेछ ।

१७. नेपाल सरकार, प्रदेश सरकार र निजी क्षेत्र समेतको सहकार्यमा कृषि पूर्वाधार जस्तैः कष्टम हायरिङ केन्द्र, चिस्यान केन्द्र, प्रशोधन केन्द्र तथा प्राङ्गारिक मल उत्पादन कारखानाको विकास र व्यवस्थापन कार्य अघि बढाइनेछ ।

१८. अध्ययन, अनुसन्धान र प्रमाणका आधारमा रैथाने कृषि उपजको संरक्षण, सम्वर्धन र व्यावसायीकरण गरिनेछ । सामुहिक र सहकारी खेती प्रणालीको प्रवर्द्धन र प्रोत्साहन गर्न भण्डारण स्थल एवं कोल्डस्टोर निर्माण कार्य क्रमशः शुरु गरिनेछ ।

१९. सिचाईं सुविधा नपुगेका ग्रामीण र पहाडी क्षेत्रमा प्रविधिमा आधारित लिफ्ट सिचाईं प्रणाली प्रवर्धन गरिनेछ । समथर भुभागमा रहेका सिचाईं प्रणालीको संरक्षण गर्दै कृषि उत्पादकत्व बढाउन जमीनको दीगो उपयोग गरिनेछ।

२०. महानगरपालिका क्षेत्रका सम्पूर्ण प्राकृतिक पानीको स्रोत, मुल तथा मुहानको एकीकृत प्रोफाइल तयार गरिनेछ । पानी र सिचाईंका स्रोतको संरक्षण, सदुपयोग र दीगो व्यवस्थापन गरी महानगरबासीलाई स्वच्छ पानीको सुनिश्चितता गरिनेछ ।

२१. कृषि उत्पादनको बजारीकरण, मूल्य श्रृंखला र भण्डारण सहयोगका लागि **बारीदेखि बजारसम्मः गोठ देखि ओठसम्म** अभियान सञ्चालन गरिनेछ । कृषि उपज संकलन केन्द्र र कृषि बजार मार्फत स्थानीय कृषि उपज बिक्री बितरण सुनिश्चित गरिनेछ । कृषि उपजको उचित मूल्य र बजार पहुँचको लागि **कृषि उत्पादन व्यवस्थापन प्रणाली** सञ्चालन गरिनेछ ।

२२. कृषि उपज संकलनका लागि कृषि एम्बुलेन्स व्यवस्था गरी नियमित संकलनको व्यवस्था मिलाइनेछ । मुख्य मुख्य कृषि उपजको न्युनतम समर्थन मूल्य ग्यारेन्टी गरी कृषि उत्पादनमा लगानी गर्ने वातावरण सिर्जना गरिनेछ ।

२३. प्राकृतिक तथा अन्य कारणले बालीमा पुग्न सक्ने क्षति न्यूनीकरण गर्न मौसम पूर्वानुमान सूचना प्रणालीको व्यवस्था मिलाउनुका साथै कृषि बीमामा जोड दिइनेछ । यसका अतिरिक्त जलवायु अनुकूलन खेती प्रविधिको प्रयोग तथा बालीमा हुने महामारीको पहिचान र नियन्त्रणमा सहयोग गरिनेछ।

२४. एक वडाः एक पशुपन्छी तथा बाली उत्पादन पकेट कार्यक्रम सञ्चालन गरी कृषि तथा पशुपन्छीजन उत्पादनलाई विशिष्टीकरण गर्न अध्ययन गरी कार्यान्वयन गरिनेछ।

२५. उच्च मूल्यबाली प्रवर्द्धन विकास र विस्तार गरिनेछ। भूमि बैंक स्थापना गरी खेती गर्ने व्यक्ति वा संस्थाला जग्गा सुनिश्चित गरिनेछ।

२६. कृषियोग्य जमिनको उत्पादकत्व बृद्धि गर्न सिंचाई क्षेत्रको विस्तार,उत्पादन वृद्धिको आधार तयार गरी वर्षै भ सिचाई सुविधा विस्तार गरिनेछ।

२७. प्रभावकारी कृषि प्रसार, सूचना प्रविधि र संचारका लागि प्रत्येक वडामा कृषि तथा पशु सेवा प्राविधिकव व्यवस्था मिलाइनेछ। कृषक बढाउ नीति लिई सीप, तालिम, क्षमता र बीउ पूँजीस्मको व्यवस्था गरिनेछ।

२८. गुणस्तरीय फलफूलका तथा तरकारी विरुवा उत्पादनका लागि सामुदायिक नर्सरी स्थापनामा गर्ने तथा मुख खाद्यान्न बाली, लोपोन्मुख रैथाने बाली, तरकारी, आलु तथा घाँसको वीउ उत्पादन बृद्धि गर्ने नीति लिइनेछ साथै गुणस्तरीय तथा मूल्यावान फलफूलको विरुवा नि:शुल्क वितरणका माध्यमवाट नागरिकको स्वास्थ्य तथ जीवनस्तरमा विशेष सहयोग पुर्याइने छ।

२९. माटो नै जीवन हो भन्ने तथ्यलाई मध्येनजर गरी स्वस्थ माटो कार्यक्रम सञ्चालन गरिनेछ। गोठ सुधार, खो सुधार र भकारो सुधारद्वारा गरिने मलको उत्पादन र जैविक विषादीमा अनुदान उपलव्ध गराउने व्यवस्थ मिलाइनेछ।

३०. प्रांगारिक उत्पादन मापदण्ड निर्माण गर्दै प्रमाणीकरण गरिनेछ। यस्ता वस्तुहरुको ब्रान्डिङ, प्याकेजिङ बजारीकरणमा अनुदान दिने नीति लिइनेछ।

**पशुपन्छी**

३१. **"पशु उत्पादनमा वृद्धिः आर्थिक उपार्जन सहितको समृद्धि"** हाँसिल गर्न पशुपन्छीपालन व्यवसाय प्रवर्द्ध र सम्वर्द्धनका लागि पशु नश्ल सुधार, आहार व्यवस्थापन, उत्पादनका आधारमा अनुदान, पशु स्वास्थ्य र प हाटबजार संचालन गरिनेछ।

३२. पशुपन्छीपालन तथा पशुजन्य उत्पादनका लागि निजी क्षेत्रसँगको साझेदारी र सहकार्यमा पशु वधशाला, स्वच्छ मासुपसल लगायतका व्यवस्थित पूर्वाधार निर्माण कार्य अगाडि बढाई गुणस्तरीयता र उद्यमशीलता विका गरिनेछ।

३३. **"कृषकहरुको पहुँच र पहिचानः व्यावसायिक कृषकहरुको संरक्षण र सम्मान"** केन्द्रित कार्यक्र सञ्चालन गरिनेछ। कृषक वर्गीकरण गरी परिचय पत्र उपलब्ध गराइनेछ र सोका आधारमा न्यूनतम अनुदा ग्यारेन्टी गरिनेछ।

३४. छाडा पशु नियन्त्रणका लागि मापदण्ड तयार गरी व्यवस्थापन गरिनेछ। छाडा कुकुर नियन्त्रणका लागि घ पालुवा कुकुर दर्ता र भ्याक्सिनेसन कार्यक्रम सञ्चालन गरिनेछ।

३५. प्रत्येक वडामा कृषि एवं पशु प्राविधिक सेवा सुनिश्चित गरी आधारभुत कृषि र पशुस्वास्थ्य सेवामा नागरिव पहुँच अभिवृध्दि गरिनेछ। बाँझो जग्गामा फलफूल तथा पुष्प खेती प्रवर्द्धन गरिनेछ।

**रोजगार प्रवर्द्धन**

३६. रोजगारका लागि सहजीकरण, समन्वय, सञ्जालीकरण, नवप्रवर्तन र अनलाइन रोजगार बजार, स्वरोज उद्यमशीलता बढाउन मानव संशाधन विकास केन्द्रका रुपमा रोजगार बैंक स्थापना गरिनेछ।

३७. हरेक आर्थिक वर्षको पहिलो ६ महिनामा ३,००० रोजगारी थप गर्ने योजनाका साथ प्लस टू तहको अध्य सकेका यस क्षेत्रका युवालाई भाषा होटल म्यानेजमेन्ट मोबाइल मर्मत कृषि स्रोत व्यक्ति, जडिवुटी संकर ब्युटिसियन, प्लम्बिङ, ईलेक्ट्रिसियन, भेटेनरी, ईम्ब्रोइडरी, ह्यान्डलुम, ग्राफिक्स डिजायन, वेभपेज डिजा भिडियो एडिटिङ, वेटर आदि जस्ता सीपसंगै रोजगारी र उद्यमशीलता विकास गर्न सक्षम पोखरा परियो सञ्चालन गरिनेछ।

३८. दक्ष जनशक्तिलाई स्थानीय स्तरमा परिचालन गर्न महानगर विशेष स्वरोजगार कार्यक्रम संचालन गरिनेछ।

३९. पोखरा महानगरपालिकामा रोजगार सूचना केन्द्रको स्थापना गरी स्थानीय, राष्ट्रिय, वैदेशिक तथा निजी क्षेत्र सञ्जालीकरण गरी मागसँग आवद्ध गरिनेछ।

४०. न्युनतम रोजगारीको प्रत्याभूति गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमका साथै महानगरपालिकाको विकास नि कार्यलाई समेत स्थानीय रोजगारी सिर्जनासँग आवद्ध गरिनेछ।

४१. वेरोजगारीहरुको सीप र क्षमतालाई आधार लिई तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी बजारको आवश्यकता अनुसार व्यावसायिक तथा सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

४२. महानगरबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको पूर्व अभिलेख राखी आवश्यक तालिमको व्यवस्था वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाइनेछ।

४३. महानगरभित्र दक्ष, अर्धदक्ष लगायत सवै प्रकारका श्रमिकहरुको तथ्यांकीय आधार तयार गर्न अध्ययन गरिने

**उद्योग तथा सहकारी**

४४. सहकारी संस्थाहरुलाई व्यावसायिक कृषि पर्यटन उत्पादन क्षेत्रमा आफ्नो पूँजी तथा लगानी परिचालन सहजीकरण गरिनेछ। महानगर, सहकारी र समुदायको सहकार्यमा स्थानीय कच्चा पदार्थमा आधारित उ व्यवसायमा लगानी विस्तार गर्ने नीति लिइनेछ। सहकारीको अनुगमन र नियमनलाई सूचना व्यवस्थ प्रणालीमा आधारित बनाइनेछ।

४५. व्यावसायिक उत्पादन, उद्यमशीलता विकास र परियोजना विकासका क्षेत्रमा सहकारी संघसंस्थाको लग केन्द्रित गरिनेछ।

४६. ३३ वटै वडामा कम्तिमा एक सहकारी एक व्यावसायिक उत्पादन मार्फत रोजगारी सिर्जना गरिनेछ। सहका संस्थाहरुको क्षमता अभिवृद्धि गरी उद्यम तथा योजनामा गरिने लगानीका लागि विकास साझेदारको रुप सहकार्य गरिनेछ।

४७. सहकारी मार्फत उत्पादित वस्तुको प्रशोधन, भण्डारण, बजारीकरण र विविधिकरण कार्यक्रम सञ्चालन गरिनेछ

४८. महानगरभित्र रहेका सम्पूर्ण साना एवं ठूला उद्योगहरुको लगत तयार पारी औद्योगिक प्रोफाइल तयार गरिनेछ प्रदेश सरकारको अग्रसरतामा निर्माण हुन लागेको औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्तिमा आवश्यक सहजीकर गरिनेछ।

४९. उद्यमशीलताको प्रोत्साहन स्वरुप उद्यमी पुरस्कारको व्यवस्था गरिनेछ।

५०. उद्यमशीलताको क्षेत्रमा कार्य गर्नका लागि  यूवा उद्यमशीलता कार्यक्रम तय गरी आवश्यक वीउ पूँजी व्यवस्थापन र प्रोजेक्ट संचालनमा सहजीकरण गरिनेछ।

५१. युवा तथा साना व्यवसायी प्रवर्द्धन गर्न स्वरोजगार कोषसँगको सहकार्यमा स्वरोजगार सिजना गर्न अभिया चलाइनेछ।

५२. पोखरेली चामल जेठोबुढो धान लगायत हाम्रा आफ्ना उत्पादनहरुलाई ब्राण्डिङ गर्दै पोख्रेली व्राण्ड स्थापना गर्ने बजार प्रवर्द्धनमा विशेष योजना बनाएर लागु गरिनेछ।

५३. नयाँ आयोजना संभाव्यता अध्ययन गरी पोखरा महानगर प्रोजेक्ट बैङ्कको व्यवस्था गरिनेछ।

५४. महानगरमा उद्योग व्यवसाय सहायता र सहजीकरण डेक्सको व्यवस्था गरिने छ।

५५. आगामी आ. व. मा प्रथम पोखरा लगानी सम्मेलनको आयोजना गरिनेछ।

५६. "स्थानीय औद्योगिक उत्पादनमा बृद्धिः रोजगारी सिर्जना र समृद्धि" लाई साकार गर्न स्थानीय कच्चा पदार्थ आधारित उद्योगलाई विकास, विस्तार र आधुनिकीकरण गरिनेछ।

५७. महानगरपालिकाका लागि आवश्यक सामग्री खरिद गर्दा स्थानीय स्तरमा उत्पाद वस्तुलाई प्राथमिकता दिइनेछ

५८. खाद्य वस्तुको गुणस्तर मापदण्ड तर्जुमा गर्दै स्वस्थ वस्तु उपयोग सुनिश्चितताका लागि सम्वन्धित निकाय समन्वय र सहकार्यमा बजार अनुगमन सघन गर्दै लगिनेछ।

**पर्यटन विकास**

५९. "पर्यटकीय गतिविधिमा वृद्धि ,पोखरा शहरको समृद्धि" भन्ने अवधारणालाई साकार पार्न पोखराका पर्यटन पूर्वाधार, प्राकृतिक सम्पदाहरुको संरक्षण, मुख्य शहर र तालतलैयाहरुको सौन्दर्यकरण, सरसफाइ, शहरी सुरक्षा आतिथ्यता जस्ता क्षेत्रमा नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा लगानी केन्द्रित गर्ने नीति लिइनेछ

६०. पोखरालाई नेपालको **पर्यटकीय राजधानी** घोषणा गर्न नेपाल सरकार समक्ष अनुरोध गरी पठाई सकिएको छ। पर्यटकको बसाइलाई अरु लामो बनाउने उद्देश्यले पोखराको विभिन्न पर्यटकीय गतिविधिको विकासद्वारा पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्ने नीति लिइनेछ।

६१. संघ सरकारले अगाडी बढाएको अन्तराष्ट्रिय सम्मेलन केन्द्र स्थापनाको कार्यक्रमलाई छिटो संचालनमा ल्याउन थप पहलकदमी लिइनेछ भने पोखरा सभागृहको स्तरोन्नती गरिनेछ।

६२. नयाँ अन्तराष्ट्रिय विमानस्थल संचालन आएपछि प्याराग्लाइडिङको संचालन गर्न विशेष पहल गरिनेछ।

६३. होमस्टेलाई मौलिक नामाकरण गरी स्थानीय उत्पादनः स्थानीय आतिथ्यताको रुपमा विकसित गरिनेछ। नया नया स्थानीय अतिथि गृहको संचालनको आवश्यक संभाव्यता अध्ययन गरी विद्यमान अतिथि गृहको क्षमता अभिवृद्धिमा थप सहयोग पुर्‍याइनेछ।

६४. विभिन्न भाषा, संस्कृतिको संरक्षण र संवर्द्धन गरी पर्यटन व्यवसायसँग आवद्ध गरिनेछ। पर्यटन क्षेत्रको यातायातलाई व्यवस्थित गर्दै पर्यटन बसपार्कलाई समुचित व्यवस्थापन गरिनेछ।

६५. MICE टुरिजम (मिटिङ, इनिसियटिभ, कन्फ्रेन्स र एक्जिव्युसन) लाई प्रवर्द्धन गर्दै समग्र पोखराको पर्यटन विकासमा विशेष अभियान चलाइनेछ।

६६. बैदाम (लेकसाइड) का अलावा वेगनास ताल तथा अन्य पर्यटकीय गन्तव्यहरुको सौन्दर्यीकरण तथा प्रचार प्रसारमा जोड दिइनेछ। पर्यटनका थप गन्तव्य जस्तै केभ टु केभ, लेक टु लेक, कोटदेखि कोटसम्म नयाँ सर्किट सडकको सम्भाव्यता अध्ययन गरिनेछ। पोखरालाई धार्मिक पर्यटनको क्षेत्रमा समेत विश्वमा परिचित गराउन लुम्बिनी पोखरा बुद्ध सर्किट निर्माण गर्न आवश्यक पहल गरिनेछ।

६७. प्रदेश सरकारसंगगको समन्वयमा बैदाम स्थित हिमा गृह र रत्न मन्दिर व्यावसायिक तवरले खुला गर्ने र पर्यटक प्रवर्द्धनमा सहयोग पुर्याउन पहल गरिनेछ। उहिलेको पोखराको स्मरण हुने गरी एक साँस्कृतिक ग्राम निर्माण गर्न अध्ययन शुरु गरिनेछ।

६८. पोखरालाई विश्वका उत्कृष्ट १० पर्यटकीय गन्तव्यको रुपमा लिइएको छ। यहाँको आधारभूत विद्यायलय तहबाट नै अतित्थ्यता, कृषि, व्यावसायिक शिक्षा, संस्कृति जस्ता थप र विशिष्ट स्थानीय विषयहरुको पाठ्यक्रम तयार गरी अनिवार्य गर्दै लगिनेछ।

६९. पोखराको प्रमुख आकर्षण यहाँका पर्यटकीय स्थल हुन्। पर्यापर्यटन, वातावरण र विकासलाई अन्योन्याश्रित रुपमा अंगीकार गरी यस सम्बन्धी ऐन, नीति तथा कार्यविधि तर्जुमा गरिनेछ। यसका लागि महानगर पर्यटन समितिलाई अधिकार सम्पन्न बनाई पर्यटन प्रबर्द्धन गरिनेछ।

७०. पर्यटकको बसाइ अवधि लम्बाउने तथा सेवा, सुविधा र सुरक्षाको प्रत्याभूति गर्दै पोखरालाई पर्यटकीय हवका रुपमा विकास गर्न निजी क्षेत्रसँग साझेदारी गरिनेछ।

७१. पोखरालाई संसारभर चिनाउन र पोख्रेली पर्यटन उद्योगको प्रवर्द्धन गर्न एक ल्याण्डमार्क (Symbol C Pokhara) को निर्माण गरिनेछ।

**शिक्षा**

७२. महानगर सहित कास्की जिल्ला नै पूर्ण साक्षर जिल्ला घोषणा गरिसकिएको सन्दर्भमा महानगर भित्र शिक्षाक अधिकारबाट बालबालिका तथा लक्षित वर्गका गरिब महिला, दलित, अल्पसंख्यक कोही पनि बञ्चित हु नपरोस् भन्ने हेतुले गुणस्तरीय र नि:शुल्क सार्वजनिक शिक्षाको व्यवस्थापन गरिनेछ।

७३. सामुदायिक विद्यालयको विद्यालय प्रशासनलाई चुस्त एवं नतीजामुखी बनाई सञ्चालन गर्न सामयिक रुपम प्रतिस्पर्धी र योग्य प्रधानाध्यापक नियुक्ति प्रक्रिया अगाडी बढाइनेछ।

७४. कोचिङ तथा ट्यूसन कक्षा, भाषा कक्षा, प्राज्ञिक तालिम केन्द्र, मन्टेश्वरी कक्षा संचालनलाई मापदण्ड तयार ग नक्शांकन समेतका आधारमा दर्ता एवं नियमन गरिनेछ। सबैका लागि शिक्षामा पहुँच अभिवृद्धिका लागि बा विकास केन्द्रहरुको आधुनिकीकरण गरिनेछ। महानगर शिक्षा परिषदको अग्रसरतामा तयार गरिएको शिक्ष प्रतिवेदनलाई क्रमश: लागु गरिनेछ।

७५. महानगरका केही विद्यालयहरुमा नेपाल सरकारले शुरु गरेको "पढ्दै कमाउदै" कार्यक्रम लागु गराइनेछ।

७६. सबै विद्यालयमा "आदर्श शिक्षक, अनुशासित विद्यार्थी" निर्माण गर्न आवश्यक तालिम तथा क्षमता अभिवृ गर्ने नीति लिइनेछ।

७७. सिकाइका लागि अनुभव र नवीनतम अवधारणामा विषयगत, पुनर्ताजगी र छोटो अवधिको तालिम प्रदा गरिनेछ। प्राविधिक शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित गर्दै लगिनेछ। प्राविधिक शिक्षाको अनुपात वृ गरी रोजगारमुलक शिक्षामा जोड दिइनेछ।

७८. विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न महानगर शिक्षा परिषद, वडा शिक्षा समिति र विद्यालय व्यवस्थाप समितिको सबलीकरण गरिनेछ।

७९. स्थानीय बजार र प्रतिष्ठानहरुको माग बमोजिम व्यावसायिक विषयहरुको अल्पकालीन र दीर्घकालीन शिक्ष कार्यक्रम सञ्चालन गरिनेछ।

८०. विद्यालयहरुमा प्रविधिमैत्री कक्षा कोठा निर्माणमा जोड दिंदै कम्तिमा एक विद्यालयः एक प्राविधिक कक्ष निर्मा गरिनेछ। गण्डकी बहु प्राविधिक शिक्षालय तथा सिटिइभिटीका प्राविधिक विद्यार्थीलाई व्यावसायिक प्रतिष्ठा वा फर्महरुमा इन्टर्नका रुपमा लैजाने नीति लिइनेछ।

८१. अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालयमा विशेष प्रोत्साहनसहित भर्ना गरिनेछ। फरक क्षमता भए विद्यार्थीको सिकाइलाई निरन्तरता दिइनेछ। विद्यालय उमेर समुहका विद्यार्थीहरुलाई विद्यालय बाहिर नर वातावरण सिर्जना गरिनेछ।

८२. प्रत्येक निजी र सामुदायिक शिक्षण संस्थाबीच भगिनी सम्बन्ध स्थापित गराई सामाजिक उत्तरदायित्व बहन ग वातावरण तयार गरिनेछ।

८३. पठन खोज तथा अनुसन्धान संस्कृतिको विकास गरी गुणस्तरीय शिक्षा हासिल गर्ने अवसरको सुनिश्चितता ग महानगर स्तरीय एक मेट्रो लाइब्रेरीको स्थापना गरिनेछ। विद्यालय तह पूरा गरेका विद्यार्थीलाई सिक्दै सिका कार्यक्रम मार्फत विद्यार्थी स्वाआर्जन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

८४. प्रत्येक माध्यामिक विद्यालयमा माध्यामिक तहको पाठ्यक्रम अन्तर्गत विद्यार्थीहरुमा प्राविधिक सीप विकास ग उद्देश्यले क्षेत्रगत आवश्यकताको आधारमा कम्तीमा एक प्रयोगशाला उपयोग गर्ने विषय अनिवार्य गरिनेछ।

८५. लागु पदार्थको दुर्व्यसन नियन्त्रण गर्नका लागि निजी क्षेत्रको सहकार्यमा मनोपरामर्श तथा पुनर्स्थापना के स्थापना सहित जनचेतना र जागरणको कार्यक्रम संचालन गरिनेछ।

८६. पठन संस्कृतिको विकास गर्न खोज तथा अनुसन्धान संस्कृतिको विकास गरी सुसंस्कृत समाज निर्माण ग महानगर स्तरीय १ र सबै वडाहरुमा कम्तिमा १/१ पुस्तकालयको स्थापना गरिनेछ।

८७. महानगरभित्र रहेको स्थानीय सीप तथा प्रविधिको म्यापिङ्ग गरी तिनको संरक्षण र व्यवसायीकरणको ला सहयोग प्रदान गरिनेछ।

८८. पोखरा विश्वविद्यालय, गण्डकी विश्वविद्यालय र पृथ्वीनारायण क्याम्पससँग दुईपक्षीय सहयोग र नवीनतम खो अनुसन्धानमा सहयोग पुर्‍याइनेछ।

८९. विद्यालयमा विद्यार्थी स्वास्थ्य सेवाको सुनिश्चितता गर्न सामुदायिक स्वास्थ्य संस्थाहरुसँग सहकार्य ग विद्यालयका लागि स्वास्थ्यकर्मीको व्यवस्था गरिनेछ।

९०. समुदायको सहभागितामा विद्यालय हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

**खेलकुद**

९१. **"स्वास्थ्य र सार्थक जीवनशैलीका लागि खुला व्यायामशाला"** अवधारणा अन्तर्गत चालु वर्षमा के स्थानहरुमा खुला व्यायामशाला निर्माण भएका छन्। आगामी वर्ष स्वास्थ्यका लागि व्यायाम कार्यक्रम अन्त एक टोल एक खुला क्षेत्र एक व्यायामशाला निर्माण कार्यक्रम क्रमश: कार्यान्वयन गरिनेछ।

९२. पोखरा प्राकृतिक हिसावले र वातावरणीय हिसावले पनि सन्तुलनमा रहेको शहर हुनाले यसलाई स्पोर्ट टुरिजमका रुपमा विकास गर्न आवश्यक कार्यक्रम अगाडी बढाइनेछ।

९३. क्रिकेट र गल्फ जस्ता ठूला खेलहरुको माध्यमवाट समग्र पोखराको विकासको सहयोग पुर्‍याउन सकिने हुँदा व्यवस्थित क्रिकेट खेलमैदान र गल्फ कोर्ष निर्माणको संभाव्यता अध्ययन गरिनेछ।

९४. महानगर खेलकुद विकास समितिलाई प्रभावकारी बनाई खेलकुद कार्यक्रमलाई वडास्तरसम्म सञ्चालन गर्दै लगिनेछ।

९५. पोखरालाई खेल शहरका रुपमा विकास गर्न निर्मित संरचनाको आधुनिकीकरण र थप पूर्वाधार निर्माण गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ। विद्यालय खेलमैदान कार्यक्रमलाई निरन्तरता दिँदै महानगर स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।

९६. खेलकुदलाई प्राथमिकतासाथ अगाडी बढाउन र खेल जगतमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिको प्राप्ति सुनिश्चित गर्न आगामी वर्ष कम्तीमा चार वटा खेलका उत्कृष्ट खेलाडी छनोट गरी सम्मान गरिनेछ।

**स्वास्थ्य**

९७. आधारभुत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्दै स्वास्थ्य सेवालाई निःशुल्क, सर्वसुलभ र गुणस्तरीय बनाइनेछ। महानगरका तेत्तीस वटै वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना र सञ्चालन गर्ने नीति लिइनेछ।

९८. महानगरको एकमात्र अस्पताल, शिशुवा अस्पतालमा विशिष्टीकृत अस्पतालको रुपमा विकास गर्ने नीति लिइनेछ। आगामी ४ वर्ष भित्रमा एक सुविधा सम्पन्न मेट्रो अस्पताल निर्माण गर्न आवश्यक कदम अघि बढाइनेछ।

९९. जन्मदर्तालाई सुत्केरी पोषणसँग अन्तरसम्बन्धित गरी ६ महिनासम्म न्युन आय भएका सुत्केरी महिलालाई प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ। यस अन्तर्गत कानूनले तोकेको म्यादभित्र व्यक्तिगत घटना दर्ता गर्ने विपन्न, न्युन आय भएका र सीमान्तकृत नागरिकहरुलाई जन्मेको २ वर्षसम्म पोषणभत्ता उपलव्ध गराउने र बिबाह तथा मृत्यु दर्ता वापत प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

१००. महामारी रोकथाम पूर्व तयारी योजना निर्माण गरी स्रोत साधन सहितको प्रतिकार्य समुह निर्माण गरिनेछ।

१०१. स्वास्थ्य सामग्री खरिद प्रक्रियालाई योजनाबद्ध र पारदर्शी बनाइनेछ। यसवाट स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधीको कमी हुन नदिने व्यवस्था मिलाइनेछ।

१०२. ज्येष्ठ नागरिक स्वास्थ्य सेवा संचालन गरी नि:शुल्क स्वास्थ्य परीक्षण, उपचार परामर्श, नर्सिङ सेवा, डाक्टर ईन कल जस्ता सुविधा समावेश गरिनेछ। साथै स्वास्थ्य सेवा व्यवस्थापन समिति मार्फत प्रत्येक वडामा ज्येष्ठ नागरिक स्याहार केन्द्र कार्यक्रम सञ्चालन गरिनेछ।

१०३. पोखरा आसपासका क्षेत्रमा रहेका औषधीजन्य जडीवुटी, वनस्पति र वनस्रोतको संरक्षण सम्वर्द्धन उपयोगितालाई बढाउन महानगरको पहलमा जडीवुटी प्रशोधन केन्द्र स्थापना गरिनेछ।

१०४. **उपचार र निदान भन्दा रोग लाग्न नदिनु बेश** भन्ने अवधारणालाई आत्मसात गर्दै आयुर्वेदको प्राज्ञिक उपचार केन्द्रका रुपमा कश्यप ऋषिको तपोभुमिको रुपमा रहेको कास्कीकोटमा महानगरीय आरोग्य ध स्थापना गर्न अध्ययन गरिनेछ।

१०५. महानगरीय स्वास्थ्य प्रवर्द्धन केन्द्रको कार्य क्षेत्रलाई निकटतम वडाहरुको पायक पर्ने केन्द्रमा रहने गरी स्तरवृ गर्दै विशेषज्ञ सेवा उपलव्ध गराउने नीति लिइनेछ। सबै स्वास्थ्य संस्था समितिहरुको क्षमता अभिवृद्धि गरिनेछ

१०६. विपन्न नागरिकहरुलाई महानगरपालिकावाट स्वास्थ्य विमा गर्ने व्यवस्था मिलाइनेछ । अशक्त/ दिर्घरोगी सुत्केरी महिलालाई घरमै स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ।

१०७. ४० वर्ष माथिको उमेर समुहका सबै नागरिकहरुको आधारभुत निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस मिलाइनेछ । महिलाहरुको पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सर स्क्रिनिङ लगायतका परीक्ष तोकिएका स्वास्थ्य संस्थाहरुवाट निःशुल्क रुपमा गर्ने व्यवस्था मिलाइनेछ।

१०८. सबै स्वास्थ्य संस्थावाट सेवा लिने सेवाग्राहीको डिजिटल अभिलेख राखिनेछ। स्वास्थ्य संस्थामा हुने मृत्यु डेथ अडिटको व्यवस्था मिलाइनेछ।

१०९. महानगरभित्र सबै स्वास्थ्य संस्थाको भवन क्रमशः निर्माण सम्पन्न गरिनेछ । स्वास्थ्य भवन निर्माणमा नेपा सरकारवाट तोकिएको मापदण्ड कडाइका साथ लागू गरिनेछ।

११०. स्वास्थ्यका लागि जीवनशैली परिवर्तन तथा नागरिक आरोग्यताका लागि नागरिक आरोग्य केन्द्र स्थापना र संचालन गरिनेछ । स्वास्थ्यको राम्रो शुरुवात घरको भान्साबाट हुन्छ भन्न चेतनामुलक कार्यक्रम जनस्तर सञ्चालन गर्ने नीति लिइनेछ।

१११. विभिन्न स्थानमा गैरसरकारी संघसस्थासँग समन्वय गरी बृहत स्वास्थ्य शिविरको आयोजना गर्ने, स्वास् जनचेतना फैलाउने अभियान चलाउने कार्यक्रम गर्न अभिप्रेरित गरिनेछ।

११२. पोखरा महानगरपालिकाका ग्रामीण र पछाडि जोडिएका पहाडी वडाहरुमा सम्बन्धित वडाले सञ्चालन गर्ने ग एम्वुलेन्सको व्यवस्था गरिनेछ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

११३. महानगरभित्र लैंगिक समानता, समाजिक समावेशीकरण र समतामूलक समाज निर्माणका लागि योजना बन कार्यारम्भ गरिनेछ।

११४. महिला क्षमता विकास गरि आर्थिक स्थितिमा सुधार गर्न विगत आर्थिक वर्ष देखि संचालित उप प्रमुख र महिला कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११५. महिला हिंसा विरुद्धका कार्यक्रमहरुमा पुरुषहरुको ऐक्यवद्धता कायम गरी महिला हिंसा न्यूनीकरण गर्न महिला हिंसा विरुद्ध महिला पुरुष समसचेतना कार्यक्रमलाई निरन्तरता दिइएको छ।

११६. आपतकालिन अवस्थाका महिलाहरुको तत्कालै उद्धार गर्ने व्यवस्था मिलाई त्यसका लागि राहत, उद्धार र पुनर्स्थापन कार्यक्रम संचालन गरिनेछ।

११७. महानगरका विभिन्न सामाजिक विधामा क्रियाशील महिलाहरुको नेतृत्व तथा क्षमता विकास कार्यक्रम ३३ वटै वडामा संचालन गरिनेछ । महिला सहकारी संस्थाको व्यवसायिक सीप तथा क्षमता विकास र वित्तीय अनुशासन सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

११८. महानगरका सबै वडाहरुलाई बालमैत्री बनाउँदै लगिनेछ । मापदण्ड पुगेका वडाहरुलाई बालमैत्र वडा घोषणा गरिनेछ। बालबिबाहलाई निरुत्साहित गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

११९. बालबालिकाको हक, अधिकार सुनिश्चित गर्न र बालबालिका संरक्षण कार्यका लागि गठन भएका बाल अधिकार समिति, महानगर बालमञ्च र बाल संरक्षण समितिलाई वडा स्तरसम्म परिचालन गरी सक्रिय र प्रतिस्पर्धी बनाइनेछ।

१२०. अपांगता भएका व्यक्तिहरुको वस्तुनिष्ठ वर्गीकरण गरी अपांगता परिचयपत्रलाई समयमा नै उपलब्ध गराइनेछ। अपांगता भएकाहरुको क्षमता अभिवृद्धि गर्न लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१२१. तेत्तीसै वडामा रहेका ज्येष्ठ नागरिक मिलन केन्द्रलाई थप सशक्तिकरण गरिनेछ। आर्ट अफ लिभिङ तालिमबाट वृद्धवृद्धाका जीवनलाई सहज बनाइनेछ।

१२२. ज्येष्ठ नागरिक दिवसको अवसरमा महानगर पिता र महानगर माता घोषणा गरी सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१२३. विभिन्न धर्म, जातजातिको संस्कार र संस्कृतिको संरक्षण गरी धार्मिक र सांस्कृतिक सौन्दर्यता कायम गरिनेछ।

१२४. दलित, गन्धर्व, जलारी, कुमाल तथा अतिविपन्न एवं सीमान्तकृत जाति र समुदायको परम्परागत पेशा र व्यवसायको प्रवर्द्धन गरिनेछ। लक्षित समुदायको पेशा, सीप तथा क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।

१२५. नेपाल सरकारसँगको समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगार तथा सुरक्षित आप्रवासनसँग सम्बन्धित सचेतनामूलक र क्षमता विकास कार्यक्रम वडा तहसम्म पुर्याउने नीति लिइने छ।

१२६. समाजमा रहेका अति विपन्न मध्यम र सम्पन्न परिवारको पहिचान गरी परिचयपत्र वितरण गर्ने र स्थानीय सरकारको तर्फवाट दिनुपर्ने आवश्यक सहयोग र परामर्श प्रदान गर्दै जिवनस्तर उठाउने कार्यक्रम सञ्चालन गरिनेछ।

१२७. महानगरपालिकामा सामाजिक परिचालन र विकास निर्माणको क्षेत्रमा आमा समुह र टोल विकास संस्थाह महत्वपूर्ण भुमीका निर्वाह गरिरहेका छन् । आगामी आर्थिक वर्ष यस्ता संस्थाहरुलाई सामाजिक जागरण लगायत विकास निर्माणका क्षेत्रमा प्रभाकारी परिचालन गरिनेछ।

१२८. समाजमा माग्ने व्यक्ति नरहने सुनिश्चितताका लागि मानव सेवामा केन्द्रित कार्यक्रमहरु संचालन गर्न यस क्षेत्रक विभिन्न संघसस्थाहरुसंग सहकार्य गर्ने नीति लिइनेछ ।

**भाषा, कला, साहित्य र संस्कृति**

१२९. महानगरपालिका भित्र रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक सम्पदाहरुको अभिलेखीकरण ग क्रमश: संरक्षण, सम्वर्द्धन र सौन्दर्यकरण गर्दै लगिनेछ।

१३०. लेखनाथको अर्चलेमा कवि शिरोमणि लेखनाथ पौडेलको जन्मस्थललाई साहित्य अनुसन्धान केन्द्रको रुपम विकास गरिनेछ। जनकवि केशरी धर्मराज थापा, लोक गायकद्वय झलकमान गन्धर्व र अलिमिया लगायतक स्रष्टाको सम्मानमा आवश्यक नीति बनाई कार्यान्वयन गरिनेछ।

१३१. महानगर स्रस्टाहरुको अभिलेख तयार गरिनेछ। पोखरा साहित्यिक महोत्सव सञ्चालन गर्नुका साथै महानगर न रत्न चयन गरी सम्मान गरिनेछ।

१३२. महानगर प्रज्ञा प्रतिष्ठानलाई पोखराको भाषा, कला, संस्कृति र साहित्यको एक उत्कृष्ट केन्द्रका रुपमा विका गरिनेछ।

१३३. पोखरालाई कला, संस्कृति र ऐतिहासिक सम्पदाको शहरका रूपमा विकास गर्दै पर्यटन प्रवर्द्धन गर्न सिद्धा चोक, रामकृष्ण टोल, गणेश टोल, भैरव टोल हुँदै विन्ध्यवासिनी सम्मको क्षेत्रलाई पोखरा सम्पदास्थल पुरान बजारको रुपमा प्रवर्द्धन गरिनेछ । यस क्षेत्रलाई क्रमश: सवारीबिहीन बनाउदैं पदमार्ग बनाउने, घरहरु पुरा स्वरुपमा निर्माण गर्न कलात्मक झ्याल तथा ढोका अनुदानमा उपलव्ध गराउने, यस्ता घरहरुको नक्सापास व रेक्ट्रोफिटिङ दस्तुरमा छुट दिने र मठमन्दिर जिर्णोद्वार गर्ने नीति लिइनेछ

**पूर्वाधार तथा शहरी विकास**

१३४. महानगरका मुख्य सडकहरुमा नेपाल सरकार र प्रदेश सरकारसँगको सहकार्यमा युटिलिटी कोरिडोर निर्माण ग अध्ययन गरिनेछ।

१३५. पोखरामा निर्माणाधीन पोखरा अन्तर्राष्ट्रिय विमानस्थलदेखि फेवातालसम्मको द्रुतमार्गका लागि आवश्य सहजीकरण गरिनेछ। लामेआहालमा निर्माणाधीन अत्याधुनिक बस टर्मिनलको लागि जग्गा प्राप्ति लगायतक कार्यमा प्रदेश सरकारसँगको सहकार्यमा काम अगाडी बढाइनेछ।

१३६. मध्य पहाडी लोकमार्ग तथा सिद्धार्थ राजमार्ग जोड्न वाइपास रोड तथा पृथ्वी राजमार्गको बैकल्पिक मार्गक रुपमा विरौटा- कोत्रे सडकलाई प्राथमिकता दिई तयारी कार्य सम्पन्न गरिनेछ।

१३७. महानगर क्षेत्र अव्यवस्थित रुपमा संचालन भएका वर्कसप व्यवस्थित गरी शहरी सुन्दरता अभिबृद्धि गर्न अध्ययन समिति गठन भई प्रतिवेदन प्राप्त भएको छ । अटो भिलेज स्थापनाका लागि प्राप्त प्रतिवेदन कार्यान्वयन गरिनेछ ।

१३८. बिद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न शहरका प्रमुख चोक, पेट्रोल पम्प र आवश्यक स्थानहरुमा विद्युतीय चार्जिङ केन्द्र स्थापना गर्न सहजीकरण गरिनेछ । जीवनयापनलाई सरल, सुलभ, किफायती र दीर्घजिवी बनाउन स्थान विशेष अनुसार विद्युतीय उपकरणहरुको उपयोगलाई बढावा दिने नीति लिइनेछ ।

१३९. आगामी दुई वर्षभित्र प्रमुख शहरी क्षेत्रभित्रका टेलिफोनका तार र अन्य तार हटाई भूमिगत अप्टिकल फाइवर जडान गरिनेछ । नेपाल विद्युत प्राधिकरणसँगको सहकार्य र लागत साझेदारीमा विजुलीका तार भूमिगत गरी शहरी जोखिम न्युन गरिनेछ र सुन्दरता बढाइनेछ ।

१४०. महानगरपालिकाभित्र निर्माण हुने भौतिक पूर्वाधारहरु अपांगमैत्री बनाइनेछ । सडकहरुलाई वातावरणमैत्री र हरित सडकका रुपमा विस्तार र स्तरोन्नति गर्ने नीति लिइनेछ ।

१४१. पोखरा महानगरपालिकाको भु-उपयोग नीति तयार गरी लागू गरिनेछ । अव्यवस्थित खण्डीकरण निरुत्साहित गर्दै जग्गा विकास कार्यक्रम लागु गरिनेछ ।

१४२. पृथ्वीचोक स्थित बसपार्कको क्षेत्रफल एकीन गर्ने, अव्यवस्थित वसोवासीलाई उपयुक्त स्थानमा वहुतले भवन निर्माण गरी स्थानान्तरण गर्ने र सिटी बसपार्कको रुपमा निर्माण गर्न बिस्तृत संभाव्यता अध्ययन गरिनेछ ।

१४३. नेपाल सरकार शहरी विकास मन्त्रालयबाट जारी गरिएको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ का अधिनमा रही महानगरपालिका बस्ती विकास सम्बन्धी कार्यविधि तर्जुमा गरी जोखिममुक्त तथा उपयुक्त क्षेत्र पहिचान गरी बहुतले भवन निर्माणको इजाजत प्रदान र नियमन गरी अव्यवस्थित शहरीकरणलाई निरूत्साहित गरिनेछ । भवन निर्माण कार्य व्यवस्थित गर्न एकीकृत भवन मापदण्ड निर्देशिका तर्जुमा गरी लागु गरिनेछ ।

१४४. पोखरा महानगरक्षेत्रभित्र सहज आवागमन, शहरी सुरक्षा र सडक सौन्दर्यकरण गर्न मुख्य बजारक्षेत्रमा रहेका सडकहरुको अस्फाल्ड कंक्रिट र सबै सडकहरुको आवधिक मर्मत सम्भार गरिनेछ ।

१४५. पोखरा महानगरपालिकामा सञ्चालित हुने विकास निर्माणका पूर्वाधार तथा निर्माण कार्यको गुणस्तर मापन गर्ने प्रयोगशालालाई साधन सम्पन्न र सुदृढीकरण गरिनेछ ।

१४६. बहुतले भवनहरुमा मानवीय स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने खालका निर्माण सामग्री प्रयोग गर्न प्रोत्साहित गरिनेछ । उर्जा प्रभावकारी भवन निर्माणलाई प्रोत्साहन गरिनेछ ।

१४७. नक्सापास कार्य व्यवस्थित र प्रविधिमैत्री बनाउँदै आवेदन, स्वीकृति एवं इजाजत दिने प्रक्रिया अनलाइन र डिजिटल प्रणाली मार्फत फेसलेस सेवा प्रदान गर्ने नीति लिइनेछ ।

१४८. ग्रेटर पोखराको अवधारणा पत्र तयार पारी सार्वजनिक गरिनेछ ।

१४९. नेपाल सरकारसँगको समन्वय र सहकार्यमा पोखरा महानगरपालिकामा ढल व्यवस्थापन गुरुयोजनाको व अन्तिम चरणमा पुगेको छ। शहरलाई स्वच्छ र सफा राख्न ढलको निर्माण गरी प्रशोधन केन्द्रमा पठाउने, नयाँ निर्माण स्वीकृति लिदाँका वखत जमिनमा गैर पारगम्य सेप्टिक ट्याङ्क (Non- Permeable Septic Tai बनाउनुपर्ने र घरमा पर्ने वर्षातको पानी सोस्ने Rain Garden बनाउनुपर्ने गरी नीतिगत व्यवस्था गरिनेछ।

१५०. "एक घर एक धारा: हाम्रो अभियान" अभियानलाई महानगरका सबै वडा र टोल टोलसम्म क्रमशः पुर्याइनेछ

१५१. शहरको मुख्य बजार क्षेत्रमा राजमार्ग पर्ने भएकाले सडक जामको अवस्थावाट नागरिकले सास्ती भोग्नु परेको । यसको दिर्घकालीन समाधानका लागि आगामी वर्षभित्र पृथ्वीचोकमा अण्डरपास तथा फ्लाइ ओभर संभाव्यता अध्ययन गरिनेछ।

१५२. पोखरा महानगरपालिका तीव्र शहरी जनसंख्या वृद्धि हुने शहरमा पर्दछ। शहरी जनसंख्यालाई वान्छित सीमा राख्न ग्रामीण क्षेत्रमा अत्यावश्यक सुविधाको व्यवस्था गर्ने, ग्रामीण क्षेत्रसम्म सडक र सुलभ यातायात व्यव गरी शहरमा दिनभर पेशा/व्यवसाय गरी घर फर्किन सक्ने व्यवस्था गर्ने, ग्रामीण वडाको केन्द्रसम्म पुग्ने स स्तरोन्नति गर्दै तत्काल सुलभ बससेवा उपलव्ध गराउने कार्य अविलम्ब गरिनेछ। निर्माणाधीन गाउँशहर जो कनेक्टिङ सडकलाई आगामी वर्ष सम्पन्न गरिनेछ। यसका अतिरिक्त आगामी आर्थिक वर्ष पोखरा चक्र निर्माणको लागि विस्तृत सम्भाव्यता अध्ययन गरिनेछ।

१५३. पर्यटकीय शहर पोखरामा नेपाल भ्रमण गर्ने पर्यटक मध्ये करीव ४०% ले पोखरा भ्रमण गर्ने गरेको अनुमान पोखरा भ्रमण गर्ने पर्यटकहरुले समेत यहाँका सबै पर्यटकीय स्थल पुग्न सकेका छैनन्। यसर्थ फेवाताल एअरपोर्ट वेगनासताल फास्ट ट्र्याक निर्माणको संभाव्यता अध्ययन गरिनेछ। एक अध्ययनले हाल संचालि यातायात सेवा माग भन्दा पूर्ति बढी रहेको र बढ्दो इन्धन खपतबाट वायु प्रदुषण बढेको देखाएको छ। आग वर्ष यातायात व्यवस्थापनका लागि ट्राम बस, सटल बस र विद्युतीय बसको रुट लगायतका M Transportation संचालन सम्बन्धमा सम्भाव्यता अध्ययन गरिनेछ।

१५४. प्रदेश सरकारको सहकार्य र समन्वयमा ट्राफिक व्यवस्थापन चुस्त र दुरुस्त बनाइनेछ। सार्वजनकि पार्कि स्थलको उचित व्यवस्थापन गरिनेछ।

१५५. लामेआहालको बसपार्कलाई पोखरा बसपार्क र पृथ्वीचोक स्थित बसपार्कलाई सिटी बसपार्कको अवधा पश्चात पोखरा-२ मा अवस्थित बाग्लुङ बसपार्कलाई विन्दवासिनी बसपार्कको नामाकरण गरी व्यवस्थित रु स्तरोन्नति गरिनेछ।

**वन, वातावरण, सरसफाइ र विपद् व्यवस्थापन**

१५६. महानगरको सौन्दर्यकरण र हरियाली प्रवर्द्धनका लागि एकघर एक विरुवा एवं सडक र नदी किनारामा जल अनुकूलनयुक्त वृक्षारोपण गर्ने नीति लिइनेछ भने सम्पूर्ण विद्यालय परिसरमा फलफूलका विरुवा लगाउनु नीति लिइनेछ।

१५७. पोखरा महानगरपालिका क्षेत्रभित्र तत्काल र शीघ्र सम्पादन गर्नुपर्ने कार्य मर्मत सम्भार, विपद् पूर्व तयारी एवं प्रतिकार्य आकस्मिक सेवा लगायतका कार्य गर्न सम्वद्ध शाखाका अनुभवी र तालिम प्राप्त Rapid Response Team बनाइनेछ। यस शाखालाई २४ सै घण्टा परिचालन गरिनेछ।

१५८. सेती कोरिडोरको संरक्षण तथा उपयोग गर्दै हरियाली प्रवर्द्धन गरिनेछ। सीमसार र जलाधार क्षेत्रको संरक्षण गर्दै विशेष उपयोग गर्ने नीति लिइनेछ। फेवाताल लगायतका महानगरभित्रका सबै तालतलैया, खोला, खोल्सी, सार्वजनिक जग्गा लगायतको मापदण्ड तयार गरी उपयुक्त संरक्षण र दीगो उपयोग गर्ने नीति अंगीकार गरिनेछ।

१५९. आगामी वर्षमा महानगरका सार्वजनिक, पर्ती, सरकारी जग्गाको लगत तयारी गरी खुला स्थानको पहिचान गरिनेछ। विपद् पूर्वतयारी एवं प्रतिकार्य प्रयोजनार्थ खुला स्थानको प्रोफाइल तयार गरिनेछ।

१६०. फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालयहरुमा वर्गीकृत फोहोर संकलनका लागि डस्टबिनको व्यवस्था मिलाइनेछ र फोहोर व्यवस्थापन बारे विद्यालय तह देखि नै व्यावहारिक शिक्षा लागू गरिनेछ।

१६१. वर्षातको पानी संकलन र पुनर्भरण सम्बन्धी रेन वाटर हार्भेष्टिङ, पानीको खपत कम गर्न घरेलु फोहोर पानीको प्रशोधनमा उपकरणको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

१६२. पोखराका नदीघाटहरुको संरक्षण गरिनेछ। विद्युतीय शवदाह गृह निर्माणमा निजीक्षेत्रसँग सहकार्य गरिनेछ।

१६३. वेगनासताल पचभैयामा प्रदेशले प्रवर्द्धन गरिरहेको प्रकृतिक चिडियाखाना संरक्षणका लागि सहजीकरण गरिनेछ।

१६४. पोखराको भौगर्भिक बनावट अत्यन्तै जोखिमपूर्ण छ। आगामी आर्थिक वर्ष विकास साझेदारसंगको सहकार्यमा महानगरपालिकाका अति जोखिमयुक्त र संकटापन्न क्षेत्रको अध्ययन गरी विपद् जोखिम न्यूनीकरण योजना कार्यान्वयन गर्ने नीति लिइनेछ।

१६५. फोहोरमैला उत्सर्जनमा न्यूनिकरण तथा स्रोतमै वर्गीकरण गरी पुन: प्रयोग एवं पुन: चक्रीय फोहोरमैला विक्री वितरण गरी आयआर्जन गर्ने वातावरण सिर्जना गरिनेछ।

१६६. निजी क्षेत्रसँगको सहकार्य र साझेदारीमा मेटेरियल रिकभरी फेसिलिटेशन सेन्टर (MRF) स्थापना गरी पुन:प्रयोग एवं पुनर्चक्रीय फोहोर व्यवस्थापन गर्ने नीति लिइनेछ। वैज्ञानिक फोहोर व्यवस्थापन प्रणाली (3R & C) को लागि जनस्तरमा जनचेतना कार्यक्रम संचालनको नीति लिइनेछ।

१६७. सडकका छाडा चौपायालाई नियन्त्रण र नियमन गर्ने नीति अबलम्बन गरिनेछ। गोरक्ष केन्द्र बनाउन धार्मिक संस्थाहरुसँग विशेष आग्रह गरिनेछ।

१६८. महानगरभित्रका सवै सार्वजनिक संरचनाहरुको जोखिम मूल्यांकन (Risk Assessment) गर्न महानगरको विपद् नक्सांकन (Hazard Mapping) गरिनेछ र विपद् पूर्वको सूचना प्रणाली जडान गरिनेछ।

१६९. निजी तथा सहकारी क्षेत्रसंगको सहकार्य/ साझेदारीमा कुहिने फोहोरको व्यवस्थापन एवं प्रशोधन मार्फत वायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्न प्रोत्साहन दिइनेछ। यसरी उत्पादित मललाई अनुदान सुविधामा

कृषकसम्म पुग्ने नीति लिइनेछ । यसरी उत्पादित ग्यास र मलवाट आयात प्रतिस्थापनमा टेवा पुग्ने विश्वा
लिइएको छ ।

१७०. नगरका शहरी क्षेत्रका प्रमुख चोकहरुमा खुला स्थानको व्यवस्थापन गरिनेछ । महानगरपालिकाका प्रत्येक वडाम कम्तिमा एक-एक वटा शुद्ध खानेपानी सहितको सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

१७१. घरायसी फोहोर व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी महानगरपालिकाको हो । हालको ल्याण्डफिल्ड साइट पोखर अन्तराष्ट्रिय विमानस्थल संचालन हुने अवधि अगावै अन्यत्र सार्ने निर्णय भैसकेको छ । फोहोरलाई स्रोतमा वर्गीकरण गरी उद्यमशीलता, उर्जा र हरित व्यवसायसँग जोड्ने र सेनेटरी ल्याण्डफिल्ड साइट निर्माणलाई अ बढाइनेछ ।

**कानून, मानव अधिकार र न्यायिक समिति**

१७२. पोखरा महानगरपालिकाले चालु आर्थिक वर्ष न्यायिक समिति राष्ट्रिय सम्मेलनको सफल आयोजना गरेको छ सो सम्मेलनले ११ बुँदे घोषणा पत्र जारी गर्दै न्यायिक समितिको क्षमता अभिवृद्धि एवं क्षेत्राधिकार बढाउ लगायतका कानूनी व्यवस्था हुनुपर्ने ठहर गरेको थियो । यसलाई नेपाल सरकारसँग समन्वय गरी न्यायिक समितिको प्रभावकारिता बढाइनेछ । न्यायिक समितिको निर्णयलाई नगरबासीले न्याय अनुभूत हुने ग नतिजामूलक कार्यान्वयन सुनिश्चित गरिनेछ ।

१७३. आगामी वर्ष कानून सुधार र कानूनी दस्तावेज निर्माणको वर्ष हुनेछ । साबिकका कानुनको समयानुकू परिमार्जन गर्दै कार्यान्वयनशीलता बृद्धि गरिनेछ । संघीय कानून र प्रदेश कानूनको अधिनमा रही महानगर ऐ नियमावली तथा कार्यविधिहरु तर्जुमा गरिनेछ ।

१७४. पोखरा महानगरपालिका गण्डकी प्रदेशको राजधानी शहर हो । पोखरा शहरको विकासको गतिसंगै छिमेक पालिकाहरुको विकास संगै लैजानु आजको आवश्यकता हो । यसका लागि क्षेत्रगत नीति निर्माण गर्दा आप सहयोग / परामर्श, साझेदारी र समन्वय गर्दै नीति निर्माणमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था मिलाइने ।

**सुशासन तथा संस्थागत विकास**

१७५. राष्ट्रसेवक कर्मचारीहरुको तलबमान तथा सुविधा वृद्धि गर्ने गरी नेपाल सरकारले लागु गरेको स्के महानगरपालिकामा समेत लागु गरी कर्मचारीहरुको मनोबल अभिवृद्धि गरिनेछ ।

१७६. महानगरको कार्यसम्पादनको गुणस्तरको सम्बन्धमा सुझाव तथा जनगुनासो सुन्न र समाधान गर्नका लागि हेल मेयर कार्यक्रम १ महिना भित्र शुरु गरिनेछ ।

१७७. हाम्रो पोखरा,डिजिटल पोखरा तयार गर्न यसै आ.व.वाट सूरु गरी पोखरा महानगरको डिजिटल प्रोफाइल तया पारिनेछ ।

१७८. सेवा प्रवाहमा सुधार र संस्थागत क्षमता अभिवृद्धिका लागि पोखरा महानगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

१७९. आगामी वर्षदेखि महानगरवाट प्रदान हुने सार्वजनिक सेवा ३६५ दिन नै प्रवाह हुने गरी व्यवस्थापन गरिनेछ। टोलफ्री सहितको हेल्पलाइनवाट सरल, सहज र शीघ्र सेवा प्रवाह सुनिश्चित गरिनेछ। कर्मचारी एवं जनशक्तिको सरुवा जिम्मेवारी लगायतलाई वस्तुनिष्ठ, पारदर्शी र अनुमानयोग्य बनाइनेछ।

१८०. **"स्वच्छ कार्यवातावरण: उत्कृष्ठ सेवा प्रवाह"** को अवधारणा साकार पार्न कार्यालयको सरसफाइ र कार्यस्थल विन्यासलाई पुनःसंरचना गरी चुस्त कार्य वातावरण सिर्जना गरिनेछ।

१८१. व्यवस्थित कार्यवातावरण, सेवाग्राहीमैत्री र शीघ्र एवं सहज सेवा प्रवाहका लागि पोखरा महानगरपालिकाको मुख्य कार्यालयको निर्माण कार्य शुरु गरिनेछ। महानगरपालिकामा ३ महिना भित्र एकद्वार प्रणालीवाट स्वचालित र अनुमायोग्य सेवा प्रवाहलाई सुनिश्चित गरिनेछ।

१८२. भ्रष्टाचारको शून्य सहनशीलता विकास, पारदर्शिता सुनिश्चितता र प्रभावकारी जवाफदेहिता बिकास गर्नको लागि गुनासो व्यवस्थापनको वस्तुनिष्ठ संयन्त्र तयार गरिनेछ। सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्टी सर्वेक्षण लगायतका जवाफदेहीता प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१८३. आगामी वर्ष महानगरको सेवा प्रणालीलाई व्यावसायिक प्रतिस्पर्धी र कार्यमूलक बनाउन संस्थागत संरचनाको पुनरावलोकन गरिनेछ। राष्ट्रसेवक कर्मचारीको वृत्ति विकास सेवाको सुरक्षा र सेवाप्रति समर्पित बनाउने मौद्रिक र गैरमौद्रिक प्रोत्साहन उपलव्ध गराइनेछ। वडा कार्यालयहरुलाई जनशक्ति तथा थप स्रोत साधनयुक्त बनाइनेछ। जनताकेन्द्रित प्राय: सेवाहरु वडा कार्यालयवाट नै प्रवाह हुने गरी वडा कार्यालयको अधिकार र जिम्मेवारीलाई थप सुदृढ बनाइनेछ। महानगरपालिका साथै अन्तर्गत वडा कार्यालयवाट प्रदान गरिने अत्यावश्यक सिफारिसलाई नि:शुल्क गरिनेछ।

१८४. महानगरपालिकामा क्षतिपूर्ति सहितको डिजिटल नागरिक वडापत्र व्यवस्था गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

१८५. पोखरा महानगरपालिका कार्यरत कर्मचारीहरुको सरुवा मापदण्ड तयार गरी सोका आधारमा सबै भौगोलिक र जनसांख्यिक क्षेत्रको अनुभव हुने गरी व्यवस्थित गरिनेछ।

१८६. कोभिडका कारण अप्ठ्यारोमा परेको अर्थतन्त्रलाई उठाउन नीतिगत पहल गर्ने र राहत प्रदान गर्न आवश्यक पहल गरिनेछ ।

१८७. महानगरको कार्य प्रकृति संस्थागत संयन्त्र कार्यक्षेत्र र विकास आवश्यकताका आधारमा संगठन र दरवन्दी पुनसंरचना गरिनेछ।

१८८. कर्मचारीहरुले सम्पादन गर्नुपर्ने कार्य र जिम्मेवारीको मापनयोग्य कार्यविवरण र कार्यसम्पादन सूचक निम गरिनेछ। कार्यक्रमको वार्षिक लक्ष्य किटान गरी सो अनुसार कार्यसम्पादन सम्झौता गरिनेछ। कर्मचारीको व विकास क्षमता अभिवृद्धिका अवसर, प्रोत्साहन र पुरस्कारलाई कार्यसम्पादनसँग आवद्ध गरिनेछ।

१८९. डिजिटल पोखरा महानगरपालिकाको अवधारणा अनुसार विद्युतीय सेवा प्रवाहमा जोड दिदैं ठूला र दिर्घकाल परियोजनाको निर्णय गर्दा इलेक्ट्रोनिक्स पोल सर्वेक्षण गरिनेछ। अध्ययन र संभाव्यताका आधारमा योजनाहर कार्यान्वयन गरिनेछ।

१९०. आगामी वर्ष कर्मचारी सेवा ऐनको तर्जुमा गरी जारी गरिनेछ। लामो समयदेखि वृत्तिपथ अवरुद्ध भएका र अव नपाएका राष्ट्रसेवकलाई वृत्तिपथ वा स्वैच्छिक अवकाशको विकल्प प्रदान गरी महानगरीय सार्वजनिक सेवाल व्यावसायिक प्रतिस्पर्धी र नतिजामुखी बनाउने नीति लिइनेछ।

